2822-1664(Print)
2822-1699(Online)

वर्ष १० अङ्क ३४ २०८१ साउन

# संसद दर्पण



संघीय संसद सचिवालय
सिंहदरबार, काठमाडौं

# संसद दर्पण

वर्ष १० अङ्क ३४ २०८१ साउन

**<u>प्रकाशन समिति</u>**

| | |
|---|---|
| सहसचिव श्री बबिता मिश्र | -संयोजक |
| उपसचिव श्री गोपाल सिग्देल | -सदस्य |
| उपसचिव श्री दशरथ धमला (सूचना अधिकारी) | -सदस्य |
| उपसचिव श्री शिवदत्त बराल | -सदस्य |
| उपसचिव श्री अनन्तप्रसाद कोइराला(सहायक प्रवक्ता) | -सदस्य |
| उपसचिव श्री सुरेश राज सेढाई | -सदस्य |
| उपसचिव श्री राजु रिमाल | -सदस्य |
| पूर्व सहसचिव श्री मुरारी महत | -विज्ञ-सदस्य |
| शाखा अधिकृत श्री भीमराज जैसी | -सदस्य |
| शाखा अधिकृत श्री सीता पोखेल | -सदस्य-सचिव |

**<u>सहयोगी</u>**

कम्प्युटर अपरेटर श्री अरुणा भण्डारी

नायब सुब्बा श्री सरोज गोपाल डि.सी

**संघीय संसद सचिवालय**

**सिंहदरबार, काठमाडौं।**

**प्रकाशन** : संघीय संसद सचिवालय, सिंहदरबार, काठमाडौं।

www.parliament.gov.np

information_section@parliament.gov.np

फोनः ०१-४२००२१०, ०१-४२११०३३, ०१-४२००८५

**मुद्रण** : संघीय संसद सचिवालय, सिंहदरबार, काठमाडौं।

**प्रकाशन** : २०८१ साउन (Jul/Aug 2024)

# सम्पादकीय

संसदीय अभ्यास र परम्पराको संस्थागत स्मरणलाई सुव्यवस्थित गर्न र संस्थागत ज्ञान हस्तान्तरण गर्ने यस संघीय संसद सचिवालयले विभिन्न आवधिक तथा नियमित प्रकाशन गर्दै आएको छ। सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले परिभाषित गरेका सार्वजनिक निकायले हरेक तीन महिनामा आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी प्रकाशन गर्ने दायित्व रहन्छ। सोही दायित्व अनुरूप सो ऐनको दफा ५ तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमका विवरण समावेश गरी २०७२ सालदेखि यस सचिवालयले संसद दर्पण त्रैमासिक रूपमा नियमित प्रकाशन गर्दै आएको छ। सोही बमोजिम मिति २०८१ साल बैशाखदेखि असार मसान्तसम्मका गतिविधि समेटी संसद दर्पणको यो अङ्क प्रकाशन गरिएको छ।

यस अकंको खण्ड एकमा संघीय संसद अन्तर्गत प्रतिनिधि सभा, राष्ट्रिय सभा दुवै सभा अन्तर्गतका विषयगत समिति र संयुक्त समिति तथा संघीय संसदका पदाधिकारीका क्रियाकलाप समेटिएका छन्। खण्ड दुईमा संघीय संसद सचिवालयका विभिन्न महाशाखा, शाखा, इकाइ तथा सचिवालयका नियमित गतिविधि समावेश गरिएको छ। त्यसैगरी, खण्ड तीनमा थप जानकारीमूलक विपयवस्तु प्रकाशन गर्ने अभ्यासको निरन्तरता स्वरुप कानून, न्याय तथा मानव अधिकार समिति, कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति र सम्पूर्ण विवरण शाखा (राष्ट्रिय सभा) सँग सम्बन्धित परिचयमूलक सामग्री समावेश गरिएको छ।

यस प्रकाशनलाई सङ्ग्रहणीय र पठनीय बनाउन सूचनाको हक सम्बन्धी ऐन तथा नियमावलीले निर्दिष्ट गरेका विषयका अतिरिक्त थप जानकारीमूलक संसदीय सामग्री आगामी प्रकाशनमा समेट्ने प्रयास गर्नेछौं। अन्त्यमा, यस प्रकाशनका सम्बन्धमा सम्बन्धित सबैको रचनात्मक सुझाव एवम् सहयोगको अपेक्षा गर्दछौं।

**२०८१ साउन** **प्रकाशन समिति**

# बिषय सूची

## खण्ड-एक

## संघीय संसद


१.१ संघीय संसदका कामकारबाही ........ १

१.१.१ दुवै सदनको संयुक्त बैठक ........ १

१.१.२ प्रतिनिधि सभा ........ १

१.१.३ राष्ट्रिय सभा ........ ४

१.२ संसदीय समितिका कामकारबाही ........ ६

१.२.१ संघीय संसदका संयुक्त समितिका गतिविधि ........ ६

१.२.१.१ ससंदीय सुनुवाइ समिति ........ ६

१.२.२ प्रतिनिधि सभाका समितिका गतिविधि ........ ८

१.२.२.१ अर्थ समिति ........ ८

१.२.२.२ अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समिति ........ ११

१.२.२.३ उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति ........ ११

१.२.२.४ कानून, न्याय तथा मानव अधिकार समिति ........ १५

१.२.२.५ कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति ........ १९

१.२.२.६ महिला तथा सामाजिक मामिला समिति ........ २६

१.२.२.७ राज्य व्यवस्था तथा सुशासन समिति ........ २९

१.२.२.९ पूर्वाधार विकास समिति ........ ३२

१.२.२.१० शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति ........ ३७

१.२.२.११ सार्वजनिक लेखा समिति ........ ४५

१.२.३ राष्ट्रिय सभाका समितिका गतिविधि ........ ५०
१.२.३.१ विकास, आर्थिक मामिला तथा सुशासन समिति ........ ५०
१.२.३.२ विधायन व्यवस्थापन समिति ........ ५६
१.२.३.३ सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समिति ........ ५७
१.२.३.४ सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समिति ........ ६५
१.३ संघीय संसदका पदाधिकारीका गतिविधि ........ ७२
१.३.१ प्रतिनिधि सभाका सम्माननीय सभामुख ........ ७२
१.३.२ राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष ........ ७७
१.३.३ प्रतिनिधि सभाका माननीय सदस्य उपसभामुख ........ ७९
१.३.४ राष्ट्रिय सभाका माननीय सदस्य उपाध्यक्ष ........ ८३

**खण्ड-दुई**

**संघीय संसद सचिवालय**

२.१ संघीय संसद सचिवालय अन्तर्गतका गतिविधि ........ ८७
२.१.१ कार्यव्यवस्था महाशाखा (प्रतिनिधि सभा) ........ ८७
२.१.१.१ कार्यव्यवस्था शाखा (प्रतिनिधि सभा) ........ ८७
२.१.१.२ सम्पूर्ण विवरण शाखा (प्रतिनिधि सभा) ........ ८८
२.१.१.३ प्रश्न व्यवस्थापन शाखा (प्रतिनिधि सभा) ........ ८९
२.१.२ कार्यव्यवस्था महाशाखा (राष्ट्रिय सभा) ........ ८९
२.१.२.१ कार्यव्यवस्था शाखा(राष्ट्रिय सभा) ........ ८९
२.१.२.२ सम्पूर्ण विवरण शाखा (राष्ट्रिय सभा) ........ ८९
२.१.२.३ प्रश्न व्यवस्थापन शाखा (राष्ट्रिय सभा) ........ ९०

२.१.३ विधि व्यवस्थापन महाशाखा (प्रतिनिधि सभा)........................................ ९०

२.१.३.१ विधेयक शाखा (प्रतिनिधि सभा) ........................................ ९०

२.१.४ विधि व्यवस्थापन महाशाखा (राष्ट्रिय सभा)........................................ ९२

२.१.४.१ विधेयक शाखा (राष्ट्रिय सभा)........................................ ९२

२.१.५ प्रशासन महाशाखा ........................................ ९३

२.१.५.१ कर्मचारी प्रशासन शाखा........................................ ९३

२.१.५.२ सूचना तथा अभिलेख व्यवस्थापन शाखा........................................ ९४

२.१.५.३ आर्थिक प्रशासन शाखा ........................................ ९७

२.१.५.४ मर्यादापालन तथा सुरक्षा समन्वय शाखा........................................ १००

२.१.६ सांसद सुविधा व्यवस्थापन महाशाखा........................................ १०१

२.१.६.१ सांसद सुविधा व्यवस्थापन शाखा ........................................ १०१

२.१.६.२ संसदीय दल समन्वय शाखा ........................................ १०२

२.१.७ आन्तरिक सेवा तथा योजना व्यवस्थापन महाशाखा........................................ १०२

२.१.७.१ आन्तरिक सेवा तथा योजना शाखा........................................ १०२

२.१.८ अन्तर्राष्ट्रिय सम्पर्क तथा समन्वय महाशाखा........................................ १०३

२.१.८.१ अन्तर्राष्ट्रिय सम्पर्क तथा समन्वय शाखा ........................................ १०३

२.१.९ प्रविधि व्यवस्थापन महाशाखा........................................ १०५

२.१.९.१ विद्युत शाखा........................................ १०६

२.१.९.२ मुद्रण तथा प्रकाशन शाखा ........................................ १०६

२.१.९.३ श्रव्य/दृश्य शाखा........................................ १०७

२.१.१० कानूनी परामर्श महाशाखा........................................ १०८

२.१.१०.१ कानूनी परामर्श शाखा......................................................१०८

२.१.११ संसदीय अध्ययन तथा अनुसन्धान महाशाखा...................................१०९

२.१.११.१ संसदीय अध्ययन तथा अनुसन्धान शाखा........................................१०९

२.१.११.२ पुस्तकालय शाखा..........................................................................१०९

२.१.११.३ नागरिक सम्बन्ध शाखा..................................................................११०

२.१.१२ मानव संसाधन विकास महाशाखा.......................................................१११

२.१.१२.१ संसदीय प्रशिक्षण शाखा..................................................................१११

२.१.१२.२ कर्मचारी प्रशिक्षण शाखा.................................................................११३

## खण्ड-तीन

## विविध

३.१.१ कानून, न्याय तथा मानव अधिकार समितिको परिचय................................११५

३.१.२ कृषि, सहाकारी तथा प्राकृतिक स्रोत समितिको परिचय...........................१४४

३.१.३ सम्पूर्ण विवरण शाखा (रा.स.) को परिचय..............................................१६४

# खण्ड-एक
# संघीय संसद

## १.१ संघीय संसदका कामकारबाही

संघीय संसदका प्रतिनिधि सभा र राष्ट्रिय सभाबाट मिति २०८१ बैशाख १ गतेदेखि असार मसान्तसम्मको अवधिमा भएका कामकारबाहीलाई निम्नानुसार प्रस्तुत गरिएको छ।

### १.१.१ दुवै सदनको संयुक्त बैठक

यस अवधिमा संघीय संसदको दुवै सदनको संयुक्त बैठक दुईपटक बसेको थियो। मिति २०८१ जेठ १ गते बसेको संयुक्त बैठकमा सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलले आर्थिक वर्ष २०८१/०८२ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै सम्बोधन गर्नुभएको थियो। त्यसैगरी, मिति २०८१ जेठ १५ गते बसेको संयुक्त बैठकमा माननीय सदस्य अर्थमन्त्री वर्षमान पुनले आर्थिक वर्ष २०८१/०८२ को राजश्व र व्ययको वार्षिक अनुमान प्रस्तुत गर्नुभएको थियो।

### १.१.२ प्रतिनिधि सभा

यस अवधिमा प्रतिनिधि सभाको तेस्रो अधिवेशन अन्तर्गत एउटा बैठक बसेर अधिवेशन अन्त्य भएको थियो। उक्त बैठकमा प्रतिनिधि सभा नियमावली, २०७९ को नियम

२१३ बमोजिम लगातार १० वा सो भन्दा बढी बैठकमा अनुपस्थित सभाका सदस्यहरु माननीय सदस्य वसन्त कुमार नेम्वाङ, माननीय सदस्य मनोरमा शेरचन र माननीय सदस्य सोनु मुर्मुको अनुपस्थितिका सूचनाहरु सभाबाट स्वीकृत भएको थियो। मिति २०८० माघ २२ गते प्रारम्भ भएको प्रतिनिधि सभाको तेस्रो अधिवेशन २०८१ बैशाख २ गते अन्त्य भएको थियो।

यस अवधिमा मिति २०८१ बैशाख २८ गतेबाट प्रतिनिधि सभाको चौथो अधिवेशन प्रारम्भ भई २०८१ असार मसान्तसम्म जम्मा ३८ वटा बैठकहरुमा निम्नलिखित मुख्य कार्यहरु सम्पन्न गरेको थियो।

- यस अवधिमा सम्माननीय राष्ट्रपतिबाट दुवै सदनको संयुक्त बैठकमा भएको सम्बोधनप्रति मिति २०८१ जेठ ८ गते प्रतिनिधि सभाबाट धन्यवादको प्रस्ताव पारित भएको थियो। त्यसैगरी लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ सभाबाट स्वीकृत भएको थियो। प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १० बमोजिम सभामुख तथा उपसभामुखको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्न सातजना सभाका सदस्यहरुको मनोनयन भएको थियो।
- सम्माननीय राष्ट्रपतिबाट संयुक्त बैठकमा पेश भएको आर्थिक वर्ष २०८१/०८२ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रम सभाले छलफल गरी बहुमतबाट पारित गरेको थियो। त्यसैगरी आर्थिक वर्ष २०८१/०८२ को राजश्व र व्ययको वार्षिक अनुमानमाथि सभामा चार दिनसम्म छलफल पश्चात् माननीय सदस्य अर्थमन्त्रीबाट जवाफ दिने कार्य सम्पन्न भएको थियो। विनियोजन विधेयक, २०८१ अन्तर्गत विभिन्न मन्त्रालयहरुको विभिन्न शीर्षकमाथिको छलफल पश्चात् सम्बन्धित माननीय सदस्य मन्त्रीहरुबाट जवाफ दिइसकेपछि बहुमतबाट पारित भएको थियो।
- मिति २०८१ जेठ ७ गते सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड)ले नेपालको संविधानको धारा १०० को उपधारा (२) बमोजिम प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त गर्न राखुभएको प्रस्ताव १५७ मत सहित प्रतिनिधि सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको बहुमतबाट पारित भएको थियो।

- मिति २०८१ असार २८ गतेको बैठकमा सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड)ले नेपालको संविधानको धारा १०० को उपधारा (२) बमोजिम प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त गर्न राख्नुभएको प्रस्तावको पक्षमा जम्मा ६३ मत प्राप्त भई प्रतिनिधि सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको बहुमतबाट अस्वीकृत भएको थियो।
- सभाको विभिन्न बैठकहरुमा "नेपाल सरकारको वार्षिक प्रतिवेदन, २०७९/०८०", "लोक सेवा आयोगको चौसट्ठीऔं वार्षिक प्रतिवेदन (२०७९ श्रावण-२०८० आषाढ)", "अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तेत्तीसौं वार्षिक प्रतिवेदन, आर्थिक वर्ष २०७९/०८०", "राष्ट्रिय समावेशी आयोगको पाँचौं वार्षिक प्रतिवेदन, आर्थिक वर्ष २०७९/०८०", "थारु आयोगको पाँचौं वार्षिक प्रतिवेदन (२०७९ श्रावण-२०८० आषाढ)" र "आदिवासी जनजाति आयोगको चौथो वार्षिक प्रतिवेदन (२०७९-२०८०)" पेश गरिएका थिए।
- चौथो अधिवेशनको यस अवधिमा पूर्व सदस्यहरु सूर्यमान गुरुङ, शैयद मेहराज अहमद र खगेन्द्रराज रेग्मीको निधनमा सभाले शोक प्रस्ताव पारित गरेको थियो।
- मिति २०८१ जेठ १५ गतेको बैठकले सात सदस्यीय "सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानविन विशेष समिति" गठन गरेको थियो।
- अन्तर्राष्ट्रिय सौर्य गठबन्धन (आइ. एस. ए) को स्थापनासँग सम्बन्धित सम्झौता (Framework Agreement on the establishment of the International Solar Alliance (ISA)) माथि सभामा छलफल पश्चात् स्वीकृत भएको थियो।
- सभाले यस अवधिमा राष्ट्रिय सभाबाट प्राप्त दुई वटा विधेयक पारित गरी फिर्ता गरेको थियो भने प्रतिनिधि सभामा उत्पत्ति भएको पाँचवटा विधेयक दुवै सभाबाट पारित भएको थियो। त्यसैगरी सभामा विचाराधीन राजनीतिक दल सम्बन्धी (दोस्रो संशोधन) विधेयक, २०८० सरकारले सभाको अनुमतिबाट फिर्ता लिएको थियो।
- यस अवधिमा गृह मन्त्रालय, अर्थ मन्त्रालय र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग सम्बन्धित १० वटा मौखिक प्रश्नको सम्बन्धित माननीय सदस्य मन्त्रीबाट जवाफ दिइएको थियो।

## १.१.३ राष्ट्रिय सभा

संघीय संसद, राष्ट्रिय सभाको सोह्रौं अधिवेशनको पहिलो बैठक सम्वत् २०८१ साल बैशाख २८ गते शुक्रबार अपराह्न २:०० बजे प्रारम्भ भई २०८१ साल असार ३१ गते सोमबारसम्म जम्मा २७ वटा बैठक बसी हाल चालु अवस्थामा रहेको छ।

यस अधिवेशन अवधिमा ७ वटा बैठकमा शून्य समय रहेको थियो। उक्त शून्य समयमा ३९ जना माननीय सदस्यहरूले ४८ मिनेट समय उपयोग गर्नुभएको थियो भने ६ वटा बैठकमा विशेष समय रहेको थियो।विशेष समयमा ३९ जना माननीय सदस्यहरूले ७ घण्टा ५१ मिनेट समय उपयोग गर्नुभएको थियो। यस अधिवेशको एउटा बैठकमा आकस्मिक समय रहेको थियो। आकस्मिक समयमा २ जना माननीय सदस्यहरूले ६ मिनेट समय उपयोग गर्नुभएको थियो।

सम्माननीय राष्ट्रपतिबाट संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्वत् २०८१ साल जेठ १ गते मङ्गलबार सम्बोधन गर्नुभएको थियो। उक्त सम्बोधन प्रस्तावलाई सभाले सहमति जनाएको थियो।

यस अधिवेशनमा आर्थिक वर्ष २०८१/८२ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथिको छलफलमा उठेका जिज्ञासाका सम्बन्धमा सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड"ले जवाफ दिनुभएको थियो भने  र आर्थिक वर्ष २०८१/०८२ को राजस्व र व्ययको वार्षिक अनुमानमाथिको छलफलमा उठेका जिज्ञासाका सम्बन्धमा माननीय सदस्य अर्थ मन्त्री वर्षमान पुनले जवाफ दिनुभएको थियो।

यस अधिवेशन अवधिमा आर्थिक वर्ष २०८०/८१ को आर्थिक सर्वेक्षण सभामा पेस भएको थियो। त्यसैगरी संवैधानिक व्यवस्था अनुसार देहाय बमोजिमका संवैधानिक निकायका वार्षिक प्रतिवेदनहरू सभामा पेस भएका थिए।

- नेपालको संविधानको धारा ५३ बमोजिमको नेपाल सरकारको वार्षिक प्रतिवेदन, २०७९/८०

- राष्ट्रिय मानव अधिकार आयोगको २३ औं वार्षिक प्रतिवेदन, २०७९/८०,
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको पाँचौं वार्षिक प्रतिवेदन २०७९/८०।

यस अधिवेशन अवधिमा माननीय सदस्य सोनाम गेल्जेन शेर्पा प्रस्तावक र माननीय सदस्य जग प्रसाद शर्मा, माननीय सदस्य कृष्णबहादुर रोकाय, माननीय सदस्य भगवती न्यौपाने, माननीय सदस्य मदन कुमारी शाह (गरिमा), माननीय सदस्य मोहम्मद खालिद, माननीय सदस्य तुल प्रसाद विश्वकर्मा, र माननीय सदस्य शेखर कुमार सिंह समर्थक भई सूचना दिनुभएको **"सवारी दुर्घटना न्यूनीकरण गर्ने"** भन्ने विषयको जरुरी सार्वजनिक महत्त्वको प्रस्तावमाथिको छलफलमा उठेका जिज्ञासाका सम्बन्धमा माननीय सदस्य उपप्रधानमन्त्री एवं भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुबीर महासेठले जवाफ दिनुभएको थियो।

यस चालू अधिवेशनमा लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ स्वीकृत भएको थियो, सोही अध्यादेशलाई प्रतिस्थापन गर्न राष्ट्रिय सभामा उत्पत्ति भएको **लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१** दुवै सभाबाट पारित भई प्रमाणीकरण समेत भएको थियो।

त्यसैगरी यस अवधिमा राष्ट्रिय सभामा दर्ता भएको तिलगंङ्ग नेत्र विश्वविद्यालय विधेयक, २०८१ र प्रतिनिधि सभाले पारित गरी सन्देश सहित पठाइएको अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक, २०७७ सभामा विचाराधीन अवस्थामा रहेका छन्।सभाले मिडिया काउन्सिल विधेयक, २०८० र नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धी विधेयक, २०८१ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाएको छ भने देहाय बमोजिमको विधेयकलाई पारित गरी सन्देशसहित प्रतिनिधि सभामा पठाएको छ।

- सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक, २०८०
- आर्थिक विधेयक, २०८१,
- राष्ट्र ऋण उठाउने विधेयक, २०८१ र
- भन्सार महसुल विधेयक, २०८१

त्यसैगरी यस अवधिमा सभाले सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलबाट नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण भएका देहाय बमोजिमका विधेयकहरू सम्बन्धी सभालाई जानकारी दिनुभएको थियो।

| क्र.सं. | विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|---|
| १. | विनियोजन विधेयक, २०८१ | २०८०/०३/३० |
| २. | सुरक्षण मुद्रण सम्बन्धी विधेयक, २०७७ | २०८०/३/१८ |

## १.२ संसदीय समितिका कामकारबाही

संघीय संसदका दुवै सभा अन्तर्गत रहेका १६ वटा विषयगत समितिहरू रहेका छन्।

## १.२.१ संघीय संसदका संयुक्त समितिका गतिविधि

संघीय संसद अन्तर्गत जम्मा २ वटा संयुक्त समिति रहेका छन्। उक्त समितिहरुमध्ये संसदीय सुनुवाइ समिति गठन भई क्रियाशील रहको छ भने राज्यका निर्देशन सिद्धान्त, नीति तथा दायित्वको कार्यान्वय अनुगमन मूल्याङ्कन समिति हालसम्म गठन भएको छैन।

### १.२.१.१ ससंदीय सुनुवाइ समिति

२०८१ साल बैशाख १ गतेदेखि असार मसान्तसम्ममा यस समितिमा विभिन्न मितिहरुमा बसेका बैठकबाट गरिएका निर्णय र सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरण निम्नानुसार रहेको छः-

**२०८१ साल बैशाख २**

- संवैधानिक परिषद्बाट महालेखा परीक्षकको पदमा नियुक्तिका लागि सिफारिस हुनु भएका श्री तोयम  रायाको विरुद्धमा परेका उजुरी तथा सूचनाहरु खोली माननीय सदस्यहरुलाई वितरण गरियो।

- प्रस्तावित महालेखा परीक्षकलाई समितिको मिति २०८१/०१/०४ गते बस्ने बैठकमा आमन्त्रित गर्ने।

**२०८१ साल बैशाख ४**

- प्रस्तावित महालेखा परीक्षकसँग सुनुवाइको कार्य सम्पन्न गरियो।
- संवैधानिक परिषद्बाट महालेखा परीक्षक पदमा प्रस्तावित तोयम रायाको सम्बन्धमा समितिमा सुनुवाइ गर्दा निजको योग्यता, क्षमता र अनुभव समेतका आधारमा निजलाई महालेखा परीक्षक पदमा नियुक्तिका लागि अनुमोदन गर्ने निर्णय गरियो।

**२०८१ साल असार ७**

- संवैधानिक परिषद्बाट निर्वाचन आयुक्त पदमा प्रस्तावित कृष्णमान प्रधानको संसदीय सुनुवाइको लागि समितिमा प्राप्त हुन आएकोमा प्रस्तावित व्यक्ति उपर पदमा नियुक्तिका लागि अनुपयुक्त लागेमा १० (दश) दिन भित्र स्पष्ट आधार खोली समितिमा सूचना वा उजुरी दिने सरकारी सञ्चार माध्यम र विद्युतीय सञ्चारका माध्यमबाट सूचना प्रकाशित गर्ने निर्णय गरियो।

**२०८१ साल असार १८**

- निर्वाचन आयुक्त पदमा प्रस्तावित कृष्णमान प्रधानका सम्बन्धमा प्राप्त उजुरीहरु खोली समितिका माननीय सदस्यहरुलाई वितरण गरियो।
- निवार्चन आयुक्त पदमा प्रस्तावित कृष्णमान प्रधानले पेश गरेको कार्ययोजना समितिका माननीय सदस्यहरुलाई वितरण गरियो।
- निर्वाचन आयुक्त पदमा प्रस्तावित कृष्णमान प्रधानको संसदीय सुनुवाइ प्रक्रिया अगाडि बढाउन सचिवालयबाट तयार भएको देहायको कार्यतालिका परिमार्जन सहित पारित गरियो।
- निर्वाचन आयुक्त पदमा प्रस्तावित कृष्णमान प्रधान विरुद्धका उजुरीहरुको गाम्भीर्यतालाई ध्यानमा राख्दै संसदीय सुनुवाइ समितिको कार्यविधि, २०८० को दफा १८ बमोजिम उजुरीकर्तासँगको छलफल गोप्य रुपमा गर्ने निर्णय गरियो।

**२०८१ साल असार २०**

- समितिको मिति २०८१/०३/१८ गते पारित कार्यतालिका बमोजिम निर्वाचन आयुक्त पदमा प्रस्तावित कृष्णमान प्रधानका विरुद्धमा दर्ता भएका उजुरीहरुका सम्बन्धमा उजुरीकर्ताहरूसँग छलफल गरियो।
- निर्वाचन आयुक्त पदमा प्रस्तावित कृष्णमान प्रधानको विरुद्धमा प्राप्त उजुरीको सम्बन्धमा समितिलाई अध्ययनका लागि थप समय आवश्यक पर्ने भएकोले समितिको आगामी बैठक अर्को सूचना जारी गरी बस्ने निर्णय गरियो।

## १.२.२ प्रतिनिधि सभाका समितिका गतिविधि

प्रतिनिधि सभा अन्तरगत जम्मा १० वटा समिति रहेका छन्।

## १.२.२.१ अर्थ समिति

२०८१ साल बैशाख १ गतेदेखि असार मसान्तसम्ममा यस समितिमा विभिन्न मितिहरुमा बसेका बैठकबाट गरिएका निर्णय र सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरण निम्नानुसार रहेको छः-

**२०८१ बैशाख २४**

- समितिका माननीय सदस्य सभापति सन्तोष चालिसेको सभापतित्वमा होटेल मिस्टिक माउन्ट नगरकोटमा बसेको समितिको तेइसौं बैठकमा १४ जना माननीय सदस्यहरुको उपस्थति रह्यो। उक्त बैठकमा आर्थिक वर्ष २०८१/०८२ को पूर्व बजेट छलफल तथा अन्तरक्रिया तयारी र योजना सम्बन्धमा समितिका सदस्यहरुबीच छलफल सम्पन्न भएको थियो।

**२०८१ बैशाख ३१**

- समितिको चौविसौं बैठकमा १९ जना माननीय सदस्यहरुको उपस्थति रह्यो। उक्त बैठकमा आर्थिक वर्ष २०८१/०८२ को बजेट तर्जुमा सम्बन्धमा नेपाल राष्ट्र बैंक, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग र लगानी बोर्ड नेपालसँग छलफल तथा

अन्तरक्रिया गरी सोबाट प्राप्त सुझावहरू समितिको प्रतिवेदनमा समावेश गर्ने निर्णय भएको थियो।

**२०८१ जेठ ९**

- समितिको पच्चिसौं बैठकमा एघार जना माननीय सदस्यहरुको उपस्थिति रह्यो। अर्थ समितिको बैठकमा आर्थिक वर्ष २०८१/०२ को पूर्व बजेट छलफल तथा अन्तरक्रियाबाट गरी अर्थ समितिले तयार गरेको पूर्व बजेट छलफल प्रतिवेदनको मस्यौदा सम्बन्धमा छलफल गरी सो प्रतिवेदन अर्थमन्त्रालयमा पेश गर्ने निर्णय भएको थियो।

**२०८१ असार २४**

- समितिको छब्बिसौं बैठकमा सोह्र जना माननीय सदस्यहरुको उपस्थिति रह्यो। अर्थ समितिको बैठकमा आर्थिक वर्ष २०८१/०२ को मौद्रिक नीतिको तर्जामको सम्बन्धमा नेपाल राष्ट्र बैंकका गभर्नर र अर्थ सचिव सँग छलफल गरी समितिका माननीय सदस्यहरुले मौद्रिक नीतिमा समावेश गर्नुपर्ने विषयका सम्बन्धमा नेपाल राष्ट्र वैंकलाई निम्नानुसारका सुझाब दिने निर्णय भएको थियो।

**पूर्व बजेट छलफल तथा अन्तरक्रिया कार्यक्रम**

**२०८१ बैशाख २३ र २४**

- आर्थिक वर्ष २०८१/०८२ को बजेट निर्माण सम्बन्धमा समितिले पूर्व अर्थसचिव केवल भण्डारी, डा. सुरेन्द्र अर्याल, मोहमद अयुब सहित समितिका माननीय सदस्य सदयस्यबीच पूर्व बजेट छलफल, तथ्याङ्क संकलन, विश्लेषण र प्रश्नावली निर्माण सम्बन्धमा छलफल  तथा अन्तरक्रिया कार्यक्रम गरिएको थियो।

**२०८१ बैशाख २६**

- नेपाल वैंकर्स संघ, डेभलपमेण्ट बैंकर्स एशोसियसन नेपाल, नेपाल वित्तीय संस्था संघ, नेपाल लघुवित्त बैंकर्स संघ, नेपाल विमक संघ, नेपाल चार्टर एकाउण्टेण्ट्स संघ, नेपाल जनप्रशासन संघ र नेपाल आर्थिक प्रशासन संघसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम गरिएको थियो।

## २०८१ बैशाख २७

- नेपाल घरेलु तथा साना उद्योग महासंघ, Trekking Agencies Association of Nepal (TAAN), Nepal, Nepal Association of Rafting And Travel Agents (NARA), Nepal Tourists Vehicles Association (NTVA), Nepal Association of Tour And Travel Agents (TAAN), नेपाल होटल संघ, नेपाल कृषि महासंघ, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल च्याम्बर अफ कमर्स, नेपाल उद्योग परिसंघ र नेपाल निर्माण व्यवसायी महासंघ लगायतका सरोकारवाला निकायसँग पूर्व बजेट छलफलसँग सम्बन्धित लिखित, मौखिक, प्रश्नोत्तरका माध्यमबाट सुझाव प्राप्त भएको थियो। सो सुझावलाई समेत मनन् गरी २०८१ जेठ ९ गतेको बैठकले नेपाल सरकारलाई आगामी बजेट निर्माणका सम्बन्धमा सुझाव तथा सिफारिस गर्ने निर्णय गरेको थियो।

## २०८१ असार १२ गते

- संघीय संसद, प्रतिनिधि सभा, अर्थ समितिका सभापति र सुदुरपश्चिम प्रदेश सभा, अर्थ विकास तथा प्राकृतिक श्रोत समितिका सदस्यहरुबीच बिहान ११:३० बजे छलफल तथा अन्तरक्रिया कार्यक्रम शुरु भयो। संघीय सरकारले प्रदेश सरकारलाई हस्तान्तरण गर्ने वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदान हस्तान्तरणमा समयवद्धता, आवश्यकतामा आधारित र पूर्वानुमानयोग्यताका साथै अनुदान कटौति नगर्न अर्थ मन्त्रालयसँग समन्वय गर्ने तथा अर्थ समिति र सुदुरपश्चिम प्रदेश सभा, अर्थ विकास तथा प्राकृतिक श्रोत समितिले सम्पादन गरेका काम कारबाही तथा अनुभवको आदान प्रदान गर्ने जस्ता विषयमा छलफल तथा अन्तरक्रिया भएको थियो।

साथै, समितिको बैठक व्यवस्थापन तथा सञ्चालनका अलावा समिति सचिवालयसँग सम्बन्धित अन्य दैनिक कार्यहरु, आन्तरिक र बाह्य पत्राचारहरु, समन्वय अन्य नियमित व्यवस्थापकीय कार्यहरु निरन्तर रुपमा सम्पादन भएको थियो।

## १.२.२.२ अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समिति

२०८१ साल बैशाख १ गतेदेखि असार मसान्तसम्ममा यस समितिमा विभिन्न मितिहरुमा बसेका बैठकबाट गरिएका निर्णय र सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरण निम्नानुसार रहेको छः-

**२०८१ जेठ १८ गते**

- बैठकमा अभिलेख संरक्षण ऐन, २०४६ लाई संशोधन गर्न बनेको विधेयकमाथि नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका मन्त्री माननीय सदस्य हितबहादुर तामाङ, समितिका माननीय सदस्यहरु, संशोधनकर्ता माननीय सदस्यहरु, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय तथा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका प्रतिनिधिको उपस्थितिमा दफाबार छलफल भएको थियो।
- उक्त छलफलका क्रममा अभिलेख संरक्षण ऐन, २०४६ लाई संशोधन गर्न बनेको विधेयकको दफा ३ तथा राष्ट्रिय सभामा उत्पत्ति भएको अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक, २०७७ सम्बन्धी प्रतिवेदनको बुँदा नं ४ देखि दफावार छलफल सम्पन्न गरी विधेयक समितिबाट सर्वसम्मत रुपमा पारित गरी प्रतिनिधि सभाको बैठकमा पेश गर्ने निर्णय भएको थियो।

## १.२.२.३ उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति

२०८१ साल बैशाख १ गतेदेखि असार मसान्तसम्ममा यस समितिमा विभिन्न मितिहरुमा बसेका बैठकबाट गरिएका निर्णय र सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरण निम्नानुसार रहेको छः-

**२०८१ बैशाख १३**

- मन्त्रालयका लागि चालु आर्थिक वर्ष मा विनियोजित बजेटको पूँजीगत खर्चको अवस्था निराशाजनक रहेको तथ्यतर्फ समितिको गम्भीर ध्यानाकर्षण भई मन्त्रालयले

बजेट कार्यान्वयनमा रहेका व्यवधानहरूको तत्काल समाधान गरी बजेट कार्यान्वयनमा आवश्यक सुधार गर्न नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई निर्देशन दिएको,

- वैदेशिक रोजगारीमा नेपाली दक्ष जनशक्तिको आवद्धता बढाउन सीप विकासका लागि प्रभावकारी कार्यक्रम सञ्चालन गर्दै यस्ता दक्ष जनशक्ति वैदेशिक रोजगारीमा जान सक्ने गरी आवश्यक व्यवस्था गर्न नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई निर्देशन दिएको,
- राष्ट्रिय व्यवसायिक प्रशिक्षण प्रतिष्ठानको संस्थागत क्षमता अभिबृद्धि गरी उक्त संस्थाबाट सञ्चालन हुने तालिम कार्यक्रमलाई विश्व वजारको माग र आवश्यकता अनुसार वनाउन नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई निर्देशन दिएको,
- नेपालमा सञ्चालित मेनपावर कम्पनीहरूको नियमित अनुगमन तथा निरीक्षण गरी वैदेशिक रोजगारीका क्षेत्रमा हुने सबै प्रकारका ठगी तथा बदमासीहरूको अन्त्य गर्न नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई निर्देशन दिएको,
- नेपालको उर्जाशील जनशक्तिको ठुलो हिस्सा वैदेशिक रोजगारीको लागि मुलुक बाहिर रहँदा आवधिक निर्वाचनमा ती जनशक्तिहरू मताधिकारबाट वञ्चितीकरणमा पर्ने गरेको हुनाले वैदेशिक रोजगारीमा रहेका श्रमिकहरूलाई समेत मताधिकार प्रयोग गर्ने अवसरको सुनिश्चितताका लागि आवश्यक पहल गर्न नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई निर्देशन दिएको,
- वैदेशिक रोजगारीको क्रममा विश्वका विभिन्न मुलुकहरूमा युद्ध तथा अन्य विभिन्न कारणले अलपत्र अवस्था परेका नेपाली कामदारहरूको पहिचान गरी तत्काल उद्धारका कार्यसञ्चालन गरी नेपाल फिर्ता ल्याउन आवश्यक पहल गर्न नेपाल सरकार, श्रम, रोजगार तथा  सामाजिक सुरक्षा मन्त्रालयलाई निर्देशन दिएको,
- योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सरकारी तथा निजी क्षेत्रबाट सञ्चालित सबै रोजगारदाता संघ-संस्था, प्रतिष्ठानहरूलाई अविलम्व सूचीकृत गराइ तहाँ कार्यरत

कर्मचारी, श्रमिकहरूलाई कोषमा आबद्ध गराउँदै अनौपचारिक क्षेत्रमा रहेका कामदारहरूलाई समेत यस कोषमा आवद्ध गराइ सेवा सुविधा उपलब्ध गराउन नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई निर्देशन दिएको।

## २०८१ बैशाख ३१

- मानव जातिको प्रमुख खाद्य पदार्थको रुपमा रहेको नुनको आपूर्ति नेपालको सुगम क्षेत्रमा केही सहज भए तापनि दुर्गम जिल्लाका पालिकाहरूमा अझ पनि अभाव रहेको हुनाले सबै पालिकाहरूमा सुलभ रुपमा नुनको उपलब्धता गराउन साथै पशुहरूको लागि आवश्यक ढिक्के नुनको आपूर्ति मुलुक भरी मिलाउनका लागि नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिएको,
- Salt Trading Corporation Limited बाट आपूर्ति हुने गरेको रासायनिक मल, चिनी लगायतका खाद्यवस्तुहरूमा गुणस्तर कायम गर्दै ती वस्तुहरूको कालोबजारी, कृत्रिम अभावको अन्त्य गर्दै आमउपभोक्ताबीच ती वस्तुहरूको सरल आपूर्तिको व्यवस्था मिलाउन नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिएको,
- Salt Trading Corporation Limited सँग सम्बन्धित नीतिगत तथा कार्यगत समस्याहरूको समाधान गरी सहज रुपमा सञ्चालन गर्न आवश्यक मिलाउन नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिएको,
- Salt Trading Corporation Limited बाट सञ्चालन भएका सम्पूर्ण उद्योगहरूको अवस्थाहरूको जानकारी माग गर्ने साथै, दुर्गम जिल्लाहरूमा आयोडिनयुक्त नुनको ढुवानी/आपूर्तिको आर्थिक वर्ष २०७९/८० देखि चालु आर्थिक वर्षको हालसम्मको विवरण माग गरिएको,
- समितिमा प्राप्त भएका उजुरीहरूको व्यवस्थापन तथा समितिको कामकारबाहीलाई थप सहजीकरण गर्न देहाय बमोजिमको सदस्य रहने गरी उजुरी सुनुवाई तथा कार्यसम्पादन सहजीकरण उपसमिति गठन भएको:
    - माननीय सदस्य अब्दुल खान — संयोजक
    - माननीय सदस्य गणेश पराजुली — सदस्य

- माननीय सदस्य कृष्ण कुमार श्रेष्ठ सदस्य
- माननीय सदस्य रमा कोइराला पौड्याल सदस्य
- माननीय सदस्य रेखा यादव सदस्य
- माननीय सदस्य सूर्यमान तामाङ (दोङ) सदस्य
- माननीय सदस्य हेमराज राई सदस्य

**२०८१ जेठ २५**

- समितिको आजको बैठकमा समितिमा प्राप्त विद्युतीय व्यापार सम्बन्धी विधेयक, २०८० माथि दफावार छलफल अगाडि बढाउने सम्बन्धमा कार्ययोजना पारित गरेको।

**२०८१ जेठ २८**

- समितिमा प्राप्त विद्युतीय व्यापार सम्बन्धी विधेयक, २०८० का सम्बन्धमा विषय विज्ञ श्री उद्धव प्रसाद मैनालीबाट विद्युतीय व्यापारको सैद्धान्तिक एवं व्यवहारिक पक्षहरूका सम्बन्धमा कार्यपत्र प्रस्तुत हुनुका साथै समितिका माननीय सदस्यहरू तथा विषय विज्ञबीच विधेयकका अन्तरवस्तुका सम्बन्धमा गहन छलफल भएको।

**२०८१ असार ७**

- खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम १९ को (ङ) मा खनिज पदार्थ भण्डारण गर्ने तथा जम्मा गर्ने स्थलमा खनिज कार्यको परिमाणको नाप गर्ने यथोचित यन्त्रहरू राख्नु पर्ने व्यवस्था रहेको र उक्त व्यवस्थाबाट स्वदेशी सिमेन्ट उद्योगहरूलाई नियमित एवं सुचारू रूपले सञ्चालन गर्न नसकिने गरी खानी तथा भूगर्भ विभागको मिति २०८१/१/२१ गते उत्खनित खनिजको परिमाणको नाप गर्ने यथोचित यन्त्र जडान नगर्ने व्यक्ति/कम्पनीको खानी सञ्चालन कार्य स्थगन सम्बन्धी जारी भएको सूचनाबाट उद्योगहरू बन्द हुने अवस्थामा रहेको तर्फ समितिको गम्भीर ध्यानाकर्षण भएको छ। अतः हाललाई उद्योग स्थलमै रहेको तौलपुल प्रयोग गरी उत्खनित खनिजको परिमाण मापन गर्ने गरी ६ महिनाको अवधि थप गर्न र खानी

तथा खनिज पदार्थ नियमावली, २०५६ यथाशिघ्र संशोधन गरी खानी तथा खनिज पदार्थको उत्खननका सम्बन्धमा स्पष्ट कानूनी व्यवस्था गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिएको।

**उपसमितिको कामकारबाही सम्बन्धी विवरणः**

- स्पञ्ज आइरन, विलेट्सको भन्सार महसुल, अन्तःशुल्क तथा उद्योगहरूको अध्ययन, अनुगमन उपसमितिले मिति २०८० बैशाख २३ देखि २५ गतेसम्म पर्सा र रुपन्देही जिल्लामा रहेका स्पञ्ज आइरन र विलेट्स आइनका उद्योगहरूको स्थलगत अनुगमन गरेको।

## १.२.२.४ कानून, न्याय तथा मानव अधिकार समिति

२०८१ साल बैशाख १ गतेदेखि असार मसान्तसम्ममा यस समितिमा विभिन्न मितिहरुमा बसेका बैठकबाट गरिएका निर्णय र सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरण निम्नानुसार रहेको छः-

### २०८१ बैशाख २३ गते

- समितिको बैठकमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकको सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय; भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र कृषि तथा पशुपंक्षी विकास मन्त्रालयसँग सम्बन्धित सारवान विषय रहेका दफाहरूमाथि छलफल भएको थियो।
- सर्वप्रथम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित दफाहरू- दफा ३१ र ४० माथि संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको संशोधन प्रस्तावसहित छलफल भयो। छलफलमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट सचिव श्री लिलादेवी गड्तौलाले संशोधन प्रस्तावलाई स्वीकार गर्न सकिने वा नसकिने भन्ने बारेमा आफ्नो धारणा राख्नुभयो। छलफलका क्रममा समितिका माननीय सदस्य श्री जीवन परियार, माननीय सदस्य श्री ध्रुव बहादुर प्रधान, माननीय सदस्य श्री

पूर्णबहादुर घर्ती, माननीय सदस्य श्री नागिना यादव, माननीय सदस्य श्री शेर बहादुर कुँवर, माननीय सदस्य श्री रन्जु कुमारी झा, माननीय सदस्य श्री चन्द्र बहादुर विश्वकर्मा, माननीय सदस्य श्री सुशिला थिङ, माननीय सदस्य श्री रामकुमार राई, माननीय सदस्य श्री सन्तोष परियारले आआफ्ना धारणा राखुभयो। दफा ४० का विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालका सचिव श्री मधु सुदन बुर्लाकोटी र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव श्री गोपाल प्रसाद सिग्देलले थप प्रष्ट पार्नुभयो। कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री पदम गिरीले अन्त्यमा सरकारको तर्फबाट आफ्नो धारणा राखुभएको थियो।

- तत्पश्चात् स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग सम्बन्धित दफाहरू- दफा १२, २६ र ४४ माथि संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको संशोधन प्रस्ताव र समितिका माननीय सदस्यहरूको धारणासहित छलफल भयो। छलफलमा मन्त्रालयको तर्फबाट स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको समेत कार्यभार सम्हाल्नुभएका माननीय सदस्य उपप्रधानमन्त्री एवम् गृहमन्त्री श्री रवि लमिछाने, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव श्री मधु सुदन बुर्लाकोटी र मन्त्रालयका अतिरिक्त सचिव डा. विकास देवकोटाले संशोधन प्रस्तावलाई स्वीकार गर्न सकिने वा नसकिने भन्ने बारेमा धारणा राखुभयो। छलफलका क्रममा समितिका माननीय सदस्यहरू- श्री महेश कुमार बर्तौला, श्री जीवन परियार र श्री प्रतिक्षा तिवारीले आआफ्ना धारणा राखुभएको थियो।
- त्यसै गरी कृषि तथा पशुपंक्षी विकास मन्त्रालयसँग सम्बन्धित दफा ३४ माथि संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको संशोधन प्रस्ताव र समितिका माननीय सदस्यहरूको धारणासहित छलफल भयो। छलफलमा मन्त्रालयको तर्फबाट माननीय सदस्य कृषि तथा पशुपंक्षी विकास मन्त्री ज्वालाकुमारी साह र मन्त्रालयका सहसचिव सम्झना कुमारी काफ्लेले संशोधन प्रस्तावलाई स्वीकार गर्न सकिने वा नसकिने भन्ने सम्बन्धमा धारणा राखुभयो। छलफलका क्रममा समितिका माननीय सदस्यहरू- श्री शेर बहादुर कुँवर, श्री नागिना यादव, श्री प्रतिक्षा तिवारी, श्री गोमा लाभ (सापकोटा), श्री महेश कुमार बर्तौलाले आआफ्ना धारणा राखुभयो। कानून, न्याय

तथा संसदीय मामिला मन्त्रालयका सहसचिव श्री मानबहादुर अर्यालले यस दफाका विषयमा केही प्रष्ट पार्नुभएको थियो।

- तत्पश्चात् भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसँग सम्बन्धित दफाहरू- दफा २४ र ३७ माथि संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको संशोधन प्रस्ताव र समितिका माननीय सदस्यहरूको धारणासहित छलफल भयो। छलफलमा मन्त्रालयको तर्फबाट भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव श्री गोपाल प्रसाद सिग्देलले संशोधन प्रस्तावलाई स्वीकार गर्न सकिने वा नसकिने भन्ने बारेमा धारणा राख्नुभयो। छलफलका क्रममा समितिका माननीय सदस्यहरू- श्री सुशिला थिङ, श्री महेश कुमार बर्तौला, श्री शेर बहादुर कुँवर, श्री प्रतिक्षा तिवारी, श्री ध्रुव बहादुर प्रधान, श्री नैनकला थापा र श्री नागिना यादवले आआफ्ना धारणा राख्नुभएको थियो।
- समितिको आजको बैठकमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकमाथि दफावार छलफल हुँदा सम्बन्धित मन्त्री र मन्त्रालयका तर्फबाट स्वीकार गर्न सकिने भनी समितिलाई जानकारी गराइएका विषयलाई सोहीअनुसार समितिले ग्रहण गरी निष्कर्षमा पुग्ने र आजको बैठकबाट समितिमा पुनः छलफल गर्नुपर्ने भनी पहिचान भएका विषयलाई कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले सम्बन्धित मन्त्रालयसँग छलफल गर्ने र आगामी दिनमा बस्ने समितिको कुनै बैठकमा फेरि छलफल गरी निष्कर्षमा पुग्ने जानकारी गराउँदै सभापतिले समितिको बैठक अन्त्य गर्नुभएको थियो।

**२०८१ जेठ २५ गते**

- समितिको बैठकमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकको सम्बन्धमा समितिमा थप छलफल गर्नुपर्ने भनी पहिचान भएका तीनओटा मन्त्रालयका दफाहरूमाथि छलफल भएको थियो।
- सर्वप्रथम श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँग सम्बन्धित दफा ४७ र दफा ६० माथि संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको संशोधन प्रस्ताव र समितिका माननीय सदस्यहरूको धारणासहित छलफल भयो। त्यसैगरी सञ्चार तथा

सूचना प्रविधि मन्त्रालयसँग सम्बन्धित दफा २० र दफा ७३ माथि संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको संशोधन प्रस्ताव र समितिका माननीय सदस्यहरूको धारणासहित छलफल भयो। त्यसपछि गृह मन्त्रालयसँग सम्बन्धित दफा ५३ र दफा ७४ माथि संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको संशोधन प्रस्ताव र समितिका माननीय सदस्यहरूको धारणासहित छलफल भएको थियो।

- माथि उल्लिखित मन्त्रालयसँग सम्बन्धित दफाहरूका विषयमा माननीय सदस्य कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री पदम गिरीले सरकार एवम् मन्त्रालयको तर्फबाट आफ्नो धारणा राख्नुभएको थियो। मन्त्रालयका निमित्त सचिव श्री निर्मला अधिकारी र सहसचिव श्री मानबहादुर अर्यालसमेतले छलफलका क्रममा मन्त्रालयका तर्फबाट आआफ्ना धारणा राख्नुभएको थियो।
- दफावार छलफलका क्रममा समितिका माननीय सदस्य श्री शेर बहादुर कुँवर, माननीय सदस्य श्री सुनिल शर्मा, माननीय सदस्य श्री जीवन परियार, माननीय सदस्य श्री ध्रुव बहादुर प्रधान, माननीय सदस्य श्री पूर्णबहादुर घर्ती, माननीय सदस्य श्री नागिना यादव, माननीय सदस्य श्री रन्जु कुमारी झा, माननीय सदस्य श्री चन्द्र बहादुर विश्वकर्मा, माननीय सदस्य श्री महेश कुमार बर्तौला, माननीय सदस्य श्री सोबिता गौतम, माननीय सदस्य श्री मंगल प्रसाद गुप्ता र माननीय सदस्य श्री प्रतिक्षा तिवारीले आआफ्ना धारणा राख्नुभएको थियो।
- समितिमा पुनः छलफल गर्नुपर्ने भनी पहिचान भएका विषयलाई कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले सम्बन्धित मन्त्रालयसँग छलफल गरेको आधारमा कानून, न्याय तथा संसदीय मामिला मन्त्रीले समितिमा राख्नुभएको धारणा र त्यसमाथिको छलफलपश्चात् निष्कर्षमा पुगेका विषयहरू सोहीबमोजिम हुने र उक्त बैठकमा छलफल भएका तर निष्कर्षमा पुग्न बाँकी रहेका विषयहरू समितिमा पुनः छलफल हुने निर्णय भएको थियो।
- कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले यस विधेयकसँग सम्बन्धित अन्य मन्त्रालयसँग छलफल गरी समितिको बैठकमा प्रस्तुत गर्न बाँकी रहेका विषयहरूका सम्बन्धमा मन्त्रालयले अन्य मन्त्रालयहरूसँग छलफल गरेपश्चात् समितिको अन्य कुनै

बैठकमा छलफल हुने जानकारी गराउँदै सभापतिले समितिको बैठक अन्त्य गर्नुभएको थियो।

**समितिको बैठक बाहेकका गतिविधिः**

समितिको मिति २०८० चैत ०८ गते बसेको २९ औं बैठकको निर्णयबमोजिम गठित उपसमितिहरुले मिति २०८० चैत १४ गतेदेखि १६ गतेसम्म विराटनगर बाल सुधारगृह, वीरगञ्जको बाल सुधार गृह र बाँकेको जयेन्दु बाल सुधार गृह तथा धनकुटा, मोरङ, सुनसरी, पर्सा, रौतहट, महोत्तरी, सर्लाही, बाँके, बर्दिया र सुर्खेत जिल्लाको जिल्ला कारागारको स्थलगत अनुगमन गरेको प्रतिवेदन उपसमितिहरुले पारित गरेका छन्।

## १.२.२.५ कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति

२०८१ साल बैशाख १ गतेदेखि असार मसान्तसम्ममा यस समितिमा विभिन्न मितिहरुमा बसेका बैठकबाट गरिएका निर्णय र सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरण निम्नानुसार रहेको छः-

**२०८१ बैशाख ४**

- नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७४ माघ २० गतेको निर्णयानुसार सरकारबाट अधिग्रहण गरिएको तनहुँ जिल्ला स्थित भानु र व्यास नगरपालिकामा रहेको भानुभक्त प्राणी उद्यान निर्माणको लागि १४२ घरधुरीका कृषकहरुका अधिग्रहण गरिएको निजी जमिनको मुआब्जा रकम रु ४६,६०,२७,०२९/- हालसम्म पनि भुक्तानी नहुँदा सर्वसाधारण कृषक अत्यन्तै मार्कामा परेको पाइएकोले उक्त रकमको भुक्तानीको लागि आगामी आर्थिक वर्षको वन तथा वातावरण मन्त्रालयको बजेटमा समाबेस गर्नको लागि उक्त मन्त्रालयको बजेटको सिलिङ्ग समेत वृद्धि गरी अधिग्रहण गरिएको उल्लेखित जग्गाको रकम अविलम्ब भुक्तानी हुने व्यवस्था मिलाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ र वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिएको,

- जडिबुटी अध्ययन तथा अनुसन्धान र यसको प्रवर्धन गर्ने विषयमा रहेका नीतिगत, कानुनी तथा संरचनागत समस्याका सम्बन्धमा आवश्यक अध्ययन गरी यस्ता उद्योगहरुलाई व्यवसायिक किसिमले प्रवर्धन गर्न र यसको उत्पादन, प्रशोधन तथा बजारीकरणमा निजी क्षेत्रका व्यवसायिक किसान तथा उद्योगीहरु समेत लाभान्वित हुने गरी नीति, रणनीति तथा कार्यक्रम तर्जुमा गरी जडिबुटी खेती तथा उद्योगको प्रभावकारी व्यवस्थापन हुने गरी यसको प्रवर्द्धन गर्न वन तथा वातावरण, कृषि तथा पशुपंक्षी र अर्थ मन्त्रालयलाई निर्देशन दिएको,
- देशको विभिन्न स्थानका मानिसहरुको बसोवास रहेको आवास क्षेत्रमा हात्ती, बाघ, बँदेल जस्ता जंगली जनावर प्रवेश गरी किसानहरुको खेतिपाती नष्ट गर्ने, मानिसलाई आक्रमण गरी आतंङ्क फैलाउने गरेकोले यसको दीर्घकालीन नियन्त्रणमा आवश्यक पहल गर्न र जनधनको क्षति भएको अवस्थामा बीमा सहितको क्षतिपूर्ति दिने व्यवस्था अविलम्ब मिलाउन कृषि तथा पशुपंक्षी विकास, वन तथा वातावरण र अर्थ मन्त्रालय मन्त्रालयलाई निर्देशन दिएको,
- देशका विभिन्न क्षेत्रहरुमा बाँदरको संख्या वृद्धि भई किसानहरुको बालिनाली नष्ट गरी आतंक फैलाइ किसानहरुलाई आजित बनाएको र यस समितिमा देशका विभिन्न पहाडी जिल्लाहरुबाट बाँदर नियन्त्रणको लागि आवश्यक पहल गरिदिन किसानहरुले निवेदन दिएको र यस समितिको निर्णय सहितको अनुरोधमा भारतीय दूतावासको सहयोगमा कृषि तथा पशुपंक्षी विकास मन्त्रालयका १० र वन तथा वातावरण मन्त्रालय अन्तर्गतका १ पशु चिकित्सक र ४ रेन्जर गरी जम्मा १५ जनाले भारतको हिमाञ्चल प्रदेशको सिमलामा तालिम लिई फर्किसकेका छन्। तालिम प्राप्त यस्ता जनशक्तिको भरपुर उपयोग गरी नेपालमा समेत बाँदरको बन्ध्याकरण गरी बाँदर नियन्त्रण गर्ने कार्यक्रम सञ्चालन गर्न आवश्यक यन्त्र तथा उपकरण सहितको भौतिक संरचना तयार गरी नीतिगत निरन्तरताको व्यवस्था सहितको कार्यक्रम आउदो आर्थिक वर्ष २०८१/८२ देखि नै सञ्चालन गर्नको लागि आवश्यक बजेट विनियोजन गरी बाँदरको बन्ध्याकरण सम्बन्धी कार्यक्रम (Monkey Sterilization

Program) सञ्चालन गर्न कृषि तथा पशुपंक्षी, वन तथा वातावरण र अर्थ मन्त्रालयलाई निर्देशन दिएको,

- कृषि तथा वन क्षेत्रलाई Green Economic Development Sector को रुपमा विकास गर्न उक्त मन्त्रालयहरुको लागि पर्याप्त बजेट, आवश्यक जनशक्ति सहितको एकीकृत विकासको अवधारणा लागू हुनेगरी कार्यक्रम अगाडि बढाउँन वन तथा वातावरण, कृषि तथा पशुपंक्षी र अर्थ मन्त्रालयलाई निर्देशन दिएको,
- सुख्खा मौसममा डढेलोको प्रकोप बढ्ने गरेको, यसको नियन्त्रणमा आवश्यक सावधानी अपनाउन नसक्दा संलग्न व्यक्तिको मृत्यु समेत हुने गरेको सन्दर्भमा वनजंगलमा डढेलो लगाउने जो कोहीलाई कडा भन्दा कडा कारवाही गर्न र डढेलो नियन्त्रण गर्न खटिंदा सुरक्षा सावधानी सहितको तालिम प्राप्त जनशक्ति र आवश्यक यन्त्र उपकरणको पर्याप्त व्यवस्था गरी परिचालन गर्ने व्यवस्था मिलाउँन वन तथा वातावरण मन्त्रालय, गृह र रक्षा मन्त्रालयलाई निर्देशन दिएको।

## २०८१ बैशाख १२

- तत्कालीन अवस्थामा श्री ५ को सरकारको मिति २०५४/०३/२३ गतेको बैठकले नेपालमा शीत भण्डारलाई व्यवस्थित गर्ने उद्देश्यले विद्युत महसुल दरमा ५०% अनुदान दिने व्यवस्था भएको र नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७४/०३/१३ र २०७४/०३/२५ गतेको बैठकले शीत भण्डारलाई विद्युत महसुल दरमा ५०% अनुदान दिने सम्बन्धमा भएको उक्त निर्णय पुनरावलोकन/परिवर्तन भएका बखत सोही बमोजिम हुने भएकोले उक्त निर्णय हाल कायमनै रहने गरी निर्णय भएकोमा नेपाल विद्युत प्राधिकरणको मिति २०७९/१२/२७ मा उक्त मन्त्रिपरिषद्को निर्णय विपरित हुने गरी विद्युत महसुल सहुलियत नदिने निर्णय गरेको सम्बन्धमा सम्मानित उच्च अदालत पाटनको मिति २०८० भाद्र १३ गते भएको प्राधिकरणको उक्त निर्णय उत्प्रेषणको आदेशबाट बदर भएको भन्ने फैसला भएको देखिएको हुँदा तत् सम्बन्धमा शीत भण्डारहरुले हालसम्म तिर्न बाँकी रहेको सम्पूर्ण बक्यौता अनुदानको रकम तत्काल भुक्तानी गरी यसलाई

नीतिगत निरन्तरता दिने विषयमा आवश्यक व्यवस्था मिलाउन अर्थ, उर्जा, जलस्रोत तथा सिंचाई, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय र नेपाल विद्युत प्राधिकरणलाई निर्देशन दिएको,

- कृषि उत्पादनका लागि आवश्यक पर्ने बीउबिजन, कृषि उत्पादन तथा उपजलाई सडेर खेर जान नदिइ किसानहरुबाट उत्पादित वस्तुहरुको भण्डारण, प्रशोधन र संरक्षण गरी बेसिजनमा समेत खपत तथा बिक्री बितरण, संरक्षण तथा सम्वर्द्धन गरी स्वदेशी किसानहरुको प्रवर्द्धन गर्न र आयातलाई निरुत्साहित गर्नका लागि शीत भण्डारण उद्योगलाई उत्प्रेरित र प्रोत्साहित गर्ने उद्देश्यले नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय तथा बजेट बक्तव्यबाट विद्युत महसुल दरमा छुट दिंदै आएको पाइन्छ। हाल आएर नेपालमा स्थापना भएका शीत भण्डारणहरुलाई दिंइदै आएको विद्युत महसुल छुट सुबिधा भुक्तानी नपाएको कारणले शीत भण्डारहरु बन्द हुने अवस्था देखिएकोले यसरी दिईंदै आएको विद्युत छुट सुविधा सम्बन्धी विषयलाई व्यवस्थित गरी निरन्तरता दिनका लागि आवश्यक कार्यविधि बनाइ कार्यान्वयन गर्न कृषि तथा पशुपंक्षी विकास मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देशन दिएको।

## २०८१ जेठ २५

- लागू औषध (नियन्त्रण) ऐन, २०३३ मा भएको कानूनी व्यवस्थाको अधिनमा रही प्रत्यायोजित कानूनको प्रावधान अनुसार गाँजाको अनुसन्धान र औषधीय प्रयोजन समेतमा गाँजा खेती गर्न अनुमति दिन सकिने प्रावधान सम्बन्धी विषयमा यस अघि भएका नीति अनुसन्धान प्रतिष्ठान, नेपाल कानून आयोग, काठमाण्डौ विश्वविद्यालय, स्वास्थ्य अनुसन्धान परिषद र गृह मन्त्रालयबाट हाल भै रहेको अध्ययन प्रतिवेदन समेतका आधारमा सम्बन्धित सरोकारवाला निकायहरुसँग आवश्यक समन्वय गरी ३ (तीन) महिनाभित्र नियमावली तर्जुमा गरी कार्यान्वयनमा ल्याउने आवश्यक प्रबन्ध मिलाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र गृह मन्त्रालयलाई निर्देशन दिएको।

- गाँजाका विषयमा समितिमा भएका औपचारिक तथा अनौपचारिक छलफल एवं विभिन्न अध्ययन, अनुसन्धान सम्बन्धी प्रतिवेदनहरु अध्ययन गर्दा एकातिर यसमा क्यानविनोइड्स जस्ता यौगिकको विद्यमानताले टाउको दुख्ने, वाकवाकी लाग्ने जस्ता सामान्य देखि क्यान्सर सम्मका घातक रोगको उपचार गर्न सकिने औषधीय गुण भएका, रेसा तथा बिउबाट धागो, झोला, कपडा एवं जिउ दुख्दा लगाउने औषधीय गुणयुक्त तेलको उत्पादन गर्न सकिने जस्ता उपयोग एवं उपभोग गर्न सकिने गुण रहेको र अर्कोतर्फ गाँजामा रहेको मनोद्दिपक गुण (नशा) तर्फ नेपाली युवाहरु लतकै रुपमा आकर्षित हुन पुगे यसले व्यक्तिगत तथा सामाजिक जोखिम समेत बढ्न सक्ने पक्षलाई विचार गरी गुण र दोषको आधारमा माग र आपूर्ति समेतलाई विचार गरी विद्यमान कृषि उपजको उत्पादनमा कुनै नकारात्मक असर नपर्ने गरी नेपाल पक्ष राष्ट्र रहेका सन्धि, सम्झौताको खिलाप नहुने गरी औद्योगिक, व्यावसायिक र औषधिजन्य प्रयोजनको लागि वैज्ञानिक तवरबाट सम्बन्धित किसानले कानूनी प्रक्रिया पुर्‍याई खेती गर्न पाउँने गरी गाँजाको प्रवर्द्धन गर्ने र गाँजाको सम्भाव्य दुरुपयोग र यसले सिर्जना गर्ने क्षतिको नियन्त्रण र नियमनको आवश्यक प्रक्रिया, पद्दती र संरचनाको विकास गरी वर्तमान कानून लागू औषध (नियन्त्रण) ऐन, २०३३ लाई संशोधन गर्न वा आवश्यकता अनुसार गाँजा खेतीलाई नियमन तथा व्यवस्थापन गर्ने नयाँ कानून तर्जुमा गरी कार्यान्वयनमा ल्याउने आवश्यक प्रक्रियाको थालनी गर्न नेपाल सरकार, गृह मन्त्रालयले उद्योग, वाणिज्य तथा आपुर्ति, कानून, न्याय तथा संसदीय मामिला, वन तथा वातावरण, कृषि तथा पशुपंक्षी विकास, शिक्षा, विज्ञान तथा प्रविधि र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय लगायतका निकायहरुसँग आवश्यक समन्वयमा कार्य अगाडि बढाउन निर्देशन दिएको,

**२०८१ असार १८**

- कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम नेपाल कृषि सेवा अन्तरगतका प्राविधिक कर्मचारीहरु समायोजन हुने क्रममा संघमा समायोजन भएका कर्मचारीहरु मध्ये राजीनामा, अवकाश लगायतका कारणबाट रिक्त भएका पदमा नियमित पदपूर्ति हुनु

पर्नेमा हालसम्म पनि पदपूर्ति सम्बन्धी प्रक्रिया संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट अगाडि नबढाइएको हुँदा लामो समय देखि कर्मचारीको वृति विकास रोकिनुको साथै कर्मचारीको अभावमा कृषि तथा पशुपंक्षी विकास मन्त्रालयबाट सम्पादन हुने आयोजना तथा कार्यक्रमको कार्यन्वयनमा गम्भीर असर परेको देखिँदा यस विषयको तत्काल सम्बोधन गर्न संघमा समायोजन भएका सम्पूर्ण कर्मचारीको पद दर्ता, सँगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गरी नियमित पदपूर्ति हुने व्यवस्था तुरुन्त सम्पन्न गरी समस्या समाधान गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ, संघीय मामिला तथा सामान्य प्रशासन र कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई निर्देशन दिएको,

- हाल कृषि तथा पशुपंक्षी विकास मन्त्रालयबाट मन्त्रिपरिषद्को सैद्धान्तिक स्वीकृत भै तर्जुमाको प्रकृयामा रहेका पशु संक्रमण नियन्त्रण र पशु प्रजनन् विधेयक तथा तर्जुमाको चरणमा रहेको पशु कल्याण सम्बन्धी विधेयक निर्माण गरी कार्यन्वयनमा ल्याउने प्रकृया अगाडि बढाई हाल पशुपंक्षी तथा पशु चौपायमा समय समयमा देखा पर्ने संक्रामक रोग, पशुपंक्षीमा रहेका प्रजनन् सम्बन्धी समस्या र पशु कल्याण तथा पशुपंक्षीको हक अधिकारको संरक्षण गरी आम जनताले स्वस्थ मासु सेवन गर्न पाउने आधिकारको सुनिश्चित गर्ने विषयहरुलाई व्यवस्थित गर्न सकिने देखिएको हुँदा उल्लेखित ऐनको कार्यान्वयनबाट पशुपालक किसान, यसमा संलग्न व्यवसायी, उपभोक्ता लगायत पशुपंक्षीको कल्याण सम्बन्धी आधिकारको समेत सुनिश्चित हुने व्यवस्था अवलम्बन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ, कानून न्याय तथा संसदीय मामिला, संघीय मामिला तथा सामान्य प्रशासन र कृषि तथा पशुपंक्षी विकास मन्त्रालयलाई निर्देशन दिएको,
- समग्र कृषि क्षेत्रको प्रवर्द्धन गर्न तथा कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नको लागि विउ विजनको उत्पादन संरक्षण तथा आयातमा स्पष्ट कानूनी मार्गदर्शनको अभावमा विउ विजन तथा विरुवाको उत्पादन, आयात लगायतमा गुणस्तर तथा क्वारेन्टाइन परीक्षण कार्य व्यवस्थित हुन नसक्दा उत्पादन तथा उत्पादकत्वमा प्रत्यक्ष असर परेको, विभिन्न संक्रामक रोगहरुबाट संक्रमित हुने

गरेको, गुणस्तरयुक्त विउ विरुवा उत्पादन तथा आयातमा प्रभावकारी परीक्षणमा समस्या रहेको देखिएकोले विउ विजन नियमावली तर्जुमा गरी तत्काल कार्यन्वयनमा ल्याई समस्या समाधान गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ, कानून न्याय तथा संसदीय मामिला, संघीय मामिला तथा सामान्य प्रशासन र कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई निर्देशन दिएको,

- नेपाल सरकारले आयात गरेको मलको बिक्री वितरणको कार्य सन्तुलित, पारदर्शी र व्यवस्थित हुन नसक्दा कृषकहरु मर्कामा परेको भन्ने पाइएकोले मलको वितरण कार्य समानुपातिक, सन्तुलन र आवश्यकताको आधारमा वितरण गर्ने स्पष्ट कार्याविधि बनाइ लागू गर्न र हालसम्म भएको वितरण कार्यको अनुगमन गर्ने र यसरी अनुगमन गर्दा वितरण विभेदपूर्ण भएको पाइएकोमा अन्यायमा परेका कृषकहरुलाई क्षतिपूर्ति समेत उपलब्ध गराउन कृषि तथा पशुपंक्षी विकास मन्त्रालयलाई निर्देशन दिएको,
- कृषि क्षेत्रका किसानहरुलाई दिइने सहुलियतपूर्ण ऋणको रकम न्यून रहदा सबै किसानहरुले सहज रुपमा प्राप्त गर्न नसकेकोले यसप्रकारको सहुलियत ऋणको राशी वृद्धि गर्न र प्रत्यक्ष कृषि पेशामा संलग्न किसानहरुले मात्र प्राप्त गर्न सक्ने गरी सुनिश्चित गर्न र प्रकृयागत कठिनाइलाई सहज बनाउन तथा यस प्रकारको सहुलियत ऋण मौद्रिक नीति मार्फत वृद्धि गरी व्यवस्थित तबरबाट कार्यान्वयनमा ल्याउन अर्थ, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय र  नेपाल राष्ट्र बैंकलाई निर्देशन दिएको,
- गाँजा खेतीलाई व्यवस्थित गरी औषधीय प्रयोजन, निर्यात तथा उपभोग लगायतको विषयमा आवश्यक नियमन गरी कार्यन्वयनमा ल्याउनका लागि आवश्यक ऐन नियमावली, तर्जुमा गर्ने सम्बन्धमा यस समितिको मिति २०८१ जेठ २५ गते बसेको बैठकले गरेको निर्णय कार्यान्वयनका लागि आवश्यक अध्ययन गरी सिफारिस गर्न बढीमा ७ जना सदस्य रहेको एक अध्ययन उपसमिति गठन गर्ने र उपसमितिमा रहने माननीय सदस्य तथा संयोजक आपसी सहमतिमा गठन गर्ने निर्णय भएको।

## १.२.२.६ महिला तथा सामाजिक मामिला समिति

२०८१ साल बैशाख १ गतेदेखि असार मसान्तसम्ममा यस समितिबाट सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरण निम्नानुसार रहेको छः-

**२०८१ बैशाख ४**

- समितिको बैठक माननीय सदस्य सभापति श्री किरण कुमार साहको सभापतित्वमा बसी आदिवासी महिला तथा किशोरीहरुको अधिकार सम्बन्धमा सिडको आधारभूत सिफारिस नं. ३९ ( CEDAW General Recommendation No . 39 ) का उद्देश्य तथा क्षेत्र, यसको महत्व र उक्त सिफारिसको कार्यान्वयन सम्बन्धमा संघीय संसदको दायित्व लगायतका विषयमा राष्ट्रिय आदिवासी जनजाती महिला मञ्चका अध्यक्ष सुनी लामा, उपाध्यक्ष यशो कान्ति भट्टचन लगायतका प्रतिनिधिहरुसँग छलफल भयो।

**२०८१ बैशाख २१**

- नेपालमा ज्येष्ठ नागरिक सम्बन्धी विद्यमान कानून, उनीहरुका लागि राज्यका तर्फबाट भएको व्यवस्था, बुढ्यौली जनसंख्या तथा वृद्धाश्रम/ज्येष्ठ नागरिक मिलन केन्द्रको वर्तमान अवस्था सम्बन्धमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका प्रतिनिधिहरुसँग छलफल भयो।

**२०८१ बैशाख ३१**

- नेपालमा अन्तरधार्मिक सहिष्णुताका सम्बन्धमा मुस्लिम आयोगले खेलेको भूमिका र नेपाल हज व्यवस्थापन बारे मुस्लिम आयोगका प्रतिनिधिहरुसँग छलफल गरियो।

**२०८१ जेठ १४**

- नेपालमा एसिड आक्रमण पीडितहरुको क्षतिपूर्ति सम्बन्धमा सर्वोच्च अदालत/पीडित राहत कोष सञ्चालक समितिका अध्यक्ष, फैसला कार्यान्वयन निर्देशनालयका महानिर्देशक, गृह मन्त्रालयका प्रतिनिधि र अधिवक्ता लगायतका प्रतिनिधिहरुसँग छलफल गरियो।

## २०८१ जेठ १७

- नेपालमा एसिड आक्रमण पीडितहरुको राहत तथा क्षतिपूर्ति सम्बन्धमा कानून, न्याय तथा संसदीय मामिला मन्त्री, सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयका महानिर्देशक र अन्य विज्ञ तथा पदाधिकारीहरुसँग छलफल गरी निम्नानुसार निर्देशन गर्ने निर्णय भयो :

  "तेजाब वा अन्य रासायनिक, जैविक वा विषालु पदार्थ प्रयोग गरी अनुहार लगायत शरीरका अन्य अङ्गहरुमा क्षति पुऱ्याएको/कुरुप पारेको समेतका अपराधमा पीडित भएका व्यक्तिलाई तत्कालै औषधी उपचार गर्नुपर्ने भएकोले अस्पतालको बिल बमोजिमको खर्च भुक्तानी गर्ने व्यवस्था मिलाउन, अदालतबाट फैसला हुँदाका बखत तोकिएको रकम र फैसला पश्चात निजले उक्त तेजावसँग सम्वन्धित विषयमा उपचार गर्दा लाग्ने खर्च र क्षतिपूर्ति सम्बन्धित मन्त्रालयले मन्त्रिपरिषदमा पेश गरी निर्णय गर्नुपर्ने भए सो समेत गरी अपराध पीडित क्षतिपूर्ति राहत कोषबाट प्राप्त गर्ने गरी व्यवस्था गर्न, पीडितको निवेदन आएको ३५ दिन भित्र खर्च भएका रकम र क्षतिपूर्ति उपलव्ध गराउन र सोको जानकारी समितिलाई गराउन कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई निर्देशन दिने।"

## २०८१ जेठ २८

- समितिको आजको बैठकमा "नेपालमा सामाजिक समावेशीकरणबाट वास्तविक लक्षित वर्ग लाभान्वित हुन नसकेको भन्ने गुनासो सुनिदै आएको छ। आरक्षण सम्बन्धी व्यवस्थालाई वर्गीय वा जातीयताका आधारमा नभई आर्थिक समानतामा केन्द्रित बनाउनु पर्ने सन्दर्भमा सामाजिक समावेशीकरणलाई लक्षित वर्गसम्म पुऱ्याउन राष्ट्रिय समावेशी आयोगले खेलेको भूमिका, प्राप्त उपलब्धि एवं आयोगले सरकारलाई दिएको सिफारिसहरुको कार्यान्वयनको अवस्था अध्ययन-अनुसन्धान गरी तीन महिनाभित्र यस समिति समक्ष प्रतिवेदन पेश गर्न यो समिति राष्ट्रिय समावेशी आयोगलाई निर्देशन गर्दछ।"

**२०८१ असार १९**

- नेपाल बाल सँगठनबाट सञ्चालित कार्यक्रम, बार्षिक बजेट तथा प्रस्तावित कार्यक्रम र चुनौती तथा समाधानका उपायहरु लगायतका विषयमा उक्त सँगठनसँग छलफल गरी पुनः अर्को बैठकमा थप छलफल गर्ने निर्णय गरियो।
- "निर्देशन स्पष्ट पारी निकास दिने सम्बन्धमा" मिति २०८०/०५/१७ गते र "निर्णयमा छुट हुन गएको आश्रम शव्द समावेश गरिदिने सम्बन्धमा" मिति २०८१/०३/०५ गते निवेदक श्री दिवाकर बास्तोलाबाट परेको निवेदन उपर छलफल गर्दा महिला तथा सामाजिक समितिबाट मिति २०७६/०२/०९ मा भएको निर्णयमा गैर सरकारी संस्थाको रुपमा नयाँ अनाथालय वा बालगृह दर्ता नगर्न, नगराउन निर्देशन भएको देखिन्छ। उक्त निर्देशनमा गुरुकूल, विद्यापीठ तथा सो सँग सम्बन्धित आश्रमहरुको दर्ता सम्बन्धी विषय समावेश भएको देखिदैन। त्यसैले उक्त विषय खुलाई सम्बन्धित निकाय (नेपाल सरकार, गृह मन्त्रालय र निवेदक श्री दिवाकर बास्तोला) लाई पुनः पत्राचार गर्ने निर्णय गरियो।

**२०८१ असार २०**

- राज्यको मूल प्रवाहमा थारु समुदायको समावेशिताको अवस्था र यस सम्बन्धमा थारु आयोगले खेल्दै आएको भूमिका विषयको छलफलमा थारु आयोगबाट "राजनीतिक पार्टीहरुले अङ्गालेको शासकीय परिपाटीमा थारु समुदाय र राज्य सञ्चालनको लागि निजामती सेवाको संयन्त्रमा थारु समुदाय" गरी मुख्यतः दुई क्षेत्रको अध्ययनबाट राज्यको मूल प्रवाहमा थारु समुदायको समावेशिता बारे स्पष्ट हुने लगायतका विषयमा प्रस्तुति भयो। राजनीतिक समावेशिताका लागि कानूनी रुपमा नै क्लष्टरको व्यवस्था भएको (प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ अनुसार थारु समुदायको लागि ६.६ प्रतिशत कायम भएको) तर जनसंख्याका आधारमा समानुपातिक प्रतिनिधित्व हुने गरी प्रतिशत निर्धारण नभएको, प्रशासनिक एवं छात्रवृत्तिमा क्लष्टरको व्यवस्था नै नभएकोले जनसंख्याका आधारमा समानुपातिक प्रतिनिधित्व गराउने गरी कानूनमा सुधार गर्नुपर्ने विषयमा छलफल भयो।

**२०८१ असार २६**

- राज्यको मूल प्रवाहमा दलित समुदायको समावेशीताको अवस्था र यस सम्बन्धमा राष्ट्रिय दलित आयोगले खेलेको भूमिका विषयक छलफलमा दलित समुदायको लागि संवैधानिक एवं कानूनी रुपमा भएको व्यवस्था, आयोगले गर्दै आएका प्रयास र भावी दिनमा गर्नुपर्ने कार्यका सन्दर्भमा राष्ट्रिय दलित आयोगका तर्फबाट प्रस्तुति भयो। छलफलका क्रममा भूमिहीन दलितलाई कानून बमोजिम एक पटक जमीन उपलब्ध गराउनु पर्ने र आवासविहीन दलितलाई कानून बमोजिम बसोबासको व्यवस्था गर्ने भनी संविधानमा भएको मौलिक हकको कार्यान्वयनमा जोड दिनुपर्ने, दलितभित्रका पनि कमजोर दलित र तराइ समुदायमा रहेका दलितहरु थप विभेदमा रहेकाले सबै वर्गका र सवै क्षेत्रमा रहेका तल्लो तहका दलितहरुको पहिचान गरी आवश्यकताका आधारमा राज्यको संरचनामा समानुपातिक प्रतिनिधित्व गराउने गरी कानूनमा सुधार गर्नुपर्ने, पहाडका तथा मधेशका दलितहरुको थर सूचीकरण प्रतिवेदन स्वीकृत गर्न पहल गर्नुपर्ने लगायतका विषयमा छलफल भयो।

## १.२.२.७ राज्य व्यवस्था तथा सुशासन समिति

२०८१ बैशाख १ देखि असार मसान्तसम्म यस समितिबाट सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरण निम्नानुसार रहेको छ :

**२०८१ बैशाख ७**

- खोकनाको समस्या तुरुन्तै समाधान गरी द्रुतमार्ग निर्धारित समयमा नै सम्पन्न गर्नका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र रक्षा मन्त्रालयलाई आवश्यक सहयोग र संयोजनको लागि निर्देशन दिने।
- दार्चुला टिंकर लगायतका सेनाले बनाउँदै गरेका सडकलाई पर्याप्त बजेट उपलब्ध गराउन र उक्त क्षेत्रमा काम गर्ने नेपाली सेनाका सकल दर्जाका लागि जोखिम भत्ता

उपलब्ध गराउन अर्थ मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र रक्षा मन्त्रालयलाई निर्देशन दिने।

- द्रुतमार्ग आयोजना निर्धारित समयमा नै सक्ने कार्यमा सहयोग पुर्‍याउन र आवश्यक सहजीकरण गर्नका लागि वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने।
- नेपाली सेनाले बनाउने सबै सडक आयोजनाहरू समयमा नै सम्पन्न गर्न र p1 तथा राष्ट्रिय गौरवका आयोजनाका सम्बन्धमा आवश्यक निर्णयहरू र सहजीकरण गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय र रक्षा मन्त्रालयलाई निर्देशन दिने।
- लाभकर छुट सम्बन्धमा सरकारले विगतमा गरेका निर्णयहरू कार्यान्वयन गर्ने विषयमा अर्थ मन्त्रालयसँग समन्वय गर्न सरोकारवाला निकायलाई निर्देशन दिने।
- नेपाली सेनाले बनाउँदै गरेको द्रुतमार्ग र अन्य सडकहरूको समितिले आगामी दिनमा (उपयुक्त समयमा) स्थलगत/अध्ययन अवलोकन भ्रमण गर्ने।

## २०८१ बैशाख २१

- समितिको आजको बैठकमा नेपाली सेनाले बनाउदै गरेको राष्ट्रिय गौरव तथा पहिलो प्रथमिकता प्राप्त सडक आयोजनाहरुको आगामी दिन अनुकूल समयमा यस समितिका माननीय सदस्यहरुलाई राजनैतिक प्रतिनिधित्वको आधारमा आलो पालो मिलाएर सहभागिता गराउदै  विभिन्न चरणमा अनुगमन गर्ने निर्णय गरियो।
- यसै गरी पहिलो चरणमा दार्चुला-टिंकर (महाकाली करिडोर) र कर्णाली करिडोर अन्तर्गतको हुम्ला खण्ड आगामी दिन उपयुक्त समयमा माननीय सदस्य रक्षा मन्त्री, समितिका माननीय सदस्य सभापति र तपसिल बमोजिमका माननीय सदस्यहरु लगायतको सहभागितामा अनुगमन गर्ने निर्णय गरियो।

  <u>तपसिल:</u>

  - माननीय सदस्य रक्षा मन्त्री हरि प्रसाद उप्रेती
  - माननीय सदस्य सभापति रामहरि खतिवडा
  - माननीय सदस्य अशोक कुमार राई

- माननीय सदस्य ईश्वरी देवी न्यौपाने
- माननीय सदस्य कृष्ण गोपाल श्रेष्ठ
- माननीय सदस्य चन्दा कार्की (भण्डारी)
- माननीय सदस्य चित्र बहादुर के.सी.
- माननीय सदस्य दिलेन्द्र प्रसाद बडु
- माननीय सदस्य बुद्धिमान तामाङ
- माननीय सदस्य रघुजी पन्त
- माननीय सदस्य राजेन्द्र प्रसाद पाण्डे
- माननीय सदस्य सर्वेन्द्र नाथ शुक्ला
- माननीय सदस्य हितराज पाण्डे
- समिति सचिव सुरज कुमार दुरा

### २०८१ बैशाख २६

- समितिको आजको बैठकमा यस समितिमा प्राप्त भएको "संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयक" का सम्वन्धमा छलफल भयो। समितिमा उपस्थित माननीय सदस्य उपप्रधानमन्त्री तथा गृह मन्त्री रवि लामिछाने र माननीय सदस्य सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले सरकारका तर्फबाट विधेयकका सम्बन्धमा आ-आफ्नो धारणा राख्नुभयो। विधेयकमा रहेका केही दफाहरुको संवेदनशीलता र गाम्भिर्यताको विषयमा औपचारिक तथा अनौपचारिक रुपमा थप छलफल गरी आगामी बैठकमा टुंङ्गो लगाउने निर्णय भएको,

### २०८१ जेठ १७

संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयकमाथि छलफल गर्ने कार्यसूची बमोजिम समितिको आजको बैठकमा देहायबमोजिमको निर्णय भयोः-

- संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयक (यसपछि "विधेयक" भनिएको) को दफा १ मा रहेको "२०७९" भन्ने अङ्कहरुको सट्टा "२०८१" भन्ने अङ्कहरु राखे।
- विधेयकको दफा २ बाट प्रस्तावित दफा ६ को,-
  - (१) उपदफा (८) झिकी त्यस पछिको उपदफाक्रम मिलाउने।
  - (२) उपदफा (११) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (१०) को सट्टा देहायको उपदफा (१०) राखेः-

    "(१०) उपदफा (२) वा (७) बमोजिम परिषद्को बैठक बस्ने मिति, समय र स्थानको जानकारी सचिवले सदस्यलाई पत्रमार्फत र विद्युतीय माध्यमबाट समेत गराउनु पर्नेछ।"
  - (३) उपदफा (११) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (१०) पछि देहायको उपदफा (११) थपी त्यसपछिको उपदफाक्रम मिलाउनेः-

    "(११) परिषद्को बैठकमा कुनै सदस्य उपस्थित हुन नसक्ने भएमा उपस्थित हुन नसक्ने कारण सहितको जानकारी बैठक बस्ने समयभन्दा चौबिस घण्टा अगावै निजले अध्यक्षलाई गराउनु पर्नेछ।"
- संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयकमाथि दफाबार छलफल सम्पन्न भयो। बैठकमा विधेयक संशोधन सहित सर्वसम्मतिले पारित भयो। विधेयकसम्बन्धी समितिको प्रतिवेदन प्रतिनिधि सभाको आगामी बैठकमा पेश गर्ने निर्णय भयो। प्रतिवद्ध रहेको जानकारी प्राप्त भयो।

## १.२.२.९ पूर्वाधार विकास समिति

२०८१ बैशाख १ गतेदेखि असार मसान्तसम्म यस समितिबाट सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरण निम्नानुसार रहेको छ :

## समितिको बैठक, छलफल, निर्णय र स्थलगत अनुगमनको सारसंक्षेप

मिति २०८१ बैशाख २०, जेठ २५ र असार २६ गते गरी तीन वटा समितिका बैठक बसेका थिए। यस समिति अन्तर्गतका तीन वटा उपसमिति रहेका छन्।

- ऊर्जा, जलस्रोत तथा सिंचाइ उपसमिति- संयोजक, माननीय सदस्य गोकर्ण राज विष्ट,
- भौतिक पूर्वाधार तथा सहरी विकास उपसमिति- संयोजक, माननीय सदस्य दिनेश कुमार यादव,
- खानेपानी उपसमिति- संयोजक, माननीय सदस्य उर्मिला माझी रहनु भएको छ।

२०८१ बैशाखदेखि असार मसान्त सम्ममा ऊर्जा, जलस्रोत तथा सिंचाइ उपसमितिका ५ वटा बैठक बसेका छन्। समितिमा विचाराधिन रहेको विद्युत विधेयक,२०८० का सन्दर्भमा सरोकार राख्ने सम्बद्ध निकाय तथा व्यक्तिहरुसँग बैठकमा छलफल गरिएको थियो।

२०८१ बैशाखदेखि असार मसान्त सम्ममा भौतिक पूर्वाधार तथा सहरी विकास उपसमितिको १ वटा बैठक बसी भौतिक पूर्वाधार विज्ञहरुसँग छलफल गरिएको थियो। खानेपानी उपसमितिको १ वटा बैठक बसी मेलम्ची खानेपानी आयोजनाका सन्दर्भमा खानेपानी मन्त्रालयसँग छलफल गरिएको थियो।

यस अवधिमा समितिमा बैठक र निर्णयहरुको विवरण देहायबमोजिम रहेको छः

### २०८१ बैशाख २०

**अर्थ मन्त्रालय सम्बद्ध** :

- परियोजनागत भौतिक निर्माण सम्बन्धमा वैदेशिक सहायता/ऋण स्वीकार गर्दा नेपाल सरकारका सम्बन्धित निकायले स्वीकृत गरेका त्यस्ता परियोजनाका विस्तृत परियोजना प्रतिवेदन (Detail Project Report) बमोजिम भए मात्र वैदेशिक सहायता/ऋण स्वीकार गर्न निर्देशन दिने।

- भौतिक निर्माणका लागि स्रोत सुनिश्चितता गर्न अर्थ मन्त्रालय पठाइएका आयोजनाहरुको यथाशक्य छिटो स्रोत सुनिश्चितता गर्न निर्देशन दिने।

**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सम्बद्ध :**

- भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयद्वारा यातायात व्यवस्थापन सम्बन्धमा श्री सरदचन्द्र पौडेलको संयोजकत्वमा गठित यातायात सुधार सुझाव कार्यदलको प्रतिवेदन, थान-२ (दुई) सात दिनभित्र माग गर्ने।
- भौतिक पूर्वाधार निर्माणका सम्बन्धमा ७७ वटै जिल्ला तथा संघीय निर्वाचन क्षेत्र समेतको सन्तुलन मिलाउन निर्देशन दिने।
- रणनीतिक सडकहरुको सम्बन्धमा बजेट व्यवस्था गरी निर्माण प्रक्रियालाई अगाडि बढाउन निर्देशन दिने।
- अर्थ मन्त्रालयबाट स्रोत सुनिश्चितता भई आएका आयोजनाहरुको खरिद प्रक्रिया तत्काल प्रारम्भ गर्न निर्देशन दिने।
- राष्ट्रिय राजमार्ग र राष्ट्रिय गौरवका आयोजनाहरु, बुटवल-नारायणगढ सडक, नागढुङ्गा-नौबिसे सडक, मुग्लिन-नौबिसे सडक, मुग्लिन पोखरा सडक लगायत निर्माणाधिन सडक आयोजनाको कामलाई तीब्रता दिने।
- समितिको वार्षिक प्रतिवेदन, २०८० तयारीका लागि यस समितिमा प्रतिनिधित्व गर्ने प्रत्येक संसदीय दलबाट एक/एक जना गरी आठ सदस्यीय वार्षिक प्रतिवेदन तयारी उपसमिति, २०८१ गठन गर्ने। यस उपसमिति गठन भएको पाँच दिनभित्र समिति समक्ष वार्षिक प्रतिवेदन, २०८० को मस्यौदा पेश गर्ने।साथै उपसमितिको संयोजक उपसमितिले चयन गर्ने।

**स्थलगत अवलोकन गर्ने कार्यालयः**

- कान्ति लोकपथ,
- फास्ट ट्र्याक,
- मदन भण्डारी लोकमार्ग (हेटौंडा-चतरा खण्ड)
- विपी राजमार्ग, (सिन्धुली-बनेपा खण्ड)

**सहभागी भ्रमण टोलीः**

- समिति सभापति माननीय सदस्य दिपक बहादुर सिंह
- माननीय सदस्य उर्मिला माझी
- माननीय सदस्य कल्पना चौधरी
- माननीय सदस्य निर्मला कोइराला
- माननीय सदस्य प्रतिमा गौतम
- माननीय सदस्य प्रेम बहादुर महर्जन
- माननीय सदस्य विना लामा
- माननीय सदस्य शिव नेपाली
- माननीय सदस्य सुशीला श्रेष्ठ

(नौ जना माननीय सदस्य र दुई जना कर्मचारी सहित जम्मा एघार जना।)

**भ्रमण अवधिः** बढीमा सात दिन।

**उपसमितिको समयावधि थप :**

- समितिको मिति २०८० पुस १६ गतेको निर्णय बमोजिम ऊर्जा, जलस्रोत तथा सिंचाइ उपसमितिको गठन भएको थियो। उक्त उपसमितिको निर्णय बमोजिम आगामी २०८१ असार मसान्तसम्म उपसमितिको म्याद थपका लागि अनुरोध भएकोमा समितिमा छलफल हुँदा माग बमोजिम समयावधि थप गर्ने,
- समितिको मिति २०८० पुस २४ गतेको निर्णय बमोजिम खानेपानी उपसमितिको गठन भएको थियो। उक्त उपसमितिको निर्णय बमोजिम आगामी २०८१ असार मसान्तसम्म उपसमितिको म्याद थपका लागि अनुरोध भएकोमा समितिमा छलफल हुँदा माग बमोजिम समयावधि थप गर्ने,
- समितिको मिति २०८० पुस २४ गतेको निर्णय बमोजिम भौतिक पूर्वाधार तथा सहरी विकास उपसमितिको गठन भएको थियो। उक्त उपसमितिको निर्णय बमोजिम

आगामी २०८१ असार मसान्तसम्म उपसमितिको म्याद थपका लागि अनुरोध भएकोमा समितिमा छलफल हुँदा माग बमोजिम समयावधि थप गर्ने।

**२०८१ जेठ २५**

- समितिको वार्षिक मस्यौदा प्रतिवेदन, २०८० निर्माण उपसमितिका संयोजक माननीय सदस्य ऐन बहादुर शाही (ठकुरी) ले समिति समक्ष पेश गरेको प्रतिवेदनमाथि समितिको बैठकमा भएको छलफलबाट आएका माननीय सदस्यहरुको सुझावहरुलाई समावेश गरी समितिबाट वार्षिक प्रतिवेदनलाई पारित गरियो। उक्त प्रतिवेदनलाई प्रतिनिधि सभाको आगामी बैठकमा प्रतिनिधि सभा नियमावली, २०७९ नियम १७८ को उपनियम (११) बमोजिम समितिको वार्षिक प्रतिवेदन, २०८० लाई प्रतिनिधि सभाको आगामी बैठकमा बितरण गरी पेश गर्ने व्यवस्था मिलाउन समिति सचिवालयलाई निर्देशन दिने।

**२०८१ असार २६**

- प्रत्यक्ष वैदेशिक लगानीबाट निर्माण हुने नेपालका देहायका जलविद्युत परियोजना, ती परियोजनाको प्रक्षेपित तथ्यांकहरू जस्तै प्रति मेगावाट उत्पादन लागत, उर्जा उत्पादन क्षमता, ती आयोजनाबाट नेपालले लिन सक्ने निःशुल्क उर्जा तथा अन्य फाइदा, हालसम्मको प्रगति वा हालको अवस्था वा चुनौती वा समस्या सहित विस्तृत विवरण र प्रभावकारी तथा अविलम्व कार्यान्वयनको लागि गर्नुपर्ने सहजीकरणको व्यहोरा सम्बन्धित निकायबाट ७ दिन भित्र माग गर्ने।

  (क) पश्चितम सेती जलविद्युत आयोजना,

  (ख) सेती जलविद्युत आयोजना,

  (ग) फुकोट कर्णाली जलविद्युत आयोजना,

  (घ) अरुण तेस्रो जलविद्युत आयोजना,

  (ङ) लोअर अरुण जलविद्युत आयोजना।

- नेपाल विद्युत प्राधिकरणबाट लोड सेडिङको समयमा उद्योगहरुलाई डेडिकेटेड र ट्रक लाइनबाट उपलब्ध गराइएको विद्युत सेवाको विद्युत महशुल असुली सम्बन्धमा प्राधिकरणलाई समितिको आगामी बैठकमा आमन्त्रण गरी उक्त विषयमा छलफल गर्ने,
- मेलम्ची खानेपानी आयोजनामा विभिन्न समयमा आएको बाढी, पहिरो, भूक्षय आदिबाट पुऱ्याएको क्षतिका सम्बन्धमा विस्तृत परियोजना प्रतिवेदन र वातावरणीय प्रभाव मूल्याङ्कन तयार गर्दा मध्यनजर गरिनु पर्ने विषयहरुका सम्बन्धमा समितिको आगामी बैठकमा छलफल गर्ने।
- मिति २०८१ श्रावण ४ र ५ गते समिति प्रणाली र विकास आयोजनाको निगरानी सम्बन्धमा देहायका विषयहरुलाई समावेश गरी समितिका सदस्य र विज्ञहरुवीच अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने।

  (क) आयोजना र अनुगमन तथा मूल्यांकन, आयोजना र तिनका प्रकार, लगानीका स्रोतहरू, आयोजना निर्माण तथा कार्यान्वयन विधि, अनुगमन तथा मूल्यांकन (विधि, चरण र प्रक्रिया), वित्तीय सुशासन जोखिम मूल्यांकन,

  (ख) विकास आयोजनाहरूको निगरानी तथा सहकार्य र समन्वय,

## १.२.२.१० शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति

यस अवधिमा समितिका १४ वटा बैठकहरु बसेका थिए। समितिका उक्त बैठकहरुमा नेपाल विश्वविद्यालय विधेयक, २०७९, सार्वजनिक सेवा प्रसारण सम्बन्धी विधेयक, २०७७, दशरथ रंगशालाको मापदण्ड, त्रिभुवन विश्वविद्यालयको जग्गा अतिक्रमण, एमबीबीएस विद्यार्थीहरुको पाठ्यक्रम अनुसार ट्रान्स्क्रिप्ट नभएको सम्बन्धी उजुरी लगायत उच्च शिक्षाको गुणस्तर, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको अवस्था, कार्यप्रगति, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण, वलयपाटा अस्पताल अछामको सञ्चालन, विर अस्पतालमा रहेका आईसीयू, सीसीयू वेड, भेन्टीलेटर, कार्डियाक युनिट, जेरियाटिक युनिट र लिभर युनिटमा जनशक्ति व्यवस्थापन, समितिको वार्षिक प्रतिवेदन जस्ता

विषयमा छलफल भएको थियो। समितिबाट भएका बैठक तथा निर्णय सम्बन्धी विवरण देहाय वमोजिम प्रस्तुत गरिएको छः

## २०८१ बैशाख ३

नेपाल विश्वविद्यालय विधेयक, २०७९ को सम्बन्धमा संशोधनकर्ता माननीय सदस्यहरुसँग छलफल गर्न बसेको समितिको बैठकमा माननीय सदस्य शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मन्त्री सुमना श्रेष्ठ एवम् मन्त्रालयका सचिव र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधिको उपस्थिति रहेको थियो।सो बैठकमा नेपाल विश्वविद्यालय विधेयक, २०७९ का सम्बन्धमा देहाय वमोजिमका संशोधनकर्ता माननीय सदस्य सदस्यहरुले आफ्नो संशोधन प्रस्तावको सन्दर्भ र औचित्यको सन्दर्भमा आफ्नो धारणा राखु भएको थियोः

- माननीय सदस्य रघुजी पन्त
- माननीय सदस्य प्रेम सुवाल
- माननीय सदस्य दामोदर पौडेल बैरागी
- माननीय सदस्य प्रदिप पौडेल

समितिको सो बैठकले समितिमा प्राप्त निवेदनहरुको अध्ययन गर्न "उजुरी छानविन, अध्ययन तथा सुझाव उपसमितिको संयोजक माननीय सदस्य विद्या भट्टराई र अन्य ४ जना माननीय सदस्यहरु ५ सदस्यीय उपसमितिको गठन गर्ने निर्णय भएकोमा संयोजक सहित हाललाई ४ जना माननीय सदस्यहरु लिला देवी वोखिम (लिम्बू), ज्ञानु बस्नेत सुवेदी र राम प्रकाश चौधरीलाई मनोनयन गर्ने निर्णय गरेको थियो।

त्यसैगरी उक्त बैठकले समितिमा प्राप्त विधेयकहरुको अध्ययन गरी सुझाव पेश गर्न गठित उपसमितिमा संयोजक माननीय सदस्य डा. तोसिमा कार्की र अन्य ४ जना सदस्यहरु सहित ५ सदस्यीय उपसमिति गठन गर्ने निर्णय भएकोमा संयोजक सहित हाललाई ३ जना माननीय सदस्यहरु दिपा शर्मा र माननीय सदस्य विनिता कुमारी सिंहलाई मनोनयन गर्ने निर्णय गरेको थियो।

## २०८१ बैशाख १८

सार्वजनिक सेवा प्रसारण सम्बन्धी विधेयक, २०७७ का सम्बन्धमा संशोधनकर्ता माननीय सदस्यहरुसँग छलफल गरी दफावार छलफल गर्न बसेको समितिको बैठकमा माननीय सदस्य सञ्चार तथा माननीय सदस्य सूचना प्रविधि मन्त्री रेखा शर्मा, मन्त्रालयका सचिव एवम् कानून मन्त्रालयका प्रतिनिधि समेतको उपस्थिति रहेको थियो।

सो बैठकमा संशोधनकर्ता माननीय सदस्य ठाकुरप्रसाद गैरेले आफ्नो संशोधन प्रस्तावको सन्दर्भ र औचित्यबारे प्रस्तुत पार्नु भएको थियो। उक्त बैठकमा सार्वजनिक सेवा प्रसारण विधेयक, २०७७ को प्रस्तावना र दफा १ देखि ४ सम्म छलफल भएको थियो।

## २०८१ बैशाख २०

सार्वजनिक सेवा प्रसारण सम्बन्धी विधेयक, २०७७ सम्बन्धमा संशोधनकर्ता माननीय सदस्यहरुसँग छलफल गरी दफावार छलफल गर्न बसेको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठक समितिका सभापति  माननीय सदस्य अम्मर बहादुर थापाको सभापतित्वमा बस्यो। समिति बैठकमा माननीय सदस्य सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मा, मन्त्रालयका सचिव एवम् कानून मन्त्रालयका प्रतिनिधिको उपस्थिति भएको थियो।

सो बैठकमा माननीय सदस्य योगेश भट्टराईले आफनो संशोधन प्रस्तावको सन्दर्भ र औचित्यवारे प्रस्तुत गर्नु भएको थियो भने उक्त दिन विधेयकको दफा ५ देखि ८ सम्म छलफल भएको थियो।

## २०८१ बैशाख २६

सार्वजनिक सेवा प्रसारण सम्बन्धी विधेयक, २०७७ का सम्बन्धमा छलफल गर्न बसेको समितिको बैठकमा माननीय सदस्य सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मा, मन्त्रालयका सचिवको उपस्थिति भएको थियो। सो बैठकले देहाय वमोजिमका निर्णयहरु गरेको थियोः

- समितिको उक्त बैठकमा सार्वजनिक सेवा प्रसारण सम्बन्धी विधेयक, २०७७ का सम्बन्धमा दफावार छलफल गरी समिति समक्ष प्रतिवेदन पेश गर्न माननीय सदस्य

छविलाल विश्वकर्माको संयोजकत्वमा माननीय सदस्यहरु देवेन्द्र पौडेल, बद्री पाण्डे, रामप्रकाश चौधरी र डा.तोसिमा कार्की रहेको एक ५ सदस्यीय उपसमिति गठन गर्ने,

- समितिमा दर्ता भएका गुनासा तथा उजुरी एवम् निवेदन लगायत समसामयिक विषयका सम्बन्धमा छलफल गर्न माननीय सदस्य शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका मन्त्री, त्रिभुवन विश्वविद्यालयका उपकुलपतिलाई आमन्त्रण गर्ने
- रंगशालाको विषय लगायत युवा तथा खेलकुद सम्बन्धी विषयमा छलफल गर्न माननीय सदस्य युवा तथा खेलकुद मन्त्रीलाई आमन्त्रण गर्ने
- माननीय सदस्य विद्या भट्टराईको संयोजकत्वमा गठित निवेदन छानविन, अध्ययन तथा सुझाव उपसमितिको "पिपलकोट माननीय सदस्य वि. लोर्जान, शिवनाथ गाउँपालिका-४, वैतडीका तत्कालीन शिक्षक श्री रमेश दत्त ओझा लगायतको समूहले कानून वमोजिम विद्यालयमा हाजिर हुन नपाएको हुँदा तथ्य प्रमाण समेत पेश गरी विद्यालयमा हाजिर भई अध्यापनमा सहभागी हुने वातावरण मिलाइ दिनका लागि समिति समक्ष दिएको निवेदनका सम्बन्धमा विद्यमान कानून अनुरुप निज गैरहाजिरी हुनाको कारण र निजको अभिलेख समेतको आधारमा विद्यालयमा हाजिरी गराउन पर्ने नपर्ने सम्बन्धमा अध्ययन गरी नियमानुसार गराउने व्यवस्थाका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई पत्राचार गर्ने" भनी समिति समक्ष प्राप्त भएको उपसमितिको निर्णयलाई समितिले ग्रहण गरी समितिबाट प्रक्रिया अघि बढाउने।
- निवेदन छानविन, अध्ययन तथा सुझाव उपसमितिमा माननीय सदस्य तोसिमा कार्कीलाई मनोनयन गर्ने।

**२०८१ बैशाख २७**

समितिको सो दिनको बैठकमा माननीय सदस्य युवा तथा खेलकुद मन्त्री विराज भक्त श्रेष्ठ, सचिव श्री सुमनराज अर्याल, राष्ट्रिय खेलकुद् परिषद्का सदस्य सचिव, एन्फाका अध्यक्ष लगायतका पदाधिकारीसँग दशरथ रंगशालाको मापदण्ड सम्बन्धमा छलफल भएको थियो। समितिले उक्त बैठकबाट देहाय वमोजिमका निर्देशन दिएको थियो:

- विश्वकप फुटबल छनौटको लागि निकट भविष्यमा नेपालको घरेलु मैदानमा नेपाल र यूएई बीच हुन गरइरहेको खेलको लागि मैदानको पुनर्निर्माण समयमै सम्पन्न गर्न नसकिएमा राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमै लज्जाको विषय बन्न सक्ने भएकोले यथाशक्य छिटो मर्मत गरी खेल सञ्चालन गर्न सक्ने वातावरणको सिर्जना गर्न युवा तथा खेलकुद मन्त्रालयलाई निर्देशन गर्ने।
- दशरथ रंगशालालाई अन्तराष्ट्रिय मापदण्ड अनुसार पुनर्निर्माण गर्ने सम्बन्धमा भएको प्रगतिको विवरण सात दिनभित्र उपलब्ध गराउन निर्देशन दिने।
- २०८१ साल मंसिर २ देखि ९ गतेसम्म कर्णाली प्रदेशमा आयोजना गरिएको दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताको हालसम्मको प्रगति विवरण समितिमा उपलब्ध गराउन निर्देशन दिने।
- आगामी आर्थिक वर्ष २०८१/२०८२ को बजेटमा विशेष प्राथमिकताका साथ युवाहरुको खेलप्रति चासो र अन्तराष्ट्रिय स्तरमा नेपाललाई चिनाउने व्यवस्था गर्नको लागि हालको बजेट अन्यन्तै न्यून भएकोले थप वजेटको व्यवस्था गर्न सम्बन्धित मन्त्रालयसँग समन्वय गरी आवश्यक पहल कदमी गर्ने।

**२०८१ बैशाख ३०**

त्रिभुवन विश्वविद्यालयको जग्गा अतिक्रमण, एम.वि.वि.एस. विद्यार्थीहरुको उजुरी लगायत उच्च शिक्षाको गुणस्तर सम्बन्धमा छलफल गर्न बसेको समितिको बैठकमा माननीय सदस्य शिक्षा ,विज्ञान तथा प्रविधि मन्त्री सुमना श्रेष्ठ, मन्त्रालयका सचिव दिपक काफ्ले, त्रि.वि. का उपकुलपति केशरजंग बराल, त्रि.वि.  शिक्षाध्यक्ष खडक के.सी र रजिष्टार केदार रिजालको उपस्थिति रहेको थियो। सो बैठकमा  त्रि.वि. को परीक्षा प्रणाली, व्यवस्थापन र गुणस्तर, त्रि.वि.  को स्वामित्वमा रहनुपर्ने जग्गा अतिक्रमण, नेपाल सरकार र वंगलादेश सरकारबीच सम्झौता भई नेपालबाट एम.वि.वि.एस. र वि.डि.एस. अध्ययन गर्न सिफारिस गरिएका २२ जना विद्यार्थीहरुमध्ये ९ जनाको नाम वंगलादेशमा अध्ययन गर्ने सूचीमा नरहेको, एम.वि.वि.एस. अध्ययनरत तथा आन्दोलनरत विद्यार्थीहरुले कोरोना समयको

शुल्क फिर्ता वा मौका परीक्षाको माग गरेको, वि. स ०७७ मा विज्ञापन गरिएको समाजशास्त्र र हिन्दी विषयको विज्ञापन पटक पटक स्थगित गरिएको र त्रि. वि. लाई समयसापेक्ष, प्रतिष्पर्धी, विद्यार्थीको आकर्षणको केन्द्र एवम् गुणस्तरीय शैक्षिक हब बनाउने विषयहरुका सम्बन्धमा छलफल भई देहाय वमोजिम निर्णय गरेको थियोः

- त्रि.वि. को अतिक्रमित जग्गा फिर्ता ल्याउने प्रयोजनको लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र त्रि.विलाई शीघ्रातीशिघ्र कार्य प्रारम्भ गर्न निर्देश दिने
- विद्यार्थी आकर्षण, टिकाउ, परीक्षा प्रणालीमा सुधार लगायत संस्थागत सुदृढीकरणको लागि त्रि.वि. लाई निर्देश गर्ने
- एम. वि. वि. एस पढ्ने विद्यार्थीहरुको गुनासो सम्बोधनका लागि आवश्यक पहल गर्न शिक्षा ,विज्ञान तथा प्रविधि मन्त्रालयलाई निर्देशन गर्ने।

**२०८१ बैशाख ३१**

नेपाल विश्वविद्यालय विधेयक, २०७९ को सम्वन्धमा संशोधनकर्ता माननीय सदस्यहरुसँग गर्न बसेको समितिको बैठकमा माननीय सदस्य शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सुमना श्रेष्ठ एवम् मन्त्रालयका सचिव र कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधिको उपस्थिति रहेको थियो। सो बैठकमा नेपाल विश्वविद्यालय विधेयक, २०७९ का सम्वन्धमा देहाय वमोजिमका संशोधनकर्ता माननीय सदस्यहरुले आफ्नो संशोधन प्रस्तावको सन्दर्भ र औचित्यबारे प्रष्ट पार्नुभएको थियोः

- माननीय सदस्य ठाकुर प्रसाद गैरे
- माननीय सदस्य तेजु लाल चौधरी
- माननीय सदस्य शेर बहादुर कुंवर
- माननीय सदस्य ऐन बहादुर शाही ठकुरी

## २०८१ जेठ १४

नेपाल विश्वविद्यालय सम्बन्धी विधेयकका सम्बन्धमा दफावार छलफल गर्न बसेको समितिको बैठकमा माननीय सदस्य शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सुमना श्रेष्ठ एवम् मन्त्रालयका सचिव र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधिको उपस्थिति रहेको थियो। सो बैठकमा विधेयकको प्रस्तावना र दफा १ देखि ४ सम्म छलफल भएको थियो।विधेयकको सान्दर्भिकता र औचित्य, राष्ट्रिय सभाको प्रतिवेदन, मन्त्रालयको धारणा र समितिका माननीय सदस्यहरुको दृष्टिकोण समेत मध्यनजर गरी निष्कर्षमा पुग्ने निर्णय भएको थियो।

## २०८१ जेठ १७

नेपाल विश्वविद्यालय सम्बन्धी विधेयकका सम्बन्धमा छलफल गर्न बसेको समितिको बैठकमा माननीय सदस्य शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सुमना श्रेष्ठ एवम् मन्त्रालयका सचिव र कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधिको उपस्थिति भएको थियो। विधेयकको दफा ५ देखि दफा १० सम्म छलफल भएको थियो।

## २०८१ जेठ २५

नेपाल विश्वविद्यालय सम्बन्धी विधेयकको सम्बन्धमा छलफल गर्न बसेको समितिको उक्त दिनको बैठकमा माननीय सदस्य शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सुमना श्रेष्ठ एवम् मन्त्रालयका सचिव र कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका कर्मचारीको प्रतिनिधिको उपस्थिति रहेको थियो। समितिको उक्त बैठकमा विधेयकको दफा ११ देखि दफा २५ सम्म छलफल भएको थियो।

## २०८१ जेठ २८

समितिको सो दिनको बैठकमा माननीय सदस्य स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदिप यादव, मन्त्रालयका सचिव समेतको उपस्थिति रहेको थियो। उक्त बैठकमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको अवस्था, कार्यप्रगति र चुनौतिका सम्बन्धमा छलफल हुनुका साथै समितिले देहाय वमोजिम निर्णय गरेको थियोः

- स्वास्थ्य क्षेत्रको सुधार एवम् सेवा प्रभावकारिता र गुणस्तर सुधारको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देश दिने
- सामुदायिक विद्यालय व्यवस्थापनको मागका सम्बन्धमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका माननीय सदस्य मन्त्रीसँग छलफल गर्ने
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण अगाडि बढाउन अर्थ मन्त्रालयलाई अनुरोध गर्ने।
- वलयपाटा अस्पताल अछामको सञ्चालन सुदूर पश्चिम प्रदेश सरकार र न्याय हेल्प नेपालको लागत साझेदारीमा सञ्चालन भएकोमा चालु आर्थिक वर्षमा प्रदेश सरकारबाट बजेट विनियोजन नभएकोले सञ्चालन व्यवस्थापनमा कठिनाई भएको हुँदा यस आर्थिक वर्षमा विशेष अनुदानको व्यवस्था गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देश गर्ने
- वीर अस्पतालमा रहेका आई.सी.यु, सी.सी.यु वेड, भेन्टिलेटर, कार्डियाक युनिट, जेरियाटिक युनिट र लिभर युनिटमा जनशक्ति व्यवस्थापन गरी सुचारु हुने व्यवस्था गर्न साथै देशका संघीय अस्पतालमा रहेको आई.सी.यु, सी.सी.यु अवस्था अध्ययन गरी आवश्यक सुधार गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देश गर्ने
- उपत्यकाका वीर अस्पताल, पाटन अस्पताल, टिचिङ्ग अस्पतालको अवस्था र सेवा प्रवाहको समितिले अनुगमन गर्ने।

**२०८१ असार १३**

नेपाल विश्वविद्यालय सम्बन्धी विधेयकको सम्बन्धमा छलफल गर्न बसेको बैठकमा माननीय सदस्य शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सुमना श्रेष्ठ एवम् मन्त्रालयका सहसचिव र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको प्रतिनिधित्व भएको थियो। सो बैठकमा विधेयकको दफा २६ देखि दफा २८ सम्म छलफल भएको थियो। समितिले उक्त विधेयकको सम्बन्धमा सहजीकरण गर्न माननीय सदस्य देवेन्द्र पौडेलको संयोजकत्वमा माननीय सदस्यहरु वद्री पाण्डे र विद्या भट्टराई सदस्य रहने गरी उपसमिति गठन गर्ने निर्णय गरेको थियो।

**२०८१ असार २६**

आर्थिक वर्ष २०८०/२०८१ को समितिको वार्षिक प्रतिवेदनबारे छलफल गर्न बसेको समितिको बैठकले सभाबाट समिति हेरफेर तथा मनोनयनबाट समिति आउनु भएका माननीय सदस्यहरु सदस्य धनराज गुरुङ, डिग बहादुर लिम्बू र मोहन वस्नेतलाई स्वागत गर्दै देहाय वमोजिम निर्णय गरेको थियोः

- समिति बैठकमा समिति सचिवबाट प्रस्तुत समितिको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदनको मस्यौदा उपर छलफल भई सुझाव सहित सर्वसम्मतबाट पारित गर्दै प्रतिवेदनमा देखिएका केही आनुषङ्गिक विषयलाई सुधार सहित सभामा प्रतिवेदन पेश गर्ने
- त्रिभुवन विश्वविद्यालय, चिकित्सा शास्त्र अध्ययन संस्थानबाट शैक्षिक पाठ्यक्रम विपरीत हुनेगरी भएको परीक्षा कार्यबाट असर परेकोले न्याय दिलाइ पाऊँ भनि डा. दिजा खनाल, डा. एलिजा तण्डुकार र मुना कार्की लगायतले समितिमा दिएको निवेदन तथा उजुरीका सम्बन्धमा निवेदन छानविन, अध्ययन तथा सुझाव उपसमितिले सरोकारवालाहरुसँग छलफल गरी समिति समक्ष प्रतिवेदन पेश गर्ने।

## १.२.२.११ सार्वजनिक लेखा समिति

२०८१ साल बैशाख १ गतेदेखि असार मसान्तसम्ममा यस समितिमा विभिन्न मितिहरुमा बसेका बैठकबाट गरिएका निर्णय र सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरण निम्नानुसार रहेको छः-

**२०८० जेठ १७**

समितिको बैठकमा बेरुजु सम्बन्धमा महालेखा परीक्षकसँग छलफल छलफल भई देहाय बमोजिम निर्देश गर्ने निर्णय भयोः-

- महालेखापरीक्षकको कार्यालय तथा नेपाल सरकारका सम्बन्धित निकायलाई देहायबमोजिम निर्देश गर्ने निर्णय भयो:-
  - बेरुजु न्यूनीकरण र कायम भएको बेरुजुलाई शीघ्र फछ्र्यौट गरी आर्थिक अनुशासन र वित्तीय सुशासन एवं उत्तरदायित्वको सुनिश्चित गर्ने गरी रणनीतिक कार्ययोजनाको मस्यौदा तयार गरी समितिमा पेश गर्ने,
  - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ को प्रावधानलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न, गराउन,
  - लेखा परीक्षणको बार्षिक प्रतिवेदनलाई जोखिममा आधारित, कार्यमूलक लेखापरीक्षण, वातावरणीय लेखापरीक्षण, सुचना प्रविधि र लैङ्गिक लेखापरीक्षण लगायतका नविनतम अन्तराष्ट्रिय लेखापरीक्षणका विधि तथा पद्धतिका आधारमा समेत थप गरी प्रभावकारी बनाउनुका साथै सैद्धान्तिक बेरुजु, असुल उपर गर्नुपर्ने बेरुजु र पेश्की बेरुजुलाई मन्त्रालयगत रुपमा छुट्टाछुट्टै उल्लेख गरी आगामी वार्षिक प्रतिवेदन तयार गर्न, गराउन,
  - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४१ (२) र (३) बमोजिम सार्वजनिक लेखा समितिमा छलफल गरी प्रतिनिधि सभाबाट स्वीकृत समितिको सुझावसहितको बार्षिक प्रतिवेदनबमोजिम कार्यान्वयन गर्ने गराउने र बेरुजुको लगतबाट हटाउनुपर्ने विषय ३० दिनभित्र हटाई सोको जानकारी समितिलाई दिने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गरी समितिलाई जानकारी गराउन,
  - महालेखापरीक्षकको कार्यालयबाट बेरुजु वा कैफियतहरु उठाउँदा कुन कानुनको कुन दफा नियम वा निर्देशिकाको प्रावधान अनुसार वेरुजु हुन गएको हो ? सो उल्लेख गरी फछ्र्यौट गर्नको लागि पेश गर्नुपर्ने प्रमाण/ कागजात वा स्वीकृती गर्ने पदाधिकारीको स्पष्ट विवरण प्रतिवेदनमा समावेश गर्न, गराउन,
  - बेरुजु उठाउने कार्यमा एकरुपता कायम गर्न गराउन आगामी दिनमा लेखापरीक्षण मापदण्डलाई अनिवार्य पालना गरी मनोगत आधारमा बेरुजु उठाउने कार्यमा नियन्त्रण गर्न, गराउन,

- कार्यकुशलता वा प्रभावकारिताको आधारमा परीक्षण गर्दा सूचकहरुको प्रयोगको आधारहरु स्पष्ट गरेर मात्र उल्लेख गर्न, गराउन,
- सैद्धान्तिक वेरुजुको रुपमा व्यहोरामा मात्र उल्लेख गरिने कैफियतको सम्बन्धमा कुन नीति नियम अख्तियारी वा पदाधिकारीको कारणबाट यस्तो नीतिगत, व्यवस्थापकीय कैफियतहरु उत्पन्न भएको हो सो स्पष्ट उल्लेख गरी लेखा उत्तरदायी अधिकृत, कार्यालय प्रमुख वा आर्थिक प्रशासन प्रमुख कसको कारणबाट भएको हो सो स्पष्ट रुपमा नाम नामेसी तोकी कैफियत समेत मात्रा अनुसार तोक्ने,
- निश्चित बजेट भएको कार्यालयको लागि वेरुजु उठाउँदा सो बजेट भन्दा बढी नहुने गरी जुन कार्यको लागि बजेट खर्च गरिएको छ सो स्पष्ट गरेर मात्र गर्ने,
- खर्च गर्ने गराउने कार्यमा मात्र नभै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ तथा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ को साथै कार्यकारी मन्त्रालयको ऐन नियम (जस्तै शिक्षा स्वास्थ्य वन आदि) को साथै कार्य विभाजन नियमावली अनुसार भए नभएको समेत वेरुजु वा कैफियतहरु समावेश गर्न, गराउन,
- मन्त्रालयगत नीति निर्माण, बजेट तथा कार्यक्रमको कार्यान्वयन वा लक्ष्य अनुसार खर्च हुन नसकेको अवस्थामा र सार्वजनिक खरिद कार्यमा राजनीतिक नेतृत्वको संलग्नता वा उत्तरदायित्व समेत किटान गरी कैफियतहरु तयार गर्न, गराउन,
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावली अनुसार विनियोजित बजेट कार्यान्वयन नगर्ने पदाधिकारीहरुलाई मासिक रुपमा लेखा उत्तरदायी अधिकृत र त्रैमासिक रुपमा सम्बन्धित मन्त्रालयका मन्त्रीहरुले मातहतका पदाधिकारीहरुलाई जिम्मेवार बनाउन कानूनी कारवाही गरे नगरेको किटान गरी उल्लेख गर्ने र महालेखा नियन्त्रक कार्यालय तथा कोष तथा लेखा नियन्त्रक र प्रदेश लेखा नियन्त्रक कार्यालयले यस्तो पदाधिकारीहरुलाई कानून बमोजिम सचेत गराएको नगराएको, अनुगमन गरे नगरेको समेत उल्लेख गरी ती कार्यालयहरुले यस कार्यको पालना गरे/नगरेको कुराको अनुगमन प्रतिवेदन समेत तयार गर्ने,

- लेखापरीक्षण गर्दा व्यवस्थापन लेखापरीक्षण, फोरेन्सीक लेखापरीक्षण लगायतका अन्य लेखापरीक्षण प्रणालीहरुलाई सरकारको नतिजामुखी र प्रतिफलमुखी बनाउने प्रणाली बनाउने तर्फ अग्रसर हुने कार्ययोजना बनाइ कार्यसम्पादन गर्ने, गराउने,
- आन्तरिक लेखापरीक्षणको माध्यमबाट औंल्याईएका वेरुजु तथा कैफियतहरुको स्तर मापनको साथै त्यस्ता वेरुजुहरु अन्तिम लेखापरीक्षण वेरुजु प्रतिवेदनमा समावेश हुने अनिवार्य व्यवस्था मिलाउन,
- लेखापरीक्षणको कार्यलाई विद्युतीय माध्यममार्फत् लेखापरीक्षण हुने प्रणाली विकास गरी सुधार गर्न, अध्ययन गरी आवश्यक कार्य गर्दै लैजाने गरी व्यवस्थापन गर्न, गराउन,

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४२ बमोजिमको बेरुजु फछ्यौंट समितिमा समितिका माननीय सदस्य अच्युत प्रसाद मैनालीलाई तोक्ने।

## २०८० जेठ २५

समितिको बैठकमा "**सार्वजनिक जमिनको अभिलेखीकरण, प्रयोग तथा संरक्षण**" कार्यसूचीमाथि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री एवं मन्त्रालयका सचिवसँग छलफल भई देहाय बमोजिम निर्देश गर्ने निर्णय भयोः-

- सार्वजनिक, सरकारी, सामुदायिक र गुठी जग्गाहरुको सिमाङ्कन सहितको नक्साङ्कनको अभिलेखिकरण अद्यावधिक गर्न, गराउन तथा सो कार्यका लागि सूचना प्रविधिको प्रयोग समेत गर्न, गराउन, तथ्य तथ्याङ्कमा शुद्धता कायम गर्न, गराउन र समितिले यस अघि उपलब्ध गराएको ढाँचामा उल्लिखित विवरण समितिलाई उपलब्ध गराउन,
- सीमाङ्कन, नक्साङ्कन तथा अभिलेखीकरणका लागि आपसी समन्वय तथा आवश्यकताका आधारमा देशभरी पुनः नापी गरी व्यवस्थापन गर्न, गराउन,
- सार्वजनिक, सरकारी, गुठी, सामुदायिक जग्गा सम्बन्धी पुराना अभिलेखहरुलाई संरक्षण गर्ने कार्य गर्न, गराउन,

- उल्लिखित किसिमका जग्गाहरुको अभिलेखिकरण, प्रयोग र संरक्षणमा तीनै तह र सम्वद्ध निकायहरु बीच नीतिगत तथा समन्वयगत स्पष्टता कायम गर्न, गराउन सार्वजनिक तथा सरकारी जमिनहरुलाई कुनैपनि कारण दुरुपयोग हुनबाट रोक्न, अतिक्रमण गर्ने, कब्जा गर्ने तथा सार्वजनिक सम्पत्तिको दुरुपयोग गर्नेलाई यथाशिघ्र कारवाही गर्न, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई निर्देशन दिइएको।

## २०८० जेठ २८

समितिको बैठकमा "**हालसम्मको बेरुजु, बेरुजु फस्यौंटको अवस्था, समस्या र समाधान**" कार्यसूचीमाथि छलफल भई देहाय बमोजिम निर्देश गर्ने निर्णय भयोः-

- कुमारीचोक तथा केन्द्रीय तहसील कार्यालयमा राजपत्रांकित प्रथम श्रेणीको कर्मचारी कार्यालय प्रमुख  हुने गरी व्यवस्थापन गर्न र आवश्यक पर्ने जनशक्ति थप गर्न तत्काल सँगठन तथा व्यवउस्थापन सर्वेक्षण गर्न, गराउन,
- बेरुजु फस्यौंट समितिको सचिवालयको रुपमा समेत यस कार्यालयले कार्य गर्ने भएकोले उक्त समितिमा रहने सदस्यहरु शीघ्र तोक्न (सार्वजनिक लेखा समितिले उक्त समितिको अध्यक्ष तोकीसकेको) र उक्त समितिको कार्यालय तत्काल व्यवस्थापन गरी कार्यसम्पादनलाई अगाडि बढाउन,
- कुमारीचोक तथा केन्द्रीय तहसील कार्यालयले नियमानुसार असुलउपर गर्ने कार्यमा सम्बन्धित निकायहरुले आवश्यक सहयोग पुऱ्याउन,
- असुलउपर गर्नुपर्ने पुराना अभिलेखलाई सुरक्षित राख्नुपर्ने र कुमारीचोक तथा केन्द्रीय तहसील कार्यालय भाडामा रहेकोले यस्ता अभिलेखहरु संरक्षण गर्न चुनौती हुने कारण पनि यस कार्यालयलाई शीघ्र सरकारी खाली भवन उपलब्ध गराउन, नेपाल सरकार अर्थ मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय र सम्बद्ध  निकायहरुलाई निर्देशन दिइएको।
- पोखरा अन्तर्राष्ट्रिय विमानस्थल तथा भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सम्पन्नपश्चात पनि सञ्चालनमा आउन नसकेको तथा निर्माण पक्षहरुमा त्रुटिहरु समेत

रहेको भन्ने सम्बन्धमा समितिले दुई टोली बनाइ शीघ्र स्थलगत अध्ययन भ्रमण गर्ने।

## १.२.३ राष्ट्रिय सभाका समितिका गतिविधि

राष्ट्रिय सभा अन्तर्गत जम्मा ४ वटा समिति रहेका छन्।

### १.२.३.१ विकास, आर्थिक मामिला तथा सुशासन समिति

२०८१ साल बैशाख १ गतेदेखि असार मसान्तसम्ममा यस समितिमा विभिन्न मितिहरुमा बसेका बैठकबाट गरिएका निर्णय र सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरण निम्नानुसार रहेको छः-

**२०८१ बैशाख ४**

आगामी बजेट २०८१/०८२ को सम्बन्धमा  पूर्वबजेट छलफल र विविध कार्यसूचिमा विषयविज्ञहरु काठमाडौं विश्वविद्यालयका रजिष्ट्रार प्राध्यापक डा. अच्युत वाग्ले, त्रिभुवन विश्वविद्यालयका प्राध्यापक डा. गोविन्द नेपाल, प्रदीप गिरी मेमोरियल ट्रष्टका अध्यक्ष श्री भारती सिलवाल गिरी र समितिका माननीय सदस्यहरुको सहभागितामा बसेको समितिको बैठकको निर्णयहरु देहाय बमोजिम रहेका छन् -

- आगामी बजेट २०८१/०८२ को सम्बन्धमा पूर्वबजेट छलफल कार्यक्रममा सामाजिक क्षेत्रको विकास र सामाजिक न्यायको आधारमा भारती सिलवालले, सार्वजनिक वित्त सन्तुलन एवं विनियोजन कुशलता अभिवृद्धि र सुशासन प्रवर्द्धनको आधारमा प्राध्यापक डा. गोविन्द नेपालले र दिगो विकास र जलवायू परिवर्तनको आधारमा प्राध्यापक डा. अच्युत वाग्लेले बजेटमा समावेश गर्नुपर्ने कार्यक्रम/योजना र सुझावहरुको वारेमा प्रस्तुति तथा धारणाहरु राख्नुभयो र अन्तरक्रियात्मक छलफल गरियो।
- आगामी बजेट २०८१/०८२ को सम्बन्धमा पूर्व बजेट छलफल सम्बन्धमा समितिबाट राष्ट्रिय योजना आयोग, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, सरोकारवाला, विषयविज्ञ लगायतसँग भएका अन्तरक्रियात्मक छलफलमा प्राप्त

सुझावहरु एवं माननीय सदस्यहरुबाट प्राप्त सुझावहरुलाई समेटी पूर्वबजेट छलफल सम्बन्धी प्रतिवेदन मस्यौदा तयार गरी समितिको आगामी बैठकमा पेश गर्ने।

**२०८१ बैशाख १८**

विनियोजन विधेयक, २०८१ का सिद्धान्त र प्राथमिकता सम्बन्धमा पूर्वबजेट छलफल र विविध कार्यसूचिमा समितिका माननीय सदस्यहरुको सहभागितामा बसेको समितिको बैठकको निर्णयहरु देहाय बमोजिम रहेका छन्ः-

- विनियोजन विधेयक, २०८१ का सिद्धान्त र प्राथमिकता सम्बन्धमा पूर्व बजेट छलफलमा समितिबाट राष्ट्रिय योजना आयोग, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, सरोकारवाला, विषयविज्ञ, माननीय सदस्यहरुबाट प्राप्त सुझावहरुको आधारमा तयार भएको पूर्वबजेट छलफल सम्बन्धी प्रतिवेदन, २०८१ को मस्यौदा उपर छलफल गरीयो र संशोधन सहित पारित गरियो।

**२०८१ बैशाख २१ गते**

विनियोजन विधेयक, २०८१ का सिद्धान्त र प्राथमिकता सम्बन्धमा पूर्वबजेट छलफल र विविध कार्यसूचिमा माननीय सदस्य अर्थमन्त्री वर्षमान पुन, अर्थ मन्त्रालयका सचिव डा. रामप्रसाद घिमिरे र समितिका माननीय सदस्यहरुको सहभागितामा बसेको समितिको बैठकको निर्णयहरु देहाय बमोजिम रहेका छन् -

- **समितिबाट पारित पूर्वबजेट छलफल सम्बन्धी प्रतिवेदन, २०८१** मा रहेका सुझाव/सिफारिशहरुलाई नेपाल सरकारको योजना, आगामी बजेट, कार्यक्रम र क्रियाकलापहरुमा समावेश गर्दै लैजान प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगलाई निर्देशन दिने।

**२०८१ जेठ १८**

समितिको कार्ययोजना/कार्यक्रमहरु एवं उपसमितिहरुको कामकारवाही वारेमा समीक्षा कार्यसूचीमा बसेको समितिको बैठकका निर्णयहरु देहाय बमोजिम रहेका छन् -

- नेपालको सार्वजनिक व्यवस्थापनमा शासकीय सुधार एवं सुशासन प्रवर्द्धनको लागि नेपाल सरकारले अवलम्बन गरेको "**हेलो सरकार कार्यक्रम**" लाई सवै प्रदेश र

स्थानीय तहहरुमा सञ्चालन गर्न यसको आवश्यकता, प्रभावकारिता, लागत लगायतका विषयहरुमा विश्लेषण गरी सम्भाब्यता अध्ययन प्रतिवेदन समिति समक्ष पेश गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो।

- नेपालको संविधान अनुसार नेपालको मुल संरचनाको तीन तह मध्ये एक तह प्रदेश तह रहेको र प्रदेश तहको व्यवस्थापिकाको सञ्चालन एवं व्यवस्थापन प्रदेश सभा सचिवालयबाट भैरहेको सन्दर्भमा संघीय शासन प्रणाली सुदृढीकरणमा हाल प्रदेश सभा सचिवालयको भूमिका, विद्यमान कानूनी व्यवस्था, कार्यसम्पादनको अवस्था, कार्य विवरण, पदपूर्ति, कार्यदक्षता, प्रभावकारिता लगायतका विषयमा विस्तृत अध्ययन, अनुसन्धान, विश्लेषण गरी प्रदेश सभा सचिवालयको समग्र व्यवस्थापकीय कार्यलाई संघीय संसद सचिवालयसँग अन्तरसम्बन्धित बनाइ **"एकीकृत एवं विशिष्टिकृत सेवा"** को रुपमा व्यवस्थित गरी प्रभावकारी बनाउन उपयुक्त राय प्रतिक्रिया समेत उल्लेख गरी समिति समक्ष प्रतिवेदन पेश गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो।
- समितिको कार्ययोजना अनुसार प्रदेशमा रहेका सुशासन प्रवर्द्धन गर्ने संघीय निकायहरुको कामकारबाहीहरुको स्थलगत अनुगमन र अन्तरक्रिया गर्ने, संघीय एवं प्रदेश स्तरीय गौरवका आयोजनाहरुको स्थलगत अनुगमन गर्ने र दलितका सवालमा राष्ट्रिय सभाबाट पारित संकल्प प्रस्ताव कार्यान्वयनको अवस्थाको बारेमा स्थलगत अनुगमन एवं अभिमुखीकरण गर्ने उदेश्यले समितिका माननीय सदस्यहरु/सचिवालय कर्मचारी रहेको टोलीबाट प्रदेश स्तरीय स्थलगत अनुगमन, अध्ययन गरी समितिमा प्रतिवेदन पेश गर्ने निर्णय गरियो।

## २०८१ जेठ २३

सुशासन प्रवर्द्धन एवं भ्रष्टाचार निवारण सम्बन्धमा राष्ट्रिय सतर्कता केन्द्रबाट भएका कामकारवाहीहरु सम्बन्धी कार्यसूचीमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिव डा. कृष्णहरि पुस्कर, राष्ट्रिय सतर्कता केन्द्रका सचिव श्री राम आधार शाहको सहभागितामा बसेको समितिको बैठकका निर्णयहरु देहाय बमोजिम रहेका छन् -

- शासकीय सुधारलाई व्यवस्थित गर्न राष्ट्रिय सतर्कता केन्द्रलाई अधिकार सम्पन्न बनाउन आवश्यक ऐन/कानून निर्माण गर्ने विधेयक ल्याउन र जनशक्ति एवं पर्याप्त स्रोतको व्यवस्थापन गर्न नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देशन दिने।
- सूचना प्रविधिको उपयोग गरी सम्पत्ति विवरणको व्यवस्थापन, गुणस्तर परीक्षण र अनुगमन प्रभावकारी बनाउन राष्ट्रिय सतर्कता केन्द्रलाई निर्देशन दिने।
- ठूला विकास आयोजनाहरुको अनिवार्य प्राविधिक परीक्षण गर्ने व्यवस्था मिलाउन, परीक्षण उपकरणको व्यवस्था गर्न, प्राविधिक परीक्षण गर्ने प्रयोगशालाको प्रत्यायन(Accreditation) गर्न र सेवा विस्तार गर्न राष्ट्रिय सतर्कता केन्द्रलाई निर्देशन दिने।
- भ्रष्टाचार निवारणका लागि सचेतनामूलक सदाचार प्रवर्द्धनका कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक पूर्वाधार, जनशक्ति र बजेटको व्यवस्था गरी राष्ट्रिय सतर्कता केन्द्रको प्रदेशगत रुपमा कार्य विस्तार गर्न नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई लाई निर्देशन दिने।

## २०८१ जेठ ३१

नेपालको सार्वजनिक व्यवस्थापनमा शासकीय सुधार तथा सुशासन प्रवर्द्धन गराउन सूचनाको हक कार्यान्वयनमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र राष्ट्रिय सूचना आयोगको भूमिका र भएका कामकारवाहीहरुको सम्बन्धी कार्यसूचीमा माननीय सदस्य सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मा, राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त श्री महेन्द्रमान गुरुङ, सुचना आयुक्त श्री कमला ओली थापा, सुचना आयुक्त श्री रत्न प्रसाद नेपाली, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव श्री रामकृष्ण सुवेदी, राष्ट्रिय सूचना आयोगका सचिव श्री होमप्रसाद लुइटेल लगायतको सहभागितामा बसेको समितिको बैठकका निर्णयहरु देहाय बमोजिम रहेका छन् -

- नेपालको सार्वजनिक व्यवस्थापनमा शासकीय सुधार तथा सुशासन प्रवर्द्धन गराउन सूचनाको हक कार्यान्वयनमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र राष्ट्रिय सूचना

आयोगको भूमिका र भएका कामकारवाहीहरुको सम्बन्धमा राष्ट्रिय सूचना आयोग र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट प्रस्तुतिकरण भई छलफल भयो। संविधान एवं कानूनको व्यवस्था बमोजिम नागरिकको सूचनाको हकलाई प्रविधिको उपयोग गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने/गराउने सम्बन्धमा मन्त्रालयबाट कामकारवाही भैरहेको र यसलाई थप प्रभावकारी एवं जनमुखी बनाउन माननीय सदस्य मन्त्रीबाट प्रतिवद्धता व्यक्त गर्नुभयो।

**२०८१ असार १६**

समितिको कामकारवाही सम्बन्धमा आन्तरिक छलफल र  विविध कार्यसूचीमा बसेको समितिको बैठकका निर्णयहरु देहाय बमोजिम रहेका छन् -

- समितिका माननीय सदस्यहरु माननीय सदस्य भुवनबहादुर सुनार, माननीय सदस्य नारायणदत्त भट्ट, माननीय सदस्य तुलप्रसाद विश्वकर्मा र माननीय सदस्य सावित्री मल्ल एवं सचिवालयका कर्मचारीबाट मिति २०८१/०३/०२ देखि २०८१/०३/०५ गते सम्म कर्णाली प्रदेशको सुर्खेत जिल्लाको चौकुने गाउँपालिकामा भएको दलित समुदायका सवालमा राष्ट्रिय सभाबाट पारित संकल्प प्रस्ताव एवं दलित अधिकार सम्बन्धमा एकीकृत कानून निर्माण सम्बन्धी विषयमा अन्तरक्रिया कार्यक्रम, सुर्खेतमा भएको सुशासन प्रवर्द्धन सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयबाट भएका कामकामकारवाही सम्बन्धमा अन्तरक्रिया कार्यक्रम, दलित अधिकार प्रवर्द्धन सम्बन्धमा गैरसरकारी संघ संस्थाहरुको भूमिका विषयक अन्तर्किया कार्यक्रम, राष्ट्रिय मानव अधिकार आयोगको कार्यालय सुर्खेतका कामकारवाहीहरु र भेरी बबई डाइभर्सन आयोजनाको स्थलगत अनुगमनको वारेमा भ्रमण टोलीबाट बैठकमा जानकारी भई छलफल भयो।

**२०८१ असार २६**

दिगो विकास लक्ष्य नं ६ अन्तर्गत रहेको दिगो स्वच्छ खानेपानी ब्यवस्थापन गर्ने सम्बन्धमा काठमाडौं उपत्यकाभित्र खानेपानीको उत्पादन, वितरण एवं सहज आपूर्तिको लागि देखिएका समस्या, चुनौती लगायतका विषयमा छलफल र विविध कार्यसूचीमा खानेपानी मन्त्रालयका

सचिव श्री सुरेश आचार्य, वन तथा वातावरण मन्त्रालयका सचिव डा. गोविन्द प्रसाद शर्मा, राष्ट्रिय निकुञ्ज वन्यजन्तु संरक्षण विभाग, मेलम्ची खानेपानी विकास समिति, काठमाडौं उपत्यका खानेपानी लिमिटेड लगायत निकायको सहभागितामा बसेको समितिको बैठकका निर्णयहरु देहाय बमोजिम रहेका छन् -

- काठमाडौं उपत्यकामा स्वच्छ खानापानी व्यवस्थापन गर्न स्थानीय सहायक श्रोतको रुपमा रहेको शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज क्षेत्रभित्रको पानी निर्वाध आपूर्तिका लागि उक्त निकुञ्ज सम्बन्धी नियमावलीको अनुसूचीमा उल्लेखित रोयल्टी लगायतका विषयमा तत्काल आवश्यक संशोधन गर्न र उपयुक्त वातावरणीय अध्ययन सम्बन्धी प्रक्रिया टुङ्गाई सहजीकरण गरिदिन वन तथा वातावरण मन्त्रालयको ध्यानाकर्षण गर्ने।
- राष्ट्रिय गौरवको मेलम्ची खानेपानी आयोजनाबाट वाह्रै महिना काठमाडौं उपत्यकामा खानेपानी आपूर्ति र वितरण गर्न देखिएका मूलभूत समस्याको समाधानको लागि ठोस सुझाव सहितको प्रस्ताव समिति समक्ष पेश गर्न खानेपानी मन्त्रालयलाई निर्देशन दिने।
- समितिले उपयुक्त समयमा मेलम्ची खानेपानी आयोजनाको मुहानको स्थलगत अवलोकन गर्ने।

**<u>समितिको अन्तरक्रियात्मक छलफल एवं भ्रमण अनुगमन कार्यक्रम सम्बन्धी विवरण</u>**

- व्यवसाय र मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजनाका सम्बन्धमा संघीय संसद माननीय सदस्यहरु, विषयविज्ञ र सम्बन्धित मन्त्रालयको सहभागितामा मिति २०८१/०१/२१ र २२ गते नगरकोटमा अन्तरक्रियात्मक छलफल कार्यक्रम भएको थियो।
- नेपालस्थित संयुक्त राष्ट्रसंघीय आवासीय संयोजकको कार्यालय (UNRCO) र एशिया प्रशान्त क्षेत्रको लागि संयुक्त राष्ट्रसंघीय आर्थिक तथा सामाजिक आयोग (ESCAP) को पहल तथा सहयोगमा VNR प्रतिवेदन निर्माण तथा समग्र दिगो विकास लक्ष्यहरुको कार्यान्वयनमा नेपाल र आर्मेनिया विच असल अभ्यास तथा सिकाईहरुको

एकापसमा आदानप्रदान गर्ने उदेश्यले सन् २०२४ मे १२-१८ सम्म आर्मेनियामा भएको **VNR Twining Programme** मा समितिका सचिव डा.रोजनाथ पाण्डेले भाग लिनु भएको थियो।

- मिति २०८१/०३/०२ देखि २०८१/०३/०५ गते सम्म कर्णाली प्रदेशको सुर्खेत जिल्लाको चौकुने गाउँपालिकामा भएको दलित समुदायका सवालमा राष्ट्रिय सभाबाट पारित संकल्प प्रस्ताव एवं दलित अधिकार सम्बन्धमा एकीकृत कानून निर्माण सम्बन्धी विषयमा अन्तरक्रिया कार्यक्रम, सुशासन प्रवर्द्धन सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयबाट भएका कामकामकारवाही सम्बन्धमा अन्तरक्रिया कार्यक्रम, दलित अधिकार प्रवर्द्धन सम्बन्धमा गैरसरकारी संघ संस्थाहरुको भूमिका विषयक अन्तर्किया कार्यक्रम, राष्ट्रिय मानव अधिकार आयोगको कार्यालय सुर्खेतका कामकारवाहीहरु सम्बन्धमा अन्तरक्रिया कार्यक्रम र भेरी बबई डाइभर्सन आयोजनाको स्थलगत अनुगमन भएको थियो।भ्रमण टोलीमा समितिका माननीय सदस्यहरु माननीय सदस्य भुवनबहादुर सुनार, माननीय सदस्य नारायणदत्त भट्ट, माननीय सदस्य तुलप्रसाद विश्वकर्मा र माननीय सदस्य सावित्री मल्ल एवं सचिवालयका कर्मचारीहरु रहेका थिए।

## १.२.३.२ विधायन व्यवस्थापन समिति

२०८१ साल बैशाख १ गतेदेखि असार मसान्तसम्ममा यस समितिबाट सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरण निम्नानुसार रहेको छः-

**विधेयकउपर छलफल तथा विधेयक व्यवस्थापन**

समितिको एघारवटा बैठक विधायन व्यवस्थापन सम्बन्धी कार्यसूचीमा आधारित भएर बसेको थियो। यस अवधिमा समितिले एउटा विधेयकउपर दफावार छलफल गरी विधेयक सम्बन्धी प्रतिवेदन सभा समक्ष पेश गरेको छ। यस अवधिमा समितिले राष्ट्रिय सभामा उत्पत्ति भएको **सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक, २०८०** उपर पाँचवटा बैठकमा छलफल गरी पारित प्रतिवेदन सभामा पेश गरेको थियो।

यसै अवधिमा राष्ट्रिय सभामा उत्पत्ति भई २०८१ साल जेठ २८ मा समितिमा प्राप्त **मिडिया काउन्सिल विधेयक, २०८०** समितिमा छलफलको क्रममा रहेको छ। साथै राष्ट्रिय सभामा उत्पत्ति भई २०८१ साल असार १७ गते प्राप्त **नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धी विधेयक, २०८१** उपर हालसम्म समितिले कुनै कारबाही अगाडि बढाएको छैन।

**ऐन कार्यान्वयन मापन**

यस अवधिमा बसेका तीनवटा बैठकमा ऐन कार्यान्वयन मापन कार्य अन्तर्गत सभामा पेस भइसकेको **खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ को दफा १९** को कार्यान्वयन मापन प्रतिवेदनको सुझाव कार्यान्वयन कृषि तथा पशुपन्छी विकास मन्त्रालय र वन तथा वातावरण मन्त्रालयसँग सम्बन्धित रहेको सन्दर्भमा दुवै मन्त्रालयसँग थप छलफल गरी सुझाव कार्यान्वयनका लागि निर्देशन दिइएको।

**बालबालिका सम्बन्धी ऐन, २०७५** का विभिन्न दफाहरूमा रहेका बालबालिकाको सहभागिता सम्बन्धी विषयको कार्यान्वयन मापन गर्न अध्ययन कार्ययोजना बनाउन समिति सचिवालयलाई निर्देशन दिइएको छ।

## १.२.३.३ सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समिति

२०८१ साल बैशाख १ गतेदेखि असार मसान्तसम्ममा यस समितिमा विभिन्न मितिहरुमा बसेका बैठकबाट गरिएका निर्णय र सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरण निम्नानुसार रहेको छः-

**मिति २०८१ बैशाख १८**

- आज बसेको बैठकमा समितिको आगामी कार्यक्रमका बारेमा छलफल भयो। छलफल पश्चात् मिति २०८१ बैशाख २१ गतेदेखि ऐ. ऐ. २३ गतेसम्म लुम्बिनी प्रदेशमा सार्वजनिक नीति र प्रत्यायोजित विधायन सम्बन्धी अन्तरक्रियात्मक कार्यक्रम साथै सरकारी आश्वासन कार्यान्वयन रराष्ट्रिय महत्वका दस्तावेज अभिलेख व्यवस्थापन तथा ऐतिहासिक एवं पुरातात्विक सम्पदाहरूको स्थलगत अध्ययन, अवलोकन तथा अनुगमन गर्ने निर्णय भयो। उक्त कार्यक्रममा सहभागी हुनुहुने माननीय सदस्यहरू र

समिति सचिवालय सम्बद्ध कर्मचारीहरूको चयनका लागि समितिका माननीय सदस्य सभापति र समिति सचिवालयलाई जिम्मेवारी दिने निर्णय भयो।

- समिति अन्तर्गत गठित उपसमितिहरूको बैठकका सम्बन्धमा उपसमितिका माननीय सदस्य संयोजकहरूबीच समन्वय गरी बैठकलाई निरन्तरता दिने निर्णय भयो र अर्को सूचना भएपछि बस्ने गरी आजको बैठक समापन भयो।

**२०८१ बैशाख २७ गतेः**

- आज बसेको बैठकमा समितिको मिति २०८१ बैशाख २१ गतेदेखि ऐ. ऐ. २३ गतेसम्म लुम्बिनी प्रदेशको तानसेन नगरपालिकामा आयोजना गरिएको सार्वजनिक नीति र प्रत्यायोजित विधायन सम्बन्धी छलफल, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल तथा लुम्बिनी गुरूयोजना र लुम्बिनी क्षेत्र अन्तर्गततिलौराकोटसँग सम्बन्धितसरकारी आश्वासनको कार्यान्वयन अवस्था साथै बुटवलको जीतगढी, सैनामैना लगायत क्षेत्रको स्थलगत अध्ययन, अवलोकन तथा अनुगमनकार्यक्रमको समिक्षा र समितिको आगामी कार्यक्रमको बारेमा छलफल भयो।
- समिक्षाको क्रममा माननीय सदस्यहरूले कानून निर्माणमा बढी ध्यान दिन जरूरी भएको, लुम्बिनी गुरूयोजना सम्पन्न गर्न बजेटको अभाव रहेको देखिएको, तिलौराकोटको उत्खनन् कार्यमा ढीलासुस्ती भएको, बुटवल उपमहानगरपालिकास्थित जीतगढी हालै मात्र नगरपालिकामा हस्तान्तरण भएको पाइएको, रूपन्देही जिल्लाको सैनामैना नगरपालिका मातहत रहेको सैनामैना क्षेत्रमा बुद्धकालीन पुरातात्विक वस्तुहरूको व्यवस्थापन तथा संरक्षणको अभाव देखिएको, राष्ट्रिय गौरवका आयोजनाहरू निर्धारित समयमै सम्पन्न गर्न ऐन ल्याउनु पर्ने, मुलुकभरी रहेका पुरातात्विक वस्तुहरूको संरक्षण र व्यवस्थापनमा राज्यको ध्यान जानुपर्ने, प्राथमिकताका आधारमा बजेट विनियोजन हुनुपर्ने बताउनु भयो भने माननीय सदस्य सभापतिले समग्रमा कार्यक्रम उपलब्धीमूलक रहेको बताउनु भयो। साथै कपिलवस्तु जिल्लास्थित निग्लीहवा, गोटीहवा, कपिलवस्तु संग्रहालय तथा पाल्पा जिल्लाको पाल्पा दरवार संग्रहालय, रानी महल, रूरूक्षेत्र धाम रिडी लगायत ऐतिहासिक एवं पुरातात्विक स्थलहरूको अवलोकन गरिएको थियो।

- तत् पश्चात् छलफल तथा अनुगमनबाट देखिएका विषयहरूका सम्बन्धमा छलफल गर्न समितिको आगामी बस्ने बैठकमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका माननीय सदस्य मन्त्री, मन्त्रालयका सचिवलाई आमन्त्रण गर्ने निर्णय भयो।
- समितिको आगामी कार्यक्रमका बारेमा छलफल हुँदा मिति २०८० साल कार्तिक महिनामा कर्णाली प्रदेश जाजरकोट जिल्लाको बारेकोट केन्द्र बिन्दू भै गएको भूकम्पबाट प्रभावित क्षेत्रहरूको पुनर्निर्माणसँग सम्बन्धित आश्वासनकार्यान्वयन अवस्थाका सम्बन्धमा राष्ट्रिय सभाको बैठकलाई मध्यनजर गर्दै स्थलगत अध्ययन, अवलोकन तथा अनुगमन गर्ने रगण्डकी प्रदेश सभाका सदस्यहरूसँग प्रत्यायोजित विधायन सम्बन्धी विषयमा छलफल कार्यक्रम आयोजना गर्ने निर्णय भयो।

### २०८१ जेठ ९

- प्रारम्भमा समितिको आन्तरिक काम कारवाहीका बारेमा छलफल भयो। छलफल पश्चात् सार्वजनिक नीति अध्ययन उपसमितिको प्रस्ताव अनुसार राष्ट्रिय नीतिहरूका सम्बन्धमा राष्ट्रिय योजना आयोग र नीति अनुसन्धान प्रतिष्ठानका पदाधिकारीहरूसँग समितिको छुट्टाछुट्टै बैठकमा छलफल गर्ने।
- समितिका माननीय सदस्य मदन कुमारी शाह (गरिमा)को संयोजकत्वमा गठित कृषि तथा पशुपंछी विकास मन्त्रालयसँग सम्बन्धित निर्देशन तथा सरकारी आश्वासन कार्यान्वयन अध्ययन उपसमितिको कार्य बाँकी नै रहेको र यस उपसमितिमा रहनु भएका एकजना सदस्य माननीय सदस्य श्री तुलसाकुमारी दाहाल हालयस समितिमा नरहनु भएकोले यस उपसमितिसँग सम्बन्धित बाँकी कार्यहरू पनि सार्वजनिक नीति अध्ययन उपसमितिले नै गर्ने गरी जिम्मेवारी दिने।
- संघीय संसदको संयुक्त बैठक, राष्ट्रिय सभा र यस समितिमा सम्माननीय प्रधानमन्त्री, माननीय सदस्य मन्त्रीहरूले व्यक्त गर्नु भएको आश्वासन कार्यान्वयन अवस्थाको प्रगतिका सम्बन्धमा राष्ट्रिय सभाको बैठकलाई मध्यनजर गर्दै शहरी विकास मन्त्रालय, कृषि तथा पशुपंछी विकास मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ

नागरिक मन्त्रालय लगायत मन्त्रालयका माननीय सदस्य मन्त्रीलाई क्रमशः समितिको आगामी बैठकहरूमा छलफल गर्ने।

- सुदूरपश्चिम प्रदेशमा सञ्चालित महाकाली सिंचाइ आयोजना (तेस्रो चरण) को सञ्चालनका सम्बन्धमा समितिबाट भएको स्थलगत अध्ययन, अवलोकन तथा अनुगमनबाट देखिएका विषयहरूका सम्बन्धमा वन तथा वातावरण मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय र परराष्ट्र मन्त्रालय गरी तिनैवटा मन्त्रालयका माननीय सदस्य मन्त्रीहरूसँगसमितिको बैठकमा छलफल गर्ने।

- समितिको महत्वपूर्ण कार्यक्षेत्रको रूपमा रहेको राष्ट्रिय महत्वका दस्तावेज अभिलेख व्यवस्थापन तथा ऐतिहासिक एवं पुरातात्विक सम्पदा सम्बन्धी विषय र समितिबाट विभिन्न समयमा गरिएका स्थलगत अध्ययन, अवलोकन तथा अनुगमनबाट देखिएका विषयहरूका सम्बन्धमा पुरातत्व विभागका प्रमुखसँग छलफल गर्ने निर्णय भयो।

**२०८१ जेठ १८**

- आजको बैठकमा लुम्बिनी प्रदेशको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, लुम्बिनी क्षेत्र, जीतगढी किल्ला, सैनामैना, बागमती प्रदेशको सिन्धुलीगढी, मकवानपुरगढी, राष्ट्रिय सांस्कृतिक संग्रहालय किर्तिपुरको समितिबाट भएको स्थलगत अध्ययन अवलोकन तथा अनुगमनबाट देखिएका विषयहरू र समितिको मिति २०८० पुष १३ गते बसेको बैठकको निर्णय अनुसार दिइएको निर्देशन एवं सुझावहरुको कार्यान्वयन अवस्थाको प्रगतिका बारेमा  संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका माननीय सदस्य मन्त्री श्री हितबहादुर तामाङ्ग, मन्त्रालयका सचिव डा. गणेशप्रसाद पाण्डेय लगायत सम्बद्ध अधिकारीहरूसँग छलफलभयो।
- छलफलको प्रारम्भमा मन्त्रालयका सचिव डा. पाण्डेयले संसदीय समितिको सल्लाह, सुझाव सदा ग्रहनीय र मार्गदर्शन हुने बताउनु भयो। गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको सम्बन्धमा नेपाल दूरसंचार प्राधिकरणका निर्देशकको संयोजकत्वमा एउटा समिति गठन भई कार्य भैरहेको, लुम्बिनी गुरूयोजनाका लागि स्रोतको अभाव रहेको, मन्त्रालय अन्तर्गत सञ्चालनमा रहेका विकास समितिहरूका सम्बन्धमा एउटा

छुट्टै छाता ऐन बनाउने सन्दर्भमा ७ वटा समितिहरू गठन भई गृहकार्य भैरहेको, नारायणहिटी दरवार संग्रहालय पूरा क्षमतामा सञ्चालन गर्न सरकारको निर्णय आवश्यक हुने देखिएको बताउनु भयो।

- नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक ईन्जिनियर श्री प्रदीप अधिकारीले नेपाल सरकार र एशियाली विकास बैंकको अनुदान सहित संयुक्त लगानीमा निर्माण गरिएको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल अनुसार सञ्चालन गर्न नसकिएको अवस्थामा रहेको, केही विषयमा कुटनीतिक पहल हुनुपर्ने आवश्यकता देखिएको साथै विमान खरिद कार्यलाई प्राथमिकतामा राख्ने सरकारको नीति नै आवश्यक रहेको बताउनु भयो।
- मन्त्रालयका संस्कृति महाशाखा प्रमुख श्री सुरेश सुरश श्रेष्ठले आन्तरिक तथा बाह्य कारणबाट लुम्बिनी गुरूयोजना निर्धारित समयमै सम्पन्न हुन नसकेतापनि आगामी तीन वर्षभित्रमा सम्पन्न गर्न प्रतिबद्ध रहेको, किर्तिपुरस्थित राष्ट्रिय सांस्कृतिक संग्रहालयको गुरूयोजना बनिसकेको भएतापनि वन तथा वातावरण मन्त्रालयबाट EIAगर्ने क्रममा रोकिएको देखिएको बताउनु भयो।
- बैठकमा सहभागी हुनु भएका पुरातत्व विभागका महानिर्देशक सौभाग्य प्रधानाङ्गले ऐतिहासिक एवं पुरातात्विक स्थलहरू कपिलवस्तुको तिलौराकोट, निग्लीहवा, गोटीहवा, जितगढी किल्ला, सैनामैना, सिन्धुलीगढी, मकवानपुरगढी र किर्तिपुरस्थित राष्ट्रिय सांस्कृतिक संग्रहालयका सम्बन्धमा पुरातत्व विभागबाट हालसम्म भएका कार्यहरूको बारेमा समितिलाई जानकारी गराउनु भयो।
- तत् पश्चात् माननीय सदस्यहरूले आ-आफ्ना जिज्ञासा राख्नु भयो। जिज्ञासा स्पष्ट पार्ने क्रममा माननीय सदस्य मन्त्री श्री हितबहादुर तामाङ्गले केही दिन अघि मात्रै गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको समस्या समाधानका बारेमा छलफल भएको, स्रोत सुनिश्चित नहुँदा ४८ वर्षको अवधिमा लुम्बिनी गुरूयोजनाको भौतिक प्रगति ८७% मात्र हुन सकेको अवस्था रहेको, सिन्धुलीगढी जस्ता स्थलहरूको पुरानै शैलीमा ऐतिहासिकता झल्कने गरी संरक्षण हुन नसकिरहेको, विगतदेखि गढेको समस्याको समाधान गर्न निश्चय पिन समय लाग्ने बताउनु भयो।

- सार्वजनिक नीति अध्ययन उपसमिति बैठकको निर्णयानुसार समिति समक्ष गरिएको अनुरोध बमोजिम नीति अनुसन्धान प्रतिष्ठानका कार्यकारी अध्यक्ष लगायत सम्बद्ध अधिकारीहरूसँग सार्वजनिक नीतिका विविध पक्षहरूका बारेमा मिति २०८१ जेठ २३ गते छलफल गर्ने निर्णय भयो।

**२०८१ जेठ २३**

- बैठकमा सार्वजनिक नीतिको विविध पक्षहरूका बारेमा नीति अनुसन्धान प्रतिष्ठानका कार्यकारी अध्यक्षप्रा. डा. लेखनाथ शर्मा, कार्यालय प्रबन्धक श्री लक्ष्मण प्रसाद भट्टराई लगायत सम्बद्ध अधिकारीहरूसँग छलफल भयो। छलफलको प्रारम्भमा नीति अनुसन्धान प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. श्री शर्माले प्रमाणमा आधारित नीति निर्माण हुनुपर्ने, नीति निर्माणको तहमा सरकारलाई सहयोग गर्ने दायित्व नीति अनुसन्धान प्रतिष्ठानको भएतापनि हाल यो संस्था ऐनद्वारा सञ्चालित नभै गठन आदेशद्वारा सञ्चालन भैरहेको बताउनु भयो।
- त्यसपछि प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता तथा अनुसन्धान विभाग प्रमुख डा. हरि शर्मा न्यौपाने र वरिष्ठ अनुसन्धानकर्ता डा.खगनाथ अधिकारीले क्रमशः प्रतिष्ठानको परिचय तथा कार्यसम्पादन र सार्वजनिक नीतिका बारेमा छुट्टाछुट्टै प्रस्तुतिकरण गर्नुभयो। प्रस्तुतिकरणको प्रारम्भमा डा. खगनाथ अधिकारीले सार्वजनिक नीतिको परिभाषा, यसको प्रकार, नीतिचक्र, नीति निर्माणको प्रक्रिया, नीति कार्यान्वयन, गरिनु पर्ने सुधारका क्षेत्रहरू, सार्वजनिक नीतिको क्षेत्रमा प्रतिष्ठानबाट भएका प्रयासहरू लगायतका बारेमा जानकारी गराउनु भयो।
- प्रतिष्ठानको परिचय तथा कार्यसम्पादन शीर्षकमा प्रस्तुतिकरण गर्नुहुँदै प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता तथा अनुसन्धान विभाग प्रमुख डा. हरि शर्मा न्यौपानेले प्रतिष्ठानको कार्यक्षेत्र, संस्थागत संरचना, अनुसन्धानको कार्यक्षेत्र, प्रतिष्ठानबाट भैरहेको संस्थागत सहकार्य एवं अध्ययन अनुसन्धान तथा नीतिगत सुझावहरूका बारेमा समितिलाई जानकारी गराउनु भयो।

- तत् पश्चात् माननीय सदस्यहरूले आ-आफ्ना जिज्ञासा राख्नु भयो र माननीय सदस्यहरूले राख्नु भएको जिज्ञासाहरूका सम्बन्धमा प्रतिष्ठानका कार्यकारी अध्यक्ष लगायत सम्बद्ध अधिकारीहरूले स्पष्ट पार्नुभयो।

**२०८१ जेठ ३१**

- समितिबाट मिति २०८१ जेठ २४ गतेदेखि ऐ ऐ २७ गतेसम्म भूकम्प प्रभावित जिल्लाहरू सल्यान, रूकुम (पश्चिम) र जाजरकोट जिल्लाको स्थलगत अध्ययन अवलोकन तथा अनुगमन कार्यक्रमको समिक्षा भयो।
- समिक्षाका क्रममा माननीय सदस्यहरूले भूकम्प प्रभावित क्षेत्रका लाभग्राहीहरू प्रायः सबैले पहिलो किस्ता पाइसकेका तापनि दोस्रो किस्ता रूकुम (पश्चिम) को दुईवटा पालिकामा मात्र गएको अवस्था, भूकम्पका कारण पानीको मुहान सुकेको अवस्था रहेको,गाँस, बास र आवासका कारण डिप्रेसन, आत्महत्याको घटना बढेको पाइएको, भूकम्पबाट क्षति भएका नीजि आवास पुनर्निर्माण सम्बन्धी कार्यविधिमा भएको जटिल प्रावधानका कारण पुनर्निर्माणको काम अगाडि बढ्न नसकेकोले पुनर्निर्माणको पुरानो शैलीमा परिमार्जन हुनुपर्ने, पुनर्निर्माणको लागि एउटा निश्चित कोष खडा गरिनुपर्ने र छुट्टै संरचनाको आवश्यकता रहेको साथै भूकम्प प्रभावित जिल्लामा कर छुटको व्यवस्था गर्न सके पीडितहरूले केही राहत पाउन सक्ने बताउनु भयो।
- बैठकको अन्त्यतिर माननीय सदस्य सभापतिले प्रभावित क्षेत्रका आवास निर्माणमा नक्सा पासमा लाग्ने राजस्वमा छुट दिने व्यवस्था गर्न सकिने, क्षतिको आधारमा लाभग्राहीहरूको वर्गीकरण गरेर जाँदा विवादमुक्त हुने देखिएको साथै यस अनुगमन कार्यक्रम समग्रमा उपलब्धीमूलक रहेको बताउनु भयो।
- भूकम्प प्रभावित सल्यान, रूकुम (पश्चिम) र जाजरकोट जिल्लाको स्थलगत अध्ययन अवलोकन तथा अनुगमनबाट देखिएका विषयहरूका सम्बन्धमा गृह मन्त्रालयका माननीय सदस्य मन्त्री, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख लगायत सम्बद्ध अधिकारीहरूसँग समितिको आगामी बैठकहरूमा छलफल गर्ने निर्णय भयो।

२०८१ असार ६

- बैठकमा सार्वजनिक नीतिको विविध पक्षहरूका बारेमा राष्ट्रिय योजना आयोगका माननीय सदस्य उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठ लगायत सम्बद्ध अधिकारीहरूसँग छलफल भयो।
- छलफलको प्रारम्भमा राष्ट्रिय योजना आयोगका माननीय सदस्य उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठले आफ्नो धारणा समिति समक्ष राख्नु भयो सो तत्पश्चात योजना आयोगका तर्फबाट सहसचिव श्री महेश भट्टराईले आफ्नो प्रस्तुति राख्नु भयो।
- समितिको आगामी बैठकहरुमा सम्वन्धित नीतिहरुमा छलफल गर्दा योजना आयोगको सम्बन्धित क्षेत्र हेर्ने सदस्य र बिषयसँग सम्बन्धित मन्त्रालयका प्रतिनिधीहरु समेतलाई आमन्त्रण गरी छलफल गर्ने निर्णय भयो।

२०८१ असार ७

- बैठकमा पुरातात्विक महत्व बोकेको पुरानो संसद भवन (ग्यालरी) बैठक को पुनर्निर्माणका बारेमा शहरी विकाश मन्त्रालयका सचिव श्री मणिराम गेलाल लगायत सम्बद्ध अधिकारीहरूसँग छलफल भयो।
- छलफलको प्रारम्भमा शहरी विकास मन्त्रालयका सचिव श्री मणिराम गेलालले पुरानो संसद भवन पुनर्निर्माणको लागि ठेक्का प्रकृया पूरा गरी सकिएको तर ठेक्का प्राप्त गर्न नसकेको निर्माण व्यवसायीले अदालतमा मुद्दा हालेको र अदालतबाट निर्माण कार्य अगाडि नबढाउन अन्तरिम आदेश आएकोले निर्माण प्रकृया अबरुद्द हुन गएको जानकारी गराउनु भयो।
- बैठकमा शहरी विकास मन्त्रालयका सचिवले नवनिर्मित संसद भवनको भौतिक प्रगति ८१ प्रतिशत र वित्तीय प्रगति ६७ प्रतिशत पुगेको जानकारी गराउनु भयो र चालु वर्षको चैत्रमसान्तसम्मा निर्माण सम्पन्न गर्ने लक्ष रहेको जानकारी गराउनु भयो। तत्पश्चात सो आयोजना प्रमुख मचाकाजी महर्जनले दुवै भवन निर्माणको अवस्था बारे आफ्नो प्रस्तुति समिति समक्ष राख्नु भयो।
- समितिको बैठकबाट नयाँ संसद भवनको निर्माणको अवस्था बारे बुझ्न २०८१ असार १० गते स्थलगत भ्रमण गर्ने निर्णय भयो।

**२०८१ असार १०**

- संसद भवनको निर्माणको अवस्था बुझ्न निर्माणाधीन संसद भवनको स्थलगत अवलोकनका लागि संसद भवन निर्माण स्थलमा जाने र शहरी विकाश मन्त्रालयका सचिव लगायत अन्य पदाधिकारीसँग भवन निर्माणको अवस्था बारे छलफल गर्ने निर्णय भयो।

**२०८१ असार १४**

- समितिले हालसम्म गरेका काम कारबाहीका बारेमा समितिका माननीय सदस्यहरुले आ-आफ्नो धारणा राख्नु भयो। समितिको आन्तरिक समिक्षा सहितको छलफल पश्चात आगामी दिनमा समितिको कार्यक्षेत्र भित्रका बिषयमा अझ प्रभावकारी काम गर्न उपसमितिहरुलाई थप कृयाशिलता बढाउँदै र समितिका बैठकहरु सदनको बैठकको अवस्था हेरी नियमित राख्ने निर्णय भयो।

**२०८१ असार २४**

- समितिको आजको बैठकमा अभिलेख संरक्षण ऐन, २०४६ लाई संसोधन गर्न बनेको विधेयकका सम्वन्धमा प्रतिनिधि सभाको अन्तराष्ट्रिय सम्बन्ध समितिको प्रतिवेदन माथि छलफल भयो।

**२०८१ असार २५**

- समितिको आजको बैठकमा केशर पुस्ताकालयको निर्माणको अवस्था र पुस्तकालय सञ्चालन सम्वन्धमा बुझ्न पुस्तकालयको स्थलगत अवलोकन गर्ने र सम्वन्धित पदाधिकारीहरुसँग छलफल गर्ने निर्णय भयो।

## १.२.३.४ सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समिति

२०८१ साल बैशाख १ गतेदेखि असार मसान्तसम्ममा यस समितिमा विभिन्न मितिहरुमा बसेका बैठकबाट गरिएका निर्णय र सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरण निम्नानुसार रहेको छः-

**छलफल मात्र भएका समितिका बैठकहरुः-**

**२०८१ बैशाख २३**

- समितिको उक्त दिन बसेको बैठकमा राज्यको तहगत संरचनामा समन्वय र सबलीकरण, राजनीतिक, वित्तीय तथा प्रशासनिक संघीयता, संघीयता सबलीकरणको लागि गर्नुपर्ने थप कार्यहरुका सम्बन्धमा राष्ट्रिय सभाका पूर्व माननीय सदस्य डा. खिमलाल देवकोटाले प्रस्तुतिकरण गर्नुभएको र संघीयता सबलीकरणका सम्बन्धमा समितिले आगामी दिनमा निर्वाह गर्नुपर्ने भूमिका सम्बन्धमा विस्तृत छलफल सम्पन्न भएको थियो। सो बैठक समितिको मिति २०८१/०१/२४ गते बिहान ११:०० बजे बस्ने बैठकमा नेपालको परराष्ट्र नीति, परराष्ट्र मन्त्रालय तथा मन्त्रालय अन्तर्गतका निकायबाट भएका कामकारवाही, आर्थिक कूटनीति, प्रमुख सवाल, समस्याहरु र भावी कार्ययोजना विषयमा छलफल हुने गरी बैठक अन्त्य भएको थियो।

**२०८१ बैशाख २४**

- समितिको उक्त दिन बसेको बैठकमा नेपालको परराष्ट्र नीति, परराष्ट्र मन्त्रालय तथा मन्त्रालय अन्तर्गतका निकायबाट भएका कामकारवाही, आर्थिक कूटनीति, प्रमुख सवाल, समस्याहरु र भावी कार्ययोजनाका सम्बन्धमा माननीय सदस्य उपप्रधानमन्त्री एवम् परराष्ट्र मन्त्री नारायणकाजी श्रेष्ठ, परराष्ट्र सचिव श्री सेवा लम्सालसँग छलफल सम्पन्न भएको थियो।सो बैठक समितिको मिति २०८१/०१/२५ गते बिहान ११:०० बजे बस्ने बैठकमा राष्ट्रिय सुरक्षा नीति, राष्ट्रिय सुरक्षाको अवस्था, मन्त्रालयबाट भए गरेका कामकारबाही र भावी कार्यदिशा, रक्षा मन्त्रालयबाट सञ्चालित राष्ट्रिय गौरवका आयोजनाको कार्य प्रगति र समस्या विषयमा छलफल हुने गरी अन्त्य भएको थियो।

**२०८१ जेठ १७**

- समितिको सो दिन बसेको बैठकमा बौद्धनाथ क्षेत्र विकास समितिबाट भएका कामकारवाही, प्रमुख सवाल, समस्याहरु र भावी कार्ययोजना सम्बन्धमा बौद्धनाथ

क्षेत्र विकास समितिका अध्यक्ष राज कुमार लामा र सल्लाहकार मिलन भुजेल जिग्मीसँग छलफल भयो। छलफलमा विश्व सम्पदा सूची बौद्धनाथ क्षेत्रको यथार्थ अवस्थाको जानकारी लिन स्थलगत अनुगमन गर्ने र बौद्ध क्षेत्र विकास समिति, स्थानीय सरोकारवाला निकाय र पक्षसँग अन्तरक्रिया गर्ने र बौद्धनाथ क्षेत्रको सरकारी/गुठी जग्गा लगायतका चल अचल सम्पत्तिको उपयोगको अवस्थाको सम्बन्धमा भूमि व्यवस्था, सहकारी  तथा गरिबी निवारण मन्त्रालय र संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय लगायत सरोकार निकायसँग आगामी बैठकमा छलफल गर्ने निर्णय भएको थियो।

## २०८१ जेठ १८

- समितिको सो दिन बसेको बैठकमा जलवायु परिवर्तनले हिमाली क्षेत्रमा परेको असर एवं असर न्यूनीकरणका उपायहरु, सगरमाथा क्षेत्रमा देखिएका समस्या अवसर एवं चुनौती, आगामी कार्यदिशा सम्बन्धमा खुम्बु पासाङ्गल्हामु गाउँपालिका उपाध्यक्ष श्री टसी ल्हमु शेर्पा, अन्तर्राष्ट्रिय पर्वतारोहण पथ प्रदर्शक श्री दावा याङ्जुङ शेर्पा समेतसँग छलफल भएको थियो। छलफलमा विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहणका क्रममा मानव सृजित फोहोर विसर्जनको उपयुक्त प्रबन्ध नहुनु, आरोहणका क्रममा आवश्यकताभन्दा धेरै टेण्टको प्रयोग र सेवा सुविधाले हिमालको प्राकृतिक बनौटमा क्षति पुगेको, सगरमाथा आरोहिको संख्या अधिक रहेको, हिमाल आरोहणका क्रममा सरकारले आरोहण टोलीसँग खटाउने सम्पर्क अधिकृतको सगरमाथा आधार शिविरमा हुने न्यून उपस्थितिले समेत सगरमाथा क्षेत्रमा वातावरणीय असर परेको विषयहरु उठान भएको थियो। सो बैठकमा हिउँ पग्लने, हिमपहिरो, साथै हिमताल फुटने जस्ता प्राकृतिक विपत्तिको जोखिम न्यूनीकरणका लागि जोखिम क्षेत्र पहिचान र विपत्ति पूर्व सूचना प्रणाली जडान, उद्धार टोली गठन, अनुकूलन, प्रतिकार्य, जोखिम न्युनिकरण, क्षति व्यवस्थापन सम्बन्धी अनुसन्धान गर्न विज्ञहरुको टोली गठन, सगरमाथा क्षेत्रमा आवागमनको लागि नियमित हवाई उडानको सूनिश्चितता, कृषि क्षेत्रमा परेको  प्रभाव न्यूनीकरण लगायतका विययहरुमा सम्बन्धित

निकाय एवं विषयविज्ञ समेतसँग समितिको आगामी बैठकमा छलफल एवं अन्तरक्रिया गर्ने निर्णय भएको थियो।

## २०८१ जेठ २३

- समितिको सो दिन बसेको बैठकमा लुम्बिनी विकास कोषबाट भएका कामकारवाही, प्रमुख सवाल, समस्या र भावी कार्ययोजना सम्बन्धमा लुम्बिनी विकास कोषका उपाध्यक्ष ल्हारकाल लामा, सदस्य सचिव सानुराजा शाक्य, आयोजना प्रमुख स्मिता भट्ट समेतसँग छलफल भयो। छलफलमा राष्ट्रिय गौरवको आयोजना लुम्बिनी विकास कोषमा केन्जो टाँगेको गुरुआयोजना कार्यान्वयन गर्न आवश्यक बजेटको कमी रहेको, गुरुयोजना आफैमा पुरानो रहेको, लुम्बिनी, देवदह, तिलौराकोट, निग्लीहवा, रामग्राम लगायत बुद्धको जीवनीसँग सम्बन्धित विभिन्न स्थानहरुलाई जोड्ने र लुम्बिनी, मुक्तिनाथ, पाल्पा लगायतमा बुद्ध सर्किटहरु निर्माण गर्न एकिकृत विकास कार्यक्रम सञ्चालन गर्नुपर्ने लगायतका विषयहरु उठान भएको थियो। सोही बैठकमा विश्व सम्पदा सूची बौद्धनाथ क्षेत्रको यथार्थ अवस्थाको जानकारी लिन मिति २०८१/०२/२४ गते बिहान ११:०० बजे बौद्ध क्षेत्र विकास समिति, स्थानीय सरोकारवाला निकाय र पक्षसँग अन्तरक्रिया गर्न स्थलगत अनुगमन गर्ने निर्णय भएको थियो।

## २०८१ जेठ २४

- समितिको सो दिन बसेको बैठकमा विश्व सम्पदा सूचीमा सूचिकृत बौद्धनाथ क्षेत्रको यथार्थ अवस्थाको जानकारी लिन आज बौद्ध क्षेत्र विकास समिति, स्थानीय सरोकारवाला निकाय र पक्षसँग अन्तरक्रिया गर्न गरीने स्थलगत अनुगमनलाई प्रभावकारी बनाउने विषयमा छलफल सम्पन्न भएको थियो।

## २०८१ असार ६

- समितिको सो दिन बसेको बैठकमा श्रम तथा रोजगार, श्रमिक तथा कामदार, वैदेशिक रोजगारीमा जाने र गएकाको वर्तमान अवस्था, उनीहरुले भोग्नुपरेका समस्या, रोजगारीबाट फर्केपछि स्वदेशमा नै बसेर काम गर्ने वातावरणको सिर्जना,

आन्तरिक रोजगारी सिर्जनाका लागि मन्त्रालयबाट भए गरेका कामकारबाहीहरु एवं भावी कार्ययोजना साथै सामाजिक सुरक्षाको अवस्थाको सम्बन्धमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री श्री डोलप्रसाद अर्याल र सचिव श्री घनश्याम उपाध्यायसँग छलफल र अन्तरक्रिया गरी जानकारी लिइएको थियो।

**२०८१ असार २६**

- समितिको सो दिन बसको बैठकमा शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र का कार्यकारी निर्देशक डा. पुकारचन्द्र श्रेष्ठ, सिनियर कन्सलटयान्ट नेफ्रोलोजिष्ट डा. कल्पना श्रेष्ठ समेतसँग अङ्गदान र प्रत्यारोपण सम्बन्धी विद्यमान अवस्था, समस्या चुनौती र भावी कार्यदिशाका सम्बन्धमा छलफल भयो। छलफलमा शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रले मृगौला, कलेजो लगायत मानव अङ्गको प्रत्यारोपण सम्बन्धी कार्य गर्दै सफलतापूर्वक आएको तर हालसम्म सो केन्द्रको आफ्नो भवन नभएकोले सेवा प्रवाहमा कठिनाई आएको र केन्द्रको क्षमता वृद्धिका लागि जग्गा प्राप्तिको प्रक्रिया अगाडि बढाइएको भन्ने जानकारी छलफलमा आएकोले सो जग्गा प्राप्ति प्रक्रियाको हालसम्मको अवस्थाको विवरण शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रबाट माग गर्ने र विश्व सम्पदा सूची बौद्धनाथ क्षेत्रको यथार्थ अवस्थाको जानकारी लिन मिति २०८१/०२/२४ गते बौद्ध क्षेत्र विकास समिति, स्थानीय सरोकारवाला निकाय र पक्षसँग अन्तरक्रिया गर्ने क्रममा आएका तथ्य र बौद्ध क्षेत्र विकास समितिबाट प्राप्त निवेदनका समेतका बारेमा छलफल हुँदा बौद्ध तथा मेलम्ची घ्याङ गुठीको जग्गाको विवरण भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट विवरण माग गर्ने निर्णय भएको थियो।

**समितिको बैठकमा दिइएका निर्देशनहरुः-**

**२०८१ बैशाख २०**

समितिको सो दिन बसेको बैठकमा शान्ति प्रकृया, संक्रमणकालीन न्यायका सम्बन्धमा हालसम्म भएका कामकारवाही र सो सम्बन्धमा बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगका

सचिव लोकराज पराजुली र सत्य निरुपण तथा मेलमिलाप आयोगका सचिव उदयराज सापकोटासँग छलफल भई देहाय बमोजिम निर्णय भएको थियोः-

- निष्पक्ष, तटस्थ तथा प्रभावकारी रुपमा कार्य सम्पादन गरी शान्ति प्रकृया र संक्रमणकालीन न्यायका बाँकी रहेका काम सम्पन्न गर्न सक्ने गरी बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगका पदाधिकारीको नियुक्त गर्न नेपाल सरकारलाई निर्देशन दिने।
- बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगले सशस्त्र द्वन्दको क्रममा बेपत्ता पारिएका व्यक्तिका पीडित परिवारलाई रु. १० (दश) लाखका दरले राहत रकम उपलब्ध गराउन विभिन्न मितिमा सिफारिस गरेका व्यक्तिहरुमध्ये केही व्यक्तिहरुले हालसम्म पनि राहत रकम प्राप्त गर्न नसकेकोले निजहरुलाई राहत रकम उपलब्ध गराउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, अर्थ मन्त्रालयलाई निर्देशन दिने।
- बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको सिफारिस अनुसार परिचय पत्र प्राप्त गरेका पीडित तथा पीडितका परिवारलाई निश्चित मापदण्डको आधारमा सेवा सुविधा, छुट तथा सहुलियत प्रदान गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देशन दिने।
- सशस्त्र द्वन्दका कारण घाइते भएकाहरुलाई निःशुल्क उपचारको व्यवस्था गर्न नेपाल सरकारलाई निर्देशन दिने।
- जनसंख्या तथा विकासका लागि सांसदहरुको मञ्च (NFPPD) र UNFPA को सहकार्यमा उपयुक्त समयमा "जनसंख्या र विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (ICPD) को प्रतिबद्धताहरु विशेष गरी लैङ्गिक समानता र लैङ्गिक हिंसालाई सम्बोधन गर्न र यौन तथा प्रजनन स्वास्थ्य अधिकारको प्रवर्द्धनमा सांसदहरुको भूमिका "विषयक दुई दिने आवासीय अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने।

## २०८१ बैशाख २१

समितिको सो दिन बसेको बैठकमा विपद् व्यवस्थापन (विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभ) सम्बन्धमा भएका काम कारवाही, विपद् जोखिम न्यूनीकरणको लागि तयारी तथा भावी कार्ययोजना सम्बन्धमा माननीय सदस्य उपप्रधानमन्त्री एवम् गृहमन्त्री रवि लामिछाने, गृह सचिव श्री एक नारायण अर्याल, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण प्राधिकरणका कार्यकारी निर्देशक श्री अनिल पोखेलसँग छलफल भई देहाय बमोजिम निर्णय भएको थियोः-

- अहिले देशभरी नै भईरहेको आगलागी लगायतका घटना र भविष्यमा हुन सक्ने विपद्लाई मध्यनजर गर्दै विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभिका कार्यहरुको लागि स्रोत साधनको कमी हुन नदिन, तहगत एवम् अन्तर मन्त्रालय समन्वय कायम गर्दै  प्रभावकारी रुपले विपद् व्यवस्थापन गर्न गृह मन्त्रालय र अर्थ मन्त्रालयलाई निर्देशन दिने।

## २०८१ बैशाख २५

समितिको उक्त बैठकमा राष्ट्रिय सुरक्षा नीति, राष्ट्रिय सुरक्षाको अवस्था, मन्त्रालयबाट भए गरेका कामकारबाही र भावी कार्यदिशा, रक्षा मन्त्रालयबाट सञ्चालित राष्ट्रिय गौरवका आयोजनाको कार्य प्रगति र समस्या सम्बन्धमा माननीय सदस्य रक्षामन्त्री हरि उप्रेति, प्रधान सेनापति श्री प्रभुराम शर्मा र रक्षा सचिव श्री किरणराज शर्मासँग भई देहाय बमोजिम निर्णय भएको थियोः

- मिति २०८१ बैशाख २४ गते समितिको कार्यक्षेत्र अन्तर्गत परराष्ट्र सम्बन्ध सम्बन्धी विषयमा भएको छलफल र आजको बैठकमा  भएको छलफल एवं निष्कर्षअनुसार नेपालको राष्ट्रिय सुरक्षा नीति र परराष्ट्र नीति साझा सहमति कायम गरी निर्माण गर्न आवश्यक देखिएकोले राष्ट्रिय सहमतिका आधारमा राष्ट्रिय सुरक्षा नीति र परराष्ट्र नीतिमा पुनरावलोकन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, परराष्ट्र मन्त्रालय र रक्षा मन्त्रालयलाई निर्देशन दिने।

**स्थलगत अनुगमनः**

- समितिले विश्व सम्पदा सूची बौद्धनाथ क्षेत्रको यथार्थ अवस्थाको जानकारी लिन बौद्ध क्षेत्र विकास समिति, स्थानीय सरोकारवाला निकाय र पक्षसँग मिति २०८१ साल जेठ २४ गते स्थलगत अनुगमन एवं अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको थियो।

**अन्तरक्रिया कार्यक्रमः**

- समितिको आयोजनामा मिति २०८१/०१/२१ र २२ गते पार्क भिलेज रिसोर्ट बुढानिलकण्ठमा जनसंख्या तथा विकासका लागि सांसदहरुको मञ्च ( NFPPD) र UNFPA को सहकार्यमा "जनसंख्या र विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (ICPD) को प्रतिबद्धताहरु विशेष गरी लैङ्गिक समानता र लैङ्गिक हिंसालाई सम्बोधन गर्न र यौन तथा प्रजनन स्वास्थ्य अधिकारको प्रवर्द्धनमा सांसदहरुको भूमिका "विषयक दुई दिने आवासीय अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको थियो।

## १.३ संघीय संसदका पदाधिकारीका गतिविधि

संघीय संसद, प्रतिनिधि सभाका सम्माननीय सभामुख, राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष, प्रतिनिधि सभाका माननीय सदस्य उपसभामुख र राष्ट्रिय सभाका माननीय सदस्य उपसभामुख र राष्ट्रिय सभाका माननीय सदस्य उपाध्यक्षका गतिविधि देहाय बमोजिम उल्लेख गरिएको छ।

### १.३.१ प्रतिनिधि सभाका सम्माननीय सभामुख

सम्माननीय सभामुखकोबाट २०८१ साल बैशाख १ गतेदेखि असार मसान्तसम्ममा सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरण निम्नानुसार रहेको छः-

**२०८१ बैशाख ४**

- २०८१ बैशाख ४ गतेदेखि झापास्थित सम्माननीय सभामुखको निर्वाचन क्षेत्रमा भएका आयोजनाहरूको अनुगमन लगायतका विभिन्न कार्यक्रममा सहभागी भई २०८१ बैशाख ६ गते काठमाडौं फर्कनुभएको।

**२०८१ बैशाख ७**

- जनता समाजवादी पार्टी नेपाल (जसपा) बाट समानुपातिक सांसद निर्वाचित हसिना खानलाई प्रतिनिधि सभा सदस्यको पद तथा गोपनीयताको शपथ गराउनुभएको।

**२०८१ बैशाख १३-१५ सम्म**

- २०८१ बैशाख १३-१५ सम्म लुम्बिनी प्रदेश सभाको आयोजनामा पाल्पा जिल्लाको तानसेनमा भएको नवौं अन्तर-व्यवस्थापिका भेलामा प्रमुख अतिथिको रूपमा सहभागिता जनाउनुभएको।

**२०८१ बैशाख १७**

- नेपाल पत्रकार महासंघ झापाको १४ औं अधिवेशन उद्घाटन कार्यक्रम र श्री कृष्णद्वैपाएन गुरूकुल वेद विद्याश्रमको बिसौं साधारण सभामा प्रमुख अतिथिको रूपमा सहभागिता जनाउनुभएको।

**२०८१ बैशाख १८**

- बजेट अधिवेशनलाई प्रभावकारी बनाउने विषयमा सिंहदरवारमा कानून, न्याय तथा संसदीय मामिला मन्त्री, मुख्य सचेतक, प्रमुख सचेतक, सचेतक, प्रतिनिधि सभाका विषयगत समितिका सभापतिहरू र समिति सचिवहरूसँग छलफल गर्नुभएको।

**२०८१ बैशाख २२**

- वराहक्षेत्र चतराधाम (सुनसरी) को कुम्भमेला भ्रमण तथा जगद् गुरूसँग साक्षात्कार कार्यक्रममा सहभागी हुनभएको।

**२०८१ बैशाख २५**

- संसदको आगामी अधिवेशनलाई प्रभावकारी बनाउने र विगतका असमझदारीको समेत समाधान खोज्ने प्रयासमा सिंहदरवारमा शीर्ष नेताहरूसँग छलफल गर्नुभएको।

**२०८१ बैशाख २६**

- प्रतिनिधि सभाका नवनिर्वाचित माननीय सदस्य सुहाङ नेम्वाङलाई शपथ ग्रहण गराउनुभएको।
- कानून दिवस, २०८१ को अवसरमा सर्वोच्च अदालतले आयोजना गरेको कार्यक्रममा विशिष्ट अतिथिको रूपमा सहभागिता जनाउनुभएको।

**२०८१ बैशाख २९**

- ललितपुरको महालक्ष्मी नगरपालिकाको वडा नम्बर १० को वडा कार्यालय भवन उद्घाटन कार्यक्रममा प्रमुख अतिथिको रूपमा सहभागिता जनाउनुभएको।

**२०८१ जेठ ५**

- काठमाडौंमा आयोजित नेपाल पत्रकार महासंघ प्रतिष्ठान प्रदेश समितिले आयोजना गरेको पत्रकारिताको सामयिक विमर्श तथा चौथो साधारणसभा कार्यक्रममा प्रमुख अतिथिको रूपमा सहभागी हुनुभएको।

**२०८१ जेठ ९**

- संघीय संसद सचिवालय सिँहदरबारमा राष्ट्रियसभाका सम्माननीय अध्यक्ष, प्रतिनिधि सभाका माननीय सदस्य सभामुख, राष्ट्रिय सभाका माननीय सदस्य उपाध्यक्ष, दुवै सभाका विषयगत समितिका माननीय सदस्य सभापतिहरू सहित माननीय सदस्य अर्थमन्त्रीसँग संसदीय बजेट व्यवस्थापन सम्बन्धमा छलफल गर्नुभएको।

**२०८१ जेठ १७**

- गणतन्त्र दिवस-२०८१ का अवसरमा राष्ट्रिय समाचार समिति (रासस) ले काठमाडौंमा आयोजना गरेको "गणतन्त्रका उपलब्धिः समृद्धिका लागि पूर्वाधार" शीर्षकको तस्वीर प्रदर्शनीको अवलोकन गर्नुभएको।

**२०८१ जेठ २३**

- विश्व वातावरण दिवस २०२४ को अवसरमा सम्माननीय राष्ट्रपतिले आयोजना गर्नुभएको वृक्षारोपण कार्यक्रममा सहभागी हुनुभएको।
- सहकारीको बचत रकम अपचलनसम्बन्धी छानबिन गर्न गठित "सहकारी संस्था बचत रकम संसदीय छानबिन विशेष समिति" को पहिलो बैठकमा सहभागी हुनुभएको।

**२०८१ जेठ २४**

- काठमाडौंमा आयोजित माथिल्लो तमोर जलविद्युत् आयोजना (२८५ मेगावाट) को कर्जा सुविधा सम्झौतामा हस्ताक्षर गर्ने वित्तीय व्यवस्थापन समारोह कार्यक्रममा प्रमुख अतिथिको रूपमा सहभागिता जनाउनुभएको।

**२०८१ जेठ २५**

- अन्तर-व्यवस्थापिका मञ्चको अनौपचारिक फोरमको नेतृत्व गर्दै आजसम्म गरेका संसदीय अनुभव आदान-प्रदान, संघीय संसद र प्रदेश सभाका समस्या तथा समाधानका उपाय लगायतका विषयमा छलफल गर्न सम्माननीय राष्ट्रपति र सम्माननीय प्रधानमन्त्रीसँग भेट गर्नुभएको।

**२०८१ जेठ २८**

- नेपालका लागि नर्वेजियन राजदूत H. E. Ms. Torun Dramdal सँग सिंहदरवारस्थित कार्यकक्षमा शिष्टाचार भेट गर्नुभएको।

**२०८१ जेठ ३०**

- संयुक्त अरब इमिरेट्स (युएई) का महामहिम राजदूत H. E. Mr. Abdulla Saeed Mubarak Jarwan Al Shamsi सँग सिंहदरवारमा शिष्टाचार भेट गर्नुभएको।

**२०८१ असार २**

- एपीवान टेलिभिजनबाट प्रसारित सद्गमय कार्यक्रमको समापन (फिनाले) कार्यक्रममा प्रमुख अतिथिको रूपमा सहभागिता जनाउनुभएको।

**२०८१ असार ३**

- सम्माननीय सभामुखको कार्यकक्षमा राष्ट्रियसभाका सम्माननीय अध्यक्ष, प्रतिनिधि सभाका माननीय सदस्य उपसभामुख, राष्ट्रिय सभाका माननीय सदस्य उपाध्यक्ष सहित संघीय संसद (प्रतिनिधि सभा र राष्ट्रिय सभा) मा प्रतिनिधित्व गर्ने दलका प्रमुख सचेतकसँग संघीय संसद सचिवालय कर्मचारी युनियनले राखेका कर्मचारीको सेवा सुविधा र वृत्तिविकास सम्बन्धी ११ बुँदे मागका सम्बन्धमा छलफल गर्नुभएको।

**२०८१ असार ८**

- भक्तपुर दुवाकोटस्थित गोल्डेन सुनगाभा इङ्गिलस स्कुलले आयोजना गरेको नमुना संसद अभ्यास कार्यक्रममा प्रमुख अतिथिको रूपमा सहभागिता जनाउनुभएको।

**२०८१ असार १०**

- नेपाल अलैंची व्यवसायी महासंघद्वारा ललितपुरमा आयोजित "अलैंचीको वर्तमान स्थिति, अवसर र चुनौती" विषयक राष्ट्रिय सम्मेलनमा प्रमुख अतिथिको रूपमा सहभागिता जनाउनुभएको।

**२०८१ असार १४**

- मदन भण्डारी मेमोरियल कलेज, काठमाडौंको २३ औं वार्षिकोत्सव समारोहमा प्रमुख अतिथिको रूपमा सहभागिता जनाउनुभएको।

**२०८१ असार १५**

- महालेखापरीक्षकको कार्यालयको ६६ औं वार्षिकोत्सव कार्यक्रममा प्रमुख अतिथिको रुपमा सहभागिता जनाउनुभएको।

**२०८१ असार १६**

- ६६ औं संसद दिवसको अवसरमा संघीय संसद भवनमा पूर्व सांसद मञ्च, नेपाल र संघीय संसद सचिवालयद्वारा संयुक्त रुपमा आयोजित कार्यक्रममा प्रमुख अतिथिको रूपमा सहभागिता जनाउनुभएको।

**२०८१ असार १९**

- प्रतिनिधि सभाको सचिव पदमा नियुक्त हुनुभएका सुरेश अधिकारीलाई पद तथा गोपनियताको शपथ गराउनुभएको।

**२०८१ असार २० र २१**

- असार २० गते झापास्थित शनिस्चरे अस्पतालको अपरेशन थिएटरको उद्घाटन कार्यक्रम, अर्जुनधारा नगरपालिकाको नगरसभा, मेचीनगरमा हात्ती आगमन सूचना प्रविधि केन्द्र उद्घाटन, बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको कार्यक्रममा प्रमुख अतिथिको रुपमा सहभागिता जनाउनुभएको साथै सम्माननीय सभामुखको निर्वाचन क्षेत्रमा भएका आयोजनाहरूको अनुगमन तथा स्थानीयसँग छलफल गरी २०८१ असार २१ गते काठमाडौं फर्कनुभएको।

**२०८१ असार २२**

- राष्ट्रिय युवा परिषदले आयोजना गरेको संघीय नमुना युवा संसद, २०८१ को समापन कार्यक्रममा प्रमुख अतिथिको रुपमा सहभागिता जनाउनुभएको।

**२०८१ असार २७**

- काठमाडौंमा आयोजित सगरमाथा टेलिभिजनको १७ औं वार्षिकोत्सव समारोहमा प्रमुख अतिथिको रुपमा सहभागिता जनाउनुभएको।

**२०८१ असार २९**

- नेपाली साहित्यका आदिकवि भानुभक्त आचार्यको २११ औं जन्मजयन्तीका अवसरमा नेपाल प्रज्ञा प्रतिष्ठान र भानु प्रतिष्ठानले आयोजना गरेको प्रभातफेरी तथा आदिकवि भानुभक्त आचार्यको प्रतिमामा माल्यार्पण गर्ने कार्यक्रममा प्रमुख अतिथिको रुपमा सहभागिता जनाउनुभएको।

**२०८१ असार ३१**

- राष्ट्रपति भवनमा नवनियुक्त सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको शपथ ग्रहण समारोहमा समुपस्थिति जनाउनुभएको।

## १.३.२ राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष

राष्ट्रिय सभाका सम्माननीय अध्यक्षको २०८१ साल बैशाख १ गतेदेखि असार मसान्तसम्मका सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरण निम्नानुसार रहेको छः-

**संसदीय गतिविधिः शिष्टाचार भेट**

**२०८० बैशाख ४**

- राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहालसँग नेपालका लागि गणतन्त्र कोरियाका राजदूत पार्क ताए-योङ (**Park Tae-young**) ले सिंहदरबारस्थित अध्यक्षको कार्यकक्षमा शिष्टाचार भेटघाट गर्नु भएको थियो।

**२०८१ असार ५**

- आयरल्याण्डको सिनेटका अध्यक्ष जेरी बट्टिमर (Jerry Buttimer) सँग सिंहदरबारस्थित कार्यकक्षबाट जुममार्फत् भर्चुअल छलफल गर्नु भएको थियो।

**२०८० बैशाख ९**

- राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहालसँग नेपालस्थित इजरायलका राजदूत हानन गोदार **(Hanan Goder)** ले सिंहदरबारस्थित अध्यक्षको कार्यकक्षमा शिष्टाचार भेटघाट गर्नु भएको थियो।

**विभिन्न निकायहरुबाट आयोजित सभा/समारोह/गोष्ठी/अन्तरक्रिया कार्यक्रममा सहभागिताः**

**२०८१ बैशाख २५**

महांकाल गाउँपालिका गोटिखेल, ललितपुरको आयोजनमा सञ्चालित खेलकुद कार्यक्रमको समापन कार्यक्रममा सम्माननीय अध्यक्ष सहभागी हुनु भएको थियो।

**२०८१ असार ७**

काभ्रेपलाञ्चोक धुलिखेलमा रहेको काठमाडौं विश्वविद्यालयको हलमा छैठौं इन्डो नेपाल फ्रेन्डसिप सोतोकान कराते प्रतियोगिता समुद्घाटन समारोहमा सम्माननीय अध्यक्ष सहभागी हुनु भएको थियो।

**२०८१ असार १७**

पूर्व सांसद मञ्च, नेपालको २४ औं वार्षिक साधारण सभाको उद्घाटन समारोहलाई सम्माननीय अध्यक्षले सम्बोधन गर्नुभएको।

**२०८१ असार २३**

नेपाल आइरल्याण्ड दिवसको दिन श्रव्यदृश्य शुभकामना व्यक्त गर्नुभएको।

**२०८१ असार २५**

नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौंमा आयोजित केन्द्रविन्दु प्लस टु एजुकेसन एक्सिलेन्स अवार्ड कार्यक्रममा सम्माननीय अध्यक्षले सम्बोधन गर्नुभएको।

**२०८१ असार ३१**

ठमेल पर्यटन विकास परिषद्को साधारण सभा ठमेलमा सम्माननीय अध्यक्षले सम्बोधन गर्नुभएको।

**विधायिकी कार्य**

- खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी विधेयक, २०७७ प्रमाणित
- सुरक्षण मुद्रण सम्बन्धी विधेयक, २०७७ प्रमाणित

**राष्ट्रिय सभाबाट पारित विधेयकहरु**

- लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेका विधेयक, २०८१
- विनियोजन विधेयक,२०८१
- आर्थिक विधेयक, २०८१
- राष्ट्र ऋण उठाउने विधेयक,२०८१
- भन्सार महसुल विधेयक,२०८१

## १.३.३ प्रतिनिधि सभाका माननीय सदस्य उपसभामुख

माननीय सदस्य उपसभामुखबाट २०८१ साल बैशाख १ गतेदेखि असार मसान्तसम्ममा सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरण निम्नानुसार रहेको छः-

**२०८१ बैशाख ३**

- समाजिक क्षेत्रमा योगदान गर्ने व्यक्तित्वहरुलाई पहिचान गरी नेपाल तेक्वान्दो संघले आयोजना गरेको बार्षिक साधारणसभामा सम्मान ग्रहणका लागि उपस्थित हुनुभएको थियो।

**२०८१ बैशाख ७**

- नेपाल तेक्वान्दो संघको वार्षिक साधारणसभाको अवसरमा आयोजित सौरहा थारु भ्याली प्रा.लि रत्ननगर चितवनमा सम्मान ग्रहण गर्न उपस्थिति हुनुभएको थियो।

**२०८१ बैशाख ८**

- बि.एस के. एक्टिभ नेपाल प्रोडक्सन प्रा. लि. द्धारा आयोजित गौतम बुद्ध म्युजिक एण्ड फिल्म अवार्ड २०२४ को ग्राण्ड फिनालेमा प्रमुख अतिथीको आतिथ्य ग्रहण गर्नु भएको थियो।

**२०८१ बैशाख २३**

- कानुनी अनुसन्धान समाज नेपालले आयोजना गरेको अन्तरक्रियात्मक कार्यक्रममा गैरसरकारी संस्था र सामाजिक संस्थाहरुले पार्न सक्ने गहिरो प्रभावलाई मानव अधिकार र सामुदायिक सशक्तिकरणको छलफलमा उपस्थिति जनाउनु भएको थियो।

**२०८१ जेठ २**

- शंखरा नगरपालिकाको जुनकिरी स्कुलमा राउन्ड टेबल नेपाल द्धारा आयोजित बालबालिका लागि शिक्षा कार्यक्रममा प्रमुख अतिथिको आतिथ्य ग्रहण गर्नभएको थियो।

**२०८१ जेठ ४**

- मितिनी नेपाल द्धारा आयोजित कार्यक्रम होमोफोबिया , बाइफोबिया र ट्रान्सफोबिया विरुद्धको अन्तर्राष्ट्रिय दिवस २०२४ को अवसरमा आयोजना हुने कार्यक्रममा प्रमुख अतिथिको रुपमा उपस्थित हुनुभएको थियो।

**२०८१ जेठ ०५**

- लायन्स इन्टरनेश्नलले आयोजना गरेको कार्यक्रममा स्थानीय निकायहरुसँग मिलेर सेवा कार्य गर्ने उद्देश्यका साथ खुशी बाडौं भन्ने कार्यक्रममा प्रमुख वक्ताको रुपमा पोखरामा उपस्थित हुनुभएको थियो।

**२०८१ जेठ ६**

- Exito Excellence Awards 2024 को कार्यक्रममा साउथ वेस्टर्न स्टेट कलेज वसुन्धारा, काठमाडौंमा माननीय सदस्य उपसभामुख प्रमुख अतिथिको आतिथ्य ग्रहण गर्नुभएको थियो।

**२०८१ जेठ ६**

- Alternative Care Youths Network द्धारा आयोजित कार्यक्रममा वैकल्पिक हेरचाहमा हुर्केका युवाहरुलाई अभिमुखीकरण सम्बन्धी दुई दिने गोष्ठी सञ्चालन कार्यक्रममा प्रमुख अतिथिको आतिथ्य ग्रहण गर्नुभएको थियो।

## २०८१ जेठ ७

- शिक्षा र अनुसन्धानका लागि संग्रहालय International council of museum द्वारा आयोजित कार्यक्रममा रसियन हाउस कमलपोखरी काठमाडौंमा सहभागी हुनुभएको थियो।

## २०८१ जेठ १०

- श्री लखन थापा मगरको शालिक अनावरण कार्यक्रममा मगर समाज सेवा केन्द्र नेपालले आयोजना गरेको कार्यक्रममा प्रमुख अतिथिको रुपमा उपस्थित हुनुभएको थियो।

## २०८१ जेठ १२

- नेपाल मगर संघ केन्द्रिय समितिको २८ औं राष्ट्रिय सम्मेलनमा गोरखा दरबार संग्रहालय स्थित विशेष अतिथिको रुपमा सहभागी हुनुभएको थियो।

## २०८१ जेठ २१

- अन्तरराष्ट्रिय क्रियटिभ म्युजिक अवार्ड २०२४ को फाइनल कार्यक्रममा प्रमुख अतिथिको रुपमा राष्ट्रिय नाचघर जमलमा उपस्थित हुनुभएको थियो।

## २०८१ जेठ २१

- आइसल्याण्डको वाणिज्य दूतको उद्धघाटन समारोहमा प्रमुख अतिथिको रुपमा सहभागि हुनुभएको थियो।

## २०८१ जेठ २२

- न्यूज एजेन्सी नेपाल द्वारा आयोजित मेलम्चीको बाढीको बहुआयामिक पक्षका बारेमा विज्ञ, स्थानीय सरकार,सरोकारवाला तथा नीति निर्माता सहितको अन्तरक्रिया कार्यक्रममा उपस्थित हुनुभएको थियो।

## २०८१ जेठ २४

- कीर्तिपुर स्थित त्रिभुवन विश्वविद्यालयको हिन्दी केन्द्रिय विभागको गोष्ठीमा प्रमुख अतिथिको रुपमा सहभागी हुनुभएको थियो।

**२०८१ जेठ २६**

- विद्यालयहरुका प्रधानध्यापकहरुको क्षमता विकास, शैक्षिक नेतृत्वको स्थापना गर्ने उद्देश्यले Principals Association of Nepal द्धारा आयोजित First National Summit को प्रमुख अतिथिको रुपमा सहभागी हुनुभएको थियो।

**२०८१ असार ४**

- काठमाडौं विश्वविद्यालय स्कुल अफ म्यानेजमेन्ट अन्तर्गत तथा सार्वजानिक निति र व्यवस्थापनका स्नाकोत्तरका विद्यार्थीहरुले आयोजना गरेको Instilling hope in Young Generation विषयवस्तु कार्यक्रममा गेस्ट पेनालिस्टका रुपमा सहभागी हुनुभएको थियो।

**२०८१ असार ६**

- ग्यास्ट्रोनोमी टुरिजम एसोसियसन अफ नेपाल द्धारा आयोजित पर्यटन पर्वद्धनमा, मौलिक तथा परम्परागत खानाको भूमिका विषयक विचार गोष्ठीमा प्रमुख अतिथ्य रहेको थियो।

**२०८१ असार ७**

- VSO नेपालले आयोजना गरेको कार्यक्रममा ललितपर स्थित सीमान्तकृत महिला तथा अपाङ्ता भएका बालबालिकका लागि लैङ्गिक उत्तरदायी शिक्षा प्रदान गरिएको र सोही कार्यक्रममा प्रमुख अतिथि रहनु भएको थियो।

**२०८१ असार १३**

- Pegeant Nepal ले आयोजना गरेको अन्तर्राष्ट्रिय उत्कृष्टता अवार्ड कार्यक्रममा प्रमुख अतिथिको रुपमा सहभागी हुनुभएको थियो।

**२०८१ असार १४**

- नेपाल युवा परिषदले आयोजना गरेको कार्यक्रममा जलवायु परिवर्तन, वातावरण संरक्षण र राष्ट्रिय बृक्षारोपण दिवस २०८१ को प्रमुख अतिथिको रुपमा सहभागी हुनुभएको थियो।

**२०८१ असार १६**

- पूर्व सांसद मञ्च नेपाल द्वारा आयोजित कार्यक्रममा ६६ औँ संसद दिवसको समारोहमा संसद भवन, बानेश्वरमा अतिथिको अतिथ्य ग्रहण गर्नुभएको थियो।

**२०८१ असार १७**

- माननीय सदस्य उपसभामुख नेतृत्वकोटोली चाइनाको ट्रान्स हिमालय फोरममा नेपालको प्रतिनिधित्व गर्दै एक हप्ताका लागि कार्यक्रममा सहभागी भएको थियो।

**२०८१ असार ३०**

- मिडिया र समकालीन विकास फाउन्डेसन (एमसीडीएफ) र स्वनीति ग्लोबलद्धारा आयोजित वायु गुणस्तर व्यवस्थापनमा र विषाक्तता उन्मूलनको कार्यक्रममा सहभागी हुनुभएको थियो।

**२०८१ असार ३१**

- श्री जैन श्वेताम्बर तेरापंथी सभाले आयोजना गरेको विशेष स्वागत अभिनन्दन कार्यक्रम कमलपोखरी काठमाडौंमा माननीय सदस्य उपसभामुखले प्रमुख आतिथ्य ग्रहण गर्नुभएको थियो।

## १.३.४ राष्ट्रिय सभाका माननीय सदस्य उपाध्यक्ष

माननीय सदस्य उपाध्यक्षबाट २०८१ साल बैशाख १ गतेदेखि असार मसान्तसम्ममा सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरण निम्नानुसार रहेको छः-

**२०८१ बैशाख १**

- कपिलवस्तु जिल्ला वाणगङ्गा नगरपालिका स्थित सिद्धार्थ वचत तथा ऋण सहकारीको २५ औँ वार्षिक उत्सव तथा रजत जयन्ती समारोहमा प्रमुख अतिथिको रुपमा सहभागी हुनुभएको थियो।

**२०८१ बैशाख २**

- कपिलवस्तु जिल्ला वाणगङ्गा नगरपालिका स्थित मधुवनधाममा सञ्चालित स्वास्थ्य शिविर उद्धाटन कार्यक्रममा प्रमुख अतिथिको रुपमा सहभागी हुनुभएको थियो।

**२०८१ बैशाख ६**

- नुवाकोट जिल्लाको विदुर नगरपालिका स्थित त्रिशुली प्रवाह साप्ताहिकको २५ औं वार्षिक उत्सव तथा रजत जयन्ती कार्यक्रममा सहभागी भई नुवाकोट दरवारको अनुगमन गर्नुभएको थियो।

**२०८१ बैशाख १२**

- कपिलवस्तु जिल्ला अस्पतालको अनुगमन।
- कपिलवस्तु जिल्ला वालमन्दिरको अवलोकन।
- कपिलवस्तु जिल्ला समन्वय समितिको आयोजनामा अन्तर-पालिका समन्वय वैठकमा प्रमुख अतिथिको रुपमा सहभागी हुनुभएको थियो।

**२०८१ बैशाख १३-१५**

- लुम्विनी प्रदेशको पाल्पा जिल्लामा आयोजना भएको अन्तर व्यवस्थापिका भेलामा सहभागी हुनुभएको थियो।

**२०८१ बैशाख २३**

- कपिलवस्तु जिल्ला विजयनगर गाउँपालिका अन्तर्गत आधारभूत अस्पताल भवन उद्घाटन समारोहमा विशिष्ठ अतिथिको रुपमा सहभागी हुनुभएको थियो।

**२०८१ जेठ १०**

- लुम्विनीमा २५६८ औं बुद्ध जयन्ती समारोहमा विशिष्ट आतिथिको रुपमा सहभागी हुनुभएको थियो।

**२०८१ जेठ ११**

- कपिलवस्तुको तिलौराकोटमा राजा शुद्धोधन र रानी मायादेवीको पुत्रलाई लुम्विनीबाट दरवार भित्राएको ऐतिहासिक दिनको अवसरमा सञ्चालित समारोहमा प्रमुख आतिथिको रुपमा सहभागी हुनुभएको थियो।

**२०८१ जेठ १५**

- २०८१ गणतन्त्र दिवसका अवसरमा प्रदर्शन भएको नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानले आयोजना गरेको  राष्ट्रिय ललितकला प्रदर्शनी -२०८० को अवलोकन गर्नुभएको  थियो।

## २०८१ जेठ २६

- बुढानिलकण्ठमा आयोजना गरिएको संसदमा महिला माननीय सदस्यहरुको भूमिका सम्वन्धी अन्तरक्रिया कार्यक्रममा प्रमुख अतिथिको रुपमा सहभागी हुनुभएको थियो।

## २०८१ जेठ २८

- नेपाल नगरपालिका संघको रणनीतिक कार्य योजना अन्तर्गत नगरपालिकाहरुमा स्थानीय सरकारको सवलीकरण गर्दै संघीयता कार्यान्वयनमा सहयोग पुयाउने उद्देश्यले सरोकारवालाहरुको सहभागितामा १ दिवसीय "नगर सुशासन, वित्तीय अनुशासन र दिगो विकास" विषयक अन्तरक्रिया कार्यक्रममा प्रमुख आतिथिको रुपमा सहभागी हुनुभएको थियो।

## २०८१ असार ९

- चीनको सिछुवान प्रान्तीय जनराजनीतिक परामर्शदातृ सम्मेलनको आयोजना तथा साइनो नेपाल मिडिया सोसाइटीको सहआयोजनामा तय गरिएको चीन (सिछुवान) नेपाल प्राविधिक सहयोग प्रवर्द्धन कार्यक्रममा प्रमुख अतिथिको रुपमा मन्तव्य व्यक्त गर्नुभएको थियो।

## २०८१ असार १०

- बाणगङ्गा नगरपालिकाको १५ औं नगर सभा तथा बजेट सार्वजनिकीकरण समारोहमा विशिष्ट अतिथिको रुपमा सहभागी हुनुभएको थियो।
- कपिलवस्तु जिल्लाको श्रीङ्कीघाट सामुदायिक वन उपभोक्ता समूहद्वारा मिति २०८१।०३।१० देखि २४ गतेसम्म सञ्चालन हुने  महिला उद्यमशील विकासका लागि कागजको झोला बनाउने तालिम कार्यक्रमा प्रमुख आतिथिको रुपमा सहभागी हुनुभएको थियो।

## २०८१ असार १६

- २०८१ असार १६ गते भएको (छलफलको विषय- “संसदको प्रभावकारितामा सांसदको भूमिका”)  ६६औं संसद दिवस समारोहमा अतिथिको रुपमा सहभागी हुनुभएको थियो।

**२०८१ असार २६**

- संघीयता सवलीकरण तथा राष्ट्रिय सरोकार समितिको आयोजनामा सञ्चालन भएको मानव अंग प्रत्यारोपणको अवस्था सम्बन्धी छलफल कार्यक्रममा प्रमुख आतिथिको रुपमा सहभागी हुनुभएको थियो।

**२०८१ असार ३१**

- बुढानिलकण्ठ नगरपालिकाको नगरसभाको १४ औं अधिवेशनमा प्रमुख आतिथिको रुपमा सहभागी हुनुभएको थियो।
- प्रधानमन्त्री, उपप्रधानमन्त्री र मन्त्रीहरुको पद तथा गोपनीयताको शपथ ग्रहण समारोहमा सहभागी हुनुभएको थियो।

# खण्ड-दुई
# संघीय संसद सचिवालय

## २.१ संघीय संसद सचिवालय अन्तर्गतका गतिविधि

संघीय संसद सचिवालयको सँगठन संरचना अनुसार सचिवालयमा महाशाखा, समिति सचिवालय, शाखा, निजी सचिवालय, इकाई लगायतका संरचनाहरु रहेका छन्। यी संरचनाहरुले संघीय संसदको कामकारबाहीलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्न सहयोग गर्दछन्। यस खण्डमा सचिवालयका विभिन्न शाखाहरुबाट भएका कामकारबाहीको विवरण प्रस्तुत गरिएको छ।

## २.१.१ कार्यव्यवस्था महाशाखा (प्रतिनिधि सभा)

यस महाशाखा अन्तर्गत कार्यव्यवस्था शाखा (प्रतिनिधि सभा), सम्पूर्ण विवरण शाखा (प्रतिनिधि सभा) र प्रश्न व्यवस्थापन शाखा (प्रतिनिधि सभा) रहेको छन्।

## २.१.१.१ कार्यव्यवस्था शाखा (प्रतिनिधि सभा)

२०८१ बैशाख १ गतेदेखि असार मसान्तसम्म यस शाखाबाट सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरण निम्नानुसार रहेको छ :

- कार्यव्यवस्था शाखा (प्रतिनिधि सभा) ले यस अवधिमा बसेका प्रतिनिधि सभाका बैठकहरू सञ्चालनका लागि सम्माननीय सभामुखलाई आवश्यक सहयोग र समन्वय गरेको छ। साथै बैठकमा आवश्यक पर्ने विभिन्न प्रस्ताव, कागजात र विवरणहरूको संकलन, छनौट, सदनमा प्रस्तुत गर्ने प्रक्रिया तयार गर्ने लगायतका कार्य र सोको अभिलेखीकरण गर्ने कार्य यस शाखाबाट भएको छ।

- त्यसैगरी, सभाको बैठकहरू सुव्यवस्थित रूपमा सञ्चालन गर्न सम्माननीय सभामुखलाई आवश्यक परामर्श दिन विभिन्न मितिमा ९ पटक बसेको कार्यव्यवस्था परामर्श समितिको बैठक आह्वान, समन्वय, कार्यसूची, माइन्यूट तथा निर्णय तयार गरी कार्यान्वयनको लागि पत्राचार गर्ने कार्य यस शाखाबाट भएको छ। तेस्रो अधिवेशन अन्त्य पश्चात् माननीय सदस्यहरूबाट प्राप्त अनुपस्थितिका सूचनाहरू समेत सम्माननीय सभामुख समक्ष स्वीकृतार्थ पेश गरिएको छ। साथै, यस शाखाबाट प्रतिनिधि सभाको चौथो अधिवेशनको बैठक सञ्चालन सम्बन्धी सम्भावित पाक्षिक कार्यतालिका तयार गरी कार्यव्यवस्था परामर्श समितिबाट स्वीकृत भएपश्चात् प्रकाशन गरिएको छ। यसको अतिरिक्त शाखाले प्रतिनिधि सभा सञ्चालनका लागि माननीय सदस्य मन्त्री एवं मन्त्रालय र माननीय सदस्यहरूसँग समन्वय गर्नुका साथै अन्य विविध कार्यमा सहयोग पुर्याइरहेको छ।

## २.१.१.२ सम्पूर्ण विवरण शाखा (प्रतिनिधि सभा)

यस शाखाबाट मिति २०८१ बैशाख १ गतेदेखि असार मसान्तसम्म सम्पन्न गरेका मुख्य कामकारबाही विवरण देहायबमोजिम रहेको छः-

- संघीय संसदको अघिल्लो कार्यकाल अन्तर्गतको चौथो अधिवेशनका सम्पूर्ण विवरण सम्बन्धी तयार भई प्रकाशित पुस्तकमा रहेका त्रुटिहरु सच्चाउने कार्यहरु भईरहेको।
- संघीय संसदको दोस्रो कार्यकाल अन्तर्गतको चालु अधिवेशका सम्पूर्ण विवरणको पुस्तक प्रकाशन प्रयोजनार्थ लिपिबद्ध गर्ने कार्य भईरहेको।

## २.१.१.३ प्रश्न व्यवस्थापन शाखा (प्रतिनिधि सभा)

२०८१ बैशाख १ देखि असार मसान्तसम्म यस शाखाबाट सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरण निम्नानुसार रहेको छ :

- प्रतिनिधि सभाको चौथो अधिवेशनमा विभिन्न मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्न संख्या ३० दर्ता भएकोमा २३ वटाको जवाफ प्राप्त भएको थियो।

## २.१.२ कार्यव्यवस्था महाशाखा (राष्ट्रिय सभा)

यस महाशाखा अन्तर्गत कार्यव्यवस्था शाखा (राष्ट्रिय सभा), सम्पूर्ण विवरण शाखा (राष्ट्रिय सभा) र प्रश्न व्यवस्थापन शाखा (राष्ट्रिय सभा) रहेको छन्।

## २.१.२.१ कार्यव्यवस्था शाखा(राष्ट्रिय सभा)

कार्यव्यवस्था शाखाले सभा र कार्यव्यवस्था परामर्श समितिका बैठकहरूको व्यवस्थापन गर्ने, कार्यसूची, बाचनपत्र, सूचनापत्र तयार गर्ने, सदस्यहरूलाई बैठक सम्बन्धी सूचना उपलब्ध गराउने, सभामा पेश गरिने सामाग्रीहरूको वितरणको व्यवस्थापन हेर्ने, यस अवधिमा शुन्य समय, विशेष समय, आकस्मिक समय र प्रादेशिक सरोकार समयमा बोल्ने सदस्यहरुको नामवली तयार गर्ने, सभा तथा कार्यव्यवस्था परामर्श समितिका बैठकहरूको व्यवस्थापन तथा अभिलेखीकरण गर्ने लगायतका कार्यहरू गरेको छ।

## २.१.२.२ सम्पूर्ण विवरण शाखा (राष्ट्रिय सभा)

२०८१ बैशाख १ देखि असार मसान्तसम्म यस शाखाबाट सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरण निम्नानुसार रहेको छ :

- पन्ध्रौं अधिवेशनको बैठक संख्या १३ देखि २० सम्मको बैठकगत सम्पूर्ण विवरण तयार गरी Website मा राखिएको।
- पन्ध्रौ अधिवेशनगको अधिवेशनगत सम्पूर्ण विवरणसम्वन्धी पुस्तक प्रकाशन तथा प्रमाणीकरण भएको।

- सोह्रौं अधिवेशनको बैठक संख्या १ देखि बैठक संख्या १३ सम्मको बैठकगत सम्पूर्ण विवरण तयार गरी Website मा राखिएको।
- राष्ट्रिय सभाका नवनिर्वाचित माननीय सदस्यहरुको हालसम्मका बैठकहरुको व्यक्तिगत पुस्तकको Digital Copy तयार पारिएको।

## २.१.२.३ प्रश्न व्यवस्थापन शाखा (राष्ट्रिय सभा)

२०८१ बैशाख १ देखि असार मसान्तसम्म यस शाखाबाट सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरण निम्नानुसार रहेको छ :

- राष्ट्रिय सभाको सोह्रौ अधिवेशनमा विभिन्न मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्न संख्या ७ र लिखित प्रश्न संख्या १ दर्ता भएको।
- मन्त्रालय पठाइएका प्रश्नहरुमध्ये ४ मौखिक प्रश्न र १ लिखित प्रश्नको जवाफ आएको।

## २.१.३ विधि व्यवस्थापन महाशाखा (प्रतिनिधि सभा)

यस महाशाखा अन्तर्गत विधेयक शाखा (प्रतिनिधि सभा) रहेको छ।

## २.१.३.१ विधेयक शाखा (प्रतिनिधि सभा)

२०८१ बैशाख १ गतेदेखि असार मसान्तसम्म यस शाखाबाट सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरण निम्नानुसार रहेको छ :

देहायका विधेयकहरु सभामा सैद्धान्तिक छलफल समाप्त भए पश्चात प्राप्त संशोधन प्रस्तावहरु एकीकृत गरी सभामुखबाट स्वीकृत गरी समितिमा पठाइएको थियो।

| सि.नं. | विधेयकको नाम | दर्ता नं./मिति | समितिमा पठाइएको | अधिवेशन |
|---|---|---|---|---|
| १. | सङ्घीय निजामती सेवा विधेयक, २०८० | १५/२०८०/११/२१ | ०८१/०२/१५ | चौथो |
| २. | विद्युतीय व्यापार विधेयक, २०८० *(राष्ट्रिय सभामा उत्पन्न)* | २०८०/०३/१२ | ०८१/०२/१५ | चौथो |
| ३. | बैङ्क तथा वित्तीय संस्था सम्बन्धी (पहिलो संशोधन)विधेयक, २०८० | १५/२०८०/१२/०५ | ०८१/०३/१७ | चौथो |

यस अवधिमा दर्ता भएर राष्ट्रपतिबाट प्रमाणीकरण भएको विधेयक

| क्र.स. | विधेयकको नाम | दर्ता | सभामा प्रस्तुत | अधिवेशन | प्रमाणीकरण |
|---|---|---|---|---|---|
| १. | लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेकोविधेयक, २०८१ | २०८१/०२/२८ | २०८१/०३/०२ | चौथो | २०८१/०३/२४ |
| २. | विनियोजन विधेयक, २०८१ | २०८१/०२/१५ | २०८१/०२/२३ | चौथो | २०८१/०३/३० |
| ३. | आर्थिक विधेयक, २०८१ | २०८१/०२/१५ | २०८१/०२/२३ | चौथो | २०८१/०४/०१ |
| ४. | राष्ट्र ऋण उठाउने विधेयक, २०८१ | २०८१/०२/१५ | २०८१/०२/२३ | चौथो | २०८१/०४/०१ |
| ५. | भन्सार महसुल विधेयक, २०८१ | २०८१/०२/१५ | २०८१/०२/२३ | चौथो | २०८१/०४/०१ |

देहायका विधेयकहरु सभामा सैद्धान्तिक छलफल समाप्त भए पश्चात प्राप्त संशोधन प्रस्तावहरु एकीकृत गर्ने कार्य भइरहेको

| क्र.स. | विधेयकको नाम | दर्ता मिति | सभामा छलफल मिति | अधिवेशन |
|---|---|---|---|---|
| १. | जलस्रोत विधेयक, २०८१ | २३/०८१/०२/३१ | २०८१/०३/१७ | चौथो |

## २.१.४ विधि व्यवस्थापन महाशाखा (राष्ट्रिय सभा)

यस महाशाखा अन्तर्गत रहेको विधेयक शाखा (राष्ट्रिय सभा) रहेको छ।

## २.१.४.१ विधेयक शाखा (राष्ट्रिय सभा)

२०८१ बैशाख १ गतेदेखि असार मसान्तसम्म यस शाखाबाट सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरण निम्नानुसार रहेको छ :

**विधेयक प्रमाणीकरण**

राष्ट्रिय सभामा उत्पत्ति भएको खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी विधेयक, २०७७ दुवै सभाबाट पारित भई २०८१ साल बैशाख २३ गते राष्ट्रपतिबाट प्रमाणीकरण भएको छ। त्यस्तै सुरक्षण मुद्रण सम्बन्धी विधेयक, २०७७ दुवै सदनबाट पारित भई २०८१ साल असार १८ गते राष्ट्रपतिबाट प्रमाणीकरण भएको छ।

**विधेयक दर्ता**

यस अवधिमा राष्ट्रिय सभातर्फ तीनवटा विधेयक दर्ता भएका छन्। तीमध्ये मिडिया काउन्सिल विधेयक, २०८० र नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धी विधेयक, २०८१ विधायन व्यवस्थापन समितिमा विचाराधीन रहेका छन्। तिलगङ्गा नेत्र विश्वविद्यालय विधेयक, २०८१ राष्ट्रिय सभामा पेस भएको अवस्था छ।

**विधायिकी कार्य**

प्रतिनिधि सभाबाट २०८१ साल असार १३ गते सन्देश सहित फिर्ता आएको अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक, २०७७ राष्ट्रिय सभामा विचाराधीन रहेको छ। २०८१ साल जेठ २९ मा सन्देश पठाइएको सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक,

२०८० सहित रष्ट्रिय सभामा उत्पत्ति भई प्रतिनिधि सभामा विचाराधीन विधेयकको संख्या नौ रहेको छ।

प्रतिनिधि सभामा उत्पत्ति र पारित भई राष्ट्रिय सभामा विभिन्न मितिमा सन्देश सहित प्राप्त देहायका विधेयकहरूलाई राष्ट्रिय सभाले समेत पारित गरी प्रतिनिधि सभामा सन्देश सहित फिर्ता पठाएको छ।

- लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८१
- विनियोजन विधेयक, २०८१
- आर्थिक विधेयक, २०८१
- राष्ट्र ऋण उठाउने विधेयक, २०८१
- भन्सार महसुल विधेयक, २०८१

## २.१.५ प्रशासन महाशाखा

यस महाशाखा अन्तर्गत रहेका कर्मचारी प्रशासन शाखा, आर्थिक प्रशासन शाखा, सूचना तथा अभिलेख व्यवस्थापन शाखा, मर्यादापालन तथा सुरक्षा शाखा गरी चारवटा शाखाहरू तथा निजी सचिवालयहरु रहेका छन्।

### २.१.५.१ कर्मचारी प्रशासन शाखा

२०८१ बैशाख १ गतेदेखि असार मसान्तसम्म यस शाखाबाट सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरण निम्नानुसार रहेको छ :

- सचिवालयमा रिक्त रा.प. अनं. द्वितीय श्रेणीका देहायबमोजिमका पदहरूमा लोक सेवा आयोगको सिफारिसमा देहाय बमोजिमका कर्मचारीहरू नियुक्त हुनुभएको।

| क्र.स | पद | नाम, थर | नियुक्ति र हाजिरी मिति |
|---|---|---|---|
| १ | प्रेस टेक्निसियन | श्री किशोर तिमल्सेना | २०८१/०२/१८ |
| २ | प्रेस टेक्निसियन | श्री इन्दु कुमारी चौधरी | २०८१/०२/१८ |

| क्र.स | पद | नाम, थर | नियुक्ति र हाजिरी मिति |
|---|---|---|---|
| ३ | प्रेस टेक्निसियन | श्री मनिषा सुनुवार | २०८१/०२/१८ |
| ४ | खरिदार | श्री देवकी भुषाल | २०८१/०२/२८ |
| ५ | खरिदार | श्री पुजा ठगुन्ना | २०८१/०२/२८ |
| ६ | खरिदार | श्री इन्द्र कुमार राई | २०८१/०२/२८ |

- संघीय संसद सचिवालय सम्बन्धी ऐन, २०६४ तथा संघीय संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०६५ बमोजिमको संघीय संसद सेवा राजपत्रांकित द्वितीय श्रेणीको उपसचिव पदमा कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा सम्बन्धी व्यवस्थाअनुसार बढुवाका लागि दरखास्त आह्वान सम्बन्धी सूचना प्रकाशन (सूचना प्रकाशन मिति २०८१/०३/२८)।

## २.१.५.२ सूचना तथा अभिलेख व्यवस्थापन शाखा

यस शाखाले मूलतः सूचनाको संकलन, प्रशोधन तथा भण्डार गर्ने कार्य तथा संसदीय अभिलेखहरुको व्यवस्थापन सम्वन्धी कार्यका साथै संघीय संसदका सदस्य तथा पूर्व संसद सदस्य, संसदीय रिपोर्टिङ्ग गर्ने पत्रकारलाई परिचय पत्र तयार गरी उपलब्ध गराउने कार्य गर्दछ। यसका अतिरिक्त यस शाखाले मन्त्रालयबाट संसदीय रिपोर्टिङका लागि आउने कर्मचारीहरुका लागि प्रवेश पास जारी गर्दछ। सूचना अधिकारीको सचिवालय समेत रहेकोले यस शाखाले सूचना माग सम्बन्धी निवेदनहरुको प्रकृयागत कार्य समेत गर्दछ। सांसद सुविधा व्यवस्थापन शाखाले जारी गर्ने स्वकीय सचिवहरुका परिचय पत्र समेत हाललाई यसै शाखाबाट जारी गर्ने गरी निर्देशन भए अनुसार उक्त शाखाले गरेको सिफारिसका आधारमा त्यस्ता परिचयपत्रहरु समेत तयार गरी उपलब्ध गराउने गर्दै आइरहेको छ। यस शाखाले यस अवधिमा गरेका कामहरुको विवरण निम्नानुसार प्रस्तुत गरिएको छः

## परिचय पत्र जारी

| परिचय पत्रको प्रकार | सङ्ख्या | जम्मा |
|---|---|---|
| प्रतिनिधि सभा सदस्य | २० (प्रतिलिपि) | २० |
| राष्ट्रिय सभा सदस्य | ७ | ७ |
| संविधान सभा सदस्य | ७ | ७ |
| पूर्व सांसद | १० | १० |
| स्वकीय सचिव (प्रतिनिधि सभा) | ४९ | ४९ |
| स्वकीय सचिव (राष्ट्रिय सभा) | ३८ | ३८ |
| पत्रकार (संसद प्रवेश पास) | २४ (नयाँ) ५४ (नवीकरण) | ७८ |
| **कुल जम्मा** | **२०९** | |

## सूचनाको हक सम्बन्धी सूचना

| सूचना मागकर्ता | सूचनाको विषय | उपलब्ध गराइएको |
|---|---|---|
| कृष्णमुरारी पुडासैनी | प्रेसका सम्बन्धमा सचिवालयले सूचना विभागलाई गरेको पत्राचारको प्रतिलिपि | २०८१/०१/०९ |
| अजय कुमार मिश्र | सदस्यहरुको हाजिरी र सभामा बोलेको समयको विवरण | २०८१/०१/१७ |
| सागर जोशी | शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा दिएको निवेदन उपर भएको कारबाहीको जानकारी | २०८१/०२/०२ |

| सूचना मागकर्ता | सूचनाको विषय | उपलब्ध गराइएको |
|---|---|---|
| विपि पौडेल | सार्वजनिक लेखा समितिमा दर्ता भएको विशेष उजुरी सम्बन्धी विवरण | २०८१/०२/१७ |
| पुष्पप्रसाद खतिवडा सहित ५ जना | निर्वाचनमा उम्मेदवारको योग्यता/अयोग्यता सम्बन्धी जानकारी | २०८१/०२/२४ |
| मकर बहादुर श्रेष्ठ | संघीय संसद सदस्यका स्वकीय सचिव र सचिवालयमा रहेका कर्मचारीहरुको शैक्षिक योग्यता ठेगाना लगायतका विवरण | २०८१/०२/२७ |
| सागर जोशी | औषधि असरयुक्त हुने प्रावधानबारे भएको छानबिन सम्बन्धीमा जानकारी। | २०८१/०३/०६ |
| तारानाथ दाहाल | २०६३ देखि हालसम्मको संकल्प प्रस्ताव सम्बन्धी विवरण | २०८१/०३/२६ |

अभिलेख व्यवस्थापनका लागि विभिन्न समिति, निजी सचिवालय तथा शाखाहरुमा सम्पर्क गरी अभिलेखहरु सङ्कलन, सूचनाको हक सम्बन्धी ऐन, २०८१ को दफा ५ तथा सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम बमोजिम प्रकाशित विवरणका लागि सामग्रीहरु सङ्कलन, अध्ययन र रुजुसम्बन्धी कार्यका साथै अन्य नियमित कार्यहरु सम्पादन हुँदै आइरहेका छन्।

### २.१.५.३ आर्थिक प्रशासन शाखा

२०८१ बैशाख १ देखि असार मसान्तसम्म यस शाखाबाट सम्पादित मुख्य मुख्य कार्यहरुको संक्षिप्त विवरण निम्नानुसार रहेको छः

| खर्च/ वित्तीय सङ्केत नं | खर्च/ वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | बाँकी बजेट |
|---|---|---|---|---|---|---|
| २१११११ | पारिश्रमिक कर्मचारी | २४०,६००,०००.०० | १९०,१९१,७६२.४४ | १६,५८८,१२६.१० | २०६,७७९,८८८.५४ | ३३,८२०,१११.४६ |
| २११२१ | पोशाक | ४,६००,०००.०० | ४०७२८०० | ३०००० | ४,१०२,८००.०० | ४९७,२००.०० |
| २११३२ | महंगी भत्ता | ७,८००,०००.०० | ५,०१४,४१५.१४ | ५४८,५८०.६४ | ५,५६२,९९५.७८ | २,२३७,००४.२२ |
| २११३४ | कर्मचारी को बैठक भत्ता | ३,३००,०००.०० | २,०७५,२००.०० | ६१५,५००.०० | २,६९०,७००.०० | ६०९,३००.०० |
| २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ५५,५६४,९००.०० | ३१०००० | ५२६६२६८५ | ५२,९७२,६८५.०० | २,५९२,२१५.०० |
| २१२१२ | योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | १,१००,०००.०० | ३१२,७०१.९२ | २४,८७७.५४ | ३३७,५७९.४६ | ७६२,४२०.५४ |
| २१२१९ | अन्य सामाजिक सुरक्षा खर्च | ३,५००,०००.०० | २८०६४८९ | | २,८०६,४८८.९५ | ६९३,५११.०५ |
| २२१११ | पानी तथा बिजुली | ५,५००,०००.०० | ४,८९४,७७४.५० | ४९१,०८०.०० | ५,३८५,८५४.५० | ११४,१४५.५० |
| २२११२ | संचार महसुल | ४,८००,०००.०० | १५७२३८३ | १,६४६,०२०.९९ | ३,२१८,४०४.१९ | १,५८१,५९५.८१ |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | १६,४००,०००.०० | १४,६४८,३६७.५० | ५५९,४१२.५० | १५,२०७,७८०.०० | १,१९२,२२०.०० |

| खर्च/ वित्तीय सङ्केत नं | खर्च/ वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | बाँकी बजेट |
|---|---|---|---|---|---|---|
| २२२१३ | सवारी साधन मर्मत खर्च | १०,७००,०००.०० | ६,५३६,०२९.२९ | २,२७१,०३३.९८ | ८,८०७,०६३.२७ | १,८९२,९३६.७३ |
| २२२१४ | बिमा तथा नवीकरण खर्च | ३,६००,०००.०० | १,५५२,८९१.२० | १०६८८४९ | २,६२१,७३९.७० | ९७८,२६०.३० |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ४,०००,०००.०० | १९४१४६४ | २,०५८,२३५.९६ | ३,९९९,७००.३८ | २९९.६२ |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ३,०००,०००.०० | ७२१,०८९.०० | ५७५११० | १,२९६,१९९.३४ | १,७०३,८००.६६ |
| २२२९१ | अन्य सम्पत्तिहरू को सञ्चालन तथा सम्भार खर्च | १,३००,०००.०० | ४४००० | १६६९२३ | २१०,९२३.०० | १,०८९,०७७.०० |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | १६,०००,०००.०० | १५,५०१,४८९.७८ | ५२,७५१.०० | १५,५५४,२४०.७८ | ४४५,७५९.२२ |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | २००,०००.०० | १९९६०३ | ० | १९९,६०३.०० | ३९७.०० |

| खर्च/ वित्तीय सङ्केत नं | खर्च/ वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | बाँकी बजेट |
|---|---|---|---|---|---|---|
| २२३१५ | पत्रपत्रिका, छपाइ तथा सूचना प्रकाशन खर्च | ४,८००,०००.०० | २,४१२,३२७.६० | १,२६१,१२६.३० | ३,६७३,४५३.९० | १,१२६,५४६.१० |
| २२४११ | सेवा र परामर्श खर्च | २,६००,०००.०० | २,१३१,६०१.३० | ६५,३९८.०० | २,१९६,९९९.३० | ४०३,०००.७० |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च | २,०००,०००.०० | ११३०८४९ | ४७५१६५ | १,६०६,०१४.०० | ३९३,९८६.०० |
| २२४१३ | करार सेवा शुल्क | ४४,६००,०००.०० | ३३,१६१,१४६.४१ | ९,३४६,३१८.६४ | ४२,५०७,४६५.०५ | २,०९२,५३४.९५ |
| २२५११ | कर्मचारी तालिम खर्च | ३००,०००.०० | २९१,४४५.०० | ८,५२७.०० | २९९,९७२.०० | २८.०० |
| २२५२२ | कार्यक्रम खर्च | २,२००,०००.०० | १९७५५३९ | १७७६०० | २,१५३,१३९.२० | ४६,८६०.८० |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | ४,५००,०००.०० | ४,३२५,७१०.०० | १७४,२९०.०० | ४,५००,०००.०० | ०.०० |
| २२६१२ | भ्रमण खर्च | १००,०००.०० | २९,३००.०० | ५४७५० | ८४,०५०.०० | १५,९५०.०० |
| २२७११ | विविध खर्च | २,०००,०००.०० | १,९२५,९४७.८४ | ७१,१९५.०० | १,९९७,१४२.८४ | २,८५७.१६ |
| २७३१३ | सेवा निबृतको सचित विदा | ४२१,६७८.०० | ४२१,६७८.०० | ०.०० | | |
| २७३१४ | सेवा निबृतको अषधि | ४७२,९८७.०० | ४५१,८४८.१९ | ०.०० | ४५१,८४८.१९ | २१,१३८.८१ |

| खर्च/ वित्तीय सङ्केत नं | खर्च/ वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | बाँकी बजेट |
|---|---|---|---|---|---|---|
| | उपचार | | | | | |
| जम्मा | | ४४५,९५९,५६५.०० | ३००,६५२,८५२.८८ | ९०,९९३,५५५.४९ | ३९१,६४६,४०८.३७ | ५४,३१३,१५६.६३ |

## २.१.५.४ मर्यादापालन तथा सुरक्षा समन्वय शाखा

२०८१ बैशाख १ गतेदेखि असार मसान्तसम्म यस शाखाबाट सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरण निम्नानुसार रहेको छ :

**प्रतिनिधि सभा**

- संयुक्त सदनमा  अर्थ मन्त्रीबाट बजेट भाषण जेठ १५ गते, पूर्व प्रधानमन्त्री बाट विश्वासको मत लिने कार्यक्रम लगायत अन्य अबस्थामा दुवै सदन सञ्चालन हुदाको अबस्थामा बम डिस्पोजल टिम र स्निफर डग टिमलाई सर्च गराइ मर्यादापालकहरुबाट डिउटी गरिएको थियो।

**समितिहरु**

- प्रतिनिधि सभा र राष्ट्रिय सभाका समितिहरु सञ्चालन हुदा यस शाखाबाट बम डिस्पोजल टिम र स्निफर डग टिमलाई सर्च गराइ मर्यादापालकहरुबाट डिउटी गरिएको थियो।

**अन्य**

- सम्माननीय  सभामुख तथा अध्यक्ष र उपाध्यक्ष र उपसभामुख बिदेश सबारी हुदा त्रिभुबन अन्तर्राष्ट्रिय बिमान स्थलमा गई पास तथा अन्य कार्यको लागि आबस्यक पर्ने सहयोग गरिएको थियो।

## २.१.६ सांसद सुविधा व्यवस्थापन महाशाखा

यस महाशाखा अन्तर्गत सांसद सुविधा व्यवस्थापन र संसदीय दल समन्वय शाखा रहेका छन्।

### २.१.६.१ सांसद सुविधा व्यवस्थापन शाखा

२०८१ बैशाख १ देखि असार मसान्तसम्म यस शाखाबाट सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरण निम्नानुसार रहेको छ :

- संघीय संसदका १९ जना माननीय सदस्यहरूको लागि औषधि उपचार खर्चको बापत लागि रु ३,३६,४४१/- (तीन लाख छत्तिस हजार चार सय एकचालिस रुपैया मात्र) भुक्तानी दिने निर्णय चिकित्सक वोर्डबाट भएको।
- संघीय संसदका माननीय सदस्यहरुलाई स्वास्थ्य इकाइबाट आधारभूत स्वास्थ्य सेवा एवम् प्रेस्क्रिप्सन वमोजिम औषधिहरु प्रदान गरेको।
- विभिन्न मन्त्रालय/संवैधानिक निकाय/आयोग/कार्यालय/व्यक्तिहरूबाट संघीय संसदका माननीय सदस्यहरूको वितरण प्रयोजनार्थ प्राप्त पुस्तक प्रतिवेदन, निमन्त्रणा एवम् शुभकामना पत्रहरू वितरण गर्ने कार्य गरेको।
- संघीय संसद, प्रतिनिधि सभाका २७५ र राष्ट्रिय सभाका ५९ जना माननीय सदस्यहरूको उपस्थिति विवरणको व्यवस्थापनसम्बन्धी कार्य गरेको।
- संघीय संसद, प्रतिनिधि सभाका २ जना र राष्ट्रिय सभाका १ जना गरी जम्मा ३ जना सदस्यहरूको सम्पत्ति विवरण दर्ता सम्पन्न गरेको।
- संघीय संसदका सदस्य तथा सदस्यका स्वकीय सचिव एवम् अन्य कर्मचारीहरुको विवरणहरू अद्यावधिक गर्ने कार्य सम्पन्न गरेको।
- संघीय संसदका सदस्यहरुको विवरण सम्वन्धी वेबसाइट अद्यावधिक,एस. एम. एस. व्यवस्थापन,राष्ट्रिय सतर्कता केन्द्रको सफ्टवेयरमा सम्पत्ति विवरण अद्यावधिक गर्ने लगायतका कार्यहरुको सारभूत व्यवस्थापन गरेको।

## २.१.६.२ संसदीय दल समन्वय शाखा

२०८१ बैशाख १ देखि असार मसान्तसम्म यस शाखाबाट सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरण निम्नानुसार रहेको छ :

- संसदीय दलको सचिवालय व्यवस्थापन सम्बन्धी कार्य।
- संसदीय दलको सचिवालयको भौतिक, मानवीय, प्रविधिगत तथा मानव स्रोतगत व्यवस्थापनलाई चुस्त दुरुस्त बनाएको।
- संसदीय दलको सचिवलायमा हुने विभिन्न राजनीतिक दलको बैठक व्यवस्थापन सम्बन्धी कार्य गरेको।
- संसदीय दलको कार्यालयमा प्राप्त विभिन्न अध्ययन सामग्रीहरुको वितरण र पिजन होलको व्यवस्थापन सम्बन्धी कार्य गरेको।
- विभिन्न संसदीय दलका पदाधिकारी तथा सदस्यहरुका स्वकीय कर्मचारीहरुको प्रवेश पास व्यवस्थापन र नियमन सम्बन्धी आवश्यक कार्यहरू गरेको।

## २.१.७ आन्तरिक सेवा तथा योजना व्यवस्थापन महाशाखा

यस महाशाखा अन्तर्गत आन्तरिक सेवा तथा योजना शाखा र सवारी साधन व्यवस्थापन शाखा रहेका छन्।

## २.१.७.१ आन्तरिक सेवा तथा योजना शाखा

२०८१ साल बैशाख १ गतेदेखि असार मसान्तसम्ममा यस शाखाबाट सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरण निम्नानुसार रहेको छः-

- सचिवालयमा आवश्यक मालसामान तथा सेवा खरिद सम्बन्धी सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, द्वारा निर्देशित प्रकृया बमोजिम देहायका बोलपत्र तथा सिलबन्दी दरभाउपत्र सम्बन्धी क्रियाकलापहरु।

**बोलपत्र/दरभाउपत्र सम्बन्धी क्रियाकलाप**

| क्र.स | बोलपत्र/दरभाउपत्रको विवरण | जम्मा परिमाण | कैफियत |
|---|---|---|---|
| १. | The Procurement of the Supply and Delivery of Stationery and Office Goods.<br>IFB No.: FPS/NCB/GOODS/ 2081-082/01 | ६३५ | मिति २०८१ असार ४ गतेको गोरखापत्रमा सूचना प्रकाशन गरिएको |

- सचिवालयको परिसरभित्र रहेका खानेपानी, ढल निकास, सरसफाई, बगैंचा व्यवस्थापन लगायतका कार्य नियमित रूपमा सम्पन्न गरेको।
- स्वीकृत बजेट अनुसार संसद र सचिवालयको लागि आवश्यक मालसामानहरुको खरिद र आपूर्ति सम्बन्धी व्यवस्था मिलाउने कार्य सम्पन्न गरेको।
- भवनहरु बेला बेलामा निरिक्षण गर्ने र आवश्यकतानुसार त्यसको मर्मत सम्भार गर्ने, गराउने कार्य नियमित रूपमा सम्पन्न गरेको।

## २.१.८ अन्तर्राष्ट्रिय सम्पर्क तथा समन्वय महाशाखा

यस महाशाखा अन्तर्गत अन्तर्राष्ट्रिय सम्पर्क तथा समन्वय शाखा रहेको छ।

## २.१.८.१ अन्तर्राष्ट्रिय सम्पर्क तथा समन्वय शाखा

२०८१ साल बैशाख १ गतेदेखि असार मसान्तसम्ममा यस शाखाबाट सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरण निम्नानुसार रहेको छः-

**अन्तराष्ट्रिय कार्यक्रम/सम्मेलन मा नेपाली प्रतिनिधिमण्डलको सहभागिता**

**कार्यक्रमको नाम**

- 4th China Xizang Trans-Himalaya Forum for International Cooperation

- July 2 - July 7 2024
- Linzhi, China
- संघीय संसदका सदस्य- उपसभामुख माननीय सदस्य इन्दिरा राना

**विदेशी प्रतिनिधिमण्डलको नेपाल भ्रमण**

**Chinese delegation**

- संघीय संसद, प्रतिनिधि सभाका माननीय सदस्य उपसभामुख इन्दिरा रानाको निमन्त्रणामा जनवादी गणतन्त्र चीनको 14th National Committee of the Chinese People's Political Consultative Conference का Vice-Chairperson H.E. Mr. Bater को नेतृत्वमा १६ सदस्यीय प्रतिनिधिमण्डलले नेपाल भ्रमण गरेको
  - भ्रमणको अवधि : १४ – १७ जुन, २०२४
  - १५ जुन, २०२४ मा सो प्रतिनिधिमण्डल र नेपाली प्रतिनिधिमण्डलबीच संसद भवन, नयाँ बानेश्वरमा द्विपक्षीय वार्ता भएको। वार्तामा नेपाली प्रतिनधिमण्डलको नेतृत्व माननीय सदस्य उपसभामुखले गर्नुभएको
  - प्रतिनिधिमण्डलको सम्मान र सत्कारमा माननीय सदस्य उपसभामुखले १५ जुन, २०२४ को बेलुका होटल मनाङ, ठमेलमा रात्रिभोज आयोजना गर्नुभएको

**शिष्टाचार तथा अन्य भेटघाट**

**२०८१ बैशाख ४**

- राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहालसँग कोरियाली संसदीय प्रतिनिधिमण्डलको शिष्टाचार भेटघाट
- स्थान- सम्माननीय अध्यक्षको कार्यकक्ष, सिंहदरबार

**२०८१ जेठ २८**

- प्रतिनिधि सभाका सम्माननीय सभामुख देवराज घिमिरेसँग नेपालका लागि नर्वेका राजदूत H. E. Torun Dramdal को शिष्टाचार भेटघाट
- स्थान- सम्माननीय सभामुखको कार्यकक्ष, सिंहदरबार

२०८१ जेठ ३०

- प्रतिनिधि सभाका सम्माननीय सभामुख देवराज घिमिरेसँग नेपालका लागि संयुक्त अरब इमिरेट्सका राजदूत H.E. Abdulla Al Shamsi को शिष्टाचार भेटघाट
- स्थान- सम्माननीय सभामुखको कार्यकक्ष, सिंहदरबार

२०८१ असार ५

- राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहाल र आयरल्याण्डको सिनेटका महामहिम Cathaoirleach (अध्यक्ष) Mr. Jerry Buttimer बीच भिडियो संवाद
- स्थान- अभौतिक (Zoom)।

**कूटनीतिक राहदानी सिफारिस**

| सभा | यस त्रैमासमा | हालसम्म |
|---|---|---|
| प्रतिनिधि सभा सदस्य | ११ | १५९(२०७९/०९/०७ देखि) |
| राष्ट्रिय सभा सदस्य | ६ | ८७ (२०७४/११/२० देखि) |

**अन्य गतिविधिहरू**

- अन्तर्राष्ट्रिय संसद दिवस — International Day of Parliamentarism (जुन ३०) का अवसरमा संघीय संसद, प्रतिनिधि सभाका सम्माननीय सभामुख र संघीय संसद, राष्ट्रिय सभाका सम्माननीय अध्यक्षको शुभकामना सन्देश Inter-Parliamentary Union (IPU) लाई पठाई दुवै सन्देश IPU को आधिकारिक युट्युब च्यानलमा प्रसारण भएको।

## २.१.९ प्रविधि व्यवस्थापन महाशाखा

यस महाशाखा अन्तर्गत सूचना प्रविधि शाखा, श्रव्य दृश्य शाखा, विद्युत शाखा र मुद्रण तथा प्रकाशन शाखा रहेका छन्।

## २.१.९.१ विद्युत शाखा

२०८१ साल बैशाख १ गतेदेखि असार मसान्तसम्ममा यस शाखाबाट सम्पादित मुख्य मुख्य कार्यहरुको संक्षिप्त विवरण निम्नानुसार रहेको छः-

- सम्माननीय सभामुख, सम्माननीय अध्यक्ष, माननीय सदस्य उपसभामुख, माननीय सदस्यउपाध्यक्ष, महासचिव, सचिवहरुको कार्यकक्ष, महाशाखाहरु, शाखाहरु, समितिहरु, संसदीय दलको कार्यालयहरु र सचिवालय परिसरमा विद्युत मर्मत तथा सुधार कार्य गरेको।
- विद्युत आपूर्ति नभएको बेलामा जेनेरेटर सञ्चालन गरेको।
- जेनेरेटरहरु सर्भिसिङ्ग गरेको।

<u>सचिवालयमा रहेका मिटरहरु</u>

| | | |
|---|---|---|
| १ | मुख्य मिटर सचिवालयको | २२-१०-२०६ |
| २ | ने.क.पा. एमाले संसदीय दलको कार्यालयमा | २२-२७-२०२ |
| ३ | ने.का. संसदीय दलको कार्यालयमा | २२-२७-२०१ |
| ४ | पूर्व सांसद मंचमा | २२-२७-२११ |

## २.१.९.२ मुद्रण तथा प्रकाशन शाखा

२०८१ साल बैशाख १ गतेदेखि असार मसान्तसम्ममा यस शाखाबाट सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरण निम्नानुसार रहेको छः-

- संघीय संसद सचिवालय लेटर हेड छपाइ
- नीति तथा कार्यक्रम कार्ड छपाइ
- संसदीय शब्दावली छपाइ
- सहकारी संसदीय छानविन बिशेष समितिका लेटर हेड र विभिन्न सामग्री छपाइ
- प्रतिनिधि सभा समितिहरु, राष्ट्रिय सभा समितिहरु र सचिवालयको लेटर हेड छपाइ
- का.स.मू. फाराम र सम्पति विवरण छपाइ

- सवारी साधन व्यवथापन शाखाको विभिन्न फारामहरु र लगबुक छपाइ
- अन्य विविध छपाइ

## २.१.९.३ श्रव्य/दृश्य शाखा

२०८१ साल बैशाख १ गतेदेखि असार मसान्तसम्ममा यस शाखाबाट सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरण निम्नानुसार रहेको छः-

- सभा/समितिहरुको बैठकमा Audio/video रेकर्डिङ गरिएको।
- सभा/समितिहरुको बैठकमा रेकर्डिङ्ग गरेको सम्पूर्ण सामग्रीहरुको उचित भण्डारण गरिएको।
- सभा/समितिहरु बैठकमा गरेका गतिविधिहरुको श्रव्यदृश्य सामग्री तयार गरिएको।
- सभा तथा समितिहरुमा खिचिएका श्रव्यदृश्य सामग्री सम्पादन गरिएको।
- सम्पादित भिडियोहरुलाई व्यवस्थित रुपले भण्डारण गरिएको।
- प्रक्रिया बमोजिम आएका सम्पादित सामग्री माग भए बमोजिम उपलब्ध गराइएको।
- सम्पादित सामग्रीहरुलाई आवश्यकता अनुसार प्रसारण योग्य बनाइएको।
- सभाको निर्देशन बमोजिम भिडियो सामग्री सम्पादन गरी वितरणको व्यवस्था मिलाइएको।
- Youtube live बाट सभा तथा समितिहरुमा खिचिएका श्रव्यदृश्य सामग्री प्रत्यक्ष प्रसारण गरिएको।
- इलेक्ट्रोनिक्स सामानहरुको प्राविधिक Specification तयार गरिएको।
- इलेक्ट्रोनिक्स सामानहरुको प्राविधिक Specification verification गरिएको।
- इलेक्ट्रोनिक्स उपकरणहरुको जडान तथा खरिद पश्चात् PDI report तयार गरिएको।
- ICC मा जडान तथा मर्मत गरिएका Conference system, broadcasting system, audio video system सँग सम्बन्धित र सचिवालयको scope मा पर्ने प्राविधिक पक्षको Day to Day supervision तथा Preventive Maintenance गरिएको।

- विभिन्न समितिहरुका सभा हलमा जडित Audio conference system मा आएका समस्याहरु Troubleshoot गरी निराकरण गरिएको।
- शाखाको कामसँग सम्बन्धित सूचना, तथ्याङ्क, कागजात, परिपत्र तथा आदेश, निर्णयहरुका अभिलेख अद्यावधिक गरिएको।
- आफ्नो शाखामा रहेका फाइल तथा अन्य कागजातहरुको अभिलेख राखिएको।

## २.१.१० कानूनी परामर्श महाशाखा

यस महाशाखा अन्तर्गत कानुनी परामर्श शाखा रहेको छ।

## २.१.१०.१ कानूनी परामर्श शाखा

२०८१ साल बैशाख १ गतेदेखि असार मसान्तसम्ममा यस शाखाबाट सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरण निम्नानुसार रहेको छः-

- विभिन्न विषयहरुका ६(छ) थान रिट निवेदनको लिखित जवाफ सम्बन्धित अदालतहरुमा प्रेषित गरी पठाइएको।
- अन्तरिम आदेश छलफलको लागि प्राप्त १ (एक) थान रिट निवेदनमा यस सचिवालयको तर्फबाट बहस पैरवी (प्रतिरक्षा) गर्नका लागि महान्यायाधिवक्ताको कार्यालयमा पठाइएको।
- विभिन्न प्रकारका २ (दुई) थान सूचना कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट सम्पादन गरी नेपाल राजपत्रमा सूचना प्रकाशनार्थ मुद्रण विभागमा पठाइएको।
- साथै, यस महाशाखा/शाखाबाट सम्पादन हुने अन्य दैनिक कार्यहरु, आन्तरिक र बाह्य पत्राचारहरु, समन्वय तथा कानुनी परामर्श लगायतका कार्यहरु निरन्तर रुपमा सम्पादन हुने गरिएको छ।

## २.१.११ संसदीय अध्ययन तथा अनुसन्धान महाशाखा

यस महाशाखा अन्तर्गत संसदीय अध्ययन तथा अनुसन्धान शाखा, पुस्तकालय शाखा, प्रत्यायोजित व्यवस्थापन अध्ययन शाखा र नागरिक सम्बन्ध शाखा रहेका छन्।

### २.१.११.१ संसदीय अध्ययन तथा अनुसन्धान शाखा

२०८१ साल बैशाख १ गते देखि असार मसान्तसम्ममा यस शाखाबाट सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरण निम्नानुसार रहेको छः-

- संसदीय कूटनीति सम्बन्धी अध्ययनको कार्य सम्पन्न भई सो को प्रतिवेदन गर्ने कार्य समेत सम्पन्न भएको छ।
- संसदीय विकासक्रम सम्बन्धी गतिविधिहरू समेटिएको नेपाली र अङ्ग्रेजी दुवै भाषामा डकुमेन्ट्री भिडियो निर्माण सम्बन्धी कार्य सम्पन्न भएको छ।
- संसद जर्नलको पहिलो अङ्क प्रकाशन सम्बन्धी कार्य सम्पन्न भएको छ।

### २.१.११.२ पुस्तकालय शाखा

२०८१ बैशाख १ देखि असार मसान्तसम्म यस शाखाबाट सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरण निम्नानुसार रहेको छ :

- पुस्तकालयका लागि विभिन्न विषयका नयाँ नयाँ पुस्तकहरु ८० वटा खरिद प्रक्रियाबाट र २ वटा उपहार स्वरुप प्राप्त भएको।
- उक्त पुस्तकहरुको वर्गीकरण, वर्कसिट भर्ने, पुस्तक डाटाबेसमा इन्ट्रि गर्ने, प्रत्येक पुस्तकमा बारकोड लेवल टाँस्ने कार्य तथा उक्त पुस्तकहरुलाई पुस्तक दराजमा कोड नम्वर अनुसार सेल्भिङ गरिएको।
- राजपत्र र अन्य पत्रपत्रिकाहरु नियमित रुपमा सचिवालयका विभिन्न स्थान तथा पदाधिकारीहरुकोमा वितरण गर्ने कार्य गरिएको।
- सम्पूर्ण विवरण डिजिटाइजेसनको कार्यमा समन्वय गरेको।

- सचिवालयका विभिन्न समितिका प्रतिवेदनहरु पत्रपत्रिकाहरु र पुस्तकहरु अध्ययन गर्न पुस्तकालयमा आउने सचिवालयका कर्मचारी तथा माननीय सदस्यहरु र अन्य बाहिरी निकायबाट आउनुहुने पुस्तकालय प्रयोगकर्ताहरुलाई नियमित रुपमा सेवा पुऱ्याएको।
- पुस्तकालयमा भएका पुराना तथा घामले रङ खुलिएका पुस्तकहरुको पुन नयाँ स्टिकर टाँस्ने र पुस्तक सरसफाइ गरेर पुस्तक दराजमा राख्ने कार्य गरिएको।
- पुस्तकहरुको सूचीकरण अद्यावधिक गरिएको।
- पुस्तकालयमा भएका वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनहरुको कम्प्यूटरमा सूची तयार गरिएको।
- सचिवालयका कर्मचारीहरु तथा माननीय सदस्यहरुलाई पुस्तक प्रदान गर्ने कार्य गरिएको।
- अन्य मन्त्रालयहरु एवम् विभाग तथा आयोगहरुका प्रकाशनहरु सङ्कलन गरी पुस्तकालयमा राखिएको।

## २.१.११.३ नागरिक सम्बन्ध शाखा

२०८१ बैशाख १ देखि असार मसान्तसम्म यस शाखाबाट सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरण निम्नानुसार रहेको छ :

- रेडियो प्रसार विकास समिति र संघीय संसद सचिवालयको नागरिक सम्बन्ध शाखाबीच भएको सम्झौता बमोजिम असार मसान्तसम्म प्रत्येक हप्ताको शुक्रबारको बिहान ७ बजेको रेडियो नेपालको समाचारपछि १५ मिनेट (७:१५ देखि ७:४० सम्म) संसद गतिविधि सम्बन्धी कार्यक्रम प्रशारण भएको छ। कार्यक्रममा संघीय संसदमा भएका महत्वपूर्ण छलफल सम्बन्धी विषय, समिति एवं सदनबाट पारित विधेयक एवं सो विधेयकका निहित महत्वपूर्ण विषयहरु, संसदको बैठक सम्बन्धी विषय, विशिष्ट व्यक्तिहरुसँगको सचिवालयबाट भए गरेका महत्वपूर्ण छलफल लगायत विभिन्न विषयहरु प्रसारण भएको।

- नेपाल टेलिभिजन र संघीय संसद सचिवालयको नागरिक सम्बन्ध शाखाबीच मिति २०८१।०२।१७ गते भएको "संसद गतिविधि टेलिभिजन कार्यक्रम उत्पादन तथा प्रसारण" सम्बन्धी सम्झौता बमोजिम हरेक आइतबार बेलुका ३० मिनेट (७:२५ देखि ७:५५ सम्म) संसद गतिविधि सम्बन्धी कार्यक्रम प्रसारण भइरहेको छ। कार्यक्रममा संघीय संसदमा भएका महत्वपूर्ण छलफल सम्बन्धी विषय, समिति एवं सदनबाट पारित विधेयक एवं सो विधेयकका निहित महत्वपूर्ण विषयहरु, संसदको बैठक सम्बन्धी विषय, विशिष्ट व्यक्तिहरुसँगको सचिवालयबाट भए गरेका महत्वपूर्ण छलफल लगायत विभिन्न विषयहरु प्रसारण भइरहेको छ।
- राष्ट्रिय समाचार समिति (रासस) र संघीय संसद सचिवालयको नागरिक सम्बन्ध शाखाबीच मिति २०८१।०२।१७ गते भएको "संसद गतिविधि अध्ययन, अनुसन्धान र अभिलेखीकरण" सम्बन्धी सम्झौता बमोजिम यससम्बन्धी कार्य सम्पन्न भई "सांसदसँग रासस सम्वाद" को प्रतिवेदन, २०८१ शाखाको वेभसाइटमा समेत प्रकाशित भइसकेको छ।
- प्रतिनिधिसभाको २०८१ बैशाख देखि असार मसान्तसम्मको बसेको बैठकमा विभिन्न विद्यालय तथा कलेजका ४,५९८ जनाले अवलोकन गरेका छन्। यसको लागि शाखाबाट सहजीकरण गरिएको छ।

## २.१.१२ मानव संसाधन विकास महाशाखा

यस महाशाखा अन्तर्गत संसदीय प्रशिक्षण शाखा, कर्मचारी प्रशिक्षण शाखा, योजना तथा संगठन विकास शाखा र प्रदेश सभा सम्पर्क तथा समन्वय शाखा रहेका छन्।

## २.१.१२.१ संसदीय प्रशिक्षण शाखा

२०८१ बैशाख १ देखि असार मसान्तसम्म यस शाखाबाट सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरण निम्नानुसार रहेको छ:-

## २०८१ बैशाख ३

- कार्यक्रमको नामः- राष्ट्रिय सभाका नवनिर्वाचित माननीय सदस्यहरुको प्रभावकारी भूमिका विषयक अन्तरक्रिया कार्यक्रम
- स्थानः- पार्क भिलेज रिशोर्ट काठमाडौं
- आयोजक

  संघीय संसद सचिवालय, संसदीय प्रशिक्षण शाखा।

  सहकार्य - जनसंख्या तथा विकासका लागि सांसदहरुको राष्ट्रिय मञ्च। (NFPPD)।
- कार्यक्रमः- अभिमुखीकरण।

## २०८१ बैशाख ६ गते

- कार्यक्रमको नामः- 'लैङ्गिक उत्तरदायी बजेट तथा निगरानी'
- स्थानः- सार्वजनिक लेखा समितिको सभाकक्ष
- सहकार्यः- संघीय संसद सचिवालय
- कार्यक्रमः- महिला सांसदको क्षमता अभिवृद्धि

## २०८१ बैशाख २५ गते

- कार्यक्रमको नामः- समाजबाद उन्मुख राज्य निर्माणका समस्या, चुनौती तथा अवसरहरु
- स्थानः- कृषि तथा सहकारी समितिको सभाकक्ष।
- सहकार्यः- संघीय संसद सचिवाल
- कार्यक्रमः- सांसद-प्राज्ञ बहस कार्यक्रम।

## २०८१ जेठ २८ गते

- कार्यक्रमको नामः- संसदीय प्रभावकारिताका सम्बन्धमा पूर्व सांसद मञ्चसँग अन्तरक्रिया

- स्थानः- कृषि तथा सहकारी समितिको सभाकक्ष।
- सहकार्यः- श्री विष्णु बहादुर राउत(पूर्व सांसद) डा. शिवजी यादव (पूर्व सांसद) श्री धना खतिवडा (पूर्व सांसद) श्री खिमलाल देवकोटा (पूर्व सांसद)।

**२०८१ असार २६ गते**

- कार्यक्रमको नामः- संघीय संसदका माननीय सदस्यहरुसँग वितीय साक्षरता सम्बन्धी अभिमुखीकरण कार्यक्रम।
- स्थानः- कृषि तथा सहकारी समितिको सभाकक्ष।
- सहकार्यः- आयोजकः राष्ट्रिय वाणिज्य बैंक
  समन्वयः- BIFCAP र संघीय संसद सचिवालय।
- कार्यक्रमः- अभिमुखीकरण कार्यक्रम

## २.१.१२.२ कर्मचारी प्रशिक्षण शाखा

२०८१ बैशाख १ देखि असार मसान्तसम्म यस शाखाबाट सम्पादित मुख्य कार्यहरुको संक्षिप्त विवरण निम्नानुसार रहेको छ :

**२०८१ बैशाख १०**

- संघीय संसद सचिवालयमा नवनियुक्त राजपत्र अनङ्कित श्रेणीका कर्मचारीका लागि ३ दिने अभिमुखीकरण कार्यक्रम

**२०८१ जेठ ६**

- नवप्रवेशी राजपत्र अनङ्कित श्रेणीका कर्मचारीका लागि ७ दिने सेवा प्रवेश कार्यक्रममा स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानमा मनोनयन

## २०८१ जेठ २७

- संघीय संसद सचिवालयमा नवप्रवेशी शाखा अधिकृतहरूलाई मिति २०८१ असार ०९ देखि २०८१ असार १९ सम्म १० दिने अभिमुखीकरण कार्यक्रम

## २०८१ असार २६

- नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा Advacnced Course on Management and Development (ACMD) मा उपसचिव श्री रामहरि थापा र Professional Course on Management and Development (PCMD) मा शाखा अधिकृत श्री मेघराज अर्याललाई मनोनयन गरिएको थियो।

# खण्ड-तीन
# विविध

## ३.१.१ कानून, न्याय तथा मानव अधिकार समितिको परिचय

राज्यको उत्पत्तिसँगै जनताको हित र कल्याणका लागि विभिन्न स्वरूपका शासन प्रणालीको अवलम्बन हुँदै आएका छन्। लोकतान्त्रिक शासन प्रणालीमा शक्तिको स्रोतको रूपमा जनतालाई लिइन्छ। संविधानको सर्वोच्चता, विधिको शासन, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, पूर्ण प्रेस स्वतन्त्रता; स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका, आवधिक निर्वाचनजस्ता लोकतन्त्रका आधारभूत मूल्य मान्यतालाई आत्मसात गर्दै कानून निर्माण जस्तो महत्त्वपूर्ण कार्य संसदबाट हुने गर्दछ।

नेपालको संविधानको धारा ७५ मा 'नेपालको शासकीय स्वरूप बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली हुने छ' भनी व्यवस्था गरेको छ। संसदीय शासन व्यवस्थामा सरकारको जन्म व्यवस्थापिकाको गर्भबाट हुने हुँदा संसदले सरकार बनाउने, कायम राख्ने वा त्यसलाई हटाई अर्को सरकार गठन गर्ने, सरकार प्रत्यक्ष रूपमा संसदप्रति उत्तरदायी हुने हुनाले उसको गतिविधि, कामकारबाही र कार्यशैलीको सम्बन्धमा नियमित रूपमा छलफल गर्ने कार्य गर्नुका साथै कार्यपालिका र न्यायपालिकालाई उत्तरदायी र जवाफदेही बनाउने गर्दछ। यथार्थमा संसदीय

शासन प्रणालीमा सरकारको सर्जक, सञ्चालक तथा नियन्त्रक (Generator, Operator and Destroyer) व्यवस्थापिका हो।

विधि निर्माणका सम्बन्धमा संसद प्रदर्शनी कक्ष (Showroom) हो भने संसदीय समिति (Mini Parliament) कार्यशाला (Factory/Workshop) का रूपमा चिनिन्छ। संसदीय समितिलाई संसदको Creative Hand and Dynamic Mind का रूपमा समेत लिन सकिन्छ। संसदीय समितिको व्यवस्था र यसको प्रभावकारिता नै संसदीय व्यवस्थाको सुन्दर पक्ष भएको हुँदा संसदीय समिति गठन गरिन्छ। संसदको कामलाई छिटो, छरितो प्रभावकारी र विशिष्टीकृत तुल्याउन, संघीय संसदको नियमित कार्यमा सहयोग पुऱ्याउन, सरकारलाई संघीय संसदप्रति उत्तरदायी र जवाफदेही बनाउन, सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिनसमेतका लागि संसदभित्रका सदस्यहरूमध्येबाट रूचि र विशेषज्ञताका आधारमा निश्चित सङ्ख्यामा सदस्य रहने गरी नेपालको संविधानको धारा ९७ तथा संघीय संसदका नियमावली बमोजिम विभिन्न संसदीय समितिहरू गठन गरिएका छन्।

संघीय संसदको प्रतिनिधि सभाअन्तर्गत गठन भएको समितिहरूमध्ये कानून, न्याय तथा मानव अधिकार समिति पनि एक हो। यस समितिले मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गर्नका लागि सरोकारवाला निकायहरूलाई आवश्यक सल्लाह, सुझाव तथा निर्देशन दिने गर्दछ। त्यसै गरी समितिले कानून र न्यायको क्षेत्रमा सकारात्मक सुधार गरी लोककल्याणकारी राज्य र कानूनी राज्य स्थापनामा सरकार र सम्बन्धित निकायलाई रचनात्मक भूमिका प्रस्तुत गर्दछ। संघीय संसद, प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १७३ बमोजिम गठित कानून, न्याय तथा मानव अधिकार समितिको कार्यक्षेत्र देहायअनुसार रहेको छन्ः-

१. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय,
२. न्याय परिषद्,
३. न्याय सेवा आयोग,

४. महान्यायाधिवक्ताको कार्यालय,

५. मानव अधिकार,

६. अन्तर्राष्ट्रिय सन्धि सम्झौता,

७. शान्ति प्रक्रिया र

८. मौलिक हकको कार्यान्वयनको अवस्था र सम्बद्ध विषय तथा निकाय।

नेपालको संसदीय समितिको इतिहासलाई नियाल्दा कानून समिति महत्त्वपूर्ण समितिको रूपमा रही आएको देखिन्छ। मुलुकको शासकीय गतिविधि सञ्चालन गर्न बागडोर सम्हाल्ने प्रधानमन्त्री र मानवीय व्यवहारलाई नियमन, निर्देशन र नियन्त्रण कायम गर्ने गरी समाज र राज्यलाई निश्चित मार्गदर्शन गर्न जारी गरिने कानूनी दस्तावेज निर्माण प्रक्रियामा महत्त्वपूर्ण भूमिका बोकेका कानून, न्याय तथा संसदीय मामिला मन्त्री पदेन सदस्य रहेकाले यो समिति अत्यन्त महत्त्वपूर्ण रहेको छ।

**विभिन्न कालखण्डमा कानून, न्याय तथा मानव अधिकार समिति**

हालको कानून, न्याय तथा मानव अधिकार समितिका कार्यक्षेत्रका विषय हेर्ने गरी प्रतिनिधि सभाका विभिन्न कालखण्डमा विभिन्न नामले समितिहरू गठन भएका थिए।

- प्रतिनिधि सभा २०४८ देखि २०५१ सम्म कानून, न्याय प्रशासन, संसदीय व्यवस्था, प्रत्यायोजित व्यवस्थापन, मानव अधिकार, विदेशी राष्ट्र र संघ संस्थासँग सम्बन्धित, अख्तियार दुरुपयोग अनुसन्धान आयोग र महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदनसमेतका विषयको कार्यक्षेत्र निर्दिष्ट गरी परराष्ट्र तथा मानव अधिकार समितिका रूपमा हालको कानून, न्याय तथा मानव अधिकार समिति रहेको देखिन्छ।
- प्रतिनिधि सभा २०५१ देखि २०५५ सम्म कानून, न्याय प्रशासन, संसदीय व्यवस्था, महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन र प्रत्यायोजित व्यवस्थापनका विषय हेर्ने गरी कानून, न्याय तथा संसदीय व्यवस्था समिति रहेको थियो भने मानव अधिकारको विषय तत्कालीन परराष्ट्र तथा मानव अधिकार समितिले हेर्ने गर्दथ्यो।

- प्रतिनिधि सभा २०५६ देखि २०५९ सम्म र पुनर्स्थापित प्रतिनिधि सभा (२०६३ बैशाख १५ देखि २०६३ माघ १ सम्म) कानून, न्याय प्रशासन, संसदीय व्यवस्था, महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन र प्रत्यायोजित व्यवस्थापन कार्यक्षेत्र भएको कानून, न्याय तथा संसदीय व्यवस्था समिति थियो भने मानव अधिकारको विषय तत्कालीन परराष्ट्र सम्बन्ध तथा मानव अधिकार समितिले हेर्ने गर्दथ्यो।
- व्यवस्थापिका-संसद (२०६३ माघ १ देखि २०६४ माघ २ सम्म) कानून, न्याय र व्यवस्थापिका-संसद, महान्यायाधिवक्ताको कार्यालय र प्रत्यायोजित अधिकारबमोजिम जारी भएका नियम, विनियम र आदेशको अनुगमन तथा मूल्याङ्कन कार्यक्षेत्र भएको कानून, न्याय तथा व्यवस्थापिका-संसद सम्बन्ध समिति रहेको थियो भने मानव अधिकार सम्बन्धमा मानव अधिकार तथा सामाजिक न्याय समितिको कार्यक्षेत्र रहेको थियो।
- संविधान सभा (व्यवस्थापिका-संसद) (२०६५ देखि २०६९ सम्म) विधायनसम्बन्धी आवश्यक कार्य सम्पादनमा व्यवस्थपिका-संसदलाई सहयोग पुऱ्याउन तत्कालीन विधायन समिति गठन गरिएको थियो भने कानून, न्याय तथा संविधानसभा व्यवस्था मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय र राष्ट्रिय मानव अधिकार आयोग अन्तराष्ट्रिय सम्बन्ध र मानव अधिकार समितिले हेर्ने गर्दथ्यो।
- संविधान सभा (व्यवस्थापिका-संसद) २०७० देखि २०७२ सम्मको अवधिमा कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय र महान्यायाधिवक्ताको कार्यालय समेतसँग सम्बन्धित नियमित विधायनसम्बन्धी आवश्यक कार्य सम्पादनमा व्यवस्थापिका-संसदलाई सहयोग पुऱ्याउन संसदमा छुट्टै विधायन समिति गठन भएको थियो भने मानव अधिकारको विषयसमेत हेर्ने गरी सामाजिक न्याय तथा मानव अधिकार समितिको गठन भएको थियो।
- रूपान्तरित व्यवस्थापिका-संसद (२०७२ देखि २०७४ सम्म) कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सर्वोच्च अदालत, न्याय परिषद् र महान्यायाधिवक्ताको कार्यालय कार्यक्षेत्र भएको विधायन समिति रहेको थियो भने मानव अधिकारको विषय भने सामाजिक न्याय तथा मानव अधिकार समितिले हेर्ने गर्दथ्यो।

- संघीय संसद २०७४ देखि २०७९ सम्म कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, न्याय परिषद्, न्याय सेवा आयोग, महान्यायाधिवक्ताको कार्यालय र मानव अधिकारका विषय यस समितिको कार्यक्षेत्र रहेको थियो भने हाल प्रतिनिधि सभा नियमावली, २०७९ अनुसार साविकको कार्यक्षेत्रका अतिरिक्त अन्तराष्ट्रिय सन्धी सम्झौता, शान्ति प्रक्रिया र मौलिक हकको कार्यान्वयनको अवस्था र सम्बद्ध विषय तथा निकाय रहेका छन्। हाल कानून, न्याय तथा मानव अधिकार समितिको रूपमा रहेको यस संसदीय सिमितिको मिल्दोजुल्दो कार्यक्षेत्र रहेका विभिन्न कालखण्डका समितिहरूको विस्तृत जानरकारी र गतिविधिहरूलाई यहाँ उल्लेख गरिएको छ।

## २०४८ देखि २०५१ सम्मको प्रतिनिधि सभा कालका समिति

**समितिको नामः** परराष्ट्र तथा मानव अधिकार समिति

**समितिको गठन**

वि.सं. २०४७ सालमा जारी भएको नेपाल अधिराज्यको संविधान, २०४७ को भाग ८ अन्तर्गत धारा ४४ मा प्रतिनिधि सभा र राष्ट्रिय सभा नामक दुई सदनसहितको व्यवस्थापिका हुने व्यवस्था रहेको थियो। उक्त संविधानको धारा ६४ मा प्रतिनिधि सभाअन्तर्गत सात वटा विषयगत समितिको व्यवस्था रहेको र अन्य आश्यकताअनुसार अन्य विषयका समितिहरूको गठन नियमावलीबमोजिम गर्न सकिने व्यवस्था गरिएको थियो। प्रतिनिधि सभा नियमावली, २०४८ को नियम १८२ मा सभाका कार्यहरूलाई व्यवस्थित र प्रभावकारी ढङ्गबाट सम्पादन गर्न र सदस्यहरूलाई मुलुकको शासनमा बढी मात्रामा सरिक गराउने प्रयोजनका लागि सभामा गठित सात वटा समितिहरूमध्ये परराष्ट्र तथा मानव अधिकार समिति रहेको देखिन्छ।

**समितिको कार्यक्षेत्र**

- कानून,
- न्याय प्रशासन,
- संसदीय व्यवस्था,
- प्रत्यायोजित व्यवस्थापन,
- मानव अधिकार,

- विदेशी राष्ट्र र संघ संस्थासँग सम्बन्धित,
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग र महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन

**समितिका गतिविधि**

माथि उल्लिखित कार्यक्षेत्र रहेको परराष्ट्र तथा मानव अधिकार समितिको गठन मिति २०४८ भाद्र २७ मा भएको थियो। यस समितिको गठन भएदेखि प्रतिनिधि सभाको विघटन भएको वि.सं. २०५१ साल आषाढ २७ गतेसम्मको अवधिमा समितिले ५० वटा बैठकहरू सञ्चालन गरेको थियो। यस अवधिमा परराष्ट्र तथा मानव अधिकार समितिमा छलफलको लागि प्राप्त भएका विधेयकको सङ्ख्या ९ रहेको थियो भने समितिमा छलफलका लागि पठाईएका नौ विधेयकमध्ये समितिबाट प्रतिवेदनसहित सभामा प्रस्तुत ८ वटा विधेयक सभामा पेस गरिएका थिए।

समितिमा छलफलपश्चात् प्रतिवेदनसहित सभामा प्रस्तुत भएका विधेयकको विवरण यस प्रकार रहेको छः-

- पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्तहरू (पहिलो संशोधन) विधेयक, २०४९
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग (पहिलो संशोधन) विधेयक, २०४८
- केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक, २०४८
- केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक, २०४९
- सरकारी मुद्दा सम्बन्धी विधेयक, २०४९
- नेपाल कोर्ट फि (तेश्रो संशोधन) विधेयक, २०५०
- सर्वोच्च अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सेवाका शर्त र सुविधा (दोश्रो संशोधन) विधेयक, २०५०
- मुलुकी (एघारौँ संशोधन) विधेयक, २०५०

**परराष्ट्र तथा मानव अधिकार समितिका सदस्यहरू**

**सभापतिः** माननीय सदस्य भागवत ज्ञवाली

**सदस्यहरूः**

- माननीय सदस्य अर्जुननरसिँह के.सी.
- माननीय सदस्य सदस्य कमानसिँह लामा
- माननीय सदस्य कुलप्रसाद उप्रेती
- माननीय सदस्य गोविन्दराज जोशी
- माननीय सदस्य टेकबहादुर चोखाल
- माननीय सदस्य दीनबन्धु अर्याल
- माननीय सदस्य नारायणमान विजुक्छे
- माननीय सदस्य पदमरत्न तुलाधर
- माननीय सदस्य पशुपति शम्शेर ज.ब.रा.
- माननीय सदस्य बलबहादुर कुँवर
- माननीय सदस्य ब्रम्हनारायण चौधरी थारू
- माननीय सदस्य मणिकुमार लिम्बु
- माननीय सदस्य मनमोहन अधिकारी
- माननीय सदस्य महेन्द्रनारायण निधि
- माननीय सदस्य रामचन्द्रप्रसाद कुसवाह
- माननीय सदस्य रामबहादुर गुरूङ
- माननीय सदस्य रेवतीप्रसाद भुसाल
- माननीय सदस्य लालबाबु पण्डित
- माननीय सदस्य लिलामणी पोखरेल
- माननीय सदस्य वसन्तकुमार गुरूङ
- माननीय सदस्य विष्णुबहादुर राउत
- माननीय सदस्य विष्णुराज आचार्य
- माननीय सदस्य शिवराज गौतम
- माननीय सदस्य श्यामसुन्दर गुप्ता
- माननीय सदस्य सिद्धराज ओझा
- माननीय सदस्य सिद्धिलाल सिँह
- माननीय सदस्य सुशील कोइराला
- माननीय सदस्य हरिप्रसाद चौधरी
- माननीय सदस्य हरिप्रसाद राय अमात
- माननीय सदस्य हिरण्यलाल श्रेष्ठ

**प्रतिनिधि सभाः २०५१ देखि २०५५ सम्म**

**समितिको नामः** कानून, न्याय तथा संसदीय व्यवस्था समिति

**समितिको गठन**

वि.सं. २०५१ साल कार्तिक २९ गते सम्पन्न आम निर्वाचनमार्फत गठित प्रतिनिधि सभाले प्रतिनिधि सभा नियमावली, २०४८ को प्रावधानबमोजिम नै १८ सदस्यीय तत्कालीन परराष्ट्र सम्बन्ध तथा मानव अधिकार समितिको गठन गरेको थियो। प्रतिनिधि सभा नियमावली, २०५४ को नियम १८८ मा कानून, न्याय तथा संसदीय व्यवस्था समिति गठन भई यस समितिको कार्यक्षेत्रअन्तर्गत रह्यो। कानून, न्याय तथा संसदीय व्यवस्था समितिको

कार्यकाल वि.सं. २०५१ साल माघ ११ गतेदेखि २०५५ साल माघ १ गतेसम्म रहेको थियो।

**समितिको कार्यक्षेत्र**

- कानून,
- न्याय प्रशासन,
- संसदीय व्यवस्था,
- महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन र
- प्रत्यायोजित व्यवस्थापनका विषय

**समितिका गतिविधि**

यस अवधिमा कानून, न्याय तथा संसदीय व्यवस्था समितिमा कुनै पनि विधेयक छलफलका लागि प्राप्त भएनन्।

**कानून, न्याय तथा संसदीय व्यवस्था समितिका सदस्यहरू**

**सभापति-** माननीय सदस्य चक्रबहादुर डगौरा चौधरी

**सदस्यहरूः-**

- माननीय सदस्य केशवबहादुर चन्द
- माननीय सदस्य गंगाप्रसाद चौधरी
- माननीय सदस्य चक्रबहादुर शाही
- माननीय सदस्य छविप्रसाद देवकोटा
- माननीय सदस्य टंकप्रसाद पोखरेल
- माननीय सदस्य पाल्तेन गुरूङ्ग
- माननीय सदस्य बलबहादुर राई
- माननीय सदस्य भीमबहादुर तामाङ्ग
- माननीय सदस्य भोजराज जोशी
- माननीय सदस्य मनमोहन अधिकारी
- माननीय सदस्य मोतीप्रसाद पहाडी
- माननीय सदस्य रामचन्द्रप्रसाद कुशवाह
- माननीय सदस्य वामदेव गौतम
- माननीय सदस्य विष्णुबहादुर राउत
- माननीय सदस्य सुरेशचन्द्र दाश
- माननीय सदस्य सोमप्रसाद पाण्डे

**प्रतिनिधि सभा २०५६ देखि २०५९ सम्म**

**समितिको नामः** कानून, न्याय तथा संसदीय व्यवस्था समिति

**समितिको गठन**

प्रतिनिधि सभा नियमावली, २०५४ नियम १८८ बमोजिम यस प्रतिनिधि सभाको अवधिमा ९ वटा विषयगत समितिहरू गठन भएका थिए। प्रत्येक समितिमा सभामुखले सभाको सहमति लिई पदेन सदस्यसहित बढीमा पच्चीस जना सदस्यहरू मनोनीत हुने व्यवस्था रहेको थियो। ती गठित समितिहरूमध्ये कानून, न्याय तथा संसदीय व्यवस्था समिति पनि एक हो। तत्कालीन सभामुख तारानाथ रानाभाटले यस समितिमा सभापतिसहित २० जना सदस्य रहेको कानून, न्याय तथा संसदीय व्यवस्था समितिको वि.सं. २०५६ भाद्र १६ गठन गरेका थिए। यस कानून, न्याय तथा संसदीय व्यवस्था समितिमा सभामुखद्वारा २०५६ चैत्र १५ गते र २०५८ फागुन २९ गते माननीय सदस्यहरूको हेरफेर तथा मनोनयन भएको थियो। समितिको कार्यकाल वि.सं. २०५९ सालसम्म रहेको थियो।

**समितिको कार्यक्षेत्र**

- कानून,
- न्याय प्रशासन,
- संसदीय व्यवस्था,
- महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन र
- प्रत्यायोजित व्यवस्थापनको कार्यक्षेत्रसँग सम्बन्धित विषय

**समितिका गतिविधि**

वि.सं. २०५६ देखि २०५९ सम्मको अवधिमा यस समितिबाट आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित विषयहरूमा छलफलको लागि समितिमा ५ वटा विधेयक प्राप्त भएकोमा समितिबाट प्रतिवेदनसहित सभामा ३ वटा विधेयक प्रस्तुत गरिएको थियो।

समितिमा छलफल भएका र प्रतिवेदनसहित सभामा प्रस्तुत भएका विधेयकको विवरण :-

- अदालत व्यवस्थापन तथा न्याय प्रशासन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०५८
- मुलुकी ऐन (एघारौं संशोधन) विधेयक, २०५८
- संसद सचिवालय सम्बन्धी विधेयक, २०५८

**कानून, न्याय तथा संसदीय व्यवस्था समितिका सदस्यहरू**

**सभापतिः** माननीय सदस्य महेन्द्र यादव

**सदस्यहरू**

- माननीय सदस्य अजयकुमार चौरसिया बरै
- माननीय सदस्य कमलप्रकाश सुनुवार
- माननीय सदस्य कृष्णप्रताप मल्ल
- माननीय सदस्य गोपाल राई
- माननीय सदस्य दुर्गा लिँखा
- माननीय सदस्य नरबहादुर हमाल
- माननीय सदस्य पदमबहादुर सिह
- माननीय सदस्य योगनारायण यादव
- माननीय सदस्य रामनाथ अधिकारी
- माननीय सदस्य हरिभक्त अधिकारी
- माननीय सदस्य उमाकान्त चौधरी
- माननीय सदस्य कृष्णकिशोर घिमिरे
- माननीय सदस्य गेहेन्द्र गिरी
- माननीय सदस्य जनकराज गिरी
- माननीय सदस्य धमनाथप्रसाद शाह
- माननीय सदस्य नारायणप्रसाद शर्मा पौड्याल
- माननीय सदस्य महेन्द्रप्रसाद यादव
- माननीय सदस्य राजेन्द्र महतो
- माननीय सदस्य शेरधन राई

**समितिमा सदस्य हेरफेर**

| क्र.सं. | नाम, थर | समितिको सदस्य रहेको/नरहेको मिति |
|---|---|---|
| १. | हरिभक्त अधिकारी | २०५८/११/२९ सम्म |
| २. | उमाकान्त चौधरी | २०५८/११/२९ सम्म |
| ३. | कृष्णकिशोर घिमिरे | २०५८/११/२९ सम्म |
| ४. | गेहेन्द्र गिरी | २०५८/११/२९ सम्म |
| ५. | रामकुमार चौधरी | २०५८/११/२९ देखि |
| ६. | रामचन्द्र तिवारी | २०५८/११/२९ देखि |

कानून, न्याय तथा संसदीय व्यवस्था समितिमा निम्न लिखित माननीय सदस्यहरूलाई २०५८ साल फागुन २९ गते मनोनीत गरिएको थियोः

- माननीय सदस्य केशरमान रोक्का
- माननीय सदस्य कृष्ण प्रसाद सिटौला

- माननीय सदस्य तारणीदत्त चटौत
- माननीय सदस्य प्रकाश कोइराला
- माननीय सदस्य महन्थ ठाकुर
- माननीय सदस्य पुष्करनाथ ओझा
- माननीय सदस्य बेनुपराज प्रसाई
- माननीय सदस्य सिद्धराज ओझा

**पुनर्स्थापित प्रतिनिधि सभा (२०६३ बैशाख १५ देखि २०६३ माघ १ सम्म)**

**समितिको नामः** कानून, न्याय तथा संसदीय व्यवस्था समिति

**समितिको गठनः**

वि.सं. २०६२/६३ को जनआन्दोलनपश्चात पुनर्स्थापित प्रतिनिधि सभाको पहिलो बैठक २०६३ साल बैशाख १५ गते बस्यो र उक्त पुनर्स्थापित प्रतिनिधि सभाको कार्यकाल २०६३ साल माघ १ गतेसम्म रह्यो। यस सभाले २०६३ माघ १ गते नेपालको अन्तरिम संविधान जारी गर्दै सोही संविधान बमोजिम गठित व्यवस्थापिका-संसदलाई आफ्नो जिम्मेवारी सुम्पिएको थियो। सो संसदले पूर्ववत् रहेका समितिहरूलाई नै निरन्तरता दिई प्रतिनिधि सभा नियमावली, २०६३ को नियम १७६ बमोजिम ९ वटा स्थायी विषयगत समितिहरू गठन भएका थिए। जसअनुसार सभापतिसमेत गरी १८ सदस्यीय कानून, न्याय तथा संसदीय व्यवस्था समितिको गठन २०६३ असार १ गते भएको थियो।

**समितिको कार्यक्षेत्रः**

- कानून,
- न्याय प्रशासन,
- संसदीय व्यवस्था,
- महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन र
- प्रत्यायोजित व्यवस्थापनको कार्यक्षेत्रसँग सम्बन्धित विषय

**समितिका गतिविधिः**

यस समितिमा छलफलका लागि प्राप्त भएका विधेयकको सङ्ख्या ३, समितिबाट प्रतिवेदनसहित सभामा प्रस्तुत विधेयकको सङ्ख्या ३ रहेको थियो।

समितिमा छलफल भएका विधेयकको विवरण

- केही नेपाल कानूनलाई संशोधन गर्न बनेको विधेयक, २०६३

- राष्ट्रिय न्यायिक प्रतिष्ठान विधेयक, २०६३
- नेपाल कानून आयोग विधेयक,२०६३

**कानून, न्याय तथा संसदीय व्यवस्था समितिका सदस्यहरुः**

**सभापतिः** माननीय सदस्य सावित्री बोगटी (पाठक)

**सदस्यहरूः-**

- माननीय सदस्य कमलप्रकाश सुनुवार
- माननीय सदस्य गेहेन्द्र गिरी
- माननीय सदस्य घनेन्द्र बस्नेत
- माननीय सदस्य तारानाथ रानाभाट
- माननीय सदस्य तारिणीदत्त चटौत
- माननीय सदस्य दुर्गा लिँखा
- माननीय सदस्य नरबहादुर हमाल
- माननीय सदस्य पुष्करनाथ ओझा
- माननीय सदस्य बेनुपराज प्रसाई
- माननीय सदस्य भक्तबहादुर वलायर
- माननीय सदस्य प्रेमलाल सिंह
- माननीय सदस्य रत्नप्रसाद शर्मा न्यौपाने
- माननीय सदस्य रामचन्द्र तिवारी
- माननीय सदस्य रामनाथ अधिकारी
- माननीय सदस्य शरतसिंह भण्डारी
- माननीय सदस्य शेरधन राई
- माननीय सदस्य सिद्धराज ओझा

**व्यवस्थापिका-संसद (२०६३ माघ १ देखि २०६४ माघ २ सम्म)**

**समितिको नामः** कानून, न्याय तथा व्यवस्थापिका-संसद सम्बन्ध समिति

**समितिको गठनः**

पुनर्स्थापित प्रतिनिधि सभाबाट नेपालको अन्तरिम संविधान, २०६३ जारी भएपछि एक सदनात्मक व्यवस्थापिका-संसदको परिकल्पना गरियो। नेपालको अन्तरिम संविधान, २०६३ को भाग ६ मा व्यवस्थापिका-संसदको व्यवस्था गरिएको थियो। व्यवस्थापिका-संसद नियमावली, २०६३ को नियम १८१ मा सरकारलाई व्यवस्थापिका संसदप्रति उत्तरदायी र जवाफदेही बनाउन, सरकारबाट भए गरेका वा हुने काम कारबाहीलाई पारदर्शी तुल्याउने सन्दर्भमा अनुगमन, मूल्याङ्कन र नियन्त्रण गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन व्यवस्थापिका संसदमा संविधानको धारा ५८ बमोजिम यस अवधिमा व्यवस्थापिका-संसद

अन्तर्गत १४ वटा विषयगत समितिहरू २०६३ फागुन १० गते गठन भएका थिए। जसमध्ये कानून, न्याय तथा व्यवस्थापिका-संसद सम्बन्ध समिति एक हो। यस समितिको गठन हुँदा समितिमा २३ जना माननीय सदस्यहरू रहनु भएको थियो।

**समितिको कार्यक्षेत्रः**

- कानून, न्याय र व्यवस्थापिका-संसद,
- महान्यायाधिवक्ताको कार्यालय र
- प्रत्यायोजित अधिकार बमोजिम जारी भएका नियम, विनियम र आदेशको अनुगमन तथा मूल्याङ्कन

**समितिका गतिविधिः**

संसदको यस अवधिमा समितिको सभापतिको चयन भएन। यस समितिमा छलफलका लागि प्राप्त भएका र समितिबाट प्रतिवेदनसहित सभामा प्रस्तुत विधेयकको विवरण यस प्रकार रहेको छ।

१. विशेष अदालत (पहिलो संशोधन) विधेयक,२०६३
२. व्यवस्थापिका संसद सचिवालय सम्बन्धी विधेयक,२०६४
३. मुलुकी (बाह्रौं संशोधन) विधेयक, २०६३
४. न्यायाधीशहरूको पारिश्रमिक सेवाको शर्त र सुविधा सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०६४

**कानून, न्याय तथा व्यवस्थापिका-संसद सम्बन्ध समितिका सदस्यहरूः**

- माननीय सदस्य अजयकुमार चौरसिया बरै
- माननीय सदस्य अमृता थापा
- माननीय सदस्य कुमारी मोक्तान
- माननीय सदस्य खिमलाल देवकोटा
- माननीय सदस्य गमबहादुर श्रीश मगर
- माननीय सदस्य गेहेन्द्र गिरी
- माननीय सदस्य सदस्य घनेन्द्र बस्नेत
- माननीय सदस्य जनकराज गिरी
- माननीय सदस्य जयन्ती राई
- माननीय सदस्य टेकबहादुर चोखाल
- माननीय सदस्य तारानाथ रानाभाट
- माननीय सदस्य तारिणीदत्त चटौत

- माननीय सदस्य दामोदर वस्ताकोटी
- माननीय सदस्य नेत्रलाल श्रेष्ठ
- माननीय सदस्य बेनुपराज प्रसाईं
- माननीय सदस्य वीरेन्द्रकुमार कनौडिया
- माननीय सदस्य सिद्धराज ओझा
- माननीय सदस्य हरिहर दाहाल
- माननीय सदस्य दुर्गा लिँखा
- माननीय सदस्य प्रभु शाह
- माननीय सदस्य भक्तबहादुर वलायर
- माननीय सदस्य रामप्रीत पासवान
- माननीय सदस्य हर्कमान तामाङ
- 

**संविधान सभा (व्यवस्थापिका-संसद) (२०६५ देखि २०६९ सम्म)**

**समितिको नामः** विधायन समिति

**समितिको गठनः**

संविधान सभामार्फत संविधान बनाउने उद्देश्यले वि. सं २०६४ सालमा भएको निर्वाचनमार्फत गठन भएको संविधान सभाले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिम व्यवस्थापिका संसदको काम समेत गरेको थियो। संविधान सभाको बैठकबाट गठित संविधान सभा (कार्यविधि) नियमावली मस्यौदा समितिले संविधान सभाको अवधिभर व्यवस्थापिकीय कार्य गर्नको लागि संविधान सभा (व्यवस्थापिका-संसदको कार्य सञ्चालन) नियमावली, २०६५ को निर्माण गरेको थियो। नेपाल सरकारलाई व्यवस्थापिका-संसदप्रति उत्तरदायी र जवाफदेही बनाउन सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन एवम् राय सल्लाह दिनसमेतका लागि व्यवस्थापिका संसदअन्तर्गत आठवटा विषयगत समिति र दुईवटा विशेष समिति २०६५ साल मङ्सिर ३० गते गठन भएका थिए। तीमध्ये विधायन समिति एक थियो। यस अवधिमा विधायनसम्बन्धी सम्पूर्ण कार्य विधायन समितिले नै गर्दथ्यो।

**समितिको कार्यक्षेत्रः** विधायनसम्बन्धी आवश्यक कार्य सम्पादनमा व्यवस्थपिका-संसदलाई सहयोग पुऱ्याउने।

**समितिका गतिविधिः**

यस समितिमा छलफलका लागि प्राप्त भएका र समितिबाट प्रतिवेदनसहित सभामा प्रस्तुत विधेयकको विवरण देहाय बमोजिम रहेको छः-

१. घरेलु हिंसा (कसूर र सजाय) विधेयक,२०६५
२. स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी विधेयक, २०६५
३. गणतन्त्र सुदृढीकरण सम्बन्धी केही नेपाल कानूनलाई संशोधन गर्ने विधेयक, २०६५
४. लोक सेवा आयोग विधेयक, २०६५
५. सुर्तीजन्य पदार्थको (नियन्त्रण र नियमन गर्ने) विधेयक, २०६६
६. मेलमिलाप सम्बन्धी विधेयक,२०६६
७. न्याय प्रशासन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक, २०६६
८. लगानी बोर्ड विधेयक, २०६५
९. जातीय भेदभाव तथा छुवाछुत (कसूर सजाय) विधेयक, २०६६
१०. राष्ट्रिय मानव अधिकार आयोग विधेयक, २०६६
११. फोहोरमैला व्यवस्थापन विधेयक, २०६६
१२. सम्पति सुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण (पहिलो संशोधन) विधेयक, २०६७

**विधायन समितिका सदस्यहरुः**

**सभापति** - माननीय सदस्य यशोदा गुरूङ्ग (सुवेदी)

**सदस्यहरुः**

- माननीय सदस्य अग्नीप्रसाद खरेल
- माननीय सदस्य अर्जुन राई
- माननीय सदस्य अमरवहादुर गुरूङ्ग तमु
- माननीय सदस्य अमिक शेरचन
- माननीय सदस्य आङदावा शेर्पा
- माननीय सदस्य इन्द्रावती अधिकारी (दनुवार)
- माननीय सदस्य उमा गोठे (कपाली)
- माननीय सदस्य उर्मिला देवी साह
- माननीय सदस्य उषाकला राई
- माननीय सदस्य एकनाथ ढकाल
- माननीय सदस्य एकराज भण्डारी
- माननीय सदस्य कविन्द्रनाथ ठाकुर
- माननीय सदस्य कुन्ती कुमारी शाही
- माननीय सदस्य केशव राई

- माननीय सदस्य कृष्णा ठाकुर
- माननीय सदस्य खिमलाल देवकोटा
- माननीय सदस्य गायत्री साह
- माननीय सदस्य गोपाल ठाकुर
- माननीय सदस्य चन्दा देवी
- माननीय सदस्य चन्द्रबहादुर गुरूङ्ग (मुस्ताङ)
- माननीय सदस्य चन्द्रीराम टमटा
- माननीय सदस्य चित्रबहादुर के.सी.
- माननीय सदस्य चुनबहादुर थामी
- माननीय सदस्य जनककुमारी चालिसे
- माननीय सदस्य डोल्मा तामाङ
- माननीय सदस्य तिलक परियार
- माननीय सदस्य दामाकुमारी शर्मा
- माननीय सदस्य देवप्रसाद गुरूङ्ग
- माननीय सदस्य धर्मप्रसाद घिमिरे
- माननीय सदस्य धर्मराज निरौला
- माननीय सदस्य धिरेन्द्रबहादुर श्रेष्ठ
- माननीय सदस्य नरेन्द्रबहादुर कुँवर
- माननीय सदस्य नरेश भण्डारी
- माननीय सदस्य नारायणप्रसाद पौडेल
- माननीय सदस्य नीलाम्बर आचार्य
- माननीय सदस्य पुजा खनाल
- माननीय सदस्य पुष्पा भुसाल
- माननीय सदस्य प्रेमबहादुर सिंह
- माननीय सदस्य बवन सिंह
- माननीय सदस्य बिरबहादुर तामाङ्ग
- माननीय सदस्य बुद्धरत्न मानन्धर
- माननीय सदस्य बुद्धिराम गुरूङ
- माननीय सदस्य भूपेन्द्र चौधरी
- माननीय सदस्य मायाप्रसाद शर्मा
- माननीय सदस्य मालवर सिंह थापा
- माननीय सदस्य मिना पाण्डे
- माननीय सदस्य यदुवंश झा
- माननीय सदस्य युवराज कार्की
- माननीय सदस्य रत्न शेरचन
- माननीय सदस्य रमेश लेखक
- माननीय सदस्य राधादेवी तिमल्सेना
- माननीय सदस्य राधेश्याम अधिकारी
- माननीय सदस्य रामकृष्ण चित्रकार
- माननीय सदस्य रूपा सो.शी. चौधरी
- माननीय सदस्य लक्की शेर्पा
- माननीय सदस्य लक्ष्मणलाल कर्ण
- माननीय सदस्य लक्ष्मीलाल चौधरी
- माननीय सदस्य विविता देवी धोवी
- माननीय सदस्य विभाकुमारी कार्की
- माननीय सदस्य विश्वदिप लिङदेन लिम्वु
- माननीय सदस्य विश्वेन्द्र पासवान
- माननीय सदस्य श्यामसुन्दर गुप्ता
- माननीय सदस्य शिवचन्द्र मिश्र
- माननीय सदस्य शोभाकर पराजुली
- माननीय सदस्य सदरूल मिया हक
- माननीय सदस्य सपना प्रधान मल्ल
- माननीय सदस्य सलमा खातुन
- माननीय सदस्य सुनदेवी जोशी

मिकरानी

- माननीय सदस्य सुनिल प्रजापति
- माननीय सदस्य सुमित्रादेवी राय यादव
- माननीय सदस्य हरिनारायण यादव
- माननीय सदस्य सुनिलबाबु पन्त
- माननीय सदस्य सेवकीदेवी दास तत्मा
-

**दोस्रो संविधान सभा (व्यवस्थापिका-संसद) (२०७० देखि २०७२ सम्म)**

**समितिको नामः** विधायन समिति

**समितिको गठन**

पहिलो संविधान सभाको विघटनसँगै व्यवस्थापिका संसद पनि स्वतः विघटन भई दोस्रो संविधान सभाको निर्वाचनपश्चात् सरकारलाई व्यवस्थापिका-संसदप्रति उत्तरदायी र जवाफदेही बनाउन, सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक निर्देशन एवम् राय सल्लाह दिन समेतको लागि संविधान सभा (व्यवस्थापिका-संसदको कार्य सञ्चालन) नियमावली, २०७० को नियम १०९ को उपनियम १ मा संविधानको धारा ८३ को उपधारा (१) बमोजिम कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय र महान्यायाधिवक्ताको कार्यालय समेतसँग सम्बन्धित नियमित विधायनसम्बन्धी आवश्यक कार्य सम्पादनमा व्यवस्थापिका-संसदलाई सहयोग पुऱ्याउन एक विधायन समिति गठन गरिनेछ भन्ने व्यवस्था उल्लेख भए बमोजिम विधायन समितिको गठन २०७० साल चैत १८ गते भएको थियो भने समितिको मिति २०७१/०६/२२ र २०७२/०४/१२ मा सदस्यहरू हेरफेर भएका थिए। यस समितिमा ४२ जना सदस्य रहेका थिए।

**समितिको कार्यक्षेत्र**

- कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय र
- महान्यायाधिवक्ताको कार्यालय समेतसँग सम्बन्धित नियमित विधायनसम्बन्धी

**समितिका गतिविधि**

यस अवधिमा पनि नियमित विधायनसम्बन्धी कार्य गर्नका लागि संसदमा छुट्टै विधायन समिति गठन भएको थियो। त्यसैले अन्य विषयगत समितिहरूले विधायन सम्बन्धी कार्य गर्दैनथे। यस अवधिका समितिमा छलफल भएका विधेयकहरू-

- भूकम्पबाट प्रभावित संरचनाको पूननिर्माण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७२
- देवानी कानूनको संशोधन र एकीकरण गर्न वनेको विधेयक, २०७१
- केही नेपाल कानूनलाई संशोधन तथा खारेज गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७१
- लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०७१
- देवानी मुद्दाको कार्यविधि सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७१
- फौजदारी कसुर सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७१
- फौजदारी मुद्दाको कार्यविधि सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७१
- फौजदारी कसुरका सजाय निर्धारण तथा कार्यान्वयन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७१

**विधायन समितिमा रहनुभएका माननीय सदस्यहरू**

**सभापतिः** माननीय सदस्य गंगा चौधरी (सत्गौवा)

**सदस्यहरुः**

- माननीय सदस्य अकबाल अहमद शाह
- माननीय सदस्य अन्जना चौधरी
- माननीय सदस्य अन्जना ताम्ली
- माननीय सदस्य अफिलाल आखेडा
- माननीय सदस्य अशोक कुमार राई
- माननीय सदस्य लालबाबु राउत
- माननीय सदस्य कु. टेक नेपाली
- माननीय सदस्य कुन्ती कुमारी शाही
- माननीय सदस्य कुमार खडका
- माननीय सदस्य कृपा राम राना
- माननीय सदस्य कृष्ण भक्त पोखेल
- माननीय सदस्य गोपाल गिरी
- माननीय सदस्य चन्द्र पकाश (सीपी) मैनाली
- माननीय सदस्य तारा देवी राई

- माननीय सदस्य तारिणी दत्त चटौत
- माननीय सदस्य प्रतिक्षा तिवारी मुखिया
- माननीय सदस्य प्रेम बहादुर गिरी
- माननीय सदस्य प्रेम बहादुर सिंह
- माननीय सदस्य प्रेम सुवाल
- माननीय सदस्य बल बहादुर महत
- माननीय सदस्य आशा चतर्वेदी
- माननीय सदस्य मनमोहन भट्टराई
- माननीय सदस्य मोहन प्रसाद वराल
- माननीय सदस्य मोहन सिंह राठौर
- माननीय सदस्य राम चन्द्र चौधरी
- माननीय सदस्य राम चन्द्र यादव (सिराहा-४)
- माननीय सदस्य राम नारायण विडारी
- माननीय सदस्य राम सिंह यादब
- माननीय सदस्य रेवती रमण भण्डारी
- माननीय सदस्य लक्ष्मी देवी भण्डारी
- माननीय सदस्य लाल बहादुर घले
- माननीय सदस्य लाल बहादुर रावल
- माननीय सदस्य लोकमणी ढकाल
- माननीय सदस्य विचारी प्रसाद यादव
- माननीय सदस्य शितल झा
- माननीय सदस्य शिव कुमारी गौताम (सार्की) नगरकोटी
- माननीय सदस्य सिताराम महतो
- माननीय सदस्य सुनील कुमार यादव
- माननीय सदस्य सुर्य बहादुर थापा
- माननीय सदस्य हिरा बहादुर के.सी.
- माननीय सदस्य ज्ञान कुमारी छन्त्याल

- **समितिमा सदस्य हेरफेर**

| क्र.सं. | नाम, थर | समितिको सदस्य रहेको मिति |
|---|---|---|
| १. | माननीय सदस्य राधेश्याम अधिकारी | २०७१/०६/२२ देखि |
| २. | माननीय सदस्य कुन्ती कुमारी शाही | २०७१/०६/२२ सम्म |
| ३. | माननीय सदस्य रामदुलारी चौधरी | २०७१/०६/२२ देखि |
| ४. | माननीय सदस्य अग्नी प्रसाद खरेल | २०७१/०७/२३ देखि |
| ५. | माननीय सदस्य लक्ष्मणलाल कर्ण | २०७१/०७/२३ देखि |

| क्र.सं. | नाम, थर | समितिको सदस्य रहेको मिति |
| --- | --- | --- |
| ६. | माननीय सदस्य मोहन सिंह राठौर | २०७१/०७/२३ सम्म |
| ७. | माननीय सदस्य कर्ण बहादुर थापा | २०७२/०४/१२ देखि |

**रूपान्तरित व्यवस्थापिका-संसद (२०७२ देखि २०७४ सम्म)**

**समितिको नामः** विधायन समिति

**समितिको गठन**

संविधान सभाबाट २०७२ साल असोज ३ गते नेपालको संविधान जारी भएपछि संविधानको धारा २९६ बमोजिम संविधान सभा व्यवस्थापिका-संसदमा रूपान्तरण भएको थियो। संघीय व्यवस्थापिकाको सम्बन्धमा नेपालको संविधानको भाग ८, धारा ८३ मा 'प्रतिनिधि सभा र राष्ट्रिय सभा नामका दुई सदनसहितको एक संघीय व्यवस्थापिका हुने छ, जसलाई संघीय संसद भनिने छ' भन्ने उल्लेख भएको र सोही संविधानको धारा ९७ को उपधारा (१) मा 'प्रतिनिधि सभा र राष्ट्रिय सभाले संघीय कानूनबमोजिम समितिहरू गठन गर्न सक्नेछन्' भन्ने व्यवस्था रहेको छ। नेपालको संविधानको धारा २९६ मा संविधान सभा व्यवस्थापिका-संसदमा रूपान्तरण हुने सवैधानिक व्यवस्था रहेको छ। सोही संवैधानिक व्यवस्थाबमोजिम रूपान्तरित व्यवस्थापिका संसदको २०७३ असार ५ गते बसेको बैठकमा व्यवस्थापिका संसद नियमावली मस्यौदा समितिले पेस गरेको व्यवस्थापिका संसद नियमावली, २०७३ को मस्यौदा पारित भएपछि उक्त नियमावलीबमोजिम व्यवस्थापिका-संसदमा १२ वटा विषयगत समितिहरू गठन भएका थिए। व्यवस्थापिका संसद नियमावली, २०७३ को नियम १७६ मा व्यवस्थापिका-संसदको नियमित कार्यमा सहयोग पुऱ्याउन व्यवस्थापिका-संसद अन्तर्गत विषयगत समितिहरू र विशेष समितिहरू गठन गर्न सकिने व्यवस्था गरिएको

थियो। ऐ. नियमावलीको नियम १७७ मा सरकारलाई व्यवस्थापिका संसदप्रति उत्तरदायी र जवाफदेही बनाउन, सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन र राय सल्लाह दिन समेत १२ वटा विषयगत समितिहरू गठन गरेको थियो। ती समितिहरूमध्ये विधायन समिति एक थियो।

**समितिको कार्यक्षेत्र**

- कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय,
- सर्वोच्च अदालत,
- न्याय परिषद् र
- महान्यायाधिवक्ताको कार्यालय

**समितिका गतिविधि**

यस समितिका सभापति माननीय सदस्य गंगा चौधरी (सत्गौवा) ले समितिको वार्षिक प्रतिवेदन, २०७२/२०७३ मिति २०७३/१०/२३ मा सभामा पेस गर्नुभएको थियो। यस अवधिमा समितिमा दफावार छलफल भएका विधेयकहरूः-

- न्याय प्रशासन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न वनेको विधेयक, २०७३
- न्याय परिषद्को काम, कर्तव्य र अधिकार सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न वनेको विधेयक, २०७३
- न्याय सेवा आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न वनेको विधेयक, २०७३
- सर्वोच्च अदालत ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७३

**विधायन समितिमा रहनुभएका माननीय सदस्यहरू**

**सभापतिः** माननीय सदस्य गंगा चौधरी (सत्गौवा)

**सदस्यहरुः**

- माननीय सदस्य अकबाल अहमद शाह
- माननीय सदस्य अग्नीप्रसाद खरेल
- माननीय सदस्य अन्जना चौधरी
- माननीय सदस्य अन्जना ताम्ली

- माननीय सदस्य अफिलाल आखेडा
- माननीय सदस्य अशोक कुमार राई
- माननीय सदस्य अशोक कोइराला
- माननीय सदस्य आशा चतुर्वेदी
- माननीय सदस्य आशा वि.क.
- माननीय सदस्य कर्णबहादुर थापा
- माननीय सदस्य कु. टेक नेपाली
- माननीय सदस्य कुन्ती कुमारी शाही
- माननीय सदस्य राधेश्याम अधिकारी
- माननीय सदस्य रामचन्द्र चौधरी
- माननीय सदस्य राम चन्द्र यादव (सिराहा-४)
- माननीय सदस्य राम दुलारी चौधरी
- माननीय सदस्य राम नारायण विडारी
- माननीय सदस्य रेवती रमण भण्डारी
- माननीय सदस्य लक्ष्मणलाल कर्ण
- माननीय सदस्य लक्ष्मीदेवी भण्डारी
- माननीय सदस्य लाल बहादुर घले
- माननीय सदस्य लाल बहादुर रावल
- माननीय सदस्य बिचारी प्रसाद यादव
- माननीय सदस्य शितल झा
- माननीय सदस्य कृपा राम राना
- माननीय सदस्य कृष्ण भक्त पोखेल
- माननीय सदस्य गोपाल गिरी
- माननीय सदस्य तारा देवी राई
- माननीय सदस्य तारणी दत्त चटौत
- माननीय सदस्य नरहरी आचार्य
- माननीय सदस्य नरेन्द्र बिक्रम नेम्बाङ्ग
- माननीय सदस्य प्रतिक्षा तिवारी मुखिया
- माननीय सदस्य प्रेम बहादुर गिरी
- माननीय सदस्य प्रेम बहादुर सिंह
- माननीय सदस्य मनमोहन भट्टराई
- माननीय सदस्य शिव कुमारी गोतामे(सार्की) नगरकोटी
- माननीय सदस्य सिताराम भण्डारी
- माननीय सदस्य सिमा कुमारी वि.क.
- माननीय सदस्य सुनिल कुमार यादव
- माननीय सदस्य सुवास चन्द्र नेम्वाङ्ग
- माननीय सदस्य हिरा बहादुर के.सी.
- माननीय सदस्य ज्ञान कुमारी छन्त्याल

**संघीय संसद २०७४**

**समितिको नामः** कानून, न्याय तथा मानव अधिकार समिति

**समितिको गठन**

नेपालको संविधान(२०७२) जारी भई गठन भएको संघीय संसदको प्रथम अवधिमा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १६९ मा प्रतिनिधि सभाको नियमित कार्यमा

सहयोग पुऱ्याउन प्रतिनिधि सभाअन्तर्गत विषयगत र विशेष समिति गठन गर्न सक्ने व्यवस्था रहेको थियो भने सोही नियमावलीको नियम १७० मा नेपाल सरकारलाई प्रतिनिधि सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिनसमेतका लागि संविधानको धारा ९७ बमोजिम प्रतिनिधि सभामा १० वटा विषयगत समितिहरू गठन भएका थिए। तीमध्ये कानून, न्याय तथा मानव अधिकार समिति एक हो। २०७५ साउन १७ गते प्रतिनिधि सभाको बैठकले यस समितिहरूमा रहने माननीय सदस्यहरूको नामावलीसहित समितिको गठन भएको थियो।

**समितिको कार्यक्षेत्र**

- कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय,
- न्याय परिषद्,
- न्याय सेवा आयोग,
- महान्यायाधिवक्ताको कार्यालय र
- मानव अधिकार

**समितिका गतिविधि**

आफ्नो कार्यकालमा समितिका जम्मा ६० वटा बैठक बसेका थिए। यस अवधिमा समितिमा छलफल भएको प्रतिवेदन र विधेयकहरू समितिका सभापति माननीय सदस्य कृष्ण भक्त पोखे्रलले मिति २०७६/०२/१३, २०७७/०२/१४ र २०७९/०३/०६ मा तीन वटा प्रतिवेदनहरू सभामा पेस गर्नुभएको थियो। यस अवधिमा समितिमा छलफल भएको प्रतिवेदन र विधेयकहरू यस प्रकार रहेका छन्।

- नेपालको संविधान अनुकुल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७५ मा समावेश भएका १०९ ऐनहरू,
- केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७५ मा समावेश भएका ५६ ऐनहरू,
- मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०७५
- प्रशासकीय अदालतको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५

- प्रमाण (दोस्रो संशोधन) विधेयक, २०७५
- मानव अधिकार सम्बन्धी पाचौं राष्ट्रिय कार्य योजना (२०७६/७७-२०८०/८१) को मस्यौदा उपर टिप्पणी र सुझाव,
- जातीय तथा अन्य सामाजिक छुवाछुत र भेदभाव (कसुर र सजाय) ऐन, २०६८: विधायनोत्तर अवस्थाको परिक्षण प्रतिवेदन, २०७०
- मुलुकी अपराध संहिताको परिच्छेद १८ करणी सम्बन्धी कसूर विशेष गरी दफा २१९ को प्रभावकारिता सम्बन्धमा विधायनोत्तर परीक्षण प्रतिवेदन, २०७८
- मोरङ्ग, सुनसरी र इलाम कारागार अनुगमन सम्बन्धी प्रतिवेदन, २०७९
- सुर्खेत, मुगु र जुम्ला कारागार अनुगमन सम्बन्धी प्रतिवेदन, २०७८
- रौतहट र धनुषा जिल्लामा प्रहरी हिरासतमा मृत्यु भएका व्यक्तिको सम्बन्धमा स्थलगत अध्ययन भ्रमण प्रतिवेदन, २०७८

**कानून, न्याय तथा मानव अधिकार समितिका सदस्यहरू**

**सभापतिः** माननीय सदस्य कृष्ण भक्त पोखेल

**सदस्यहरू**

- माननीय सदस्य अतहतर कमाल मुसलमान
- माननीय सदस्य उमाशंकर अरगरिया
- माननीय सदस्य कलुदेवी विश्वकर्मा
- माननीय सदस्य गोमा देवकोटा
- माननीय सदस्य देव प्रसाद गुरूङ
- माननीय सदस्य देव प्रसाद तिमलसेना
- माननीय सदस्य पदम गिरी
- माननीय सदस्य पदम नारायण चौधरी (थारू)
- माननीय सदस्य बालकृष्ण खाँण
- माननीय सदस्य बिमला वि.क.
- माननीय सदस्य महेन्द्र कुमारी लिम्बु
- माननीय सदस्य माया देवी न्यौपाने
- माननीय सदस्य मिन बहादुर विश्वकर्मा
- माननीय सदस्य रविन्द्र राज शर्मा
- माननीय सदस्य राजेन्द्र प्रसाद गौतम
- माननीय सदस्य रामेश्वर राय यादव
- माननीय सदस्य लक्ष्मण लाल कर्ण
- माननीय सदस्य लाल बहादुर थापा

- माननीय सदस्य विष्णु शर्मा
- माननीय सदस्य समिना हुसेन
- माननीय सदस्य संजय कुमार गौतम
- माननीय सदस्य शेर बहादुर तामाङ
- माननीय सदस्य सुवासचन्द्र नेम्वाङ्ग
-

**समितिमा सदस्य हेरफेर**

| क्र.सं. | नाम, थर | समितिको सदस्य रहेको/नरहेको मिति |
|---|---|---|
| १. | माननीय सदस्य शेरबहादुर तामाङ | २०७५/०४/२१ सम्म |
| २. | माननीय सदस्य विमला वि.क. | २०७५/०४/२१ देखि |
| ३. | माननीय सदस्य शेर बहादुर देउवा | २०७५/०५/२२ देखि |
| ४. | माननीय सदस्य संजय कुमार गौतम | २०७५/०५/२२ सम्म |
| ५. | माननीय सदस्य स्मृतीनारायण चौधरी | २०७५/०५/२२ देखि |
| ६. | माननीय सदस्य देवप्रसाद तिमलसेना | २०७५/०५/२२ सम्म |
| ७. | माननीय सदस्य महेन्द्र कुमारी लिम्बु | २०७५/०५/२२ सम्म |
| ८. | माननीय सदस्य कर्मा घले | २०७५/०५/२२ देखि |
| ९. | माननीय सदस्य मातृका प्रसाद यादव | २०७६/१०/१७ देखि |
| १०. | माननीय सदस्य राम कुमारी चौधरी | २०७६/१०/१७ देखि |
| ११. | माननीय सदस्य पदम गिरी | २०७६/१०/१७ सम्म |
| १२. | माननीय सदस्य माया देवी न्यौपाने | २०७६/१०/१७ सम्म |
| १३. | माननीय सदस्य पुष्पकमल दाहाल(प्रचण्ड) | २०७७/१२/३० देखि |
| १४. | माननीय सदस्य विनादेवी बुढाथोकी | २०७७/१२/३० देखि |
| १५. | माननीय सदस्य राजेन्द्र प्रसाद गौतम | २०७७/१२/३० सम्म |
| १६. | माननीय सदस्य भानुभक्त ढकाल | २०७९/०२/१७ देखि |
| १७. | माननीय सदस्य उमाशंकर अरगरिया | २०७९/०२/१७ सम्म |
| १८. | माननीय सदस्य विमला विश्वकर्मा | २०७९/०२/१७ देखि |
| १९. | माननीय सदस्य रामकुमारी चदधरी | २०७९/०२/१७ सम्म |

| क्र.सं. | नाम, थर | समितिको सदस्य रहेको/नरहेको मिति |
|---|---|---|
| २०. | माननीय सदस्य बिमला वि.क. | २०७९/०२/१७ देखि |
| २१. | माननीय सदस्य बिमला विश्वकर्मा | २०७९/०२/१७ सम्म |

**संघीय संसदः २०७९**

**समितिको नामः** कानून, न्याय तथा मानव अधिकार समिति

**समितिको गठन**

संघीय संसदको दोश्रो अवधिमा प्रतिनिधि सभा नियमावली, २०७९ अनुसार सभामा १० वटा विषयगत समितिहरू रहने व्यवस्था रहेको छ। सोही नियमावली, २०७९ को नियम १७२ मा प्रतिनिधि सभाको नियमित कार्यमा सहयोग पुऱ्याउन प्रतिनिधि सभाअन्तर्गत विषयगत समिति र विशेष समिति गठन गर्न सकिने व्यवस्था रहेको छ। प्रतिनिधि सभा नियमावलीको नियम १७५ मा विषयगत समितिमा सभामुखले प्रतिनिधि सभाको सहमति लिई पदेन सदस्यबाहेक बढीमा २७ जना सदस्य मनोनयन गर्ने व्यवस्था भए बमोजिम २०८० साल बैशाख १५ गतेको प्रतिनिधि सभाको बैठकले यस समितिको गठन गरेको हो।

**समितिको कार्यक्षेत्र**

- कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय,
- न्याय परिषद्,
- न्याय सेवा आयोग,
- महान्यायाधिवक्ताको कार्यालय,
- मानव अधिकार,
- अन्तर्राष्ट्रिय सन्धि सम्झौता,
- शान्ति प्रक्रिया र
- मौलिक हकको कार्यान्वयनको अवस्था र सम्बद्ध विषय तथा निकाय

**समितिका गतिविधि**

हालसम्म समितिका जम्मा ४६ वटा बैठक सम्पन्न भइसकेका छन। यस अवधिमा समितिमा छलफल भएका प्रतिवेदन तथा समितिमा छलफलका क्रममा रहेका र सभामा पेस भएका विधेयकहरू यस प्रकार रहेका छन्।

१. बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक, २०७९
२. सम्पत्ति शुद्धिकरण (मनि लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९
३. केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८०
४. विधायन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०
५. मोरङको विराटनगर बालसुधार गृह तथा मोरङ, सुनसरी र धनकुटा जिल्लाको कारागार अनुगमन उपसमितिको प्रतिवेदन, २०८१
६. बाँकेको जयेन्दु बालसुधार गृह तथा बाँके, बर्दिया र सुर्खेत जिल्लाको कारागार अनुगमन उपसमितिको प्रतिवेदन, २०८१
७. विरगञ्ज बालसुधार गृह तथा रौतहट, महोत्तरी र सर्लाही जिल्लाको कारागार अनुगमन उपसमितिको प्रतिवेदन, २०८१

**समितिमा हाल रहनुभएका सदस्यहरू र पदेन सदस्यहरूको विवरण**

**सभापतिः** माननीय सदस्य विमला सुवेदी

**सदस्यहरूः**

- माननीय सदस्य गोमा लाभ (सापकोटा)
- माननीय सदस्य चन्द्र बहादुर विश्वकर्मा
- माननीय सदस्य जीवन परियार
- माननीय सदस्य ध्रुव बहादुर प्रधान
- माननीय सदस्य नागिना यादव
- माननीय सदस्य नैनकला थापा
- माननीय सदस्य पुष्प बहादुर शाह
- माननीय सदस्य पूर्णबहादुर घर्ती
- माननीय सदस्य प्रतिक्षा तिवारी
- माननीय सदस्य महेश कुमार बर्तौला
- माननीय सदस्य रन्जु कुमारी झा
- माननीय सदस्य रामकुमार राई

- माननीय सदस्य डा. सुनिल कुमार शर्मा
- माननीय सदस्य शेर बहादुर कुँवर
- माननीय सदस्य शेर बहादुर देउवा
- माननीय सदस्य सन्तोष परियार
- माननीय सदस्य सुशिला थिङ
- माननीय सदस्य सुहाङ्ग नेम्वाङ्ग
- माननीय सदस्य सोबिता गौतम
-

**पदेन सदस्यहरुः**

- सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली
- माननीय सदस्य कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री अजय कुमार चौरसिया

**समितिको हेरफेर**

| क.सं. | नाम, थर | समितिको सदस्य रहेको/नरहेको मिति |
|---|---|---|
| १. | माननीय सदस्य किरण कुमार साह | २०८०/०५/०६ सम्म |
| २. | माननीय सदस्य रामहरि खतिवडा | २०८०/०५/०६ सम्म |
| ३. | माननीय सदस्य शशांक कोइराला | २०८०/०५/०६ सम्म |
| ४. | माननीय सदस्य रूपा सो.शी. चौधरी | २०८०/०५/०६ सम्म |
| ५. | माननीय सदस्य सुवासचन्द्र नेम्वाङ्ग | २०८०/०५/२६ मा निधन भएको |
| ६. | माननीय सदस्य सिता गुरूङ्ग | २०८१/०३/१३ देखि २०८१/०४/१५ सम्म |
| ७. | माननीय सदस्य सुहाङ्ग नेम्वाङ्ग | २०८१/०३/१३ देखि |
| ८. | माननीय सदस्य मंगल प्रसाद गुप्ता | २०८१/०४/२९ सम्म |

## सन्दर्भ सामग्री

नेपाल अधिराज्यको संविधान, २०४७
नेपालको अन्तरिम संविधान, २०६३
नेपालको संविधान (२०७२)
प्रतिनिधि सभा नियमावली, २०४८
प्रतिनिधि सभा नियमावली, २०५४
प्रतिनिधि सभा नियमावली, २०६३
व्यवस्थापिका-संसद नियमावली, २०६३
संविधान सभा (व्यवस्थापिका-संसदको कार्य सञ्चालन) नियमावली, २०६५
संविधान सभा (व्यवस्थापिका-संसदको कार्य सञ्चालन) नियमावली, २०७०
व्यवस्थापिका संसद नियमावली, २०७३
प्रतिनिधि सभा नियमावली, २०७५
प्रतिनिधि सभा नियमावली, २०७९
संसदीय विवरण पुस्तिका, २०४८-२०५१
संसदीय विवरण पुस्तिका, २०५१-२०५५
संसदीय विवरण पुस्तिका, २०५६-२०५९
संसदीय विवरण पुस्तिका, २०६३-२०६४
संसदीय विवरण पुस्तिका, २०६५-२०६९
संसदीय विवरण पुस्तिका, २०७०-२०७२
संसदीय विवरण पुस्तिका, २०७२-२०७४
संसदीय विवरण पुस्तिका, २०७४-२०७९
कानून, न्याय तथा मानव अधिकार समिति वार्षिक प्रतिवेदन, २०७६,२०७७,२०७९

## ३.१.२ कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको परिचय

**संसदीय व्यवस्था लागू भएदेखि हालसम्मको अवस्थाः**

नेपालमा भएको पहिलो संसदीय निर्वाचन २०१५ पछिका संसदीय समितिको दैनिक कार्य सञ्चालनमा सहयोग पुऱ्याउन र शासन सञ्चालनमा जनप्रतिनिधिलाई प्रत्यक्ष र अप्रत्यक्ष रुपमा संलग्न गराउँने उद्देश्यले संसदीय समितिको परिकल्पना गरिएको देखिन्छ। त्यसबेला कुनै निश्चित कामको लागि समितिहरु गठन गरिन्थ्यो। सभामुखबाट प्रदान गरिएको कार्यदिश अनुसारको काम सम्पन्न भएपछि समिति पनि बिघटन हुने गर्दथे। त्यसबेलाको प्रतिनिधि सभा नियमावली, २०१६ ले परामर्श दातृ समिति, सार्वजनिक लेखा समिति, अनुगमन समिति र विशेषाधिकार समितिको व्यवस्था गरेको पाइन्छ।तर संसदीय अभ्यासका छोटो अवधिमा केहि समितिहरु व्यावहारिक रुपमा कार्यान्वयन भए भने केहि समिति परिकल्पनामा नै सीमित रहे।त्यसबेला छुट्टै कृषि समितिकै नाममा हालको जस्तो विषयगत समिति रहेको देखिंदैन।

नेपालमा भएको २०४६ पछि को बहुदलीय व्यवस्थाको पुनर्स्थापना तत्पश्चात् नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ६३ को उपधारा ३ अनुसार बनेको नियमावलीको परिच्छेद २५ को नियम १८२ मा रहेका विभिन्न ७ समितिहरु मध्ये क्र.सं. ४ मा प्राकृतिक स्रोत र साधन तथा वातावरण संरक्षण समिति नामक संसदीय समितिको व्यवस्था गरिएको थियो। उक्त समितिको कार्यक्षेत्रमा जलस्रोत, भूमि सुधार, भूमि व्यवस्थापन, कृषि, वातावरण संरक्षण, वन तथा माटो संरक्षण जस्ता विषयहरु राखिएका थिए। उक्त समितिको वि.सं.२०४८ भदौ २७ गते समितिका जेष्ठसदस्य माननीय सदस्य सूर्यभक्त अधिकारीको सभापतित्वमा बसेको बैठकले सभापति पदमा माननीय सदस्य आत्माराम ओझा बाहुनलाई निर्बिरोध निर्वाचित गऱ्यो। यसै समितिको मिति २०४९ फागुन २९ गते शुक्रबार बसेको २१ औं बैठकले प्रतिनिधि सभाको २०४९ फागुन २६ गतेको बैठकले समितिमा दफावार छलफलका लागि पठाएको राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण (चौथो संशोधन) विधेयकलाई संशोधनकर्ता माननीय सदस्यहरुसँग छलफल गरी पारित गरेको थियो। यसैगरी, समितिले काठमाडौं उपत्यकाको फोहोरमैला व्यवस्थापनका विषयमा अध्ययन गरी सम्बन्धित

निकायलाई सजग गराउने, बाढी पहिरोबाट प्रभावित वर्ग क्षेत्रको स्थलगत अध्ययन गरी आवश्यकतानुसार सरकारलाई ध्यानाकर्षण गराउने देखि ढल व्यवस्थापनको समस्या समाधानाका लागि समिति अन्तर्गत उपसमिति गठन गर्ने जस्ता कार्य गरेको देखिन्छ।

वि.सं. २०५१ चैत्र १४ गतेको समितिको बैठकले ऐतिहासिक, साँस्कृतिक तथा पुरातात्विक महत्वको रानी पोखरी दक्षिण पूर्व कुनामा आगलागी भई जलेको तत्कालीन अवस्थाको पूर्व अञ्चलाधीशको कार्यालयरहेको ठाउँमा मध्यमञ्चल प्रहरी सेवाका लागि अत्याधुनिक साधन र सुविधा सम्पन्न ५ तले भवन बनाउँन तत्कालीन गृहमन्त्रीबाट शिलान्यास समेत भैसकेकोमा त्यस्ता सम्पदाको विनाश हुने कुरालाई दृष्टिगत गरी तत्कालीन सरकारको ध्यानाकर्षण गराउँने, निर्माणको कार्य तत्काल रोक्का गर्ने सहित रानी पोखरीलाई प्रदुषणमुक्त पार्न र पूर्ववतरुपमा पुनःस्थापना गर्न सरकारबाट समितिले गुरु योजनाको समेत माग गरेको थियो।

वि.सं. २०५१ चैत्र १५ गते समितिका सभापति माननीय सदस्य शरतसिंह भण्डारीको सभापतित्वमा बसेको बैठकले समितिको कार्यक्षेत्रको विषयलाई समेट्ने गरी वातावरण, कृषि, वन तथा वातावरण, जलविद्युत, सिंचाई, भूमि सुधार र गुठी गरी ७ वटा क्षेत्रकै उपसमिति गठन गरेको थियो। तत्कालीन माननीय सदस्य चिनकाजी श्रेष्ठ संयोजक रहेको ४ सदस्यीय वातावरण उपसमिति, माननीय सदस्य माझिलाल थारु थनेत संयोजक रहेको ४ सदस्यीय कृषि उपसमिति, माननीय सदस्य सोम प्रसाद पाण्डे संयोजक रहेको ४ सदस्यीय वन तथा वातावरण उपसमिति, माननीय सदस्य भक्त बहादुर बलायर संयोजक रहेको ५ सदस्यीय जल विद्युत उपसमिति, माननीय सदस्य सर्वेन्द्रनाथ शुक्ल संयोजक रहेको ५ सदस्यीय सिंचाई उपसमिति, माननीय सदस्य रामचन्द्र अधिकारी संयोजक रहेको ४ सदस्यीय भूमिसुधार उपसमिति, माननीय सदस्य मिठ्ठाराम शर्मा संयोजक रहेको ३ सदस्यीय जल विद्युत उपसमिति जस्ता उपसमितिहरु गठन गरी काम भएका थिए।

प्राकृतिक स्रोत र साधन तथा वातावरण संरक्षण समितिका माननीय सदस्य रामहरि जोशीको सभापतित्वमा मिति २०५२/०९/२० मा बसेको बैठकमा माननीय सदस्य सिद्धराज ओझालाई सभापति पदमा छानियोस् भनी माननीय सदस्य कमलेश कुमार शर्मा प्रस्तावक र

माननीय सदस्य भक्त बहादुर बलायर समर्थक रहेको प्रस्ताव र माननीय सदस्य लीला श्रेष्ठ (सुब्बा)लाई सभापति पदमा छानियोस् भनी माननीय सदस्य श्री सोमप्रसाद पाण्डे प्रस्तावक र माननीय सदस्य केशब प्रसाद बडाल समर्थक रहेको प्रस्ताव गरी जम्मा दुई वटा प्रस्ताव कायम भै निर्णयार्थ प्रस्तुत हुँदा माननीय सदस्य सिद्धराज ओझा बहुमतद्वारा छानिनु भएको थियो।

सभापति निर्वाचित भएपछिको मिति २०५२/९/२३ गतेको बैठकले माननीय सदस्य विनोदकुमार शाह संयोजक रहेको ४ सदस्यीय वातावरण संरक्षण उपसमिति, माननीय सदस्य माझिलाल थारु थनेत संयोजक रहेको ४ सदस्यीय कृषि उपसमिति, माननीय सदस्य सोम प्रसाद पाण्डे संयोजक रहेको ५ सदस्यीय वन तथा भूसंरक्षण उपसमिति, माननीय सदस्य कमलेशकुमार शर्मा संयोजक रहेको ४ सदस्यीय जलस्रोत उपसमिति, माननीय सदस्य सुशिलमान शेरचन संयोजक रहेको ५ सदस्यीय भूमिसुधार तथा गुठी उपसमिति जस्ता उपसमितिहरु गठन गरी काम भएका थिए। यसका अतिरिक्त कृषि सम्बन्धी स्थलगत अध्ययन प्रतिवेदनले कृषि क्षेत्रका समस्या र सुझावहरु सहित वन तथा भू-संरक्षण मन्त्रालयसँग र कृषि मन्त्रालयसँग सम्बन्धित आश्वासनका विवरणहरु समाबेस गरिएका थिए।

प्राकृतिक स्रोत र साधन समितिका माननीय सदस्य श्रीमती लीला कोइरालाको सभापतित्वमा मिति २०५५/०१/२५ मा बसेको बैठकमा माननीय सदस्य दुर्योधन सिंहलाई सभापति पदमा निर्वाचित गरियोस् भनी माननीय सदस्य बलदेव शर्मा प्रस्तावक र माननीय सदस्य सुशीलमान शेरचन समर्थक रहेको एक मात्र प्रस्तावको सूचना प्राप्त भएकोले माननीय सदस्य दुर्योधन सिंह यस समितिको सभापति पदमा निर्विरोध निर्वाचित हुनु भएको थियो।

माननीय सदस्य दुर्योधन सिंहको सभापति पदको कार्यकालको मिति २०५५ असार २४ को बैठकले समितिमा दफावार छलफलको लागि प्राप्त पशु बधशाला र मासु जाँच विधेयक माथि दफावार छलफल गरी विधेयकको संशोधन सहितको प्रतिवेदन प्रतिनिधि सभाको बैठकमा पेश गर्ने निर्णय गरेको थियो। यसैगरी, उहाँको नेतृत्वको यस समितिको मिति २०५५ असार २६ को बैठकले समितिमा दफावार छलफलको लागि प्राप्त नेपाल पशुचिकित्सा परिषद्

विधेयक माथि दफावार छलफल  समाप्त गरी संशोधन सहितको प्रतिवेदन प्रतिनिधि सभाको बैठकमा पेश गर्ने निर्णय गरेको थियो। मिति २०५५/०५/१७ मा बसेको १८ औं बैठकले गुठीको तत्कालीन अवस्थाको विद्यमान स्थिति र समस्याको अध्ययन गरी गुठी प्रशासनलाई व्यवस्थित र आधुनिकीकरण गर्न व्यवस्थापनमा गर्नु पर्ने सुधार र अपनाउँनुपर्ने नीतिको सम्बन्धमा सुझाव सहितको प्रतिवेदन पेश गर्न माननीय सदस्य गुरुप्रसाद बरालको संयोजकत्वमा ५ सदस्यीय गुठी समस्या तथा व्यवस्थापन अध्ययन उपसमिति र सहकारीको बृहत्तर विकासको लागि अपनाउँनु पर्ने कार्यनीतिका बारेमा राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रको समेत अध्ययन गरी तीन महिनाभित्र प्रतिवेदन पेश गर्न  माननीय सदस्य दीपकप्रकाश बास्कोटाको संयोजकत्वमा ५ सदस्यीय सहकारी विकास अध्ययन उपसमिति गठन गरी काम भएका थिए।

**२०६२/६३ को आन्दोलन पछिको अन्तरिम व्यवस्थापिका अवधिमा भएका यस समितिका गतिविधि सम्बन्धी विवरणः**

तिनै ७ राजनीतिक दल र माओवादीबीच वि.सं. २०६३ मंसिर ५ मा भएको विस्तृत शान्ति सम्झौता मुताविक नेपालको अन्तरिम संविधान, २०६३ जारी भई यसैले अन्तरिम व्यवस्थापिकाको गठनको बाटो समेत खुला गरिदियो। नेपालको अन्तरिम संविधान, २०६३ को धारा ५७ द्वारा प्राप्त अधिकार बमोजिम व्यवस्थापिका-संसदको कार्य सञ्चालन गर्न, बैठकको सुव्यवस्था कायम राख्न र व्यवस्थापिका संसद वा समितिको अन्य कुरा व्यवस्थित गराउने उद्देश्यले व्यवस्थापिका- संसदले बनाएको व्यवस्थापिका- संसद नियमावली, २०६३ को नियम १८१ को क्र.सं. ६ मा प्राकृतिक स्रोत र साधन समितिको व्यवस्था गरेको थियो। उक्त समितिको कार्यक्षेत्रमा २ मन्त्रालयहरु तत्कालीन अवस्थाको वन तथा भू-संरक्षण मन्त्रालय र जलस्रोत मन्त्रालय थिए।यसैगरी क्र.सं. ७ मा भएको कृषि तथा सहकारी समितिको कार्यक्षेत्रमा तत्कालीन अवस्थाको भूमि सुधार तथा व्यवस्था मन्त्रालय र कृषि तथा सहकारी मन्त्रालय राखिएका थिए।

प्रतिनिधि सभा नियमावली, २०६३ को नियम १७८ बमोजिम गठित माननीय सदस्य प्रकाश ज्वालालाई मिति २०६३/०३/१८ निर्बिरोधरुपमा समितिको अध्यक्ष पदमा निर्वाचित गरेको थियो। उहाँको नेतृत्वमा गठित प्राकृतिक स्रोत र साधन समितिको वार्षिक प्रतिवेदन, २०६३ अनुसार समितिको कार्यक्षेत्र भित्रको विषयमा अध्ययन गरी प्रतिवेदन पेश गर्न तीन उप समितिहरु माननीय सदस्य अर्जुन प्रसाद जोशी समयोजकत्वको ७ सदस्यीय जलस्रोत उपसमिति, माननीय सदस्य आनन्दप्रसाद पोखरेल संयोजकत्वको ६ सदस्यीय कृषि उपसमिति र माननीय सदस्य नारायण शर्मा पौडेल संयोजकत्वको ६ सदस्यीय भूमि सुधार तथा व्यवस्था उपसमिति गठन गरिएका थिए।यसका अतिरिक्त समितिको वार्षिक प्रतिवेदनममा माननीय सदस्य सुबास कर्माचार्यको संयोजकत्वमा गठित ५ सदस्यीय उपसमितिले तयार गरेको राजदरवार जग्गा अध्ययन सम्बन्धी प्रारम्भिक प्रतिवेदन समेत समाबेस गरिएको थियो।

मिति २०६४ बैशाख ७ गते गठित कृषि तथा सहकारी समितिको कार्यक्षेत्रमा भूमि सुधार तथा व्यवस्था मन्त्रालय र कृषि तथा सहकारी मन्त्रालय राखिएको थियो।सो समयमा इलाम, झापा, पाँचथर लगायतका क्षेत्रमा देखा परेको चियाको उत्पादन, प्रशोधन र बजारको समस्या र नवलपरासी जिल्लाको सुस्ता क्षेत्रमा भएको जग्गा अतिक्रमण सम्बन्धी समस्याको स्थलगत अध्ययन भ्रमण प्रतिवेदन तयार गरेको थियो।

**संविधान सभा प्रथम संस्करण र दोस्रो संस्करण अवधिमा भएका समितिका गतिविधिको विवरणः**

२०७२ सालमा नेपालको संविधान जारी हुनु पूर्व वि.सं. २०६४ र २०७० सालमा निर्वाचन भई सोहि संविधान सभाले व्यवस्थापिका संसदको हैसियतमा समेत काम गर्ने व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा ७८ ले गरेको र उक्त बमोजिमकै कामका लागि सम्बन्धित सभाहरुले तत् तत् कार्यकालमा नियमावली बनाइ सोही नियमावलीमा व्यवस्था भए बमोजिमका संसदीय समितिहरु कार्यरत थिए।२०६४ सालको संविधान सभाको निर्वाचन पछिको संविधनसभा (व्यवस्थापिका-संसदको कार्य सञ्चालन) नियमावली, २०६५ को नियम ११० वमोजिमको प्राकृतिक स्रोत र साधन समितको

कार्यक्षेमा तत्कालीन वन तथा भू-संरक्षण मन्त्रालय, जलस्रोत मन्त्रालय, भूमि सुधार तथा व्यवस्था मन्त्रालय र कृषि तथा सहकारी मन्त्रालय राखिएका थिए।

प्राकृतिक स्रोत र साधन समितिका ज्येष्ठ माननीय सदस्य श्री चन्द्रदेव जोशीको सभापतित्वमा मिति २०६५/०९/२९ मा बसेको बैठकमा माननीय सदस्य शान्ता चौधरीलाई सभापति पदमा निर्वाचित गरियोस् भनी माननीय सदस्य रत्न गुरुङ्ग प्रस्तावक र माननीय सदस्य यशोदा देवी अधिकारी समर्थक रहेको एक मात्र प्रस्तावको सूचना प्राप्त भएकोले माननीय सदस्य शान्ता चौधरी यस समितिको सभापति पदमा निर्विरोध निर्वाचित हुनु भएको थियो।

नियमावलीको नियम ११२ बमोजिम वि.सं. २०६५/०८/२९ मा गठित माननीय सदस्य शान्ता चौधरीको अध्यक्षतामा गठित प्राकृतिक स्रोत र साधन समितिको २०६६ मा बनेको प्रतिवेदनको पहिलो भागमा कोशी बाँध सम्बन्धी पहिलो र दोस्रो अध्ययन प्रतिवेदन, महोत्तरी/धनुषा जिल्ला बाढी प्रभावित क्षेत्रको अध्ययन प्रतिवेदन, झापा जिल्लाको कन्काई, रसुवा र विरिङ्ग खोलाले पुऱ्याएको क्षति सम्बन्धी अध्ययन प्रतिवेदन, राष्ट्रिय निकुञ्ज क्षेत्रका होटेलहरु पुनःसञ्चालन वन्यजन्तुको संरक्षण सम्बन्धी अध्ययन प्रतिवेदन र हाङ्देवा पहिरो निरीक्षण तथा अध्ययनको प्रारम्भिक प्रतिवेदन जस्ता स्थलगत प्रतिवेदनहरु समाबेस गरिएका तिए।

व्यवस्थापिका-संसद, कृषि तथा जलस्रोत समितिको मिति २०७१/०५/११ मा बसेको बैठकमा माननीय सदस्य गगनकुमार थापालाई सभापति पदमा निर्वाचित गरियोस् भनी एक मात्र प्रस्तावको सूचना प्राप्त भएकोले श्री गगनकुमार थापा यस समितिको सभापति पदमा निर्विरोध निर्वाचित हुनु भएको थियो।

माननीय सदस्य गगनकुमार थापाको नेतृत्वको यस समितिले प्राकृतिक विपदको रोकथाम र क्षतिको न्यूनीकरण गर्न, जोखिमयुक्त ठाऊँहरुको अध्ययन अनुसन्धान गर्दै जोखिमको रोकथाम, पूर्व तयारी, पूर्व चेतावनी लगायतका कार्य गर्न र घटना घटिसकेको अवस्थामा व्यवस्थित रुपमा उद्धार, राहत, पुनर्वास र पुनर्निर्माण लगायतका कार्य गर्न विपद व्यवस्थापनका सम्पूर्ण चरण र प्रक्रिया समेट्ने गरी एक साधन, स्रोत र अधिकार सम्पन्न

केन्द्रीय विपद् न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण निर्माण गर्न आवश्यक भएकोले उक्त प्राधिकरण स्थापनाको आवश्यक कार्य नेपाल सरकारलाई निर्देशन दिने (मिति २०७१/०५/१९ को समिति बैठक निर्णय), युवाहरुलाई व्यावसायिक कृषि कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०७१ मा छलफल गरी यसको सैद्धान्तिक आधार प्रष्ट पार्ने सहितका विषयमा मन्त्रालयलाई निर्देशन दिने जस्ता काम गरेको थियो।

**नेपालको संविधान जारी भएपछिका समिति गतिविधि सम्बन्धी छोटकरी विवरणः**

व्यवस्थापिका-संसद, कृषि तथा जलस्रोत समितिको मिति २०७१/०५/११ को बैठकबाट निर्वाचित माननीय सदस्य गगनकुमार थापा मिति २०७३/०५/१० मा स्वास्थ्य मन्त्री बन्नु भएपछि व्यवस्थापिका-संसद, कृषि तथा जलस्रोत समितिको मिति २०७३/०६/१३ मा बसेको बैठकमा माननीय सदस्य मोहनप्रसाद बराललाई सभापति पदमा निर्वाचित गरियोस् भनी माननीय सदस्य सीता नेपाली प्रस्तावक र माननीय सदस्य काशीनाथ अधिकारी समर्थक रहेको एक मात्र प्रस्तावको सूचना प्राप्त हुँदा माननीय सदस्य मोहनप्रसाद बराल यस समितिको सभापति पदमा निर्विरोध रुपमा निर्वाचित हुनु भएको थियो।

उहाँको नेतृत्वमा रहेको समितिको वार्षिक प्रतिवेदन, २०७४ अनुसार समितिको पहलमा कृषि विकास रणनिति(ADS), गुठीको जग्गा व्यवस्थापन, मुक्त हलीया/कमैया, राष्ट्रिय उर्जा संकट निवारण तथा विद्युत विकास दशक सम्बन्धी अवधारणा र कार्ययोजना हुनुको अतिरिक्त समितिको वार्षिक प्रतिवेदनमा १. पश्चिम सेती जलविद्युत आयोजना अध्ययन, अवलोकन भ्रमण सम्बन्धी प्रतिवेदन, २०७२, २.अलैंची, अदुवा र चियाको सम्बन्धमा अध्ययन, अवलोकन प्रतिवेदन, २०७३, ३. निवेदनपत्र छानविन तथा निर्णय कार्यान्वयन अध्ययन उपसमिति, २०७२ ४. अरुण तेस्रो जलविद्युत आयोजनाको स्थलगत अध्ययन अवलोकन, २०७३, ५. मुक्त हलियाका सम्बन्धमा स्थलगत अध्ययन अवलोकन प्रतिवेदन, २०७३, ६. माथिल्लो कर्णाली जलविद्युत आयोजना स्थलगत अध्ययन, अवलोकन प्रतिवेदन, २०७३, ७. विषादी सम्बन्धी अध्ययन जस्ता विषयमा अध्ययन, अवलोकन तथा प्रतिवेदन तयार भई तत् तत् विषयका प्रतिवेदनहरु समेत समाबेस गरिएका छन्।

प्रतिनिधि सभा नियमावली बमोजिम २०७५ साल साउन १७ गतेको बैठकबाट गठन भएपछि मिति २०७५/०६/०५ मा यस समितिको सभापतिमा माननीय सदस्य पूर्ण कुमारी सुवेदी निर्वाचित हुनुभयो। उहाँको कार्यकालमा सिक्टा सिँचाई आयोजन, बुढी गण्डकी जलविद्युत आयोजना, भेरी बबई डाइभर्सन, कृषि अनुसन्धान परिषद्, दाना उद्योग, दुग्ध विकास संस्थान, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण, वन तथा वातावरण, वैज्ञानिक वन, सहकारी, भूमि व्यवस्थापन, कृषि तथा पशु पंक्षि विकास लगायतका विषयमा नेपाल सरकारका सम्बन्धित निकायहरुलाई निर्देशन दिनुको साथै खाद्य अधिकार सम्बन्धी विधेयक, भूमि सम्बन्धी ऐन, २०२१ लाई सशोधन गर्न बनेको विधेयक, संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तराष्ट्रिय व्यापार नियन्त्रण (पहिलो संशोधन) विधेयक, जीवनाशक बिषादी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, भूउपयोग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक वातावरण संरक्षण विधेयक, भूमि सम्बन्धी ऐन, २०२१ लाई सशोधन गर्न बनेको विधेयक, वन विधेयक, बिरुवा संरक्षण (पहिलो संशोधन) विधेयक, बीउ बिजन (दोस्रो संशोधन) विधेयक माथि दपावार छलफल भई प्रतिनिधि सभामा प्रतिवेदन पेश भएका थिए। यी कामका लागि उहाँको कार्यकालमा कार्यविधि मस्यौदा उपसमिति, सिक्टा तथा भेरी बबई बहुउद्देश्यीय आयोजना अनुगमन उपसमिति, कृषि विकास उपसमिति, पशुपंक्षी विकास उपसमिति, उजुरी गुनासो अध्ययन उपसमिति, Climate Parliament कार्यदल र स्पेन र फ्रान्सका नदी अवलोकन कार्यदल गठन गरी कार्य भएका थिए।

प्रतिनिधि सभा नियमावली, २०७९ को नियम बमोजिम मिति २०८१/०१/१५ मा गठित यस कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको बैठक सभापति निर्वाचित नहुन्जेल समितिका ज्येष्ठ माननीय सदस्य नवल किशोर साह सुडी, उपस्थित मध्येका ज्येष्ठ माननीय सदस्यहरु अमर बहादुर थापा र विर बहादुर बलायरको सभापतित्वमा बसे। उहाँहरुका कार्यकालहरुमा बसेका ७ ओटा बैठकहरुबाट स्वदेशमा उत्पादित तरकारीको पूर्ण उपयोग गर्न तरकारी आयातमा न्यूनीकरण गर्ने र तरकारीको गुणस्तर परीक्षण गरेर मात्र आयात तथा बिक्री वितरण गर्ने व्यवस्था अनिवार्य रुपमा लागू गर्न सरकारको ध्यानाकर्षण गर्ने, कृषकलाई आवश्यक पर्ने उन्नत विउ विजन, मल, किटनाशक औषधी समयमा नै उपलब्ध

गराउने र हाल असिना, हावाहुरी लगायतका प्राकृतिक प्रकोपबाट कृषकलाई पर्न गएको क्षतिको मूल्याङ्कन गरी तत्काल राहत उपलब्ध गराउने, कृषकहरुलाई आवश्यक पर्ने रासायनिक मल समयमा नै उपलब्ध गराउने व्यवस्था गर्न र वितरण कार्यलाई न्यायोचित र व्यवस्थित गर्न, पशु चौपायमा देखा परेको लम्पी स्किन लगायतका सरुवा रोगको रोकथाम गर्ने कार्य तत्काल प्रभावकारी रुपमा गर्ने लगायतका विषयमा कृषि तथा पशुपंछी विकास मन्त्रालयलाई, वन क्षेत्रको समग्र व्यवस्थापन गर्न संघ, प्रदेश र स्थानीय तहबाट सम्पादन हुने कार्यको भूमिकामा दोहोरोपना रहँदा आपसी समन्वयमा कार्य गर्न समस्या परेको सन्दर्भमा आवश्यक अध्ययन गरी यस सम्बन्धी विषयमा रहेका समस्याहरु लिखित रुपमा तयार गरी यस समितिमा पेश गर्न, सरकारी, निजी, सामुदायिक, साझेदारी, कबुलीयती लगायत वन क्षेत्रमा रहेका ढलापडा-सुखाखडा रुख समेतको लागत तयार गरी उचित सदुपयोग हुनेगरी सहज रुपमा बिक्री वितरण तथा प्रयोग हुने व्यवस्था मिलाउन, काठको चोरी निकासी तथा तस्करी बढेर गएकोले यसको रोकथाम गर्ने कार्य कडाइका साथ गरी वन क्षेत्रको संरक्षण र प्रवर्धन गर्न र वन पैदावरको आयले राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउने आवश्यक कार्य गर्न/गराउन तथा काठको आयातलाई निरुत्साहित हुने गरी नीतिगत रुपमा पहल गर्न, चुरे क्षेत्रको दोहन हुनेकार्य बढेर गएकोले यसको रोकथाम प्रभावकारी रुपमा गरी प्राकृतिक प्रकोप भू-क्षय, बाढिपहिरो, तथा डुबानबाट जनधनको क्षति न्यूनीकरण गरी प्रकृतिको संरक्षण गर्न र जडिबुटी खेतीको संरक्षण, प्रवर्धन तथा निकासी गरी यसको आयले अर्थतन्त्रमा योगदान पुऱ्याउने गरी कार्य गर्न वन तथा वातावरण मन्त्रालयलाई र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा रहेका विविध समस्या र यसको समाधानका लागि गर्नु पर्ने आवश्यक विषयहरु समितिमा लिखित रुपमा पेश गर्न, निश्चित मापदण्डका आधारमा गरिब परिचयपत्र वितरण गर्ने कार्यलाई व्यवस्थित गरी सबै गरिबीको रेखामुनि रहेका व्यक्तिहरुलाई परिचय पत्र वितरण गर्ने कार्य यथाशक्य चाँडो सम्पन्न गर्न, जग्गाको न्यूनतम मूल्याङ्कन, गुठी जग्गाको व्यवस्थापन तथा मोही बाँडफाँड, जग्गाको वर्गीकरण, चक्लाबन्दी, भूमिहिन दलित र सुकुम्बासी पहिचान, मालपोत तथा भूमिसुधार तथा नापी कार्यालयबाट सम्पादन हुने कार्यको प्रभावकारी व्यवस्थापन तथा विचौलियाहरुको नियन्त्रण र सहकारीमा ठगी हुने कामको अन्त्य गर्न नीतिगत व्यवस्था सहित प्रभावकारी रुपमा सम्पादन हुने व्यवस्था मिलाउन भूमि

व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई निर्देशन दिने जस्ता कामकारवाहीहरु भएका थिए।

कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको मिति २०८०/०५/११ मा बसेको बैठकमा माननीय सदस्य आरजु राणालाई सभापति पदमा निर्वाचित गरियोस् भनी माननीय सदस्य श्री विर बहादुर बलायर प्रस्तावक र माननीय सदस्यहरु श्री रुपा सो. शी. चौधरी र श्री सूर्य प्रसाद ढकाल समर्थक रहेको एक मात्र प्रस्तावको सूचना प्राप्त हुँदा माननीय सदस्य आरजु राणा यस समितिको सभापति पदमा निर्विरोध रुपमा निर्वाचित हुनु भएको थियो। उहाँको कार्यकालमा समितिमा प्राप्त खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०७७ मा संशोधनकर्ता माननीय सदस्यहरुबाट प्राप्त संशोधनका सम्बन्धमा सम्बन्धित संशोधनकर्ता माननीय सदस्यहरु, माननीय सदस्य मन्त्री, सचिव लगायतका सरोकारवालाहरु समेतलाई सहभागी गराइ छलफल गरी त्यसको प्रतिवेदन प्रतिनिधिसभामा पेश गर्ने, कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको विगतमा कार्यक्षेत्रभित्र रहेको ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयलाई प्रतिनिधि सभा नियमावली, २०७९ मा यस समितिको कार्यक्षेत्रबाट अन्यत्र लगिएकाले सिंचाईको अभावमा कृषि क्षेत्रको समग्र सुधार कार्य गर्न कठिनाई हुने र जलस्रोत मुख्य प्राकृतिक सम्पदा भएकाले उक्त मन्त्रालय यसै समितिको कार्यक्षेत्रभित्र समावेश गर्न सम्माननीय सभामुखसँग आग्रह गर्ने, समितिबाट हालसम्म नेपाल सरकारका विभिन्न निकायहरुलाई दिइएका निर्देशन तथा निर्णय कार्यान्वयनको अवस्थाको प्रगति विवरण सात दिनभित्र उपलब्ध गराउन सम्बन्धित निकायलाई लेखी पठाउने, नेपालको पहाडी तथा तराई लगायतका क्षेत्रमा उत्पादन हुने गाँजा खेती बहुउपयोगी रहेकाले यसको उत्पादन प्रशोधन र बिक्रि वितरण गर्ने कार्यलाई वैधानिक बनाउने सम्बन्धमा सम्बन्धित निकायसँग थप छलफल गरी निष्कर्षमा पुग्ने, कार्वन व्यापार र जलवायु परिवर्तन सम्बन्धी नीतिगत, कानूनी, संस्थागत तथा कार्यगत व्यवस्थाका सम्बन्धमा गरेका विषयहरु सम्बन्धित निकायसँग लिखित रुपमा माग गर्ने, बाँदर, बंदेल र निलगाई जस्ता जंगली जनावरले कृषि बालीमा क्षति पुऱ्याउँदा किसानहरुलाई पर्न गएको मर्काको क्षतिपूर्ति उपलब्ध गराउने कार्य प्रभावकारी रुपमा गर्न र यसको दीर्घकालीन रुपमा समस्या समाधान गर्न आवश्यक पहल गर्ने सम्बन्धमा वन तथा

वातावरण मन्त्रालय, कृषि तथा पशुपंछी विकास मन्त्रालय र अर्थ मन्त्रालयलाई निर्देशन दिने जस्ता कामकारवाहीहरु भएका थिए।

संयुक्त राष्ट्रसंघले सन् २०२३ लाई International Year of Millets को रुपमा मनाइरहेको सन्दर्भमा नेपाल सरकारका कोदो खेतीको उत्पादन, प्रवर्द्धन तथा उपयोग गर्ने सम्बन्धमा के कस्ता कार्यक्रमहरु रहेका छन्? सो सम्बन्धमा नेपाल सरकार कृषि तथा पशुपंछी विकास मन्त्रालयसँग विवरण माग गर्ने, तरकारीहरुको विषादि परीक्षण गर्दै आएको गौरीफाँटा नाका पुनःसञ्चालनमा ल्याउन सम्बन्धित निकायलाई निर्देशन दिने, केरा खेतीको उत्पादन तथा प्रवर्द्धन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सम्बन्धित निकायलाई निर्देशन दिने, सरकारबाट विद्युत सहुलियत प्रदान गरिएका किसानहरुले प्रयोग गर्ने विद्युत महसुल छुट दिंदा घरमा जडान भएको मिटरमा मात्र छुट दिइएको तर किसानहरुले राज्यको तर्फबाट प्रदान गरेको सहुलियत सुबिधा उनिहरुको कृषि उपज लगाउने क्षेत्रमा विस्तार हुन नसकेकोले त्यस्ता क्षेत्रमा समेत विद्युत प्रशारणको व्यवस्था मिलाई कृषि फसलको उत्पादन, प्रशोधन र भण्डारण समेतमा कृषि मिटर(विद्युत)को व्यवस्था गरी किसानले सहुलियतको बिजुली प्रयोग गर्ने व्यवस्था मिलाउन उर्जा, जलस्रोत तथा सिंचाई र कृषि तथा पशुपंक्षी विकास मन्त्रालयलाई निर्देशन दिने जस्ता कामकारवाहीहरु समेत भएका थिए।

औद्योगिक व्यवसाय सम्वन्धी प्रचलित कानूनलाई संसोधन र एकीकरण गर्न बनेको ऐनको अनुसूचीमा विभिन्न उद्योगहरुको बर्गीकरण गर्दा उक्त ऐनको अनूसूची ८ को बुँदा नं. २७ मा खाद्यान्न कुटानी, पिसानी, पेलानी र प्याकिङ्ग गर्ने कार्यलाई सेवामुलक उद्योगमा बर्गीकरण गरी सूचीकृत भएको हुँदा उक्त विषय अनुसूची-४ को कृषि तथा वन पैदावरमा आधारित उद्योग अन्तर्गत रहनुपर्ने देखिन्छ।जसले गर्दा उक्त उद्योगले कृषि तथा वन पैदाकारमा आधारित उद्योगले पाउने सहुलियत तथा छुटबाट बन्चित हुने भएकोले उक्त बुँदामा उल्लेखित विषयलाई अनुसूची-४ अन्तर्गत कृषि तथा वन पैदावरमा आधारित उद्योगमा राख्ने आवश्यक व्यवस्था हुन कृषि तथा पशुपंक्षी विकास र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिने, माछा उत्पादनमा नेपाललाई आत्मनिर्भर बनाउन माछा पालन गर्ने किसानहरुका लागि आवश्यक पर्ने उन्नत प्रबिधि, विद्युत महसुल सुबिधा, माछाको लागि आवश्यक पर्ने दाना उत्पादनको कच्चा पदार्थको आयातमा कर छुट, सुबिधा तथा सहुलियत

उपलब्ध गराउन तथा जनस्वास्थ्यमा गम्भीर असर पर्नेगरी भण्डारण तथा विषादी प्रयोग गरिएका माछाको बिक्रीवितरणमा प्रतिबन्ध लगाउन र माछा आयातमा क्रमिक रुपमा निरुत्साहित गर्ने नीति लिन कृषि तथा पशुपंक्षी विकास र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिने, कृषि तथा पशुपंक्षी क्षेत्रको एकिकृत विकास गर्न देशको कृषि क्षेत्रमा रहेका सम्भावनाका क्षेत्रहरु जस्तैः माछापालन, मौरीपालन, कुखुरापालन, बाखापालन, गाईपालन, भैंसीपालन तथा धान गहुँ, मकै, कोदो जस्ता खद्यान्न वाली तथा फलफूल उत्पादनका तथा बिक्री वितरणका क्षेत्रहरुमा गर्नुपर्ने आवश्यक सुधार र त्यसको लागि आवश्यक पर्ने उन्नत प्रविधि, स्रोत साधन, संस्थागत संरचना,त्यसमा रहेका जनशक्तिहरुको पहिचान तथा प्रवर्द्धनका लागि तत्काल तथा दिर्घकालीन रुपमा गर्नुपर्ने आवश्यक सुधार लगायतका सम्पूर्ण विषयहरु सहितको एकीकृत कार्ययोजना बनाइ लागू गर्न नेपाल सरकार कृषि तथा पशुपंक्षी विकास मन्त्रालयलाई निर्देशन दिने र उक्त कार्ययोजना यस समितिमा समेत उपलब्ध गराउन निर्देशन दिने काम भएका थिए।

यतिमात्र होइन समितिबाट पशुपालन, माछापालन, कुखुरापालन र मौरीपालन सम्बन्धी व्यवसायलाई औद्योगिक व्यवसाय ऐन, २०७६ को अनुसूची ९ को सेवामूलक उद्योगमा राखिंदा कृषि क्षेत्रबाट प्राप्त हुने सेवा सुविधाबाट बञ्चित हुनुपर्ने अवस्था रहेकोले उल्लेखित व्यवसायलाई अनुसूची ४ को कृषि तथा वन पैदावारमा आधारित उद्योग अन्तर्गत समावेश गर्न कृषि तथा पशुपंक्षी विकास र उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालयलाई निर्देशन दिने, दुध तथा उखु उत्पादन गर्ने किसानहरुको भुक्तानी समयमा हुन नसकेर किसानहरु मार्कामा परेको सन्दर्भमा दुग्ध उत्पादक किसानहरुको भुक्तानी समयमानै हुने व्यवस्था मिलाउन र उखु किसानको भुक्तानी चिनी उद्योगीहरुबाट समयमै नहुँदा उखु किसानहरु अत्यन्तै मार्कामा परेकोकोले उखु किसानहरुले उत्पादन गरेको उखुको मूल्य समयमानै उपलब्ध गरे नगरेको सम्बन्धमा आवश्यक अनुगमन गरी भुक्तानीको प्रबन्ध मिलाउन र उखु किसानहरुलाई राज्यबाट उपलब्ध गराइने अनुदान सम्बन्धित किसानहरुको खातामा सिधै भुक्तानी हुने व्यवस्था मिलाउन कृषि तथा पशुपंक्षी विकास र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिने, उखु खेती गर्ने किसानहरुको लागि चाहिने आवश्यक कृषि यन्त्र, मल, उन्नत बिउ,सिंचाई जस्ता कुराको अभावले गर्दा उखु उत्पादन गर्ने किसानहरु निरुत्साहित भै

स्वदेशमा पर्याप्त र गुणस्तरीय उखु उत्पादन हुन नसक्दा चिनी उद्योगहरु पूर्ण क्षमतामा सञ्चालन हुन नसकी ठूलो मात्रामा चिनी आयात गर्नुपरेको देखिन्छ। जसले गर्दा समय समयमा चिनीको मूल्य आकासिने तथा अभाव हुने गरेको पाइन्छ यस किसिमको अवस्थाको सम्बोधन गर्न राज्यबाट कर तथा भन्सार छुटमा चिनी आयात गर्दा स्वदेशी चिनी उत्पादक उद्योगीगहरुले आयातित चिनीसँग प्रतिस्पर्धामा आफ्नो उत्पादन बजारमा बिक्री बितरण गर्न नसक्दा उद्योगीहरु समेत धारासायी हुने गरेकोले उक्त अवस्थाको सम्बोधन गर्न राज्यबाट उपयुक्त सन्तुलनको नीति लिन नेपाल सरकार उद्योग, वाणिज्य तथा आपुर्ति र कृषि तथा पशुपंक्षी विकास मन्त्रालयलाई निर्देशन दिने, किसानबाट उत्पादित वस्तुहरुः माछा, दुध, तरकारी, फलफूल,अन्नबाली लगायतका वस्तुहरु बजारमा बिक्री बितरण गर्दा बिचौलियाहरुबाट शोषण हुने तथा ठगिने गरेकोले यसरी किसानहरु ठगिन नदिने सम्बन्धमा आवश्यक पहल तथा अनुगमन गरी नियन्त्रण गर्न कृषि तथा पशुपंक्षी विकास र उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालयलाई निर्देशन दिने, नेपालमा भारतबाट आउने तरकारी तथा फलफूलमा क्वारेन्टिन परीक्षण प्रभावकारी नहुँदा (टि.आर फोर) रोग फैलिन गई केरा खेती गर्ने किसानहरु अत्यन्त मर्कामा परेकोले यस रोगको रोगथाम गर्न सम्बन्धित निकायबाट आवश्यक पहल हुन र आउँदा दिनमा यस प्रकारका रोगहरु भित्रिनबाट जोगिनका लागि आयात हुने फलफूल तथा तरकारीमा व्यवस्थित क्वारेन्टिन परिक्षण गरेर मात्र आयात हुने व्यवस्था कडाइका साथ लागू गर्न र उक्त रोगको रोकथाम प्रभावकारी रुपमा गर्न कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, गृह मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र अर्थ मन्त्रालयलाई निर्देशन दिने जस्ता कामकारवाहीहरु समेत भएका थिए।

समितिले नेपालमा कृषि उपज तथा माछा मासुमा आत्मनिर्भर तर्फ उन्मुख भएपनि १२ ऐ महिनालाई पुग्ने गरी अझै उत्पादन हुन नसकिरहेको हुँदा यस्ता वस्तु आयातमा उपभोक्ता र उत्पादक दुवै पक्षको हितलाई ध्यान राखी मौसम अनुसार भन्सार दर परिवर्तन, आयातमा कोटा निर्धारण तथा अन्य विधिबाट नियन्त्रण तथा नियमन गर्ने नीति लिन कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, गृह मन्त्रालय र अर्थ मन्त्रालयलाई निर्देशन दिने, सरकारको तथ्याङ्कमा राँगा, भैसी, बोका लगायतका मासुजन्य वस्तुमा आत्मनिर्भर भैसकेको भन्ने रहेको र पशुपालन व्यवसायीबाट ९०% भन्दा बढी आयातीत

वस्तुमा निर्भर रहन परेको भन्ने रहेकोले यस विषयमा यकिन तथ्याङ्क लिन र सरकारले आयत नहुँने भनी क्वारेन्टिन बन्द गरेकोले चोर बाटोबाट स्वास्थ्य परिक्षण नभएका राँगा, भैसी, माछा, मासु आयात भई उपभोग हुँदा मानव स्वास्थ्यमा प्रतिकुल असर परेकाले यसरी आयात हुने राँगा, भैसी लगायतका मासुजन्य पशुको व्यवस्थित क्वारेन्टिन गरी स्वस्थ निरोगी पशुहरुमात्र आयात हुने व्यवस्था मिलाउन र राजस्व चुहावट नियन्त्रण गर्न कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र अर्थ मन्त्रालयलाई निर्देशन दिने, हाल सरकारले उपलब्ध गराउने कृषि मिटर सीमित कृषि उपजमा मात्र उपलब्ध गराउँदै आएको पाइएकोले आउँदा दिनहरुमा सवै प्रकारमा कृषकलाई उपलब्ध गराउने गरी यसको दायरा फराकिलो बनाइ समग्र कृषि क्षेत्रको प्रवर्द्धन तथा सबै प्रकारका कृषि व्यवसायीहरुलाई समानुपातिक तवरबाट सुविधा उपलब्ध  हुने व्यावस्था मिलाउन कृषि तथा पशुपंक्षी विकास मन्त्रालयलाई निर्देशन दिने, नेपालमा सुपारी खेती गर्ने किसानहरुले आफ्नो व्यवसाय कतै पनि सूचिकृत नहुँदा र लामो समयसम्म नेपालमा उत्पादन हुने सुपारी गणना हुन नसक्दा यस व्यावसायमा रहेका कृषकहरुले बैंक लोन लगायत राज्यबाट पाउने कुनैपनि सुविधा लिनबाट बञ्चित  हुन परेको भनी यस समितिमा निवेदन दर्ता गराएको हुँदा सो सम्बन्धमा  त्यँहा मन्त्रालयबाट आवश्यक पहल हुन कृषि तथा पशुपंक्षी विकास मन्त्रालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिने, सहकारीको स्रोत तथा पूँजीलाई सहकारीका सिद्धान्तको प्रतिकूल हुनेगरी सहकारी संस्थाहरुले कार्य गर्दै आएका पाइएको, कतिपय सहकारी संस्थाहरुले सहकारीको मर्म बिपरित अनुत्पादक क्षेत्र ( Housing, Apartment , Hydro) मा लगानी गर्ने गरेको तथा आफ्ना सदस्यहरुको आय-आर्जन वृद्धि,, रोजगारी प्रबर्द्धन तथा उत्पादनमूलक क्षेत्रमा न्यून लगानी गर्ने, गरेको हुँदा अधिकांश सहकारी संस्थाहरुमा तरलता अभाव भई उत्पादनशील क्षेत्रमा लगानी प्रोत्साहन हुन नसकी जोखिम तथा समस्याग्रस्त अवस्थामा पुगेकाले सहकारीका सिद्धान्त विपरित हुने गरेका यस प्रकारका कार्य तत्काल रोक्न र बचत तथा ऋण लगानीमा आधारित सहकारी संस्थाहरुको स्वनियमन र सुशासनमा कडाइ गर्ने नीतिगत व्यवस्था गर्न प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय एवं भूमि व्यावस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई निर्देशन दिनुको साथै सहकारी ऐन, २०७४ मा भएका कतिपय व्यवस्था लागू भएपनि कतिपय प्रावधानहरु

लागू गर्नको लागि यस ऐनसँग सम्बन्धित अन्य ऐन तथा कानूनहरु मिलाउन नसक्दा ऐन कार्यान्वयन सहि ढंगले हुन नसकेकोले सहकारी ऐनसँग सम्बन्धित रहेका अन्य ऐन/कानूनहरु आवश्यकतानुसार संशोधन गरी कार्यान्वयनमा सहजता ल्याउने विषयमा आवश्यक पहल गर्न प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय एवं भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई निर्देशन दिने, सहकारी संस्थाहरुको प्रभाबकारिता अभिबृद्धि गर्ने कार्यका लागि सहकारीको संरचनागत तथा संस्थागत सुधार, यसको बर्गीकरण, एकीकरण तथा स्तरीकरण गर्ने र बैंकिङ्गस्वरुपमा कार्य गर्ने ठूला सहकारी संस्थाहरुको अनुगमन, सुपरीवेक्षण एवं नियमन गर्ने कार्य नेपाल सरकारले उच्चस्तरीय संयन्त्र गठन गरी हुने व्यवस्था तत्काल मिलाउन प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई निर्देशन दिने जस्ता काम पनि गरेको थियो।

यस समितिले संघीयता लागू भएपछि तहगत सरकारका क्षेत्राधिकार र समन्वयमा स्पटता हुन नसक्दा सहकारी क्षेत्रको अनुगमन र नियमनमा अलमल र अन्योलताका कारणले सहकारी संस्थाहरुले मनोमानी तवरबाट कार्य सम्पादन गर्ने गरेको, बचत तथा ऋण लगानीकर्ताको पीरमर्का समयमा सुनवाइ हुने अवस्था नरहेकोले तीनओटै सरकारबाट हुने अनुगमन तथा मूल्यांकन र आपसी समन्वय गर्ने कार्य संघीय सरकारबाट हुने व्यवस्था मिलाई सहकारीको प्रवर्द्धन तथा प्रभावकारिता अभिवृद्धी गर्न प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय तथा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई निर्देशन दिने, समस्याग्रस्त सहकारी व्यावस्थापन समितिको कार्यक्षेत्र तथा यसको दायरा फराकिलो बनाइ सहकारीले लगानी गरेका Hydro, Apartment तथा Housing समेतको विषय थप हुनेगरी बिस्तार गर्ने र त्यस्ता सहकारी संस्थाहरुबाट पीडित भएका व्यक्तिहरुलाई समेत न्याय दिन सक्नेगरी उक्त समितिलाई कार्यदिश दिई कार्यसम्पादन गराउन र उक्त समितिका लागि चाहिने आवश्यक जनशक्ति, सवारी साधन लगायतका भौतिक स्रोतसाधन र आवश्यक सुरक्षा समेतको प्रभावकारी व्यवस्था गर्न प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई निर्देशन दिने, कतिपय सहकारी संस्थाहरुको स्थापना, केबल राज्यबाट अनुदान लिने प्रयोजनको लागि मात्र भएको पाइएकोले सहकारी संस्था दर्ता गर्नुपूर्व यसको आवश्यकता र औचित्यका आधारमा मात्र सहकारी दर्ताका लागि अनुमती दिने

र सहकारी संस्थाहरुलाई अनुदान दिनुपर्ने अवस्थामा स्थापनाको निश्चित समयावधि, कार्यसम्पादनको अवस्था र आवश्यकताको आधारमा मात्र दिने व्यवस्था कडाइकासाथ लागू गर्न भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई निर्देशन दिने, सबै सहकारी संस्थाहरुलाई एउटै श्रेणी (category) मा राख्दा प्रभावकारीरुपमा सञ्चालनमा रहेका सहकारी संस्थाहरुका बचतकर्ताहरु समेत सहकारीप्रति सशंकित भई बचतकर्ताहरुले एकैपटक बचत फिर्ता माग्ने अवस्था रहँदा धेरै सहकारी संस्थाहरु झन समस्यामा परेको देखिएकोले सहकारी संस्थाहरुको आवश्यकता अनुसार अनुगमन गरी कार्यसम्पादनका आधारमा समस्यामा रहेका सहकारी संस्थाहरुको वर्गिकरण गर्ने र खराब कार्यसम्पादन गरेका सहकारी संस्थाहरुको आवश्यकता अनुसार नियमन, अनुगमन, नियन्त्रण, दण्ड तथा पुरस्कारको प्रभावकारी प्रणाली अपनाई सहकारीको रकम हिनामिना गर्ने उदेश्यबाट कार्य भएका सहकारी संस्थाहरुलाई कालो सूचीमा राखी जनताको बचत फिर्ता गराउन राज्यबाट आवश्यक पहल गरी बचतकर्ताहरुलाई न्याय दिने कार्य तत्काल थालनी गर्न भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई निर्देशन दिएको थियो।

यसैगरी, समितिले भारतीय दुतावासको No KAT/DP & R/२०२४/०५ को पत्रबाट माग भएअनुसारको भारतको हिमाञ्चल प्रदेशमा यहि जनवरी र मार्चको बीचमा सञ्चालन हुने बाँदरको बन्ध्याकरण सम्बन्धी तालिम कार्यक्रममा १० जना पशु चिकित्सक र ५ जना रेन्जर तथा फरेष्टरको नामावली सम्बन्धित मन्त्रालयसँग माग गरी पठाउने र त्यसको अवलोकन तथा अध्ययन भ्रमणमा यस समितिबाट जान इच्छुक माननीय सदस्य र कर्मचारीहरुको नामावली पठाई आवश्यक प्रकृया अगाडि बढाउन समिति सचिवालयलाई निर्देशन दिए बमोजिम समिति सचिवालय र सम्बन्धित निकायहरसँको समन्वयमा १५ जना पशु चिकित्सक र रेन्जरहरुले तालिम प्राप्त गरी आउँने जस्ता कयौं महत्वपूर्ण कार्यहरु भएका थिए।

कृषि तथा जलस्रोत समितिको मिति २०८०/०५/११ को बैठकबाट समिति सभापति पदमा निर्वाचित माननीय सदस्य आरजु राणा मिति२०८१/०३/३१ मा परराष्ट्र मन्त्री बन्नु भएपछि कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको मिति २०८१/०४/१५ मा समितिका ज्येष्ठ

माननीय सदस्य श्री टेक बहादुर गुरुङ्गको सभापतित्वमा बसेको बैठकबाट माननीय सदस्य कुशुम देवी थापालाई सभापति पदमा निर्वाचित गरियोस् भनी माननीय सदस्य श्री विर बहादुर बलायर प्रस्तावक र माननीय सदस्य श्री सूर्य प्रसाद ढकाल समर्थक रहेको एक मात्र प्रस्तावको सूचना प्राप्त हुँदा माननीय सदस्य कुशुम देवी थापा यस समितिको सभापति पदमा निर्विरोध रुपमा निर्वाचित हुनु भएको थियो। उहाँको कार्यकालमा पनि समितिले बाँदर, बँदेल दुम्सी, निलगाईले गर्दा विशेषतः ग्रामीण क्षेत्रमा बसोबास गर्ने किसानहरुलाई आक्रान्त पारेकोले यस प्रकारका वन्यजन्तुहरुबाट किसानहरुलाई परेको कहर नियन्त्रण तथा न्यूनीकरण गर्नका लागि बाँदर, बँदेल, दुम्सी, निलगाई लगायतका वन्यजन्तुको प्रभाव रहेको क्षेत्रलाई कृषि हानीकारक जन्तु घोषणा लगायत अन्य उपयुक्त खालका बिधि, प्रबिधि अपनाई किसानहरुले प्रत्यक्ष राहतको अनुभूति गर्ने गरी बाँदर, बँदेल,दुम्सी, निलगाई नियन्त्रण गर्ने कार्य तत्काल गर्न र दीर्घकालीन रुपमा बाँदरको नियन्त्रणका लागि निर्यात लगायतका आवश्यक कार्य गरी न्यूनीकरण गर्न सकिने अवस्थाका सम्बन्धमा रहेका कानुनी जटिलता समेतका विषयहरुमा आवश्यक अध्ययन गरी १ महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिएको थियो।

समितिले सरोकारवालाहरुसँग समेत छलफल गरी बाघ, भालु, हात्ती, निलगाई लगायतका वन्यजन्तुहरु मानव बस्तीमा प्रवेश गरी किसानहरुको खेतीवाली नष्ट गर्ने, मानिसहरुलाई आक्रमण गरी ज्यान लिने तथा घाइते बनाउने गर्ने गरेकाले यस्तो अवस्थाको नियन्त्रणका लागि यस प्रकारका जंगली जनावरहरु मानव बस्तीमा प्रवेश गर्ने कार्यको नियन्त्रण गरी आवश्यक सुरक्षा सतर्कता अपनाउन विद्युतीय तारवार, मेसजाली घेरा, वेरा तथा आवश्यकतानुसारका भौतिक संरचना समेतको निर्माण गर्ने कार्य गरी क्षतिको न्यूनीकरण गर्न वन तथा वातावरण, कृषि तथा पशुपंक्षी विकास, भौतिक पुर्वाधार र अर्थ मन्त्रालयलाई निर्देशन दिने, जंगली जनावर बाँदर, बदेल, दुम्सी, भालु, निलगाई, हात्ती लगायतले मानिसहरुको खेतीवाली तथा जनधनमा क्षति पुऱ्याएको अवस्थामा क्षतिको मूल्याङ्कन गरी उचित राहत तथा क्षतिपूर्तिको सहज उपलब्ध गराउँने व्यवस्था प्रभावकारी रुपमा अवलम्बन

गर्न कृषि तथा पशुपंक्षी, वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने निर्णय पनि गरेको थियो।

समितिबाट हाल नेपालका विभिन्न स्थानहरुका मानव बस्ती तथा खेतबारीमा बाघ, हात्ती जस्ता जनावरहरु प्रबेश गरेर मानिसलाई आक्रमण गरी ज्यान लिने, घाइते गराउने गरेकोले यसको प्रमुख कारणमा यिनीहरुको वासस्थान र सख्याको उचित संयोजन नभएको भन्ने पाइएकोले यस किसिमको समस्या समाधानका लागि  यस्ता जनावरको गणना लगायतका विषयमा आवश्यक अध्ययन गरी मानिसको जीउधनको रक्षा तथा बाघ, हात्तीको उचित संरक्षण गर्दै पर्यावरणमा उचित सन्तुलन मिलाउने गरी कार्य गर्न वन तथा वातावरण मन्त्रालयलाई निर्देशन गर्ने, समितिको कार्यक्षेत्रसँग सम्बन्धित विषय जलवायु परिवर्तन, जैविक विविधता, दिगो पूर्वाधार विकासमा प्राकृतिक सम्पदा सुरक्षाका सम्बन्धमा मिति २०८१/०४/२८ गते अन्तरक्रिया तथा छलफल कार्यक्रम गर्ने र यसको आवश्यक व्यवस्थापकीय कार्यको प्रवन्ध मिलाउन समिति सचिवालयलाई निर्देशन दिने, भूमि सम्बन्धी रहेका समस्या समाधानको लागि आयोगको गठन, जनशक्ति परिचालन, नापी, मालपोत कार्यालयहरुको सेवाग्राही मैत्री पूर्वाधार निर्माण, जग्गाको नाप नक्शाङ्कनको लागि नवितम प्रवृद्धिको विकास र नापी तथा मालपोत कार्यलयबबाट प्रबाह हुने कार्यको गुणस्तर कायम तथा विचौलियाहरुबाट हुन सक्ने फर्जि कामको नियन्त्रण सहज रुपमा गर्न सकिने गरी रेकर्डलाई चुस्त दुरुस्त गराइ उल्लेखित कार्यालयबाट सम्पादन हुने कार्यलाई व्यवस्थित, सेवाग्राही मैत्री, गुणस्तरीय बनाइ सुशासन कायम हुने गरी कार्यसम्पादन गर्न भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई निर्देशन दिने, गरिबी निवारणको लागि गरिबीको असली पहिचान गर्न राज्य सुविधा परिचय पत्र उपलब्ध गराउने कार्यलाई प्रभावकारी बनाइ यसको माध्यमबाट सरकारी सेवा सुविधा सहज ढंगले जोड्ने र यस मन्त्रालय बाहेक अन्य मन्त्रालय तथा निकाय र गैर सरकारी संस्थाहरुबाट सञ्चालन हुने गरिवी निवारणसँग सम्बन्धित कार्यक्रमहरुमा आपसी समन्वय सहितको एकिकृत प्रयासबाट गरिबी निवारण गर्ने र यसको नेतृत्वदायी भूमिका भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले गर्ने, सहकारी क्षेत्रमा संविधान र कानून विचमा विरोधाभास रहेको ऐनमा रहेका कतिपय

प्रावधानहरु लागू गर्नका लागि यस ऐन सँग सम्बन्धित अन्य ऐन र कानूनहरु मिलाउन नसक्दा ऐन कार्यान्वयन सही ढंगले हुन नसकेको, कतिपय ऐनको प्रावधानहरु लागू नहुदा यसको प्रभावकारी कार्यान्वयनमा समस्या रहेको र प्रत्यायोजित ऐनको व्यवस्था अनुसार भएका कार्यबाट सहकारीको नियमन बचत तथा लगानी कर्ताको सुरक्षा तथा कार्यसम्पादन परेका समस्याहरुका सम्बन्धमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, UNDP लगायतको सहयोग तथा सहजीकरणमा सहकारी ऐन,२०७४ को उत्तर विद्यायिकी परीक्षण (pIs) गर्ने जस्ता कयौं महत्वपूर्ण निर्णयहरु पनि भएका छन्।

## ३.१.३ सम्पूर्ण विवरण शाखा (रा.स.) को परिचय

**पृष्ठभूमिः**

संसदीय काम कारवाहीहरू पारदर्शी र पहुँचयोग्य हुनु लोकतान्त्रिक शासन व्यवस्थाको अनिवार्य सर्त हो। संसदका गतिविधिहरूमा पारदर्शिता र पहुँच अभिवृद्धि गर्न संसदीय अभिलेख व्यवस्थापन चुस्त र प्रभावकारी हुनुपर्दछ। सभाका गतिविधिहरूलाई हुबहु लिपिबद्ध गरी तयार गरिने संसदीय अभिलेख नै सम्पूर्ण विवरण हो। सम्पूर्ण विवरणले कानुनको व्याख्या र न्यायिक समीक्षा गर्न, जवाफदेहिता प्रवर्धन गर्न, राजनीतिक इतिहासलाई सुरक्षित गर्न, शोधकर्ता एवं अन्य सरोकारपक्षहरूलाई अध्ययन अनुसन्धानका लागि प्रामाणिक स्रोतको उपलब्धता सुनिश्चित गर्न, सञ्चार जगतलाई सटीक र यथार्थपरक जानकारी उपलब्ध गराउन महत्त्वपूर्ण भूमिका खेल्दछ।यस कारण पनि सम्पूर्ण विवरणको उतार तथा व्यवस्थापनलाई सभा सञ्चालनसँग जोडिएको मुख्य कार्य (core function) कै रूपमा हेरिन्छ।

हुन त सभाको कारवाहीको लिखित अभिलेख राख्ने प्रचलन पुरानै हो। प्राचीन कालमा राजदरबारमा आयोजना हुने राजसभाका गतिविधि, छलफल र निर्णयहरूको अभिलेख राख्न विशेष अधिकारीहरू नै नियुक्त हुने गर्दथे।पश्चिमतिर रोमन सामाज्र्यका चर्चित सम्राट जुलियस सिजरको समयदेखि सिनेटका कार्यहरूको सङ्क्षिप्त आधिकारिक अभिलेख (Acta Senatus) राख्ने कार्यको थालनी भएको पाइन्छ। बेलायतमा संसदीय अभिलेख राख्ने कार्यको

सुरुवात गर्ने श्रेय भने थोमस कर्सन हान्सार्डलाई जान्छ। उनले सन् १८१२ देखि आफ्नै छापाखानामा पार्लियामेन्टरी डिबेट्स् छाप्न सुरु गरेकोमा सन् १८२९ देखि त हान्सार्ड नाम नै राखेर संसदीय गतिविधिसम्बन्धी रिपोर्टहरू प्रकाशन गर्न थाले। सन् १८७८ बाट बेलायती संसद आफैंले हान्सार्डको नियमित प्रकाशन गर्न थाल्यो। संसदमा वक्ताहरूले बोलेका शब्दहरूको मूल अर्थ र भाव परिवर्तन नगरीकन भाषिक र व्याकरणीय त्रुटिहरू सम्पादन गरी तयार पारिने अभिलेख नै हान्सार्ड हो। उता अमेरिकामा कंग्रेसको पहिलो बैठक (सन् १७८९) देखि नै संसदीय कामकारवाहीको अभिलेख राख्ने गरिएकोमा सन् १८७३ देखि कंग्रेसनल रेकर्डको नामबाट सम्पूर्ण विवरण तयार गर्न थालियो। भारतमा भारतीय विधान परिषद् (सन् १८५४ देखि १९२०) को कालखण्डमा नै संसदीय गतिविधिहरूको अभिलेख राख्ने पद्धतिको विकास भएको भए पनि स्वतन्त्रतापछि भने नियमित रूपमा सम्पूर्ण विवरण (verbatim report) तयार गरी अभिलेख राख्न थालियो।

नेपालमा वि. सं. २०१५ बाट संसदीय अभिलेख (सम्पूर्ण विवरण) राख्ने कार्य सुरु भएको देखिन्छ। त्यसयता समय समयमा गठित एक सदनात्मक वा द्विसदनात्मक व्यवस्थापिकाका कार्यबाहीहरूको सम्पूर्ण विवरण तयार गर्ने कार्यलाई सचिवालयले क्रमिक रूपमा थप व्यवस्थित र सुदृढ बनाउँदै गएको देखिन्छ। संसदीय गतिविधिहरूलाई अझ पारदर्शी र पहुँचयोग्य तुल्याउन सम्पूर्ण विवरणलाई वेवसाइटमार्फत् प्रकाशन गर्ने गरिएको छ। संघीय संसदको प्रतिनिधि सभा र राष्ट्रिय सभाको काम कारबाहीहरूको सम्पूर्ण विवरण उतार तथा व्यवस्थापन गर्न संघीय संसद सचिवालयमा छुट्टाछुट्टै सम्पूर्ण विवरण शाखाको व्यवस्था गरिएको छ।

**सम्पूर्ण विवरण शाखा (राष्ट्रिय सभा)**

नेपालको नयाँ संवैधानिक व्यवस्था अनुसार गठित राष्ट्रिय सभाको सम्पूर्ण विवरणको उतार तथा व्यवस्थापनसम्बन्धी कार्य सम्पादन गर्नु सम्पूर्ण विवरण शाखा (राष्ट्रिय सभा) को मुख्य जिम्मेवारी हो। सभासँग प्रत्यक्ष जोडिने शाखा भएकोले यसलाई कार्य व्यवस्था महाशाखा (राष्ट्रिय सभा) अन्तर्गत राखिएको छ।

**शाखाले सम्पादन गर्ने मुख्य कार्यहरू**

सभाको सम्पूर्ण विवरण व्यवस्थापन गर्ने सन्दर्भमा यस शाखाले मुख्य गरेर निम्न बमोजिमका क्रियाकलापहरू सम्पादन गर्ने गर्दछ:

- सभामा उपस्थित भई बैठकको संक्षिप्त विवरण उतार गर्ने।
- बैठकको काम कार्यवाहीको सम्पूर्ण विवरण तयार गरी राख्ने।
- बैठकमा सदस्यहरूले बोलेका कुराहरू उतार गरी सम्बन्धित सदस्यलाई उपलब्ध गराउने
- हरेक सदस्यको व्यक्तिगत सम्पूर्ण विवरणसम्बन्धी पुस्तक अद्यावधिक गर्ने र विदाई हुँदाका वखत सम्बन्धित सदस्यहरूलाई उपलब्ध गराउने
- सभाको बैठकगत विवरण तयार गरी वेवसाइटमार्फत प्रकाशन गर्ने
- हरेक अधिवेशनको अधिवेशनगत सम्पूर्ण विवरण तयार गर्ने, प्रकाशन गर्ने र महासचिवबाट प्रमाणीकरण गराइ सम्बन्धित पदाधिकारी तथा निकायलाई उपलब्ध गराउने।
- अधिवेशनगत सम्पूर्ण विवरण र सदस्यहरूको व्यक्तिगत सम्पूर्ण विवरणको एकप्रति शाखाको अभिलेखको लागि सुरक्षित गरी राख्ने।
- सभाध्यक्षद्वारा समय समयमा गरिएका निर्देशन (रुलिङ) सङ्कलन गरी अलग पुस्तिकाको रूपमा प्रकाशन गर्ने व्यवस्था मिलाउने
- बैठकमा मन्त्रीहरूबाट व्यक्त गरिएका प्रतिबद्धताहरूको अलग्गै पुस्तिका तयार गरी राख्ने

**शाखाबाट सम्पादित कार्यहरू**

यस शाखाले मुख्य गरेर प्रत्येक अधिवेशनको समाप्तिपश्चात् अधिवेशनगत सम्पूर्ण विवरण प्रकाशन गरी संघीय संसद सचिवालयका महासचिवबाट प्रमाणीकरण गराइ प्रमाणीकृत प्रति सम्बन्धित पदाधिकारी तथा निकायलाई उपलब्ध गराउने, सबै बैठकहरूको सम्पूर्ण विवरण

तयार गरी वेवसाइटमार्फत् सार्वजनिक गर्ने, सभाका सदस्यहरूको व्यक्तिगत सम्पूर्ण विववरणसम्बन्धी पुस्तक प्रकाशन गरी सम्बन्धित सदस्यलाई उपलब्ध गराउने र सम्पूर्ण विवरणसम्बन्धी विभिन्न सेवाहरू प्रवाह गर्ने लगायतका कार्यहरू नियमित रूपमा सम्पादन गर्ने गर्दछ। शाखाबाट सम्पादित मुख्य मुख्य कार्यहरूलाई यहाँ प्रस्तुत गरिएको छ।

**क. अधिवेशनगत सम्पूर्ण विवरण प्रकाशन**

नयाँ संविधानको निर्माणपश्चात् राष्ट्रिय सभाको पहिलो निर्वाचन वि. सं. २०७४ फागुन २० गते सम्पन्न भएको थियो। सोही साल फागुन २१ गते सभाको पहिलो अधिवेशनको पहिलो बैठक बसेको थियो। त्यहाँदेखि वि. सं. २०८१ साल असार ३१ गते बसेको सोह्रौं अधिवेशनको २७ औं बैठकसम्म आइपुग्दा जम्मा ४२७ ओटा बैठकहरू सम्पन्न भएको छ। यी बैठकबाट जम्मा ६५९ घण्टा ३४ मिनेटको श्रव्य दृश्य सामग्री (अडियो/भिडियो) उत्पादन भएको छ। ती सम्पूर्ण श्रव्य दृश्य सामग्रीलाई सुनेर/हेरेर हुबहु लिपिबद्ध गरी जम्मा ११२३९ पृष्ठको सम्पूर्ण विवरण तयार गर्ने कार्य सम्पन्न भएको छ।

त्यसैगरी पन्ध्रौं अधिवेशनसम्मका अधिवेशनगत सम्पूर्ण विवरणहरू प्रकाशन गरी संघीय संसद सचिवालयका महासचिवबाट प्रमाणीकरण गर्ने कार्यसमेत सम्पन्न भइसकेको छ। प्रमाणीकृत अधिवेशनगत सम्पूर्ण विवरणका एक एक प्रति राष्ट्रपतिको कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय अभिलेखालयमा समेत पठाउनुका साथै सचिवालयकै सूचना तथा अभिलेख व्यवस्थापन शाखा, पुस्तकालय शाखा र सम्पूर्ण विवरण शाखामा एक एक प्रति अभिलेखस्वरूप राख्ने व्यवस्था मिलाइएको छ।यस शाखाबाट हालसम्म प्रकाशित अधिवेशनगत सम्पूर्ण विवरणहरू तालिकामा देखाइएको छ।

**वि. सं. २०८१ साल असार मसान्तसम्मको अधिवेशनगत सम्पूर्ण विवरणहरू**

| अधिवेशन | सुरु | अन्त | जम्मा समय | अधिवेशनगत सम्पूर्ण विवरणको प्रकाशित पुस्तक र जम्मा पृष्ठ सङ्ख्या |
|---|---|---|---|---|
| **पहिलो** | २०७४/११/२१ | २०७४/१२/२० | ७ घण्टा २० मि. | १०१ |

| अधिवेशन | सुरु | अन्त | जम्मा समय | अधिवेशनगत सम्पूर्ण विवरणको प्रकाशित पुस्तक र जम्मा पृष्ठ सङ्ख्या |
|---|---|---|---|---|
| दोस्रो | २०७५/०१/२३ | २०७५/०६/११ | ७९ घण्टा २० मि. | १३२१(भाग-१, ६४८ र भाग-२, ६७३) |
| तेस्रो | २०७५/०९/११ | २०७५/१२/१० | ३२ घण्टा ४० मि. | ५९२ |
| चौथौं | २०७६/०१/१६ | २०७६/०६/०२ | ११० घण्टा २० मि. | १५०६ (भाग-१, ७४५ र भाग-२, ७६१) |
| पाँचौं | २०७६/०९/०४ | २०७६/१२/०६ | ३८ घण्टा १० मि. | ६५३ |
| छैटौं | २०७७/०१/२६ | २०७७/०३/१८ | ६० घण्टा ५० मि. | ११३९(भाग-१, ६०८ र भाग-२, ५३१) |
| सातौं | २०७७/०९/१७ | २०७७/०९/२६ | ७ घण्टा ५ मि. | १४८ |
| आठौं | २०७८/०३/१७ | २०७८/०३/२८ | १० घण्टा १५ मि. | २३८ |
| नवौं | २०७८/०४/०३ | २०७८/०४/३२ | २१ घण्टा ४८ मि. | ५०० |
| दशौं | २०७८/०५/२३ | २०७८/०७/१२ | ३ घण्टा ३७ मि. | १०० |
| एघारौं | २०७८/०८/२८ | २०७८/१२/०१ | ४० मि. | २० |
| बाह्रौं | २०७९/०२/०३ | २०७९/०६/०१ | ९६ घण्टा ५२ मि. | २१६८(भाग-१, १००२ र भाग-२, ११६६) |
| तेह्रौं | २०७९/०९/२५ | २०८०/०१/१५ | २८ घण्टा ५५ मि. | ६४३ |
| चौधौं | २०८०/०१/२४ | २०८०/०७/१६ | ६५ घण्टा २७ मि. | १४६२(भाग-१, ७२६ र भाग-२, ७३६) |
| पन्ध्रौं | २०८०/१०/२२ | २०८१/०१/०२ | ४७ घण्टा १६ मि. | ८८२ |
| सोह्रौं (चालु) | २०८१/०१/२८ | - | ४३ घण्टा १५ मि. | ७८० |
| | जम्मा | | ६५९ घण्टा ३४ मि. | ११२३९ |

## ख. बैठकगत सम्पूर्ण विवरण प्रकाशन

सम्पूर्ण विवरण शाखाले राष्ट्रिय सभाका हरेक बैठकहरूको बैठकगत सम्पूर्ण विवरण तयार गरी सचिवालयको वेवसाइटमार्फत सार्वजनिक गर्ने गरिएको छ। पाँचौंदेखि सोह्रौं अधिवेशनसम्मका बैठकहरूको सम्पूर्ण विवरण सचिवालयको वेवसाइटमा समेत उपलब्ध छ भने सबै बैठकहरूको सम्पूर्ण विवरणको अभिलेख (सफ्ट कपि र हार्ड कपि) शाखामा राखिएको छ। विक्रम सम्वत् २०८१ साल असार मसान्तसम्मका सबै बैठकहरूको सम्पूर्ण विवरणसम्बन्धी सङ्क्षिप्त जानकारी तलको तालिकामा दर्शाइएको छ।

### बैठकगत सम्पूर्ण विवरणहरू

| अधिवेशन | बैठकगत सम्पूर्ण विवरणको सङ्ख्या | अधिवेशन | बैठकगत सम्पूर्ण विवरणको सङ्ख्या |
|---|---|---|---|
| पहिलो | १० | नवौं | १२ |
| दोस्रो | ६१ | दशौं | १३ |
| तेस्रो | ३५ | एघारौं | २ |
| चौथौं | ५१ | बाह्रौं | ५८ |
| पाँचौं | २६ | तेह्रौं | १९ |
| छैटौं | ३५ | चौधौं | ४८ |
| सातौं | ४ | पन्ध्रौं | २० |
| आठौं | ६ | सोह्रौं (चालु) | २७ (२०८१ असार मसान्तसम्म) |

### सदस्यहरूको व्यक्तिगत सम्पूर्ण विवरणसम्बन्धी पुस्तक प्रकाशन

राष्ट्रिय सभामा हरेक दुई वर्षमा एक तिहाई सदस्यहरूको स्थान रिक्त हुने र त्यति नै सङ्ख्यामा नयाँ सदस्यहरू आउने संवैधानिक व्यवस्था रहेको छ। सभाका सदस्यहरूले विभिन्न कार्यसूची अन्तर्गत सभाका बैठकहरूमा राखुभएका मन्तव्यहरूको सङ्गालोस्वरूप हरेक

सदस्यको व्यक्तिगत सम्पूर्ण विवरणसम्बन्धी पुस्तक तयार गरी कार्यकाल समाप्त भई विदाई हुँदै गर्दा यस शाखाले उपलब्ध गराउँदै आएको छ। सदस्यहरूले व्यक्तिगत सम्पूर्ण विवरणसम्बन्धी पुस्तकमा भएका तथ्य तथ्याङ्क र विचारहरूलाई अध्ययन अनुसन्धानको लागि स्रोतको रूपमा प्रयोग गर्न सक्नुका साथै यसले राष्ट्रिय सभामा उहाँहरूले व्यतीत गरेको कार्यकाललाई सदा स्मरणीय बनाइराख्न योगदान पुग्ने देखिन्छ। हालसम्म यस शाखाले ५९ जना सदस्यहरूको व्यक्तिगत सम्पूर्ण विवरणसम्बन्धी पुस्तक प्रकाशन गरी सम्बन्धित सदस्यहरूलाई उपलब्ध गराइसकिएको छ।सोको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**सदस्यहरूको व्यक्तिगत सम्पूर्ण विवरणसम्बन्धी पुस्तक**

**सदस्यहरूको व्यक्तिगत सम्पूर्ण विवरणको पुस्तक र पृष्ठसङ्ख्या**

| **२०७६/११/२० सम्म पदावधि कायम रहेका सदस्यहरूको पुस्तक** | | **२०७८/११/२० सम्म पदावधि कायम रहेका सदस्यहरू** | | **२०८०/११/२० सम्म पदावधि कायम रहेका सदस्यहरू** | |
|---|---|---|---|---|---|
| **सम्बन्धित सदस्यको नाम** | **पृष्ठ सङ्ख्या** | **सम्बन्धित सदस्यको नाम** | **पृष्ठ सङ्ख्या** | **सम्बन्धित सदस्यको नाम** | **पृष्ठ सङ्ख्या** |
| माननीय सदस्य कमला कुमारी ओली | ५२ | माननीय सदस्य अगम प्रसाद वान्तवा राई | २६ | माननीय सदस्य अनिता देवकोटा | ३२७ |
| माननीय सदस्य काली बहादुर मल्ल | १०० | माननीय सदस्य उदया शर्मा/पौडेल | ११२ | माननीय सदस्य ईन्दु कडरिया | ८४ |
| माननीय सदस्य खेमराज नेपाली | ५२ | माननीय सदस्य कविता बोगटी | ४० | माननीय सदस्य जितेन्द्र नारायण देव | ५०७ |
| माननीय सदस्य | ६६ | माननीय सदस्य | २१० | माननीय सदस्य | ३७१ |

| २०७६/११/२० सम्म पदावधि कायम रहेका सदस्यहरूको पुस्तक | | २०७८/११/२० सम्म पदावधि कायम रहेका सदस्यहरू | | २०८०/११/२० सम्म पदावधि कायम रहेका सदस्यहरू | |
|---|---|---|---|---|---|
| सम्बन्धित सदस्यको नाम | पृष्ठ सङ्ख्या | सम्बन्धित सदस्यको नाम | पृष्ठ सङ्ख्या | सम्बन्धित सदस्यको नाम | पृष्ठ सङ्ख्या |
| धन कुमारी खतिवडा | | कोमल वली | | दिल कुमारी रावल थापा (पार्वती) | |
| माननीय सदस्य बद्री प्रसाद पाण्डे | १९४ | माननीय सदस्य खिम कुमार वि.क. | ७२ | माननीय सदस्य दीपा गुरुङ | २६ |
| माननीय सदस्य बलराम प्रसाद बाँस्कोटा | ८४ | माननीय सदस्य चक्र प्रसाद स्नेही | ८६ | माननीय सदस्य नरपति लुवार | ४२ |
| माननीय सदस्य मिना बुढा | २२ | माननीय सदस्य जीवन बुढा | १२६ | माननीय सदस्य प्रकाश पन्थ | ५३६ |
| माननीय सदस्य मुक्ता कुमारी यादव | ३८ | माननीय सदस्य ठगेन्द्र प्रकाश पुरी | १६८ | माननीय सदस्य प्रमिला कुमारी | १७७ |
| माननीय सदस्य यूटोल तामाङ | ३८ | माननीय सदस्य तारा देवी भट्ट | १०२ | माननीय सदस्य भैरव सुन्दर श्रेष्ठ | ३९५ |
| माननीय सदस्य डा. युवराज खतिवडा | १६९ | माननीय सदस्य दीनानाथ शर्मा | १४६ | माननीय सदस्य महेश कुमार महरा | ११६ |
| माननीय सदस्य रमेश प्रसाद | ८२ | माननीय सदस्य नैनकला ओझा | ४० | माननीय सदस्य डा. विमला राई | ५०७ |

| २०७६/११/२० सम्म पदावधि कायम रहेका सदस्यहरूको पुस्तक | | २०७८/११/२० सम्म पदावधि कायम रहेका सदस्यहरू | | २०८०/११/२० सम्म पदावधि कायम रहेका सदस्यहरू | |
|---|---|---|---|---|---|
| सम्बन्धित सदस्यको नाम | पृष्ठ सङ्ख्या | सम्बन्धित सदस्यको नाम | पृष्ठ सङ्ख्या | सम्बन्धित सदस्यको नाम | पृष्ठ सङ्ख्या |
| यादव | | | | पौडयाल | |
| माननीय सदस्य राज कुमार कुँवर | ३२ | माननीय सदस्य परशु राम मेघी गुरुङ | ११६ | माननीय सदस्य नन्दा चपाई | ७६ |
| माननीय सदस्य रामपृत पासवान | १३४ | माननीय सदस्य राधेश्याम अधिकारी | २६२ | माननीय सदस्य रमेशजंग रायमाझी | २५१ |
| माननीय सदस्य विन्दा देवी आले (राना) | ६८ | माननीय सदस्य राम लखन चमार | ९८ | माननीय सदस्य रामचन्द्र राई | १५० |
| माननीय सदस्य वृषेश चन्द्र लाल | १४४ | माननीय सदस्य रामनारायण विडारी | २६६ | माननीय सदस्य विना पोखरेल | १२२ |
| माननीय सदस्य सरीता प्रसाई | ३६ | माननीय सदस्य शान्ति कुमारी अधिकारी जि.सि. | १६ | माननीय सदस्य सिंग वहादुर विश्वकर्मा | ८४ |
| माननीय सदस्य सुरेन्द्र राज पाण्डे | १३० | माननीय सदस्य शेर बहादुर कुँवर | ११८ | माननीय सदस्य हरि राम चौधरी | १०२ |
| माननीय सदस्य हरिचरण | ३४ | माननीय सदस्य सुमन राज | ५२ | | |

| २०७६/११/२० सम्म पदावधि कायम रहेका सदस्यहरूको पुस्तक | | २०७८/११/२० सम्म पदावधि कायम रहेका सदस्यहरू | | २०८०/११/२० सम्म पदावधि कायम रहेका सदस्यहरू | |
|---|---|---|---|---|---|
| सम्बन्धित सदस्यको नाम | पृष्ठ सङ्ख्या | सम्बन्धित सदस्यको नाम | पृष्ठ सङ्ख्या | सम्बन्धित सदस्यको नाम | पृष्ठ सङ्ख्या |
| शिवाकोटी | | प्याकुरेल | | | |

**विभिन्न कारणले अल्प कार्यकाल भएका सदस्यहरूको व्यक्तिगत सम्पूर्ण विवरणहरू**

**सदस्यहरूको व्यक्तिगत सम्पूर्ण विवरणको पुस्तक र पृष्ठसङ्ख्या**

| सम्बन्धित सदस्यको नाम | पुस्तकमा रहेको पृष्ठ सङ्ख्या | कैफियत |
|---|---|---|
| माननीय सदस्य दुर्गाप्रसाद उपाध्याय | १२ | २०७४ फागुन २१ गतेदेखि २०७६ फागुन २ गतेसम्म कार्यकाल रहेको |
| माननीय सदस्य दृग नारायण पाण्डेय | ८ | २०७८ जेठ १७ गतेदेखि २०७८ फागुन २१ गतेसम्म कार्यकाल रहेको |
| माननीय सदस्य खिमलाल भट्टराई | ३६८ | २०७४ फागुन २१ गतेदेखि २०७९ असोज २३ गतेसम्म कार्यकाल रहेको |
| माननीय सदस्य राम बहादुर थापा | १४८ | २०७४ फागुन २१ गतेदेखि २०७७ चैत्र २४ गतेसम्म कार्यकाल रहेको |
| माननीय सदस्यखिमलाल देवकोटा | २९२ | मिति २०७८ जेठ ६ देखि २०८० फागुन २० गतेसम्म कार्यकाल रहेको |

| सम्बन्धित सदस्यको नाम | पुस्तकमा रहेको पृष्ठ सङ्ख्या | कैफियत |
|---|---|---|
| माननीय सदस्य कुमार दसौदी | ६१ | २०७९ माघ २५ गतेदेखि २०८० फागुन २० गतेसम्म कार्यकाल रहेको |

## सेवा प्रवाह

यस शाखाले सम्पूर्ण विवरणसम्बन्धी विविध सेवाहरू प्रवाह गर्ने गर्दछ। सदस्यहरूले हरेक बैठकमा बोल्नुभएका कुराहरूलाई हुबहु लिपिबद्ध गरी सम्बन्धित सदस्यलाई नियमितरूपमा पिजनहोलमार्फत उपलब्ध गराउने, इमेलमार्फत पठाउने गरिएको छ। साथै सदस्यहरूले जुनसुकै बैठकको सम्पूर्ण विवरण माग गरेमा शाखाको अभिलेखबाट तुरुन्तै प्रदान गर्ने गरिएको छ। नेपाल सरकारका माननीय सदस्य मन्त्रीहरूले सभामा दिनुभएका सरकारी आश्वासनहरूलाई लिपिबद्ध गरी सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिलाई उपलब्ध गराउने तथा अन्य सरोकारपक्षहरूलाई मागका आधारमा शाखामा रहेका विवरणहरू उपलब्ध गराइ अध्ययन, अनुसन्धान लगायत विभिन्न कार्यमा सहयोग पुऱ्याउने कार्यहरू नियमित रूपमा गर्दै आएको छ।

## समस्या तथा चुनौतिहरू

यस शाखाले उल्लिखित कार्यहरू सम्पादन गर्दै गर्दा मुख्य गरी कार्यविधिगत, प्रविधिगत, व्यवस्थापकीय र स्वास्थ्यजन्य समस्या तथा चुनौतीहरूको सामना गर्नुपरेको देखिन्छ। सम्पूर्ण विवरण तयारी गर्ने कार्यलाई प्रणालीबद्ध र एकरूप बनाउन आवश्यक कार्यविधि र मापदण्डहरू विकास गर्न सकिएको छैन जसले गर्दा रुजुकर्ताले स्वविवेकीय अधिकारको प्रयोग गर्नुपर्ने अवस्थासमेत आउने गरेको छ। त्यसैगरी, सभाबाट उत्पादन हुने श्रव्य सामग्रीमा भएको आवाजलाई देवनागरी लिपिमा रूपान्तरण गर्ने (speech to text) प्रविधिको उपयोग गर्न सकिएको छैन। शाखामा काम गर्ने कर्मचारीहरूको कार्यकक्ष साँघुरो रहेको, एउटै कोठामा एक भन्दा बढी कर्मचारीहरूले श्रव्यसामग्री सुनेर कम्प्यूटरमा टाइप

गर्नुपर्दा एक अर्काको काममा डिस्टर्ब हुन गई कार्यसम्पादनमा अवरोध हुने गरेको र कार्यकक्षसमेत वातानुकुलित नभएको लगायतका समस्याहरू रहेका छन्। अर्कोतर्फ, सम्पूर्ण विवरण उतार तथा रुजु गर्ने कार्यमा सङ्लग्न कर्मचारीहरूको स्वास्थ्यमा विभिन्न प्रकारका समस्याहरू देखिने गरेको छ। खासगरी कान दुख्ने, आँखा पोल्ने र चिलाउने, टाउको दुख्ने, रिङ्गटा लाग्ने र चिडचिडाहट हुने, एकोहोरो हुने जस्ता स्वास्थ्य समस्याहरूबाट कर्मचारीहरू ग्रसित भएको गुनासो आउने गरेको छ।

**अबको बाटो**

यस शाखाको कार्यसम्पादनमा थप प्रभावकारिता ल्याउनका लागि देहाय बमोजिमका पक्षहरूमा उचित ध्यान दिनुपर्ने देखिन्छ। प्रथमतः सम्पूर्ण विवरण तयारी तथा रूजु कार्यमा एकरूपता कायम गर्न **सम्पूर्ण विवरण तयारी कार्यविधि** तर्जुमा गरी लागू गर्नुपर्ने देखिन्छ। अर्कोतर्फ, सम्पूर्ण विवरण तयारीमा जनशक्तिको उपयोग वा स्पीच टु टेक्स्ट प्रविधिमा लगानी गर्दा दीर्घकालमा कुन विकल्पबाट तुलनात्मक लाभ बढी प्राप्त हुन्छ, सोको अध्ययन गरी उपयुक्त निर्णय लिनुपर्ने देखिन्छ। त्यसैगरी, निरन्तर अडियो सुनेर टाइप गर्नुपर्दा स्वास्थ्यमा आउन सक्ने विभिन्न जोखिमहरूको विश्लेषण गरी सम्बन्धित कर्मचारीहरूलाई काममा उत्प्रेरित गराइराख्न काम गर्न सहज हुने कार्यकक्ष उपलब्ध गराउनुका साथै थप केही प्रोत्साहनात्मक व्यवस्था गर्नु वाञ्छनीय देखिन्छ।

□□□

मुद्रण: संघीय संसद सचिवालय, सिंहदरबार, काठमाडौं